वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः ।








राष्ट्रिय संस्करण | आलोकन: भाषिक लबजमा विभेद | इपिएस अन्तर्गत सिप परीक्षाको नतिजा ११



वर्ष १२४ | अङ्क ६ | २०८१ साल वैशाख २९ गते शनिवार | वैशाख शुक्ल चतुर्थी | नेपाल संवत् ११४४ बछलाथ्व ४ | 2024 May 11 Saturday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


## जिइएफबाट सवा अर्ब प्राप्त हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २८ गते*

सरकारले विश्व वातावरण सुविधा (जिइएफ) बाट विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) मार्फत प्राप्त हुने एक अर्ब २० करोड रुपियाँ (९० लाख २४ हजार ३१२ अमेरिकी डलर) बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ। मन्त्रीपरिषद्को निर्णय शुक्रबार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले विश्व वातावरण सुविधाबापतको सो रकम नेपालले कोषमार्फत प्राप्त गर्न लागेको बताउनुभएको हो।

मन्त्री शर्माले इजरायल घटनामा परी निधन भएका छ जना नेपालीको शव त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सम्बन्धित ठेगानासम्म पुऱ्याउँदा लागेको २८ लाख ३६ हजार ८३४ रुपियाँ खर्च सरकारले बेहोर्ने निर्णय भएको जानकारी दिनुभयो। उहाँका अनुसार चीन सरकारले परराष्ट्र मन्त्रालयलाई अनुदानस्वरूप उपलब्ध गराउन प्रस्ताव गरेको सात वटा सवारीसाधन स्वीकार गर्ने निर्णय भएको छ।

यस्तै मन्त्रीपरिषद् बैठकले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई इन्डोनेसियाको बालीमा आगामी जेठ ७ देखि ८ सम्म आयोजना हुने कार्यक्रममा जान, राष्ट्रिय योजना आयोगका सदस्य प्राडा शिवलाल अधिकारी बङ्गलादेशमा यही वैशाख २९ गतेदेखि जेठ ४ सम्म 'लर्निङ एक्सचेन्ज एन्ड एक्स्पेरियन्स सेयरसङ भिजिट' कार्यक्रममा जान र अख्तियार दुरुपयोग अनुसन्धान आयोगकी सदस्य डा. सुमित्रा अमात्यलाई मलेसियामा आगामी जेठ १४ देखि १८ सम्म आयोजना हुने कार्यक्रममा जान स्वीकृति दिएको छ।

मन्त्रीपरिषद् बैठकले कोहलपुर–सुर्खेत–दैलेख १३२ केभी प्रसारण लाइन आयोजनाको टावर निर्माण गर्न सुर्खेत र दैलेख जिल्लामा करिब ५० रोपनी जग्गा र चितवन जिल्लामा निर्माणाधीन पुलको पहुँचमार्ग निर्माणका लागि करिब दुई हजार २६ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ। यस्तै सैनिक गट्ठाघर, भक्तपुरका लागि मध्यपुर ठिमी नगरपालिकामा करिब ७६९ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने, सेती राजमार्ग अन्तर्गत डोटी जिल्लास्थित ठुलीगाड–सेती–बुढीगङ्गा दोभान सडकखण्ड निर्माणका लागि राष्ट्रिय वनको ८० हेक्टर जग्गा प्रयोग गर्न दिनुका साथै त्यस क्षेत्रमा भएका रुखसमेत हटाउन दिने स्वीकृति दिएको छ।

यस्तै अमरगढी नगरपालिकाको बसपार्क निर्माण गर्न राष्ट्रिय वनको ०.९६ हेक्टर जग्गा प्रयोग गर्न दिनुका साथै रुख हटाउने स्वीकृत दिएको छ। मन्त्रीपरिषद् बैठकले लालझाडी गाउँपालिका कञ्चनपुर, सिद्धिचरण नगरपालिका ओखलढुङ्गा, गुजरा नगरपालिका रौतहट, मालिका गाउँपालिका म्याग्दी, कलैया उपमहानगरपालिका बारा, जन्तेढुङ्गा गाउँपालिका खोटाङ, दिपायल सिलगढी नगरपालिका डोटी र तुम्बेवा गाउँपालिका पाँचथरलाई विभिन्न प्रयोजनका लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने निर्णय गरेको छ।

» बाँकी पृष्ठ २ मा



तस्बिर : रासस

**प्रतिनिधि सभाको शुक्रबार बसेको दोस्रो बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको विरोधका बावजुद पनि आफ्नो भनाइ राख्न रोस्ट्रममा जान खोज्दै उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने ।**

### बजेट अधिवेशन सुरु

# पहिलो बैठकमै प्रतिपक्षीको अवरोध

हिउँदे अधिवेशनबाटै कांग्रेसले सदनमा विषय प्रवेश गराए पनि अवरोधका बिच अधिवेशन अन्त्य भएको थियो । बजेट अधिवेशनसम्म पनि समिति गठनबारे दलीय सहमति नहुँदा अधिवेशनको पहिलो बैठक नै कार्यसूचीमा प्रवेश गर्न नसकेको हो ।

**नारायण काफ्ले**
*काठमाडौँ, वैशाख २८ गते*

सहकारीको रकम हिनामिनामा बहालवाला उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको भन्दै संसदीय छानबिन समिति माग गरिरहेको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसद्को बर्खे अधिवेशन प्रारम्भको बैठक अवरुद्ध गरेको छ। हिउँदे अधिवेशनबाटै कांग्रेसले सदनमा विषय प्रवेश गराए पनि अवरोधकाबिच अधिवेशन अन्त्य भएको थियो। बजेट अधिवेशनसम्म पनि समिति गठनबारे दलीय सहमति नहुँदा अधिवेशनको पहिलो बैठक नै कार्यसूचीमा प्रवेश गर्न नसकेको हो।

शुक्रबारका दुई बैठक प्रतिपक्षीको अवरोधका कारण कार्यसूचीमा प्रवेश गर्न नसकेको हो। दोस्रो बैठकमा सभामुख देवराज घिमिरेले गृहमन्त्री लामिछानेलाई बोल्नका लागि समय दिए पनि अवरोधका कारण रोस्ट्रम जान सक्नुभएन। दुवै बैठक अवरुद्ध भएपछि अधिवेशनको पहिलो बैठकमै पेस हुनुपर्ने अध्यादेशसमेत पेस भएन। बैठक पनि चार दिनका लागि स्थगित भएको छ। अब सरकारको वार्षिक नीति तथा कार्यक्रम पेसका दिन मात्र बैठक बस्ने छ।

शुक्रबार पहिलो बैठकमा सभामुख घिमिरेले अधिवेशन आह्वानको जानकारीपत्र पढेर सुनाउनुभएको थियो। साथै अधिवेशन प्रारम्भका अवसरमा घिमिरेले वक्तव्य दिनुभयो। सोपछि राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेको जानकारी गराइएको थियो। लगत्तै अन्य कार्यसूचीमा प्रवेशका क्रममा भने कांग्रेसले उठेर विरोध जनाएको थियो। विरोध जनाएसँगै कांग्रेसका तर्फबाट महामन्त्री गगन थापाले धारणा राख्नुभएको थियो। थापाले सहकारीको रकम हिनामिनामा बहालवाला मन्त्री जोडिएकाले उन्मुक्तिका लागि राज्य संयन्त्रको निरन्तर दुरुपयोग भएको भन्दै संसदीय छानबिन आवश्यक भएको बताउनुभएको थियो। महामन्त्री थापाले पछिल्लो पटक महान्यायाधिवक्ताको कार्यालयले दिएको पत्रको पनि आलोचना गर्नुभएको थियो।

उहाँले कास्की प्रहरीमा परेको जाहेरी, रुपन्देही जिल्ला अदालतमा पेस अभियोगपत्रलगायतलाई अनदेखा गरी पत्र दिइएकोमा आपत्ति जनाउनुभएको थियो। उक्त पत्र महान्यायाधिवक्ता कार्यालयले दिन नमिल्ने पनि थापाले दाबी गर्नुभएको थियो। महामन्त्री थापाले धारणा राखेपछि सभामुखले कार्यसूची अगाडि बढाउन खोज्नुभयो तर कांग्रेस सांसदहरू यथास्थानमा उभिएर विरोध जारी राखेका थिए। हल्लाबिचमा सभामुखले कार्यसूची अगाडि बढाउन चाहेपछि कांग्रेसले रोस्ट्रम घेराउ गरेको थियो। कांग्रेसले गृहमन्त्रीका अगाडि नै 'सहकारी ठग' भनेर नाराबाजीसमेत गरेको थियो।

संसदीय समिति गठनलाई कांग्रेसले बटमलाइन बनाएपछि संसद्को कारबाही नियमित कार्यसूचीमा प्रवेश गर्न नसकेको हो। दुई चरणको बैठकमा पनि पहिलो बैठकमै पेस हुनुपर्ने अध्यादेश रोकिएको छ। साथै अध्यक्ष मण्डलको घोषणा तथा अधिवेशन प्रारम्भका अवसरमा दलीय आधारमा शीर्ष नेताहरूबाट हुने भनिएको सम्बोधन रोकिएको छ।

## राष्ट्रिय सभाको बैठक स्थगित

**इश्वरचन्द्र झा**
*काठमाडौँ, वैशाख २८ गते*

नेपाली कांग्रेसको अवरोधपछि राष्ट्रिय सभाको बैठक कार्यसूचीबमोजिम अगाडि नबढी स्थगित भएको छ। सभाको अर्को बैठक जेठ १ गते मङ्गलबार बस्ने छ।

सहकारीमा जम्मा भएको बचत ठगी प्रकरणमा छानबिन समिति गठनको माग गर्दै कांग्रेसले अवरोध गरेपछि सभाको बैठक कार्यसूचीबमोजिम अगाडि नबढी स्थगित भएको हो।

त्यसअघि शुक्रबार अपराह्न २ बजे बसेको १६ औँ अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सभाका सदस्यले मन्तव्य राखेपछि केही समयका लागि बैठक स्थगित भयो तर दोस्रो बैठकमा समेत कांग्रेसबाट निर्वाचित सदस्यले अवरोध गरेपछि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१" पेस गर्ने विषय सभाका अध्यक्ष दाहालले कार्यसूचीबाट हटाएको जानकारी गराउँदै बैठक स्थगित गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

## साना योजना प्रदेश र स्थानीयमा



**प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'**

**प्रतीक शर्मा**
*सल्यान, वैशाख २८ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्घीयतालाई सबल बनाउन साना योजना प्रदेश र स्थानीय तहकै सरकारलाई हस्तान्तरण गरिने बताउनुभएको छ। सल्यानको दार्मा गाउँपालिकाको प्रशासनिक भवन उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले सङ्घीयता प्रभावकारी बनाउन यस्तो निर्णय गरिएको जानकारी दिनुभयो।

योजनामा देखिएको दोहोरोपन अन्त्य गर्ने र तीन करोड रुपियाँभन्दा साना योजना सिधै प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्ने निर्णय गरिएको जानकारी दिँदै उहाँले भन्नुभयो, "यी प्रयासले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई थप सुदृढ गर्ने छन्।" उहाँले प्रदेश र स्थानीय तहको साझा अधिकारको अभ्यास सही ढङ्गले हुँदा स्थानीय तहमा ग्रामीण अर्थतन्त्रको सबलीकरणसहित राष्ट्रिय अर्थतन्त्र निर्माणमा गुणात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

### कर्णालीलाई विशेष प्याकेज

प्रधानमन्त्री प्रचण्डले कर्णालीको समग्र विकासका लागि विशेष प्याकेज ल्याउने बताउनुभयो। उहाँले भन्नुभयो, "नयाँ बजेट आउँदै छ। यसपालि कर्णाली प्रदेशका सन्दर्भमा विशेष प्याकेज ल्याउने गरी तयारी भइरहेको छ।" उहाँले तेस्रो पटक सरकारको नेतृत्वमा आएपछि सबैभन्दा बढी ध्यान सङ्घीयता कार्यान्वयनमा लगाइरहेको र यस अवधिमा सम्पन्न राष्ट्रिय समन्वय परिषद्का दुई वटा बैठकबाट महत्त्वपूर्ण निर्णय भएको जानकारी दिनुभयो।

### सडकमार्ग प्राथमिकतामा

प्रधानमन्त्री प्रचण्डले दार्मा गाउँपालिकाको केन्द्र फारुला छोएर रोल्पाबाट सल्यान, रुकुमपश्चिमको चौरजहारी, जाजरकोट हुँदै जुम्लाबाट रारा जोड्ने सडकको कालोपत्रेका लागि सरकारका तर्फबाट आवश्यक पहल गरिने बताउनुभयो।

उहाँले दुग्ध सहकारीमार्फत दार्मालाई दुध 'पकेट क्षेत्र' घोषणा गरी विशेष कार्यक्रम अगाडि बढाउन सरकारले सहयोग गर्ने बताउनुभयो। उहाँले जाजरकोट भूकम्पका लाभग्राहीको आवास निर्माण, विद्युतीकरण, कृषि र पशुपालनको आधुनिकीकरण र व्यवसायीकरण, आधारभूत

» बाँकी पृष्ठ २ मा

# मार्सी धान रोपाइँको उल्लास

समुद्री सतहदेखि झन्डै दुई हजार ८५० मिटर उचाइमा पातारासी गाउँपालिका-३, छुमचौर ज्युलोमा स्थानीय तह, स्थानीय प्रशासन, किसान, कृषिविज्ञ, स्थानीय र सरोकारवाला निकायको उपस्थितिमा मार्सी महोत्सव मनाइएको छ ।

**नेत्र शाही**
*जुम्ला, वैशाख २८ गते*



**छुमचौर ज्युलोमा रोपाइँ महोत्सव । यो धानखेती हुने विश्वकै सबभन्दा अग्लो स्थान हो । यहाँ मार्सी धान खेती हुने गरेको छ ।**

पोषणयुक्त मार्सी धानको संरक्षण र प्रवर्धन गर्न जुम्लाका किसान र स्थानीय सरकार जुटेका छन्। विश्वकै अग्लो स्थानमा धान फल्ने छुमचौर ज्युलोमा पनि मार्सी धान रोपाइँ गर्न महोत्सव नै आयोजना गरिएको छ।

मार्सी धानको संरक्षण तथा प्रवर्धन गर्न जुम्लाको पातारासी गाउँपालिकाले शुक्रबार धान दिवस तथा रोपाइँ महोत्सवको आयोजना गरेको हो। कृषि विकास कार्यालयले स्थानीय सरकारसँगको समन्वयमा विश्वको सबैभन्दा उच्च स्थानमा मार्सी धान फल्ने उपमा पाएको छुमचौर ज्युलोमा यस वर्ष पनि मार्सी महोत्सव मनाएको हो। समुद्री सतहदेखि झन्डै दुई हजार ८५० मिटर उचाइमा पातारासी गाउँपालिका–३, छुमचौर ज्युलोमा स्थानीय तह, स्थानीय प्रशासन, किसान, कृषिविज्ञ, स्थानीय र सरोकारवाला निकायको उपस्थितिमा मार्सी महोत्सव मनाइएको छ। मार्सी धान प्रवर्धनका लागि केही वर्षदेखि छुमचौरमा सरकारीस्तरबाटै रोपाइँ थालिएको छ।

कृषि विकास कार्यालय जुम्लाका प्रमुख बालक देवकोटाले महोत्सवका माध्यमबाट कालीमार्सी धानको महत्त्व प्रचारप्रसार गर्न र किसानलाई मार्सी फलाउन उत्प्रेरित गरिएको बताउनुभयो। बजारमा मार्सी चामलको महत्त्व बढेको चर्चा गर्दै उहाँले मार्सी धान उत्पादन गर्ने किसानको जोस जाँगर निकै कम रहेको र किसानलाई ऊर्जा दिन र बजारमा आएको माग पूरा गर्न किसानलाई प्रोत्साहित गरिएको बताउनुभयो।

त्यस्तै पातारासी गाउँपालिकाका किसानले संयुक्त रूपमा धान रोपेर धान दिवस तथा महोत्सव मनाएका छन्। पातारासी–३ का वडाध्यक्ष गोविन्दबहादुर रावतले छुमचौर ज्युलोमा रोपाइँ गर्नुको लक्ष्य मार्सी धान उत्पादन वृद्धि गर्नु र खेती विस्तार गर्नु रहेको बताउनुभयो। जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले मौलिक सम्पदाको खानी जुम्लामा भाषा, साहित्य र सभ्यतासँगै अर्गानिक रैथाने बाली उत्पादनमा पनि सक्षम रहेको बताउनुभयो। उहाँले मार्सी जुम्लाको पहिचान भएकाले उत्पादनमा वृद्धि गर्नुपर्ने बताउनुभयो।

### मार्सीको माग बढ्दो

मार्सीको चामलको उत्पादनसँगै माग पनि बढ्दो क्रममा छ। मार्सी धानको उत्पादन जति भए पनि बिक्रीमा समस्या छैन। कृषकका अनुसार मार्सी धान किन्न व्यापारी गाउँघरमै पुग्ने गरेका छन्। मार्सी धानको व्यापारको पछिल्लो समय व्यापारको ब्रान्डिङ गरेर जिल्लाबाहिर बिक्री भइरहेको छ। मार्सी धानको कोसेलीघर स्थापना गरी बिक्री तथा वितरण गरिएको छ।

जुम्लाको चन्दननाथ सहकारी संस्थाले मार्सी चामल बिक्री गरिरहेको छ। सहकारीका प्रमुख व्यवस्थापक ऋषिराम पाण्डेका अनुसार मार्सी चामल र धान जति प्राप्त भयो, त्यति बिक्री भइरहेको छ। मार्सी चामलको मूल्य जुम्लामा प्रतिकेजी १७० रुपियाँ रहेको छ। जुम्लाबाहिरका बजारमा मार्सी चामल प्रतिकेजी २५० देखि तीन सय रुपियाँसम्ममा पनि बिक्री हुने गरेको छ।

### तामाङ र नेपालभाषा सरकारी कामकाजको भाषा

# भाषा संरक्षणमा सहयोग

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको छ प्रतिशत (करिब १६ लाख) तामाङ र चार प्रतिशत (करिब १३ लाख) नेवार समुदायको जनसङ्ख्या छ ।

**केशवराज पौडेल**
*काठमाडौँ, वैशाख २८ गते*

आफ्नो मातृभाषालाई प्रदेश सरकारले सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न थालेपछि बागमती प्रदेशका तामाङ र नेवार समुदायमा खुसियाली छाएको छ।

प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने मातृभाषाको संरक्षण र जातीय उत्थान गर्ने उद्देश्यले बागमती प्रदेश सरकारले सोमबारदेखि तामाङ भाषा रनेपालभाषालाई सरकारी कामकाजका रूपमा कार्यान्वयनमा ल्याएको हो। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको छ प्रतिशत (करिब १६ लाख) तामाङ र चार प्रतिशत (करिब १३ लाख) नेवार समुदायको जनसङ्ख्या छ।

भाषा आयोगको सिफारिस अनुसार भाषासम्बन्धी कानुन निर्माण गरी कार्यान्वयनमा आएसँगै प्रदेश सरकारमातहतका सरकारी कार्यालयमा नेपाली भाषा जस्तै मातृभाषाबाट निवेदन, प्रमाण, कागजातलगायत दस्ताबेजको अभिलेखीकरण र कामकाज गर्न पाइने छ।

भाषा आयोगले २०६८ सालको जनगणना अनुसार वक्ताको सङ्ख्यालगायतका आधारमा विभिन्न प्रदेशमा ११ भाषालाई प्रदेशगत सरकारी कामकाजको भाषा सिफारिस गरेको थियो। जसमा तामाङ, नेवारी, मैथिली, मगर, गुरुङ, भोजपुरी, बज्जिका, थारू, गुरुङ, डोट्याली र अवधी रहेका छन्। यसरी नेपालीबाहेक अन्य मातृभाषालाई सरकारी कामकाजको भाषा बनाएर कार्यान्वयनमा ल्याएपछि त्यसको प्रशंसा भएको छ। प्रदेश तहमा कामकाजको भाषाका रूपमा पहिलो पटक तामाङ र नेवारी भाषा प्रयोगमा ल्याएसँगै त्यसले स्थानीय तहसम्म खुसीको सञ्चार गरेको छ।

बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान वज्राचार्यले बागमती प्रदेशभर सरकारी कामकाजमा नेवारी र तामाङ भाषा पनि प्रयोगमा आएपछि जनस्तरबाट प्रशंसा गरिएको उल्लेख गर्नुभयो।

उहाँले सरकारी कामकाजको भाषा बनेपछि त्यसको प्रयोगमा वृद्धि हुने अपेक्षा गर्दै नेवार समुदायका ५० प्रतिशतलेनेपालभाषा नै बोल्न छाडेको तथ्याङ्क बाहिर आएको र तामाङ समुदायमा त झन् धेरैले आफ्नो मातृभाषा बुझ्नसमेत छाडेकाले यसले भाषाको संरक्षणमा थप सहयोग पुऱ्याउने आशा गर्नुभयो।

तामाङ अभियन्ता कान्छाकाजी लामाले सरकारी कामकाजीको भाषामा तामाङ भाषा प्रयोगमा ल्याएपछि संरक्षण र संवर्धनमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो। उहाँले हरेक समुदायको भाषासँग इतिहास जोडिने पनि बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

# आर्थिक रूपान्तरणमार्फत समृद्धि

हाम्रा वित्तीय र मौद्रिक नीति नियन्त्रणमुखी होइन, प्रवर्धनमुखी हुनु पर्छ, नीति-नियमले उत्पादन र रोजगारी प्रवर्धनमा योगदान गर्न सक्नु पर्छ ।

**गोरखापत्र समाचारदाता**
*नवलपरासी, वैशाख २८ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आर्थिक रूपान्तरणलाई तीव्र बनाई समुन्नत राष्ट्र निर्माण गर्ने पक्षमा सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । प्रधानमन्त्री प्रचण्डले लक्ष्मी मोटर कर्पोरेसनको 'हुन्डाई मोटर एसेम्बलिङ' शुभारम्भ कार्यक्रमलाई शुक्रबार नवलपरासीमा सम्बोधन गर्दै आर्थिक विकास गरेर देशलाई समृद्धिको यात्रामा अगाडि बढाउने उद्घोष गर्नुभएको हो।

निजी क्षेत्रलाई विश्वासमा लिएर अर्थतन्त्र सुदृढीकरण गरिने प्रस्ट पार्दै उहाँले लगानी सहजीकरण गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले उद्योगी, व्यवसायीसहित सम्पूर्ण लगानीकर्ताको मनोबल उच्च राख्ने प्रस्ट पार्नुभयो। प्रधानमन्त्री प्रचण्डले निजी क्षेत्रको लगानी एवं राज्य र निजी क्षेत्रको सहकार्यबाटै देशको अर्थतन्त्र सबल बनाउन सकिने, उत्पादकत्व वृद्धि गर्न सकिने र रोजगारीका अवसर सिर्जना गर्न सकिने बताउनुभयो । उहाँले भन्नुभयो, "देशभित्र लगानीको वातावरण निर्माण गर्न, निजी क्षेत्रलाई प्रवर्धन गर्न, लगानीका क्षेत्रको सुरक्षा र सहजीकरणका निम्ति सरकार हरदम साथमा छ।"

उहाँले शुक्रबारदेखि सुरु भएको नयाँ उद्योग सञ्चालनमा आएपछि नेपालमा औद्योगिक वातावरणका निम्ति स्वदेशी एवं विदेशी लगानीकर्तालाई थप आकर्षित गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले औद्योगिकीकरणसँगै आयात प्रतिस्थापन हुने र सयौँ दक्ष एवं अर्धदक्ष कामदारका निम्ति रोजगारी प्राप्त गर्ने बताउनुभयो । उहाँले नेपालमा एसेम्बलिङ गर्दा उपभोक्ताले सहुलियत मूल्यमा सवारीसाधन खरिद गर्न पाउने र आन्तरिक स्रोत एवं विद्युत्को खपत, स्थानीय विकासमा साझेदारी र कुल गार्हस्थ्य उत्पादनमा सकारात्मक योगदान पुग्ने बताउनुभयो।



तस्बिर : प्रम सचिवालय

**प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' शुक्रबार नवलपरासीमा निर्माण भएको लक्ष्मी मोटर कर्पोरेसनको 'हुन्डाई मोटर एसेम्बलिङ' प्लान्ट अवलोकन गर्नुहुँदै ।**

उहाँले भन्नुभयो, "हाम्रा वित्तीय र मौद्रिक नीति नियन्त्रणमुखी होइन, प्रवर्धनमुखी हुनु पर्छ, नीति-नियमले उत्पादन र रोजगारी प्रवर्धनमा योगदान गर्न सक्नु पर्छ।"

प्रधानमन्त्री प्रचण्डले सरकारको निरन्तर प्रयासका कारण अर्थतन्त्रका आन्तरिक र बाह्य सूचक सकारात्मक बन्दै गएको जानकारी दिनुभयो। उहाँले तेस्रो लगानी सम्मेलन सम्पन्न भएको र लगानी सम्मेलनको पूर्वसन्ध्यामा अध्यादेश नै ल्याएर सरकारले महत्त्वपूर्ण ऐनहरू संशोधन गरेको प्रस्ट पार्नुभयो। उहाँले भन्नुभयो, "यसले लगानीका क्षेत्रमा देखिएका समस्या सम्बोधन गर्दै आन्तरिक एवं बाह्य लगानीलाई प्रोत्साहित र प्रवर्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने छ।"

उहाँले लगानी सम्मेलनमा देखिएको उत्साह, नेपालका राजनीतिक दलमा देखिएको साझा दृष्टिकोण र प्रतिबद्धता एवं लगानीकर्ताको आकर्षणले नेपाल छिट्टै आकर्षक लगानीको गन्तव्य बन्ने सङ्केत देखिएको बताउनुभयो।

# 'सूचना प्रविधि क्षेत्रलाई उच्च प्राथमिकता'



मन्त्री रेखा शर्मा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २८ गते*

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सूचना प्रविधिलाई सरकारले आर्थिक समृद्धि र सुशासनको प्रमुख आधारका रूपमा लिएको बताउनुभएको छ । उहाँले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमका साथै बजेटमा सूचना प्रविधि क्षेत्रलाई उच्च प्राथमिकता दिइने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ।

सूचना तथा सञ्चार प्रविधिमा महिला अन्तर्राष्ट्रिय दिवसका अवसरमा शुक्रबार सञ्चार मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा मन्त्री शर्माले सुशासनको अभियानलाई अगाडि बढाउन सूचना प्रविधिको विकास आवश्यक रहेको बताउनुभयो। उहाँले सूचना प्रविधिको प्रयोगबाट मात्रै मुलुकमा सुशासन कायम गर्न सकिने भएकाले सूचना प्रविधि क्षेत्रलाई नीतिगत र संरचनागत रूपमा बलियो बनाउनुपर्नेमा जोड दिनुभयो।

मन्त्री शर्माले सूचना प्रविधि क्षेत्रमा महिलाको अनिवार्य सहभागिताका साथै नेतृत्वदायी भूमिकासमेत हुनुपर्नेमा जोड दिँदै आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि नीति तथा कार्यक्रम र बजेटमा विशेष योजना अगाडि सारेको र यस क्षेत्रको विकासका लागि सरकारले नीतिगत तथा संरचनागत व्यवस्था गरेको जानकारी दिनुभयो।

प्रत्येक वर्ष १० हजार युवा जनशक्ति सूचना प्रविधि क्षेत्रमा उत्पादन हुने गरेको भन्दै मन्त्री शर्माले पछिल्लो तथ्याङ्क अनुसार सूचना प्रविधिसम्बन्धी सेवा निर्यातबाट नेपालमा वार्षिक करिब ६६ अर्ब रुपियाँ विदेशी मुद्रा भित्रिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सूचना प्रविधिको विकासका निम्ति नीतिगत र संरचनागत व्यवस्थामा सरकारको ध्यान गएको छ । यसबिचमा केही ऐन कानुन र पूर्वाधार निर्माण भएका छन् ।"

नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक विजयकुमार रायले सूचना प्रविधिको क्षेत्रमा महिलाको पहुँचका साथै नेतृत्वदायी भूमिकाका लागि पहल गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले सूचना प्रविधिको क्षेत्रमा रहेका विभिन्न चुनौतीलाई विचार र मनन गरी आवश्यक पहलका लागि सम्बन्धित पक्षलाई आग्रह गर्नुभयो।

कार्यक्रममा प्रविधिमा महिला नेतृत्वका लागि नीति तथा कार्यक्रम र प्रविधिमा महिला नेतृत्वसम्बन्धी विषयमा प्यानल छलफल भएको थियो। अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घको आह्वानमा नेपालमा सन् २०१३ देखि नेपाल दूरसञ्चार प्राधिकरणले यस दिवसलाई विभिन्न रचनात्मक र कार्यक्रमसाथ मनाई विभिन्न सङ्घ संस्थालाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा महिलालाई उत्प्रेरित गर्न आह्वान गर्दै आएको छ । अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घले 'नेतृत्व' भन्ने मूल नाराका साथ दिवसका कार्यक्रम सञ्चालन गर्न आह्वान गरेको छ । यस वर्ष 'प्रविधिमा महिला नेतृत्व : सबल भविष्यको मातृत्व' राष्ट्रिय नारा तय गरिएको छ।

## खुल्यो सगरमाथाको बाटो
# दस शेर्पा चुचुरोमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २८ गते*

यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि शिखरसम्मको बाटो खुलेको छ । बाटो बनाउन शुक्रबार बिहान ५ बजे चौथो शिविरबाट सगरमाथाको चुचुरोतर्फ लागेको अनुभवी शेर्पाहरूको टोली बेलुका ८ बजेर १५ मिनेटमा चुचुरोमा पुगेको हो।

पर्यटन विभागका साहसिक पर्यटन तथा पर्वतारोहण शाखाका निर्देशक राकेश गुरुङका अनुसार १० जना अनुभवी शेर्पाको टोलीले चुचुरोसम्म बाटो बनाएर यो वर्षको आरोहणको सुरुवात गरेका हुन् । गुरुङले भन्नुभयो, "यस वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न दोस्रो शिविरदेखि चुचुरोसम्मको बाटो बनाउन पर्वतारोहण सञ्चालक सङ्घलाई जिम्मेवारी दिइएको थियो । उक्त सङ्घबाट छनोट भएको सेभेन समिट ट्रेक्सबाट खटिएको टोलीले चुचुरोसम्मको बाटो तयार पारेको छ।"

अनुभवी शेर्पाहरूको समूहले चुचुरोसम्मको बाटो तयार पारेसँगै आधार शिविरमा रहेका आरोही अब चुचुरोतर्फ लाग्ने उहाँले बताउनुभयो। चैत १ गते आधार शिविरमा क्षमा पूजा गरी अगाडि बढेका आठ जना अनुभवी शेर्पाको समूहले दोस्रो शिविरसम्मको बाटो तयार पारेका थिए।

सेभेन समिटबाट दोलखाका मिङ्मार धोन्डुप भनिने डेन्डी शेर्पाको नेतृत्वमा खटिएको सोलुखुम्बुका तेन्जिङ ग्याल्जेन शेर्पा, पाम दोर्जी शेर्पा र नामग्याल दोर्जे तामाङ तथा सङ्खुवासभाका पेम्बा टासी शेर्पा, लाक्पा शेर्पा, दावा रिन्जे शेर्पा, दावा शेर्पा, सुकबहादुर तामाङ र लाक्पा रिन्जी शेर्पाको टोलीले दोस्रो शिविरदेखि चुचुरोसम्मको बाटो बनाएको हो।

गत वर्ष वैशाख ३० गते दिउँसो १ बजेर ५२ मिनेटमा इम्याजिन नेपालका तर्फबाट गएका १० जना अनुभवी शेर्पाको समूहले चुचुरोसम्मको बाटो तयार गरेको थियो।

यस वर्ष सगरमाथा आरोहणका लागि ४१ आरोही समूहका ४१४ आरोहीले अनुमति लिएका छन् । सगरमाथामा अनुमति दिएबापत ५९ करोड २३ लाख पाँच हजार ८४९ रुपियाँ सलामी दस्तुर (राजस्व) सङ्कलन भएको विभागले जनाएको छ। गत वर्षको वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न ४७८ जनाले अनुमति लिएका थिए। जुन हालसम्मकै सर्वाधिक हो।

## कोशी सरकार विवाद सर्वोच्च अदालतमा
# जेठ ९ देखि अन्तिम सुनुवाइ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २८ गते*

कोशी प्रदेश सरकार गठनको विवादमा सर्वोच्च अदालतले जेठ ९ गतेबाट अन्तिम सुनुवाइ गर्ने भएको छ । अदालतले मुख्यमन्त्री हिक्मत कार्की नेतृत्वको मन्त्रीपरिषद्लाई कामकाजमा रोक लगाउन अन्तरिम आदेश जारी गरेन। न्यायाधीश हरिप्रसाद फुयालको एकल इजलासले विवादको निरूपण पूर्ण सुनुवाइबाटै गर्नु उपयुक्त भएको भन्दै जेठ ९ गतेका लागि पेसीको आदेश गरेको हो।

सर्वोच्च अदालतले विपक्षीलाई लिखित जवाफ पेस गर्नमा म्याद थाम्न नपाउने आदेशमै भनेको छ। आदेशका मितिले १० दिनभित्र जवाफ पठाउन पनि अदालतले सबै प्रतिवादीका नाममा आदेश गरेको छ।

एकल इजलासले विभिन्न पाँच प्रश्न अन्तिम सुनुवाइका क्रममा निरूपण हुनुपर्ने विषय पनि आदेशमा उल्लेख गरेको छ। संविधानको धारा १६८ (५) अनुसार गठित सरकारले समर्थन गर्ने सदस्यको समर्थन फिर्ताको अवस्थामा विश्वासको मत लिनुपर्ने वा नपर्ने विषय निर्क्यौल हुनुपर्ने आदेशमा उल्लेख छ।

यस्तै दलबाहेक सदस्यहरूको समर्थनबाट बनेको मुख्यमन्त्री पदमुक्त कसरी हुने भन्ने विषयमा पनि व्याख्या हुनुपर्ने एकल इजलासको आदेशमा उल्लेख छ। संविधानको धारा १६९ अनुसारको अवस्थाबाहेक प्रदेश मुख्यमन्त्रीको पदरिक्त हुने वा नहुनेबारे पनि व्याख्या आवश्यक रहेको एकल इजलासको आदेशमा उल्लेख छ।

यस्तै सदस्यको समर्थनबाट बनेका मुख्यमन्त्रीको हकमा अविश्वासको प्रस्ताव दुई वर्षसम्म ल्याउन सुविधा पाउने वा नपाउनेमा पनि व्याख्या हुनुपर्ने एकल इजलासको आदेशमा उल्लेख छ। अदालतले कोशी प्रदेश सभाले पारित गरेको सङ्कल्प प्रस्तावको संवैधानिक र कानुनी वैधताबारे पनि व्याख्या हुनुपर्ने विषयलाई पनि आदेशमा उल्लेख गरेको छ। प्रदेश सरकार विघटनमा प्रदेश प्रमुखको सीमा र प्रदेश सभाको क्षेत्राधिकारको विषयमा पनि व्याख्या हुनुपर्ने एकल इजलासले प्रश्न उठाएको छ।

नेकपा (एमाले) तथा कांग्रेसको एक पक्षका सदस्यहरूको हस्ताक्षरमा संविधानको धारा १६८ (५) बमोजिम कांग्रेसका केदार कार्की असोज २७ गते कोशीको मुख्यमन्त्री नियुक्त हुनुभएको थियो। फागुन २१ मा सङ्घीय सरकारमा एमाले र माओवादी केन्द्रसहितको नयाँ गठबन्धन बनेपछि कोशीको गठबन्धन पनि टुटेको थियो। एमालेले समर्थन फिर्ता गरे पनि कार्कीले आफूलाई हटाउने संवैधानिक कानुनी आधार नभएको भन्दै पद छाड्न अस्वीकार गर्नुभएको थियो।

कार्कीले मुख्यमन्त्री छाड्न अस्वीकार गरेपछि चैत २६ गते प्रदेश सभाले सङ्कल्प प्रस्तावमार्फत ३० दिनभित्र विश्वासको मत लिन मुख्यमन्त्रीलाई निर्देशन दिएको थियो। साथै सरकार गठनमा समर्थन गर्ने सदस्यहरूले समर्थन फिर्ताको जानकारी पनि प्रदेश प्रमुखलाई दिएका थिए।

सभाको निर्देशन र समर्थन फिर्ताबाट समेत मुख्यमन्त्रीले पद नछाडेपछि महान्यायाधिवक्ता कार्यालयसँगको कानुनी परामर्शका आधारमा प्रदेश प्रमुख पर्शुराम खापुङले नयाँ सरकार गठनको प्रक्रिया वैशाख २६ गते प्रारम्भ गर्नुभएको थियो। वैशाख २७ गते एमालेका हिक्मत कार्की मुख्यमन्त्री नियुक्त हुनुभएको थियो। कार्कीलाई मुख्यमन्त्री नियुक्त गर्ने प्रदेश प्रमुखको निर्णय असंवैधानिक भएको भन्दै निवर्तमान मुख्यमन्त्री कार्कीले सर्वोच्चमा रिट दायर गर्नुभएको थियो। शुक्रबार सर्वोच्चले प्रारम्भिक सुनुवाइ गरेको हो।

## गण्डकी प्रदेश
# अन्तरिम आदेश जारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २८ गते*

सर्वोच्च अदालतले गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारी नेतृत्वको मन्त्रीपरिषद्लाई दीर्घकालीन महत्त्वका कुनै पनि कामकाज नगर्न अन्तरिम आदेश जारी गरेको छ। अधिकारीको विश्वासको मतको प्रक्रिया विवादमा जेठ ८ गतेदेखि अन्तिम सुनुवाइ गर्न पनि अदालतले आदेश गरेको हो।

न्यायाधीश अब्दुल अजिज मुसलमानको एकल इजलासले वैशाख २३ गतेको विश्वासको मतको प्रक्रियाको सम्पूर्ण विवरण पनि माग गरेको छ । जेठ ७ गतेभित्र सम्पूर्ण विवरण पेस गर्न अदालतले आदेश गरेको छ। अदालतले संविधानको धारा १८६ र १८८ को बृहत् व्याख्या आवश्यक रहेको पनि अदालतले आदेश गरेको छ।

अदालतको अन्तरिम आदेशमा भनिएको छ, "हाम्रो अभ्यास र यस अदालतबाट जारी भएका विभिन्न सिद्धान्तको विषयमा व्याख्या गरी प्रदेश सभाको सभामुखबाट मिति २०८१/१/२३ मा गरिएको घोषणा अनुसार नियुक्त भएका मुख्यमन्त्रीको पद कायम रहने वा नरहने विषयमा र प्रदेश सभाको मुख्यमन्त्री नियुक्ति प्रयोजनका लागि संविधानले तोकेको बहुमत सङ्ख्या कति हो सो प्रश्नसमेतको न्याय निरूपण हुने नै हुँदा सो निर्णय नहुँदासम्म गण्डकी प्रदेश सरकारको नियमित कार्य सञ्चालनबाहेक विपक्षीमध्येका माननीय खगराज अधिकारीको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रदेशलाई दीर्घकालीन असर पर्ने गरी कुनै निर्णय नगर्नू/नगराउनू भन्नेसम्मको अन्तरिम आदेश जारी गरिदिएको छ।"

अदालतले अन्तिम सुनुवाइकै क्रममा प्रश्नको निरूपण भएकाले हाललाई दीर्घकालीन असर पर्ने कुनै कामकाज नगर्न भने अदालतले आदेश गरेको हो।

### साना योजना...

स्वास्थ्य सेवाको प्रत्याभूति, समानीकरण अनुदानलगायतका कुरामा सङ्घीय सरकारको गम्भीर ध्यान जाने प्रस्ट पार्नुभयो।

प्रधानमन्त्री प्रचण्डले सत्य निरूपण तथा मेलमिलापसम्बन्धी ऐन जारी हुनेबित्तिकै रोल्पा, रुकुम, सल्यान, जाजरकोटलगायतका जिल्लामा जनसत्ताले रजिस्ट्रेसन गरेका घरजग्गाको समस्या दीर्घकालीन रूपमा समाधान गर्न सहज हुने बताउनुभयो। उहाँले सहिदको सम्मान, द्वन्द्वपीडित परिवारमा राहत, सन्ततिको शिक्षादीक्षा र अभिभावकत्वलगायतका विषयको उचित सम्बोधन हुने बताउनुभयो।

सोही अवसरमा पूर्वभौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले स्थानीय तहलाई बलियो बनाएर जनतालाई अधिकारसम्पन्न बनाउने दायित्व सरकारको भएको बताउनुभयो। उहाँले भूकम्प प्रभावित जनताले छिट्टै पुनर्निर्माणको काम अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो।

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री राजकुमार शर्माले सङ्घीय लोकतान्त्रिक व्यवस्थाकै कारण जनतालाई सरकारका कामको अनुभूति गर्न पाएको बताउनुभयो। उहाँले यही व्यवस्थाका कारण गाउँ गाउँमा स्थानीय सरकार पुगेको बताउनुहुँदै स्थानीय तह विकासको नेतृत्व भएको प्रस्ट पार्नुभयो। गाउँपालिका अध्यक्ष निमबहादुर केसीका अनुसार २०७८ असार २५ गते निर्माण सुरु भई गत वैशाख १० गते प्रशासनिक भवन निर्माण सम्पन्न भएको हो।

### भाषा संरक्षणमा...

अभियन्ता पुरुषोत्तम कर्माचार्यले मातृभाषा र संस्कृति जातीय पहिचान मात्र नभएर मुलुककै पहिचानसँग जोडिएको बताउनुभयो। नेपालको संविधानले पनि मातृभाषालाई नैसर्गिक पहिचान र समृद्धिको आधारशिला मानेको उहाँले बताउनुभयो।

जातीय पहिचानका रूपमा रहेको मातृभाषाको संरक्षण गर्ने उद्देश्यले भाषा आयोगले तीन वर्षअघि नै सातै प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने दुई/दुई भाषालाई प्रदेशको सरकारी कामकाजी भाषाका रूपमा सिफारिस गरेको थियो। बागमती प्रदेशभित्र सरकारी कामकाजको भाषा नेपालीसँगै तामाङ र नेवारी (नेपालभाषा) कार्यान्वयन गर्न बनेको तयारी समितिले मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई पूर्ण प्रतिवेदन बुझाएको थियो।

सामाजिक विकासमन्त्री कुमारी मोक्तान तथा समितिका विज्ञ सदस्यहरू प्राडा. अमृतकुमार योञ्जन र सहप्राध्यापक डा. ओमकारेश्वर श्रेष्ठले प्रतिवेदन तयार पार्नुभएको थियो। बहुसङ्ख्यक तामाङ र नेवार समुदायको बसोबास रहेको बागमती प्रदेशमा आमनागरिकलाई सरकारी कामकाजमा थप सहज होस् भनेर कामकाजी भाषा बनाएको मुख्यमन्त्री जम्कट्टेलले जानकारी दिनुभयो। सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले सरकारी कामकाजको भाषा प्रयोग गर्न इन्कार गरे जरिबाना र सजाय हुने प्रावधान राखिएको छ। लामो समयदेखि नेवाः र तामाङ आदिवासीले बागमती प्रदेशमा नेपाल भाषा र तामाङ भाषालाई कामकाजी भाषाका रूपमा मान्यता दिन माग गर्दै आएका थिए।

### राष्ट्रिय सभाको...

बैठकमा नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले सहकारी ठगीमा उपप्रधानमन्त्री एवं गृहमन्त्रीको संलग्नताको पर्याप्त प्रमाण आएको दाबी गर्दै छानबिन समिति गठनको माग गर्नुभयो। उहाँले भन्नुभयो, "गृहमन्त्रीमाथि प्रहरीले अनुसन्धान गर्ने विषय कसले पत्याउँछ ? कांग्रेसको संसदीय दलको संयुक्त बैठकले छानबिन समिति गठन नभए संसद् अगाडि बढ्न नदिने निर्णय गरेकाले समिति गठन नभएसम्म सभाको कारबाही अगाडि बढ्न सक्दैन।" उहाँले सभामा उपस्थित उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठलाई छानबिन समिति गठनमा पहलकदमी लिन आग्रह गर्नुभयो।

नेकपा (एमाले) का संसदीय दलका नेता देवेन्द्र दाहालले राष्ट्रपतिका आर्थिक सल्लाहकार चिरञ्जीवी नेपालले एक सयको नोटमा नेपालको नक्सा छाप्ने सरकारको निर्णयबारे दिनुभएको अभिव्यक्तिको आलोचना गर्नुभयो। उहाँले यस प्रकारको अभिव्यक्ति दिनुपछाडिको आशय प्रस्ट्याउन माग गर्नुभयो।

जनता समाजवादी पार्टी, नेपालबाट निर्वाचित सदस्य मृगेन्द्रसिंह यादवले परिश्रम र मेहनतबाट आर्जन गरिएको गरिब, विपन्नको रुपियाँ सहकारीमार्फत अपचलन हुनु दुर्भाग्यपूर्ण रहेको बताउनुहुँदै सो विषयमा सहमति गरेर संसद्को गतिरोध अन्त्य गर्ने दायित्व सरकारको हुने तर्क गर्नुभयो।

लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबाट निर्वाचित सदस्य शेखरकुमार सिंहले सरकारले प्रमुख प्रतिपक्षी दलले उठाएको माग सम्बोधन गरेर जान सुझाव दिनुभयो। उहाँले प्रमुख दलका शीर्ष नेताले समेत सहमतिका लागि रचनात्मक सहयोग गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

राष्ट्रिय जनमोर्चाबाट निर्वाचित सदस्य तुलप्रसाद विश्वकर्माले सहकारी, मिटरब्याजी र यसबाट पीडित जनता बारम्बार सडकमा उत्रेर न्यायको माग गरिरहेकामा सरकारले समस्याको सम्बोधन गर्न नसकेको गुनासो गर्नुभयो। उहाँले गृहमन्त्रीमाथि सहकारीको अर्बौं रकम अपचलन गरेको आरोप आइरहँदा उहाँ स्वच्छ हुनुहुन्छ भने राजीनामा गरेर छानबिन गर्न मार्गप्रशस्त गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "उहाँलाई सफाइ दिन महान्यायाधिवक्ता, प्रहरी प्रमुखबाट नाटक गरिँदै छ। लोकतान्त्रिक शासनका लागि यो सुहाउने विषय होइन।"

बैठकमा नेकपा (एस) बाट निर्वाचित सदस्य डा. वेदुराम भुसालले संविधानको मर्मबमोजिम जनताले अनुभूति गर्न पाउने गरी समाज रूपान्तरण हुन नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो। बैठकमा राष्ट्रपतिबाट मनोनीत सदस्य अञ्जान शाक्यले राष्ट्रिय सभाको गरिमा बढाउने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

### जिइएफबाट सवा...

प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१, राष्ट्रिय व्यापार सहजीकरण समिति गठन गरी काम कर्तव्य र अधिकार तोक्ने, जलस्रोतसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८० सङ्घीय संसद्मा प्रस्तुत गर्ने र नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० सङ्घीय संसद्मा प्रस्तुत गर्न स्वीकृति दिने निर्णय भएको छ।

मन्त्रीपरिषद् बैठकले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन २०७३ को दफा ३० बमोजिम विभिन्न स्थानमा घाटगद्दीमा रहेको जम्मा एक लाख ७३ हजार ७१.७९२ केजी रक्तचन्दन काठ भारत फिर्ता लैजान स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।


## नियुक्तिको लागि सम्पर्क राख्ने सम्बन्धी सूचना

(गोरखापत्रमा प्रकाशित मिति : २०८१/०१/२९ गते)

कोषमा रिक्त रहेका देहायका विज्ञापन नम्बर, सेवा र तहका पदहरूमा खुला/समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्न लोक सेवा आयोगद्वारा लिइएको लिखित परीक्षा र कोषबाट लिइएको अन्तर्वार्ताको औषत अंक समेतको कुल योगको आधारमा देहाय बमोजिम योग्यताक्रम कायम हुन आएकोले देहायको रोल नं. र नामथरका उम्मेदवारहरूलाई स्थायी नियुक्तिको लागि सिफारिस गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । सिफारिस भएका उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र नेपाल सरकारबाट स्वीकृत चिकित्सकबाट प्रमाणित निरोगिताको प्रमाणपत्रसहित नियुक्तिको लागि कोषको मानव संसाधन व्यवस्थापन विभाग, पुल्चोक, ललितपुरमा सम्पर्क राख्न हुन सूचित गरिन्छ। उक्त मितिभित्र सम्पर्क राख्न नआएमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ मा भएको व्यवस्था बमोजिम हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**(क) वि.नं. २०/२०७९-८० (खुला) पद : प्रबन्धक (सूचना प्रविधि)**
**तह : आठौं, पदसंख्या : १ (एक)**
**सिफारिस भएका उम्मेदवार :**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १. | १२ | नरेन्द्र बहादुर वोहरा |

**प्रतिक्षा सूचीमा रहेका उम्मेदवार :**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १. | १९ | रामु खड्काथोकी |
| २. | १० | केशव बहादुर धामी |

**(ख) वि.नं. २१/२०७९-८० (खुला) पद : उप प्रबन्धक**
**तह : सातौं, पदसंख्या : १ (एक)**
**सिफारिस भएका उम्मेदवार :**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १. | ५७ | रुकमणी ठकुरी |

**प्रतिक्षा सूचीमा रहेका उम्मेदवार :**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १. | १० | सुजन सिंह कार्की |
| २. | २८ | गोपिलाल पौडेल |
| ३. | १२ | गोकुल चन्द्र मरासिनी |

**(ग) वि.नं. २२/२०७९-८० (मधेशी) पद : उप प्रबन्धक तह : सातौं, पदसंख्या : १ (एक) को लिखित परीक्षामा कुनै पनि उम्मेदवार उत्तीर्ण नभएको।**

**(घ) वि.नं. २३/२०७९-८० (खुला) पद : उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट)**
**तह : सातौं, पदसंख्या : १ (एक)**
**सिफारिस भएका उम्मेदवार :**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १. | २ | केशव अधिकारी |

**(ङ) वि.नं. २४/२०७९-८० (आ.ज.) पद : उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट)**
**तह : सातौं, पद संख्या : १ (एक)**
**सिफारिस भएका उम्मेदवार :**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १. | १ | सुनिता स्याङ्गतान लामा |

**(च) वि.नं. २६/२०७९-८० (खुला) पद : उप प्रबन्धक (वित्त विश्लेषक)**
**तह : सातौं पदसंख्या : १ (एक)**
**सिफारिस भएका उम्मेदवार :**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १. | १० | सुजन सिंह कार्की |

**प्रतिक्षा सूचीमा रहेका उम्मेदवार :**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १. | १८ | अशेष लामिछाने |
| २. | ३८ | शेर बहादुर बस्नेत |

**(छ) वि.नं. २७/२०७९-८० (आ.ज.) पद : उप प्रबन्धक (वित्त विश्लेषक)**
**तह : सातौं पदसंख्या : १ (एक)**
**सिफारिस भएका उम्मेदवार :**

| योग्यताक्रम नं. | रोल नं. | उम्मेदवारको नाम, थर |
|---|---|---|
| १. | १ | रोमन कुमार श्रेष्ठ |

सदस्य सचिव, पदपूर्ति समिति
**कर्मचारी सञ्चय कोष**
पुल्चोक ललितपुर।

# छ महिनाअघि नै बन्यो पुल



केरुङ्गा पुलको औपचारिक उद्घाटन गर्दै भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल ।

**शान्ता अधिकारी**
*चितवन, वैशाख २८ गते*

पटक पटक म्याद थप्दा पनि विकास निर्माणको काम सम्पन्न नहुने गरेको देशव्यापी गुनासो आइरहेको बेला चितवनको भरतपुरमा एउटा पुल निर्धारित मितिभन्दा छ महिनाअगाडि नै निर्माण सम्पन्न भएको छ। भरतपुरबाट माडी ठोरी वैकल्पिक मार्गमा पर्ने भरतपुर–२४, केरुङ्गा खोलामा निर्माण गरिएको ७४ मिटर लम्बाइको पुल निर्माण सम्झौता अवधिभन्दा छ महिनाअगाडि नै निर्माण सम्पन्न भएको हो। उक्त पुलको शुक्रबार बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलालले उद्घाटन गर्नुभयो।

निर्माण गरिएको पुल प्रदेश सरकारको सात करोड ९८ लाख १८ हजार रुपियाँको लागतमा निर्माण सम्पन्न गरिएको हो। पुल ७४ मिटर लम्बाइ र फुटपाथसहित ८.४ मिटर चौडा रहेको छ। विसं २०७९ साल चैत १९ गते सम्झौता भई निर्माण सुरु गरिएको उक्त पुल निर्माणको अवधि अझै छ महिना बाँकी छ। कार्यक्रममा मन्त्री दुलालले निर्माण अवधिभन्दा छ महिनाअगाडि नै काम सम्पन्न गरेकोमा निर्माण कम्पनीलाई धन्यवाद दिँदै यसरी काम गर्ने कम्पनीलाई प्रोत्साहन गर्ने र समयमा काम नसक्ने कम्पनीलाई जिम्मेवार बन्ने गरी सचेत गराउनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा पुल निर्माण गर्ने निर्माण कम्पनी केबिसी बिल्डर्स लिमिटेडका प्रमुख कुमार आचार्यलाई सम्मान गरिएको थियो। भरतपुर महानगर प्रमुख रेनु दाहालले अन्य निर्माण कम्पनीलाई पनि उक्त कम्पनीको कामको अनुशरण गर्न अनुरोध गर्नुभयो।

## नक्कली नोटसहित पक्राउ



प्रहरीद्वारा बरामद गरिएको नक्कली नोट ।

**मकवानपुर समाचारदाता**
*हेटौँडा, वैशाख २८ गते*

मकवानपुर प्रहरीले नक्कली नोटसहित पाँच जनालाई नियन्त्रणमा लिएको छ। मकवानपुरको कैलाश गाउँपालिका वडा नं. ९ का सीताराम थिङसहित पाँच जनालाई नेपाली एक हजार दरका ५५ थान नक्कली नोटसहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

मकवानपुरको प्रहरी चौकी नामटारबाट खटिएको प्रहरी टोलीले १८ वर्षीय थिङको साथबाट नेपाली एक हजार दरको १२ थान नक्कली नोटसहित फेला पारी प्रारम्भिक अनुसन्धानको क्रममा उक्त नक्कली नोट थिङले हेटौँडा उपमहानगरपालिका वडा नं. १४ घर भई वडा नं. ४ मा डेरा गरी बस्ने वर्ष ३७ को सुनील ढुङ्गानाले दिएको प्रहरीलाई बताएका थिए। जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार ढुङ्गानाको हेटौँडा–४ स्थित कोठामा बिहीबार प्रहरी टोलीले खानतलासी गर्ने क्रममा निजको साथबाट एक हजार दरका नक्कली नेपाली नोट ४२ थान र निजको छोरा वर्ष १८ का रोजल ढुङ्गानाको साथबाट एक थान गरी ४३ थान नक्कली नेपाली नोट फेला परेको थियो।

प्रहरीले थप अनुसन्धान गर्दा मकवानपुरगढी गाउँपालिका वडा नं. ४ का वर्ष २० का सोमराज थोकर र सोही स्थानका वर्ष २८ का रामेश्वर अर्यालसमेत नक्कली नोट कारोबारमा संलग्न रहेको बताएपछि उक्त नक्कली नेपाली नोटसहित पाँचै जनालाई नियन्त्रणमा लिएको थियो। पाँचै जनालाई मुद्रासम्बन्धी कसुरमा मकवानपुर जिल्ला अदालतबाट पाँच दिनको म्याद लिई थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

# समन्वय नहुँदा विकास निर्माणमा समस्या




**चरीकोट समाचारदाता**
*चरीकोट, वैशाख २८ गते*

दोलखाका जनप्रतिनिधिले जिल्लामा कार्यक्षेत्र रहेका सङ्घ र बागमती प्रदेश सरकारका कार्यालयले स्थानीय सरकारसँग समन्वय नगर्दा गुणस्तरीय विकास हुन नसकेको बताएका छन्। शुक्रबार दोलखा सदरमुकाम चरीकोटमा आयोजित बागमती प्रदेश योजना समीक्षा तथा योजना तर्जुमा परामर्श कार्यशालामा जिल्लाका जनप्रतिनिधिले यस्तो बताएका हुन्।

बागमती प्रदेश सभा सदस्य भरतबहादुर केसीको सचिवालयले आयोजना गरेको सो कार्यक्रममा जनप्रतिनिधिले स्थानीय तहका समस्या र सम्भावनाका विषयमा प्रदेश सरकार र सङ्घीय सरकारका कार्यालयहरूले समन्वय गरेर अगाडि बढ्नुपर्ने धारणा राखेका थिए। कार्यक्रममा प्रदेश सभा सदस्य भरतबहादुर केसीले तीनै तहका सरकारका जनप्रतिनिधि र कर्मचारीले सङ्घीयताको मर्म र उद्देश्यलाई आत्मसात् गरेर काम गनुपर्ने बताउनुभयो। अघिल्लो कार्यकालका जनप्रतिनिधिले सिक्दै छौँ र गर्दै छौँ भने पनि यो कार्यकालका जनप्रतिनिधिलाई त्यस्तो भन्ने छुट नरहेको भन्दै उहाँले सङ्घीयतालाई कमजोर पार्ने गतिविधि गर्न नहुने बताउनुभयो।

अर्का प्रदेश सभा सदस्य ठुला थामीले दोलखाका सबै प्रदेश सभा सदस्यले जिल्लाका गौरवका आयोजनाको विषयमा एउटै स्वर प्रदेश सभामा उठाउनुपर्ने बताउनुभयो। मेलुङ गाउँपालिका अध्यक्ष हिराकुमार तामाङले तीनै तहका सरकारबिच सहकार्य नहुँदा नागरिकले विकासको अनुभूति गर्न नपाएको बताउनुभयो।

भीमेश्वर नगरपालिकाकी उपप्रमुख कमला बस्नेतले खानेपानी कार्यालयले पाँच लाखको योजनाका लागि तीन लाख रुपियाँ खर्चेर डिपिआरमा गर्ने गरेको बताउनुभयो। जिरी नगरपालिकाकी उपप्रमुख कृष्णमाया बुढाथोकीले कतिपय कार्यालय विकास निर्माणका काम नगरपालिकालाई थाहा नै नहुने बताउनुभयो। मेलुङ गाउँपालिकाकी उपाध्यक्ष गायत्री आचार्यले प्रदेश सरकारका योजनाको विषयमा गाउँपालिकामा उजुरी आउने गरेको भन्दै गाउँपालिकाले पाँच लाख रुपियाँमा गर्न सक्ने काम प्रदेश सरकारले २० लाख रुपियाँसम्म खर्च गर्ने गरेको बताउनुभयो।

# प्रदेश सभा अधिवेशन आह्वान

**मकवानपुर समाचारदाता**
*हेटौँडा, वैशाख २८ गते*



बागमती प्रदेश सभाको अधिवेशन यही वैशाख ३१ गते सोमबारका लागि आह्वान गरिएको छ।

बजेट अधिवेशनका रूपमा रहेको प्रदेश सभाको अधिवेशन बागमती प्रदेश सरकारको सिफारिसमा बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले आह्वान गर्नुभएको हो।

प्रदेश प्रमुखको कार्यालयका सूचना अधिकारी प्रकाश चापागाईंले प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको अधिवेशन यही वैशाख ३१ गते दिउँसो १ बजे बस्ने गरी प्रदेश सभाको अधिवेशन आह्वान गरेको पत्र प्रदेश सभा सचिवालयमा शुक्रबार पठाइएको जानकारी दिनुभयो।

प्रदेश सरकारको मन्त्रीपरिषद्को सिफारिसमा प्रदेश सभाको बैठक प्रदेश प्रमुखले आह्वान र अन्त्य गर्ने संविधानमा व्यवस्था छ। यसअघि मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा बिहीबार बिहान बसेको मन्त्रीपरिषद् बैठकले बजेट अधिवेशन रूपमा रहने प्रदेश सभाको अधिवशेन यही वैशाख ३१ गतेका लागि आह्वान गर्न बागमती प्रदेशका प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो।

प्रदेश सरकारका प्रवक्ता एवं प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठले मन्त्रीपरिषद् बैठकले प्रदेशको नीति तथा योजना आयोगको सदस्यमा दीपेन्द्र श्रेष्ठ नियुक्त गर्ने निर्णय गरेको जानकारी दिनुभयो। यस्तै नमुना वडा समाजवादी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० पहिलो संशोधन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मापदण्ड २०८१ मन्त्रीपरिषद् बैठकले स्वीकृत गर्ने निर्णय गरेको प्रवक्ता श्रेष्ठले बताउनुभयो।

बैठकले वन क्षेत्र प्रयोग हुने रुख कटान गर्ने प्रस्ताव स्वीकृत गर्ने, ग्रामीण सडक सञ्जाल सुधार आयोजनाको कार्यालय मकवानपुरबाट भक्तपुरमा स्थानान्तरण गर्ने र खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन पहिलो संशोधन कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ। उहाँले प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद्को स्थापना हुने स्थान, सङ्गठन तालिका, दरबन्दी तेरिज कार्यविवरण, छाप र साइनबोर्ड स्वीकृत गरी प्रदेश सरकारले परिषद् स्थापना र सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरेको बताउनुभयो।

यसअघि बागमती प्रदेश सभाको हिउँदे अधिवेशन यही वैशाख १२ गते रातिबाट अन्त्य गरिएको थियो।


**राष्ट्रिय मानव अधिकार आयोग**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर

**नियुक्तिको लागि सम्पर्क राख्न आउने वारेको सूचना**

प्रकाशित मिति २०८१/०१/२९

लोक सेवा आयोगको **मिति २०८१/०१/२५ को सिफारिस पत्र अनुसार** राष्ट्रिय मानव अधिकार सेवाको मानव अधिकार अधिकृत पदतर्फ वैकल्पिक सिफारिस हुनु भएका मानव अधिकार अधिकृत पदका उम्मेदवार श्री जयन्त थापालाइ राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ (छैठौं संशोधन) को नियम९ ग बमोजिम नियुक्ति लिन आवहान गर्न यो सूचना प्रकाशन गरिएको छ।

साथै, लोक सेवा आयोगको सिफारिस पत्रमा आफ्नो विवरण फरक परेमा लोक सेवा आयोगबाट सच्याएर ल्याउनहुन समेत जानकारी गारइन्छ ।

राष्ट्रिय मानव अधिकार आयोग

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, रसुवा
(बढुवा समितिको सचिवालय)
**बढुवासम्बन्धी सूचना**
(सूचना प्रकाशित मिति : २०८१।०१।२९ गते)

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, काठमाडौंको सूचना नम्बर (९८८/०८०-८१) (ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा) पद संख्या-१, का लागि बढुवा समितिको मिति २०८१।०१।२८ गतेको निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क (२) बमोजिम श्रेणीविहीन (पाँचौंस्तर) मा कार्यरत तपसिलमा उल्लेखित उम्मेदवारलाई नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, रा.प.अनं. द्वितीय श्रेणी, खरिदार पदमा बढुवाका लागि सिफारिस गर्ने निर्णयबमोजिम निजामती सेवा ऐन, २०४९ को दफा २४(च) र निजामती सेवा नियमावली, २०५० को नियम ८४(१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

(क) जेष्ठता र कार्य सम्पादनको मूल्याङ्कनद्वारा

| बढुवा सूचना नं. | कर्मचारी संकेत नं. | उम्मेदवारको नाम, थर | यो.क्र. | सिफारिस भएको कार्यालय |
|---|---|---|---|---|
| ४८६/०८०-८१ | १७१०९९ | श्री छे छिरिङ तामाङ | १ | श्री जिल्ला प्रशासन कार्यालय, रसुवा |

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
**विद्युत विकास विभाग**
सानो गौचरन, काठमाडौँ

**चेपे ए जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजना सम्बन्धी सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०१/२९

गण्डकी प्रदेश अन्तर्गत पर्ने गोरखा जिल्लाको सिरानचोक गाउँपालिका वडा नं. २ मा निर्माणाधीन चेपे ए जलविद्युत आयोजनाको स्विचयार्डदेखि सोही गाउँपालिकाको वडा नं. ३ पराजुली गाउँमा स्विचिङ स्टेसन निर्माण गरी नेपाल विद्युत प्राधिकरणको पालुङटार–चिप्लेटी ३३ के.भी. प्रसारण लाइनलाई Loop In Loop Out गर्नेगरी जम्मा ४.२८ कि.मि. लामो विद्युत प्रसारण लाइन निर्माण गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्था अनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लिखित विवरण खुलाई विद्युत प्रसारण लाइनको अनुमति पत्रका लागि प्रवर्द्धक कम्पनी श्री चम्पावती हाइड्रोपावर लिमिटेडले दरखास्त पेस गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि तपसिलका विवरणहरू खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित प्रसारण लाइन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभाग वा प्रवर्द्धक कम्पनीमा आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. श्री चम्पावती हाइड्रोपावर लिमिटेड प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत गठन भएको संस्था हो।
२. यस प्रसारण लाइनको भोल्टेज ३३,००० भोल्ट, सिङ्गल सर्किट रहने र ७ मेगावाट विद्युत शक्ति प्रसारण गर्न सकिनेछ।
३. यस प्रसारण लाइन आयोजना अन्तर्गत गण्डकी प्रदेश अन्तर्गत पर्ने गोरखा जिल्लाको सिरानचोक गाउँपालिका वडा नं. २ मा निर्माणाधीन चेपे ए जलविद्युत आयोजनाको स्विचयार्डदेखि सोही गाउँपालिकाको वडा नं. ३ पराजुली गाउँमा स्विचिङ स्टेसन निर्माण गरी नेपाल विद्युत प्राधिकरणको पालुङटार–चिप्लेटी ३३ के.भी. प्रसारण लाइनलाई Loop In Loop Out गर्नेगरी जम्मा ४.२८ कि.मि., सिङ्गल सर्किट, ३३ के.भी.को प्रसारण लाइन निर्माण गरिनेछ।
४. यस प्रसारण लाइनको लम्बाइ ४.२८ कि.मि. हुनेछ जसमा ९२ वटा Steel Tubular Pole हरू निर्माण गरिनेछन्। पोलको उचाइ ११ मि. तथा पोलहरू बीचको औसत दूरी ५० मि. हुनेछ। आयोजना निर्माणका लागि कुल २.७ हेक्टर जमिन आवश्यक पर्नेछ, जसमध्ये पोल फाउन्डेसन तथा सेट वाइरका लागि स्थायी रूपमा करिब ०.२ हेक्टर जग्गा आवश्यक पर्दछ। यस बाहेक विद्युत मार्गको क्षेत्राधिकार (Right of Way) अन्तर्गत २.२ हेक्टर तथा क्याम्पहरूका लागि अस्थायी रूपमा करिब ०.३ हेक्टर जग्गा आयोजनालाई आवश्यक पर्नेछ।
५. यस प्रसारण लाइनको क्षेत्राधिकार (RoW) विद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दूरीमा नघटाई प्राविधिक दृष्टिकोणबाट ६ मि. (मध्य विन्दुबाट ३/३ मि. दायाँबायाँ) कायम गरिनेछ।
६. यस प्रसारण लाइनको निर्माण कार्य १२ महिनाभित्र सम्पन्न गरिने लक्ष्य रहेको छ।
७. यस प्रसारण लाइन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, बाढी, वायु प्रदूषण आदिद्वारा वतावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी निर्माण गरिनेछ।
८. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरू बुझ्नुपरेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिनेछ।

| श्री चम्पावती हाइड्रोपावर लिमिटेड | श्री विद्युत विकास विभाग |
|---|---|
| नागार्जुन–१, काठमाडौँ। | सानो गौचरन, काठमाडौँ, फोन नं. : ०१–४५३४११९ |
| सम्पर्क नं. ०१- ५१०३०११ | पो.ब.न. : २५०७, फ्याक्स नं. : ०१–५२४४२५७ |
| इमेलः champawatihydro@gmail.com | इमेलः info@doed.gov.np |

**नेपाल विद्युत प्राधिकरण**
आयोजना व्यवस्थापन निर्देशनालय
काठमाडौँ उपत्यका पश्चिम वितरण प्रणाली सुदृढीकरण आयोजना
खरिपाटी, भक्तपुर

**विद्युत लाइन अवरुद्ध हुनेबारे अत्यन्त जरुरी सूचना।**

नेपाल विद्युत प्राधिकरण कीर्तिपुर वितरण केन्द्र अन्तर्गतको विद्युतीय वितरण लाइन भूमिगत गर्ने कार्यका लागि तपसिल बमोजिमका मितिहरूमा निम्न उल्लिखित फिडरहरू अन्तर्गत विभिन्न स्थानहरूमा बिहान ११ बजेदेखि दिउँसो ३:०० बजेसम्म विद्युत आपूर्ति बन्द हुने व्यहोरा सर्वसाधारणको जानकारीका लागि अनुरोध गरिन्छ।

| क्र.सं. | मिति | फिडर (वितरण केन्द्र) | विद्युत आपूर्ति बन्द हुने क्षेत्र |
|---|---|---|---|
| १ | २०८१/०१/३० | रोपवे र बल्मबु फिडर | मैत्रीनगर र टेगलाफाँट क्षेत्र |
| २ | २०८१/०१/३१ | कीर्तिपुर फिडर | कीर्तिपुर विश्वविद्यालय क्षेत्र |

**साथै मौसम प्रतिकूल रहेमा सटडाउन नहुने व्यहोरा सूचना गरिन्छ। विद्युत आपूर्ति हुन गएकोमा ने.वि.प्रा. क्षमाप्रार्थी छ।**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वातावरण विभाग**
बबरमहल, काठमाडौँ

**वातावरण प्रवर्द्धन पत्रकारिता पुरस्कारका लागि आवेदन/मनोनयन पेस गर्ने म्याद थप गरिएको सम्बन्धी सूचना**

(दोस्रो पटक सूचना प्रकाशन मिति : २०८१।०१।२९)

वातावरण प्रवर्द्धन पत्रकारिता पुरस्कारबाट पुरस्कृत तथा सम्मान गर्ने कार्यक्रमका लागि मिति २०८१।०१।१३ मा प्रकाशित सूचना बमोजिमको आवेदन/मनोनयन फाराम भर्न यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**नोट** : आवेदन/मनोनयन फाराम, आवेदन/मनोनयन गर्ने प्रक्रिया तथा छनोट गर्ने विधि लगायतको विस्तृत जानकारी विभागको वेबसाइट www.doenv.gov.np मा राखिएको व्यहोरा अनुरोध छ।

**जिन्सी सामग्री र दोपाया चौपाया आपूर्ति गर्ने बारेको बोलपत्र आह्वान**
(प्रथम पटक प्रकाशित मिति : २०८१।१।२९ गते)

गुठी संस्थान अन्तर्गत तपसिलका शाखा कार्यालयहरूका लागि आ.व. २०८१।०८२ का लागि चाहिने जिन्सी सामग्री र दोपाया चौपाया आपूर्ति गर्ने सम्बन्धमा सूचना प्रकाशित गरिएको छ। बोलपत्र सम्बन्धी कागजात (बोलपत्र फाराम) सम्बन्धित कार्यालयहरूबाट सूचना प्रथम पटक प्रकाशित मितिले २१ औं दिनसम्म खरिद गरी २२ औं दिन दिउँसो १२:०० बजे भित्र सम्बन्धित शाखा कार्यालयमा बुझाई सक्नुपर्नेछ। सूचनाको विस्तृत जानकारी सम्बन्धित गुठी संस्थान शाखा कार्यालयको सूचना पाटी र संस्थानको वेभसाइट www.guthisansthan.org.np बाट प्राप्त गर्नु हुन सूचित गरिन्छ।

**गुठी संस्थान शाखा कार्यालय**
(काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, पशुपति गोश्वारा)

नेपाल सरकार
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
बबरमहल, काठमाडौं।

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८१/०१/२९

Consulting Service for Identification of Urban Infrastructure Competency Index (UICI) of 293 urban municipalities परामर्श सेवा खरिद कार्यको लागि मिति २०८०/१०/११ मा प्राविधिक तथा आर्थिक प्रस्ताव माग सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका प्रस्तावहरूको प्राविधिक प्रस्ताव मूल्यांकनमा सफल भएका प्रस्तावदाताहरूको आर्थिक प्रस्ताव खोली प्राविधिक/आर्थिक प्रस्तावको संयुक्त मूल्यांकनमा सबैभन्दा बढी अंक प्राप्त गर्ने तपशिल बमोजिमको आर्थिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही रहेकाले प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८(२) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपशिल

| क्र.स. | Contract ID | सफल परामर्शदाताको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | DUDBC/CS/QCBS/10/080/81 | Engineering Consultancy for Constructive Development Efforts in Nepal Pvt. Ltd., Kupandole. | १२,२५,६५४।५० |

# भाषिक लबजमा विभेद



डा. माधवप्रसाद दाहाल




जनसुकै भाषामा पनि 'लबज' एक महत्त्वपूर्ण पक्ष हो। नेपालको सङ्घीय राजधानी काठमाडौँमा बोलिने नेपाली भाषा र काठमाडौँ बाहिर बोलिने नेपाली भाषामा केही लबजगत भिन्नता छन्। काठमाडौँ बाहिरका नेपाली भाषीले काठमाडौँवासी नेपाली भाषीसँग कुरा गर्दा थोरै लबजगत सचेतता नअपनाउने हो भने 'बोल्न नजानिएको' भन्ने आरोप खेप्नुपर्ने हो कि भन्ने मनोविज्ञान बोकेका हुन्छन्। यो सत्य पनि हो। राजधानीमा बोलिने भाषिक लबजको प्रभाव तेजिलो र सर्वस्वीकार्य हुने गर्छ। त्यसैले त सबैले राजधानीमा बोलिने भाषाको लबजको सिको गर्नै पर्छ। स्थानीय स्तरमा हामी नेपाली भाषी राजधानीमा बोलिने लबजलाई स्तरीय लबज मान्दछौँ भने अङ्ग्रेजी भाषालाई दोस्रो भाषाका रूपमा सिक्नेहरू अमेरिकी वा बेलायती लबजलाई अनुकरणीय ठान्छन्।

सन् १९७० को दशकदेखि मानिसले कसरी दोस्रो भाषा सिक्छन् भन्ने प्रश्नको सवालमा धेरै खोज अनुसन्धान भएको पाइन्छ। अङ्ग्रेजी भाषाले अन्तर्राष्ट्रिय भाषाको रूपमा पगरी गुथेदेखि यस भाषालाई दोस्रो भाषाको रूपमा बोल्नेबिच अङ्ग्रेजी लबजमा नै बोल्न सक्ने कसरी बन्ने भन्ने सपना भित्री रूपमा नै गडेर बसेको पाइन्छ। हुन त अङ्ग्रेजी भाषाको स्तरीय लबजको कुरा गर्दा यसका पनि धेरै विविधता पाइन्छन्। यही नै स्तरीय भाषा हो भन्ने किटान गरिएको छैन तर बकिङ्घम दरबारको अङ्ग्रेजी लबज निकालेर कुरा गर्न सक्नेलाई अन्य अङ्ग्रेजी भाषीभन्दा प्रतिष्ठित मानिन्छन्। एउटा लण्डनवासी अङ्ग्रेजी भाषी जसरी अङ्ग्रेजी बोल्छ, त्यसै गरी अङ्ग्रेजी बोल्ने प्रयासमा कैयौँ युवाले आफ्नो धेरै समय खर्चेका छन्। अङ्ग्रेजी भाषा लेखनका पक्षमा विश्वभरका गैरअङ्ग्रेजी लेखकहरूले जुन निखारताको विकास गरेका छन्, बोलाइका पक्षमा उनीहरूको त्यो स्तरको उपलब्धि छैन। जब एउटा गैरअङ्ग्रेजी भाषी अङ्ग्रेजी भाषामा स्थानीय व्यक्तिसँग वार्तामा सामेल हुन्छ, ऊ अङ्ग्रेजी भाषाको मातृभाषी होइन भन्ने प्रस्ट सङ्केत उसको लबजले दिइहाल्छ। अथवा मातृभाषी अङ्ग्रेजीसरह सुनिने गैरअङ्ग्रेजी भाषीको सङ्ख्या असाध्यै दुर्लभ छ। विश्वमा धेरै देशका धेरै मानिस अङ्ग्रेजी भाषा लेख्न र बोल्न सक्छन् तर जहाँसम्म अङ्ग्रेजी भाषाको लबजको सवाल छ, अङ्ग्रेजीलाई दोस्रो भाषाको रूपमा बोल्नेहरूका लागि यो त्यति सजिलो छैन। अङ्ग्रेजी व्याकरण र शब्दज्ञान भएर मात्र अङ्ग्रेजी लबज निस्कँदैन। लबज एउटा निश्चित उमेरमा र सामाजिक घुलमिलबाट प्राप्त हुने पक्ष हो। एउटा सानो बालकले जति छिटो कुनै भाषाको लबज ग्रहण गर्छ, प्रौढ व्यक्तिले त्यो सफलता प्राप्त गर्न प्रायः असम्भव नै हुन्छ।

भाषाशास्त्री थोमस स्कोभेलले गरेको एउटा अनुसन्धानमा यो कुरा पत्ता लाग्यो कि ९७ प्रतिशत गैरअङ्ग्रेजी भाषीहरू अङ्ग्रेजी मातृभाषीसरह लबज निकाल्न असफल हुन्छन्। उनले रेकर्ड गरेर सुनेको अङ्ग्रेजी भाषामा मात्र तीन प्रतिशत गैरअङ्ग्रेजी भाषीहरू अङ्ग्रेजी मातृभाषीसरह उस्तै लबजमा बोल्न सक्छन्। स्कोभेलले नै गरेको अर्को अनुसन्धानमा अङ्ग्रेजी भाषामा लेख्ने गैरअङ्ग्रेजी लेखकहरूको व्याकरणीय भाषिक शुद्धता ४७ प्रतिशत मात्र पाइयो। सुसन ओयामा, जेम्स जे एसर र ओफेलिया गार्सिया भन्ने भाषाविद्हरूले गरेको अर्को अनुसन्धानमा यो पाइयो कि क्युबा र इटालीबाट बसाइ सरेर छदेखि १० वर्षको उमेरमै अमेरिका पुगेका विद्यार्थीको अङ्ग्रेजी भाषाको उच्चारण १० देखि १५ वर्षको उमेरमा सोही ठाउँबाट त्यहाँ पुगेका विद्यार्थीको तुलनामा अत्यन्त राम्रो थियो। प्रौढ भइसकेपछि अङ्ग्रेजी सिक्न सुरु गरेका विद्यार्थीको उच्चारण किन मातृभाषीसरह हुन सक्दैन भन्ने सवालमा पनि धेरै अध्ययन भएका छन्। यसको एउटा जल्दोबल्दो उत्तर त यो हो कि करिब १० वर्षको उमेरमा कुनै पनि व्यक्तिले आफ्नो मातृभाषाको शब्दज्ञान, व्याकरण र लबज ग्रहण गरिसकेको हुन्छ र दोस्रो भाषा सिकाइमा उसले आफ्नो प्रथम भाषिक नियमलाई आधार बनाउँछ, जसले गर्दा ऊ दोस्रो भाषा सिकाइमा मातृभाषीसरह सुनिन सक्दैन। यस पक्षलाई व्याख्या गर्ने अर्को प्रयासले भन्छ कि भाषा सिद्धान्तमा मातृभाषी उच्चारण तथा लबज ग्रहण जैविक रूपले बाह्र वर्षको उमेरसम्म पूरा भइसक्छ। यो उमेरलाई कठिन समय (क्रिटिकल पिरियड) भनिन्छ। कुनै पनि व्यक्तिको मस्तिष्क बायाँ र दायाँ खण्डमा विभक्त हुन्छ। बायाँ खण्डको मस्तिष्कले पठाएका सूचनाहरू दायाँले ग्रहण गर्छ। बाह्र वर्षको उमेरसम्ममा बायाँ मस्तिष्कले जुन लबज ग्रहण गरी दायाँ मस्तिष्कमा पठाउँछ, त्यही लबजले मस्तिष्कमा स्थायित्व ग्रहण गर्छ। लबज तथा अनौपचारिक भाषागत संरचनाको दक्षता बाह्र वर्षपछि बन्द हुन्छ तर शब्द तथा व्याकरणको दक्षता विकास प्रौढ उमेरसम्म पनि तेज गतिमा चलिरहन्छ। बाह्र वर्षसम्मको कठिन समय (क्रिटिकल पिरियड) मा दिमागले ग्रहण गर्ने भाषिक क्रियाको दक्षतालाई 'सेरेब्रल ल्याटरलाइजेसन' भनिन्छ। अनुसन्धान अनुसार बाह्र वर्षपछि यसको लचकता बन्द हुने भएकाले अङ्ग्रेजी मातृभाषी लबज यो उमेरपछि सुस्त हुने गर्छ। माथि उल्लिखित सिद्धान्त तथा अनुसन्धानले त्यस्तो देखाए पनि त्यसलाई प्रतिवाद गर्ने उदाहरण पनि नभेटिएका त होइनन्। धेरै जना द्विभाषीले तालिम, कडा परिश्रम तथा निरन्तर अभ्यासबाट अङ्ग्रेजी मातृभाषी लबज ग्रहण गरेका छन्।

> लबज एउटा निश्चित उमेर र सामाजिक घुलमिलबाट प्राप्त हुने पक्ष हो। एउटा सानो बालकले जति छिटो कुनै भाषाको लबज ग्रहण गर्छ, प्रौढ व्यक्तिले त्यो सफलता प्राप्त गर्न प्रायः असम्भव नै हुन्छ।

जहाँसम्म लबज परिवर्तनको पक्ष छ यो एकै पुस्तामा असम्भव देखिन्छ। एउटा भाषिक सम्प्रदायबाट हुर्केर अङ्ग्रेजी भाषीको दुनियाँमा पुग्दा कुनै पनि व्यक्तिले उसको प्रथम भाषिक पृष्ठभूमिलाई मेटाउन वा भुल्न सक्दैन। उसले अङ्ग्रेजी भाषा लेखाइ वा बोलाइलाई ग्रहण गरी नै हाले पनि त्यस भाषिक सम्प्रदायमा समाहित भइहाल्न सक्दैन। उसको दोस्रो पुस्ताले अङ्ग्रेजी भाषिक सम्प्रदायको वातावरण पाइरहेमा पहिलो पुस्ताभन्दा राम्रो अङ्ग्रेजी भाषागत क्षमता हासिल गर्छ भने तेस्रो पुस्ताले मात्र आफूलाई पूर्ण रूपमा अङ्ग्रेजी भाषिक समूहमा समाहित गर्छ। आज विश्वका झन्डै चार दर्जन देशमा अङ्ग्रेजी भाषालाई प्रथम भाषाका रूपमा बोलिन्छ र अङ्ग्रेजी बोल्नेहरूको सङ्ख्या विश्वकै सबै देशमा उल्लेख्य छ। अङ्ग्रेजी भाषालाई मातृभाषाका रूपमा बोल्नेहरूका माझ यस भाषालाई दोस्रो भाषाको रूपमा बोल्नेहरूले केही न केही विभेद सहन गर्नु परिरहेको अवस्था छ। वर्णगत विभेद जस्तै लबजगत विभेद पनि आज युरोप र अमेरिकामा डरलाग्दो गरी व्याप्त छ। यस्तो विभेदको पहिलो असर त रोजगारीको क्षेत्रमा देखिन्छ। अङ्ग्रेजी भाषाको लबजमा बोल्न नसक्नेहरू आज शारीरिक परिश्रम गर्नुपर्ने काममा सीमित हुनु परेको छ भने बौद्धिक स्तरको काममा मातृभाषी लबजवालाले मात्र कब्जा गरेका छन्। क्षमतामा निपूण भए पनि लबजका कारण विभेद भोग्नेहरू प्रशस्त छन्। त्यस्तै संसारका विभिन्न देशबाट अमेरिकामा स्थायी बसाइँ सराइ गरेर सामूदायिक बसोबास (कम्युनल लिभिङ) गर्ने अङ्ग्रेजी द्विभाषीहरू विकास तथा राज्यबाट प्राप्त हुने सुविधाबाट बेवास्ता गरिएका छन्।

नेपालबाट पनि अङ्ग्रेजी भाषिक मुलुकमा बसाइँ सराइ, अध्ययन र रोजगारीको क्रममा बाहिरिनेको सङ्ख्या उल्लेख्य छ। त्यहाँ पुग्ने नेपालीहरूको अङ्ग्रेजी भाषिक दक्षता कस्तो हुन्छ भन्ने रेकर्ड त सम्बन्धित निकायसँग होला नै तर त्यहाँ पुगेर बेहोर्नुपर्ने विभेदबाट मुक्त हुने हो भने अङ्ग्रेजी भाषी लबजको समेत क्षमता बोकेर जानुपर्ने आवश्यकता छ। फेरि यो सिकाइ प्रक्रिया निश्चित उमेरसम्ममा पूरा गरिसक्नुपर्ने भएकाले हामीहरूले सानोमा पढ्ने विद्यालय तहदेखि नै होसियार हुन जरुरी छ। वर्तमान अवस्थामा राजधानीमा सञ्चालित केही 'क' वर्गका निजी विद्यालयबाहेक राजधानीबाहिरका निजी विद्यालयले यस्तो भाषिक क्षमता विद्यार्थीमा विकास गराउन सकेको पाइँदैन। त्यसमा पनि राजनीतिक हस्तक्षेपले हाम्रो शिक्षा पद्धति, खुकुलो परीक्षा प्रणाली र विद्यार्थीको आक्रोशमा पटक पटक अग्निकाण्ड बेहोरिसकेपछि उत्तर पुस्तिका मूल्याङ्कनमा अलि खुकुलो भएको अनुभूत हुन्छ। त्यसैले परिश्रमी र निरन्तर अभ्यासमा समर्पित हुने दक्ष स्वदेशी तथा विदेशी शिक्षकबाट मात्र अपेक्षित भाषिक क्षमता हासिल गर्न सकिन्छ। विद्यालयमा हुने विभिन्न तालिमले यस्तो प्रयासलाई केही मात्रामा सहजीकरण त गर्ला तर तालिम विद्यार्थीसम्म पुर्‍याउन सक्ने खालको हुन जरुरी छ। चिया, बिस्कुट र भत्ता पचाउन गरिने 'तालिम' नामका स्वदेशी गफगाफले विदेशी भाषा सिकाइलाई प्रभावकारी बनाउला भनेर पत्याउन सकिने अवस्था छैन।

लबज सुधारका लागि आजभोलि विभिन्न च्यानलमा सञ्चालन गरिने भाषासम्बन्धी कार्यक्रम, अङ्ग्रेजी मातृभाषीबिच भएका औपचारिक वा अनौपचारिक वार्तालापलाई सुन्ने, त्यसैलाई प्रयास गर्ने र सोही लबजमा बोल्न प्रयास गरेमा अपेक्षित सुधार आउन सक्छ। नेपालीहरू आजभोलि प्रायःजसो अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया, न्युजिल्यान्ड जस्ता अङ्ग्रेजी भाषी देशमा जाने भएकाले तत् तत् देशका अङ्ग्रेजी उच्चारण र लबजलाई सिकेर त्यहाँ पुगेमा आफ्नो पढाइ वा काममा सहजता आउनेदेखि लबजका कारण हुने विभेदबाट बच्न सकिन्छ।

# पौराणिक इविदह



केशवप्रसाद चौलागाई

ललितपुरको महालक्ष्मी नगरपालिका–३ स्थित इविदह देवीदेवताका कारण प्रख्यात छ। यहाँ गणेश, शिव, भगवती, नाग देवीदेवता रहेका छन्। सामान्य ढङ्गले हेर्दा पोखरी र देवी–देउता रहनु स्वाभाविक झैँ लागे पनि अनुसन्धानात्मक रूपले विश्लेषण गर्दा अलौकिक तथ्य फेला पर्छन्। सृष्टिको प्रथम सोपानदेखि वर्तमानको चरित्र उजागर हुने तथ्यहरूले चिन्तन र अभ्यासलाई बुझ्न कौतूहल जागेर आउँछ।

## प्राचीन गणेश र काशीको स्मरण

इविदहको क्षेत्रभन्दा बाहिर विष्ट टोलमा रहेको गणेश विग्रह सिन्दूरबाट रङ्गिएको पाइन्छ। काशीमा पाइने प्राचीन सिद्ध गणेशस्थानको स्वरूपमा रहेको उक्त गणे शमूर्ति जागृत अवस्थाको प्राचीन मूर्ति रहेको स्पष्ट हुन्छ। वेदमा वर्णित गणेश अथर्वशीर्षका ऋचाहरू त्यस मन्दिरमा वाचन गर्दा वातावरणलाई प्रभावित पार्छ।

वेदमा वर्णन गरिएको गणेशको गुण चरित्रलाई निरन्तरता दिँदै पुनः गरिएको वर्णन र त्यहाँ अवस्थित गणेशको रङरूप मिलेको पाइन्छ। रक्तं लम्बोदरं शूर्पकर्णकं रक्तवाससम्। अर्थात् रक्तवर्ण, लम्बोदर, शूर्पकर्ण तथा रक्तवस्त्रधारी हुनुहुन्छ भनेको पाइनुले पनि त्यहाँ रहेको गणेशको विग्रह प्राचीन रहेको बुझ्न सकिन्छ।

## सत्येश्वर महादेव र सत्यदेवी

इविदहमा निर्मित आकर्षक महादेव र देवी मन्दिरको नामकरण क्रमशः सत्येश्वर महादेव र सत्यदेवी रहनुले पनि सत्ययुगसँगको सम्बन्धलाई जोड्न खोजिएको छ। श्रुतिपरम्परा तथा अस्पर्शनीय मान्यता अनुरूप ढुङ्गो स्थापना गर्दै ज्ञान र सिद्धि प्राप्त गर्ने क्षमता पछिल्लो समयमा लिखित शास्त्र तथा मठमन्दिर निर्माणसँगै दर्शनीय र पठनीय बनेका छन्। ऊँ यो वै रुद्र : स भगवान् यच्च सत्यं तस्मै वै नमो नम :। अर्थात् जो रुद्र : हुनुहुन्छ उहाँ नै भगवान् हुनुहुन्छ र उहाँ नै सत्य हुनुहुन्छ। उहाँलाई बारम्बार नमस्कार गर्दछौँ भन्ने शिव अथर्वशीर्षको वचनले सत्येश्वर महादेवको महत्त्व बुझ्न सकिन्छ।

*करचरणकृतं वाक्कायजं कर्मजं वा*
*श्रवणनयनजं वा मानसं वापराधम्*
*विहितमविहितं वा सर्वमेतत् क्षेमस्व*
*जय जय करुणाब्धे श्री महादेव शम्भो ॥*

एवं प्रकार महादेवको स्तूति र प्रार्थनासँगै प्रारम्भ हुने हाम्रो दैनिकी सत्येश्वर महादेवको दर्शनसँगै साकार हुन पुग्छन्। यही स्तूतिको स्मरण गर्दै इविदहको परिक्रमा गर्नाले तपस्याकै फल पाउन सकिन्छ। वेद : शिव : शिवो वेद : भन्ने शास्त्रीय मान्यतालाई आत्मसात् गर्दै 'ऊँ नम : शिवाय' मन्त्रको जपसहित सत्येश्वर महादेवको परिक्रमा गर्दा तीर्थको लाभ लिन सकिन्छ। 'दुःखम् द्रावति नाशयतीति रुद्र :।' अर्थात् दुःख नष्ट गरिदिने भएकाले रुद्र भनिएको मन्दिरको परिक्रमा नियमित साधना बन्न पुग्दछ।

## सत्यदेवी र सप्तश्लोकी साधना

अहं ब्रह्मस्वरुपिणी। मत्त : प्रकृति – पुरुषात्मकं जगत्। शून्यं चाशून्यं च ॥ अर्थात् म नै ब्रह्मस्वरूप हुँ। मबाटै प्रकृति–पुरुषात्मक सद्रुप र असद्रुप जगत् उत्पन्न भएका छन् भन्ने देवी अथर्वशीर्षको वचनले यहाँस्थित देवीको महत्त्व बुझ्न सकिन्छ। साथै श्रीमद्देवीभागवतको निम्न वचनले पनि आदि सनातन स्वरूपलाई ग्रहण गर्न सहज बन्दछ। 'सर्व खल्विदमेवाहं नान्यदस्ति सनातनम्' अर्थात् जगत् म नै हुँ, मभन्दा अन्य कुनै सनातन छैन भन्ने देवीको वचन सबैका लागि मान्य रहेको छ। यस्तो महत्त्वपूर्ण देवी शक्तिको आराधना तथा साधना यस स्थलमा गर्नाले सर्वकल्याणको साथै सिद्धि पनि प्राप्त हुन्छ।

## इन्द्रेश्वर महादेव र स्वराज्य

देवराज इन्द्रद्वारा स्थापना गरिएको इन्द्रेश्वर महादेव इविदहको बाहिर केही पर पश्चिम दिशामा रहेको पाइनुले सत्ययुगको लीला भएको स्थलको रूपमा बुझ्न सकिन्छ। 'ऊँ यो रुद्र : स भगवान् यश्चेन्द्रस्तस्मै वै नमो नम् :।' अर्थात् जो रुद्र हुन्, उनी नै भगवान् हुन् र उनी नै इन्द्र हुन्, उनलाई बारम्बार नमस्कार गर्दछौँ भन्ने शिव अथर्वशीर्षको वचनले इन्द्रेश्वर महादेवको महत्त्वलाई बुझ्न सक्छौँ। पनौतीमा झैँ यहाँ पनि स्वर्गका राजा इन्द्रले शिवलिङ्गको स्थापना गरेको पाइनुले छुट्टै महत्त्व राखेको पाइन्छ। अहिल्याको पतिव्रता धर्म नष्ट गराएकाले ऋषि गौतमको श्रापबाट मुक्त हुन पनौतीमा इन्द्र भगवान्ले इन्द्रेश्वर महादेव स्थापना गरेको देखिन्छ तर यहाँ असुरहरूलाई परास्त गर्दै सुशासन र सुव्यवस्थाको ग्यारेन्टी गर्ने 'स्वराज्य' को स्थापनाका लागि इन्द्रेश्वर महादेवको स्थापना गरेको देखिन्छ। ऋग्वेदमा असुरराज वेत्रासुरलाई परास्त गर्दै स्वराज्य स्थापना गरेकोमा सबै देवताले इन्द्र भगवान्को स्तूति गरेको पाइन्छ। "इत्था हि सोम इन्मदे ब्रहमा चकार वर्धनम्। शविष्ठ वज्रिन्नोजसा पृथिव्या नि : शशा अहिमर्चन्नन् स्वराज्यम् ॥" "शक्तिशाली इन्द्रदेव ! ब्रह्मनिष्ठहरूद्वारा प्रदान गरिएका दिव्य गुणले सम्पन्न सोमरसपान गरेर तिमीले आफ्नो उत्साह बढायौ। आफ्नो सामर्थ्यले देव समुदायको हानि गर्ने दुराचारीलाई

> अहिल्याको पतिव्रता धर्म नष्ट गराएकाले ऋषि गौतमको श्रापबाट मुक्त हुन पनौतीमा इन्द्र भगवान्ले इन्द्रेश्वर महादेव स्थापना गरेको देखिन्छ तर यहाँ असुरहरूलाई परास्त गर्दै सुशासन र सुव्यवस्थाको ग्यारेन्टी गर्ने 'स्वराज्य' को स्थापनाका लागि इन्द्रेश्वर महादेवको स्थापना गरेको देखिन्छ। ऋग्वेदमा असुरराज वेत्रासुरलाई परास्त गर्दै स्वराज्य स्थापना गरेकोमा सबै देवताले इन्द्र भगवान्को स्तुति गरेको पाइन्छ।

मारेर पृथ्वीबाट हटाइदियौ।" भनेर स्तुति गरेको कुराले स्वराज्यको स्थापना इन्द्र भगवान्बाट गरेको पाइन्छ।

आजको समयमा भन्नु पर्दा प्रजातन्त्र, राष्ट्रियता र समावेशी समाजको प्रतिनिधित्व गर्ने स्वराज्य सबैले आफ्नो ठान्ने राज्य व्यवस्थाका रूपमा बुझ्न सकिन्छ। "आ. यद् वामीयचक्षसा मित्र वयं च सुरय :। त्यचिष्ठे वहुपाथ्ये यतेमहि स्वराज्ये" ऋग्वेदमा उल्लेख भएको पाइनुले स्वराज्य देवराज इन्द्रद्वारा रक्षा गरिएको ईश्वरीय शासन व्यवस्था हो भन्ने बुझिन्छ। स्वराज्य रक्षाका लागि देवलोकमा असुरराजविरुद्धको लडाइँमा पृथ्वीबाट मुचुकुन्द महाराज गई इन्द्र देवतालाई सहयोग गरेको कुरा श्रीमद्भागवत् महापुराणमा पनि पाइन्छ। तिनै मुचुकुन्द महाराज नाग देवताका रूपमा यही इविदहमा पाइनुले स्वराज्यको स्थापना भएको स्थल तथा स्वराज्यका शक्तिहरू रहेको स्थलका रूपमा पनि बुझ्न सकिन्छ। यस मन्दिरको नजिकै मनोहरा खोला छेउमा रहेको पैनाचल हनु लिङ्गेश्वर महादेव मन्दिर पनि ऐतिहासिक महत्त्वको रहेको छ।

नेपालमा पनि 'स्वराज्य र मेलमिलाप' लाई सूत्रका रूपमा अगाडि बढाइएको थियो। २०५२ सालबाट प्रारम्भ भएको माओवादी सशस्त्र युद्ध रोक्न र मुलुक र जनतालाई रक्षा गर्दै विकासका लागि विस्तृत शान्ति सम्झौता, संविधान सभाको निर्वाचनपश्चात् २०७२ सालमा पारित गरिएको नयाँ संविधानपश्चात् प्रारम्भ भएको तीन तहको सरकार सञ्चालनमा आएको छ।

# तामाङ र नेपालभाषा सरकारी कामकाजमा



जितेन्द्र रसिक

> बागमती प्रदेश सरकारले तामाङ र नेपालभाषालाई यस प्रदेशको सरकारी कामकाजी भाषा बनाएको छ। भाषा ऐन, २०८० आएपछि वैशाख २४ देखि तामाङ र नेपालभाषालाई सरकारी कामकाजी भाषाको रूपमा लागु गरिएको हो। यसले मुलुकभरका तामाङ र नेवाः समुदाय हर्षित भएका छन्।

नेपालभाषा नेवा समुदायको मातृभाषा मात्र होइन, कुनै समय नेपाल खाल्डो (काठमाडौँ उपत्यका) को सम्पर्क भाषा थियो। यो भाषा नेपालका विभिन्न राष्ट्रभाषामध्ये एक पनि हो। बागमती प्रदेश सरकारले तामाङ र नेपालभाषालाई यस प्रदेशको सरकारी कामकाजी भाषा बनाएको छ। भाषा ऐन, २०८० आएपछि वैशाख २४ देखि तामाङ र नेपालभाषालाई सरकारी कामकाजी भाषाको रूपमा लागु गरिएको हो। यसले मुलुकभरका तामाङ र नेवाः समुदाय हर्षित भएका छन्। मुलुकभित्र र बाहिर रहेका नेवाः समुदायले वैशाख २४ लाई अस्तित्व प्राप्तिका दिनका रूपमा लिएका छन्। लामो समयको आन्दोलन र बागमती प्रदेशका मुख्यमन्त्री, मन्त्री, सभामुखदेखि सांसदहरूको विशेष भूमिकाका कारण भाषा ऐन आउन सफल भएको हो।

मुलुकमा विविध जातजाति छन्। त्यसमा पनि नेवाः समुदाय प्राचीनकालदेखि शासक र शासित दुवैमा रहेर आएका र भाषा, संस्कृतिको क्षेत्रमा पहिचान बोकेको समुदाय हो। नेपालमण्डल (कान्तिपुर, ललितपुर, भक्तपुर, बनेपा, धुलिखेल, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट तथा मकवानपुर) नेवारहरूको प्राचीन थलो हो। यसमा प्रायः सबैजसो इतिहासकारको मतैक्य रहेको छ तर नेवाःहरू कहिलेदेखि यहाँ बसोबास गरिआए, यिनीहरूको प्रारम्भिक अवस्था वा स्वरूप कस्तो थियो भन्ने कुरामा भने भिन्न भिन्न मत छ।

वर्तमान समयमा नेपालको राष्ट्रभाषा नेपाली हो। यो समस्त नेपालीको साझा भाषा हो। नेपाली भाषा व्याकरण, कोश र साहित्यमा समृद्ध छ। नेपालका राष्ट्रिय भाषामध्ये व्याकरण, कोश, साहित्य आदि वाङ्मयले परिपूर्ण, समृद्ध भाषा नेवारी अर्थात् नेपाल भाषा पनि हो। नेपालभाषा त्रिविमा विद्यावारिधि तहसम्म पढाइ हुन्छ। यो भाषा प्राचीन भाषा हो। लिच्छविकालमा संस्कृत राजभाषा भएकाले नेवारी भाषाभाषीहरूले संस्कृतका पद–वाक्य सुन्ने बोल्ने काम भई नै रह्यो। लिच्छविकालीन संस्कृत भाषाका अभिलेखहरूमा नेपालभाषाका थुप्रै शब्द पाइन्छन्। मल्लकालमा आएर संस्कृतका ग्रन्थ र पाण्डुलिपिहरू पूर्ण शुद्धतासाथ नेवारी लिपिमा सार्ने काम भए। मल्लकालीन समयमा नेपाल भाषा नै कामकाजको भाषामा उपयोग भयो। नेवारी भाषालाई नेवाः भाषाका वक्ताहरू नेवा भाय, वा नेपालभाषा भन्ने गर्छन्।

मल्लकालमै नेपालभाषा उन्नत बन्यो। सोही कालखण्डमा ताम्रपत्र, शिलालेख तथा आधिकारिक कागजात नेपालभाषामै प्रयोग भएको पाइन्छ। १६ औँ शताब्दीदेखि नेपालभाषामा साहित्य लेखनको विकास भयो। साहित्यमा नेपालभाषाका विविध लिपिमध्ये प्रचलित नेपाल लिपि, रञ्जना लिपि र भुजिमो लिपि प्रसिद्ध छन् तर प्राचीन ग्रन्थ र अभिलेखमा सबभन्दा बढी प्रयोग नेपाल लिपिकै थियो। नेपालभाषाका वाङ्मय मात्र होइन, संस्कृतभाषाका ग्रन्थसमेत नेपाल लिपिमा छन्। जब नेपालमा छापाखाना भित्रियो छापाखानामा नेपाल लिपिको व्यवस्था नभएकाले प्रचारप्रसारको दृष्टिले नेपालभाषा साहित्यको माध्यमिक कालमा तत्कालीन कवि लेखकले नेपाल लिपि छोडी देवनागरी लिपिमा लेख्न थाले। यसले प्रचलित नेपाल लिपि, रञ्जना लिपि र भुजिमो लिपिमा लेखन कम हुँदै गयो। १४ औँ शताब्दीदेखि १८ औँ शताब्दीको अन्त्यसम्म नेपालको अदालत र राज्यभाषाका रूपमा नेपालभाषा प्रयोग गरिएको थियो।

## आन्दोलन र प्राप्त उपलब्धि

'नेपालभाषा आन्दोलन' शीर्षकमा सानुराजा श्रेष्ठले गरेको शोधमा नेवाः समुदाय नेपालको इतिहास बोकेको नेवाः जाति भएको उल्लेख गरेका छन्। नेपाल खाल्डोमा आदिकालदेखि बसोबास गर्दै आएका नेवाः समुदायकै भाषा, कलाकौशलले नै देश समृद्ध रहेको छ। शोध परिचयमा लेखिएको छ 'मल्लकालमा नेपाः देशमा राष्ट्रिय भाषाका रूपमा प्रचलनमा रहेको नेपालभाषा नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहले नेपाल संवत् ८८० मा नेपाः देश (नेपाल) जितेपछि नेपालभाषालाई अनादर गरियो र पछि राणाकालमा त झन् नेपालभाषामा लेखिएका लिखतलाई सरकारी मान्यताबाट हटाइयो।' यसरी नेपालभाषामाथि पृथ्वीनारायण शाहले कान्तिपुर विजय गरेसँगै हस्तक्षेप हुँदै राणाकालीन समयदेखि नेपालभाषा सरकारी कामकाजबाट हटाइयो। भाषाको अस्तित्व सँगसँगै संस्कृति बचाउन नेवाःका कैयौँ पुस्ताले आन्दोलन गर्नु पर्‍यो र रगत बगाउनु पर्‍यो। राणा शासन हटेर २००७ सालमा प्रजातन्त्र आयो। त्यसपछि स्थापना भएका रेडियोमा नेपालभाषाका समाचार समेटिएपछि खडेरी परेको नेपालभाषाको फाँटमा शीत पर्‍यो। राजा महेन्द्रले २०१७ सालमा 'कु' गरेपछि फेरि नेपालभाषामाथि प्रहार भयो। रेडियो नेपालमा प्रसारण हुने समाचार हटाएर नेवाःमाथि प्रहार भयो। लगत्तै २०२२ सालमा रेडियो नेपालको नियमित कार्यक्रम 'जीवन दबु' पनि हटाइयो। यसरी पञ्चायतकालभरि नेपालभाषामाथि प्रहार भइरह्यो। त्यो अन्धकार समयमा पनि नेपालभाषामा सिर्जना आन्दोलन भने सशक्त बन्दै गयो। पञ्चायती निरङ्कुश शासकविरुद्ध कविता र साहित्यिक सिर्जनाले व्यापकता पायो। कवि बुद्ध सायमि, पूर्णबहादुर वैद्य, योगेन्द्र प्रधान जस्ता सशक्त कविहरूले विम्ब र प्रतीकले पञ्चायती शासकको मर्ममा प्रहार गरिरहे। मल्ल के सुन्दर, पद्मरत्न तुलाधरलगायतका नेताहरूले नेपालभाषा आन्दोलनमा जागरण ल्याउनु भयो। जब २०४६ सालको आन्दोलनपछि पञ्चायत ढल्यो तब नेपालभाषा आन्दोलनले सशक्त रूप लियो। १० वर्षे माओवादी आन्दोलन र २०६२/६३ को जनआन्दोलनले ल्याएको परिवर्तनले २०७२ सालमा संविधान सभाले संविधान बनायो। यसपछि नेवाः युवा अभियन्ताहरू नेपालभाषा र नेवाः अधिकार स्थापनाका लागि निरन्तर आन्दोलनमा लागिपरे।

## स्वागतयोग्य कदम

प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० साल कात्तिक २३ गते प्रदेश राजपत्रमा प्रकाशित भयो। यो ऐन आएपछि मुलुकले पाएको सङ्घीयताको औचित्य झन् बलियो बनाएको छ। ऐन राजपत्रमा प्रकाशित भएपछि वैशाख २४ गते छ महिना पूरा गरेसँगै कार्यान्वयनमा आएको हो। यसलाई सङ्घीयताको उपलब्धि मान्न सकिन्छ। यसलाई पूर्णता दिन आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन ऐनको दफा १८ ले गरेको छ। यस दफामा भनिएको छ, 'यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने छ।' भाषा ऐनले दिएको अधिकार व्यवस्थापन गर्न भने थुप्रै काम गर्न बाँकी छ। नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तयार पार्दा भने प्रदेश सरकारले सरोकारवाला सबैलाई समेटेर सूक्ष्म रूपमै सुझाव सङ्कलन गर्न जरुरी छ। यसलाई अझ समृद्ध र व्यवस्थित गर्न/गराउन सबै सरोकारवालासँग प्रदेश सरकारले समन्वय गर्न आवश्यक छ। त्यसो भयो भने यो ऐन र सङ्घीय व्यवस्थाप्रति सबैको अपनत्व बढ्ने छ।

## जनशक्तिको व्यवस्था

यो ऐन कार्यान्वयनमा ल्याउन नेपालभाषा अध्ययन गरेका विद्यार्थीलाई उपयोग गर्न सके सहज हुने छ। त्रिभुवन विश्वविद्यालयबाट नेपालभाषा केन्द्रीय विभागबाट र अन्य नेपालभाषा अध्यापन हुने क्याम्पसबाट उत्तीर्ण भएका जनशक्तिलाई आवश्यक तालिम दिएर प्रदेश सरकारले हरेक सरकारी निकायमा काम गर्न अवसर दिनु पर्छ। भाषाकै क्षेत्रमा अध्ययन गरेर बसेका यस समुदायका जनशक्तिको उच्चतम उपयोग गर्न सकिन्छ। नेपालभाषामै प्राज्ञिक अध्ययनको व्यवस्था लामो समयदेखि हुँदै आएको छ। पछिल्लो समय काठमाडौँ महानगरपालिकाले महानगरका विद्यालयमा करिब डेढ सय शिक्षक माग भएकोमा पाँच सय जनाको निवेदन परेको थियो। यसले के देखाउँछ भने नेपालभाषा अध्ययन गरेका जनशक्ति उपत्यकामा पर्याप्त छन्। प्रदेश सरकारले ती जनशक्तिलाई उपयोग गर्न सके भाषा ऐन कार्यान्वयनमा सहज हुने देखिन्छ।

२०४८ सालको जनगणना अनुसार देशभरि नेवारहरूको कुल जनसङ्ख्या १०,४१,०९० छ र मातृभाषाका रूपमा नेपालभाषा बोल्नेको सङ्ख्या ६,९०,००७ रहेको छ। २०७८ सालको जनगणनामा यो सङ्ख्या बढेर करिब साढे १३ लाख पुगेको छ, जसमध्ये नेपालभाषा बोल्नेको सङ्ख्या आठ लाख ६३ हजार ३८० जना रहेका छन्। नेपालभाषा निकै समृद्ध भाषा हो। मुलुकको प्राचीन इतिहाससम्म पुग्नु पर्‍यो भने नेपालभाषाको अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ। प्राचीन अभिलेखहरू नेपालभाषा र संस्कृतमा नै छन्।

# चिनियाँ विकासको तस्बिर



चीनले गरेका हरेक प्रयास व्यावहारिक देखिन्छन् । उनीहरूले जुन विधि र पद्धति अपनाएका छन्, ती अनुकरणीय छन् । खास गरी कृषि र उद्योगमा चीनसँग नेपालले सहकार्य गर्नुपर्ने आवश्यकता बोध हुन्छ । तसर्थ पनि चीनको आधुनिक पथ हाम्रा लागि अनुकरणीय छ ।



ईश्वरचन्द्र ज्ञवाली

नेकपा (माओवादी केन्द्र) को तिस सदस्यीय प्रतिनिधिमण्डलले चिनियाँ कम्युनिस्ट पार्टीको वैदेशिक विभागको आमन्त्रणमा हालै चीनको अध्ययन भ्रमण गर्‍यो। चिनियाँ प्रतिनिधि र नेपाली प्रतिनिधिमण्डलबिच चीनको राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थिति, वर्तमान विदेश सम्बन्धको स्थिति, सी चिनफिङ विचार, आर्थिक र भौतिक विकास योजना र चिनियाँ विशेषताको समाजवादका बारेमा छलफल भयो । समाजवादको अभ्यास, चीनले पूरा गरेको गरिबी निवारणको योजना, शिक्षा, यातायात र कृषि विकास, मेसिनरी र यन्त्र उत्पादन, सिपिसीको भावी लक्ष्य, चीनले हासिल गरेको अन्तरिक्ष प्रविधि, नेपाल र चीनबिचको ऐतिहासिक, सांस्कृतिक तथा राजनीतिक सम्बन्धमा पनि खुलेर बहस भयो । नेपालको विकासमा सहकार्य र बिआरआई परियोजना, नेपालसितको सहकार्यमा नेपालमा औद्योगिक विकासको सम्भावना, दुई देशका कम्युनिस्ट पार्टीबिचको सम्बन्धको विकास गर्नेबारे छलफल भए। अध्ययन, भ्रमण र अवलोकनले महत्त्वपूर्ण उपलब्धि र शिक्षा प्रदान गरेको अनुभूति भएको छ। नेपाली प्रतिनिधिमण्डलका नेता माओवादी केन्द्रका महासचिव देव गुरुङ हुनुहुन्थ्यो भने पङ्क्तिकार पनि भ्रमण दलमा सामेल थियो।

## राजनीति / विचार

यस भ्रमणले चीन आज पनि माओ विचार, शिक्षा र माओका योगदानलाई सान्दर्भिक र सम्मानित रूपमा अनुकरण गरिरहेको देखिन्छ । मुख्यतः नयाँ चीन (क्रान्तिपछिको चीन) ले मुख्य नायक माओसहित देङ सियाओ पिङ र सी चिनफिङका त्रिआयामिक विचारलाई चिनियाँ विकासका तीन मोड र तीन मेरुदण्ड मानेको पाइयो। माओले क्रान्तिको नेतृत्व गर्दै राजनीतिक, वैचारिक, सामाजिक, सांस्कृतिक साथै व्यवस्था नै परिवर्तन गर्न भूमिका निर्वाह गरेको, देङले आर्थिक रूपान्तरणको नयाँ नमुना दिई नेतृत्व गरेको र सीले वर्गीय विभेद हटाउने समाजवादी पद्धति, अन्तर्राष्ट्रिय सम्बन्धमा नयाँ गति, साम्राज्यवादी हस्तक्षेप र षड्यन्त्रविरुद्धको नयाँ नीति, चीनको समग्र विकासको योजना, बन्द ढोका खोल्ने नीति अवलम्बन गरेको चिनियाँको अनुभवबाट जानकारी प्राप्त भयो। आर्थिक, सामाजिक, सांस्कृतिक विकास, अन्तरिक्ष विज्ञानमा पहुँचको तीव्रता, गरिबीविरुद्ध अभियानमा सीको वैचारिक योगदान महत्त्वपूर्ण छ। सीले राष्ट्रिय स्वाभिमान, स्वतन्त्रता र अखण्ड चीनको राष्ट्रवादी विचारलाई ध्यान पुर्‍याउँदै चीनको एकतालाई अझ मजबुत पार्ने दृष्टिकोण राखेको पाइयो । ताइवान, हङकङ, मकाउ, तिब्बत, सेचुवान (उइगुर क्षेत्र), इनर मङ्गोलियाविरुद्ध भइरहेका षड्यन्त्रविरुद्ध चीन सचेत देखिन्छ । यो पाठ सीले रुस विघटनबाट सिकेको पाइयो। चीन आफूमाथि आइलाग्नेलाई नछोड्ने नीतिमा दृढ छ । यो नै चिनियाँ विशेषतासहितको समाजवादको यो एउटा पक्ष हो।

## अर्थव्यवस्था

चीन विश्वकै धनी र विकसित देशमध्ये एक हो। उसको अर्थव्यवस्था सफल हुँदै गएको मानिन्छ । चीनले भौतिक पूर्वाधारलाई सबै प्रान्त, क्षेत्र, गाउँ, बस्तीसम्म पुर्‍याउने योजना र लक्ष्य अनुसार निरन्तर तीव्रगतिमा रहेको स्पष्ट देखिन्छ। यातायात, सञ्चार, कलकारखाना, उद्योग, व्यापार, व्यवसाय आदि प्रवर्धनमा अहिले गाउँलाई पनि महत्त्व र जोड दिइएको देखिन्छ । आर्थिक समुन्नतिमा विश्वकै दोस्रो ठुलो अर्थव्यवस्था बन्न पुगेको चीन कमजोर र गरिब मुलुकको पनि आर्थिक समुन्नतिमा सहयोगी बन्दै गएको छ । विश्व मानवता, शान्ति र समानताका लागि आवाज उठाइरहेको तथा अविचल रहेको पाइयो । यसले विकास, निर्माण, उत्पादन, श्रम सुव्यवस्था र सुशासनमा पनि ध्यान दिइरहेको छ। मिश्रित अर्थव्यवस्था र एक देश दुई पद्धति अँगालेको चीनले ठुलाठुला व्यापारिक समूह, उत्पादन कम्पनी, सहकारीकरण, सरकारी र निजी साझेदारी, समानुपातिक आर्थिक वितरण, गरिब, विपन्न, कमजोर क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिएको रहेछ। ठाउँठाउँमा पिपिपी मोडेलको अर्थव्यवस्था पनि लागु गरिरहेको छ। एक देश दुई व्यवस्था अनुरूप राज्य सञ्चालन गरिरहेको चीन आर्थिक पद्धतिमा नै परिवर्तन गर्दै खुला बजारलाई पनि स्थान दिइरहेको छ। तीव्र गतिको रेलको विकासले अर्थतन्त्र र प्रविधिलाई झन् झन् सहज तुल्याएको रहेछ भने अनुसन्धान, खोज, अन्वेषण, आविष्कारमा दिइएको छ।

## कृषि पद्धति / नीति

चीनको कृषि प्रणाली विकसित छ । थोरै जमिनबाट धेरै उत्पादन गर्ने, उन्नत जातका बिउबिजन आविष्कार गर्ने, यान्त्रीकरण र उच्चस्तरीय कृषिसामग्री प्रयोग गर्ने, जैविक श्रमशक्तिलाई क्रमशः यान्त्रिक शक्तिद्वारा विस्थापन गर्ने, कृषि पद्धतिलाई सरलीकरण गर्ने, चक्ला प्रथा, सामूहिक खेती र सहकारीमार्फत खेती गर्ने प्रचलन रहेछ। कृषि व्यवसायीकरण र सर्वसुलभ कृषि सामग्री, उन्नत बिउबिजन तथा उन्नत कृषि प्रविधि उपलब्ध गराएको तथा कृषि अनुसन्धान केन्द्रलाई विभिन्न ठाउँमा व्यापक बनाउने नीति लिएको रहेछ । विशेष अन्नबाली, फलफूल, तरकारी, पशुपालन, चिया बगान, जडीबुटीका विशेष क्षेत्र निर्धारण र तिनमा सम्पूर्ण साधन–सुविधा, उद्योगको व्यवस्था, व्यवसाय–व्यापार केन्द्रको व्यवस्था गरिएको रहेछ। कृषि प्रयोगशाला, रोग अनुसन्धान र उपचार व्यवस्था, कृषि उद्योग तथा कृषि प्रशोधन केन्द्रको स्थापना, कृषिविज्ञहरूको व्यवस्था आदि गर्दै वैज्ञानिक ढङ्ग र विधिको प्रयोग गरिएको रहेछ । हरेक क्षेत्रमा जमिनलाई कृषि, वन, चरन, आवास, उद्योग, शिक्षा आदि तोकेर कृषि उत्पादन हुने क्षेत्रलाई मास्न नपाउने नियम लागु गरिएको छ। आधुनिक र वैज्ञानिक खेती प्रणालीमा सकेसम्म नियमित सिँचाइ पुर्‍याउन विशेष जोड दिइएको छ।

ठाउँठाउँमा ठुलाठुला सिँचाइका लागि पोखरी, ताल, जलाशय, जलाधार बनाई, बर्खे पानी सङ्कलन र भण्डारण गर्दै कुलो सिँचाइ, पाइप सिँचाइ, थोपा सिँचाइद्वारा किसानलाई नियमित सिँचाइ सुविधा उपलब्ध गर्ने व्यवस्थापन मिलाइएको छ। खाद्यान्नमा 'हाई ब्रिड' को विकास र अनुसन्धानले छिटोछिटो खेती पाक्ने र वर्षमा चार पटकसम्म खेती लगाउनेसमेत गरिएको रहेछ। एउटै मकैको बोटमा छवटा घोगा लाग्ने, एउटै धानको गाँजमा एक माना धान फल्ने, एउटै फूलको बोटमा फरक रङका फूल फुल्ने, एउटै फलको बोटमा फरक फलफूल फल्ने आदिसमेत गरेको देखियो । कलमे विधिले गमलामा पनि सानासाना बोटमा फलफूल फलाइँदो रहेछ। फूलको व्यावसायिक खेती र विश्वव्यापी निर्यात मात्रले वर्षमा अर्बौं युआन भित्रिएको छ । कृषि विश्वविद्यालयलाई यन्त्र विकास, प्रयोगशाला, अन्वेषण केन्द्रका रूपमा विकास गरेर रिमोट–कृषियन्त्र, विषादि छर्ने मेसिन, शक्तिशाली पम्प, हाते हलो, धान काट्ने, मकै छोडाउने, खेती गोडमेल गर्ने यन्त्र पनि उत्पादन गर्ने स्थान बनाइएको छ।

## पर्यटन

हरेक प्राकृतिक स्थललाई कुनै न कुनै पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने, त्यसको भौतिक सौन्दर्यीकरण गर्ने, नयाँ नयाँ पर्यटन स्थल निर्माण गर्ने र यसरी पर्यटन केन्द्रहरूको व्यापकता सिर्जना गर्ने काम पनि वर्तमान चीनको विशेषता रहेको देखिएको छ। प्राकृतिक भौगोलिक रूपलाई मासेर वा बिगारेर पूर्वाधार विकास गरिएको छैन। माओको जन्मस्थलको पुरातात्त्विक प्राचीनतालाई यथावत् राखेर नै पर्यटन स्थलको विकास गरिएको रहेछ । युनान प्रान्तको झिजिन गुफाको चित्ताकर्षक बनोट र परिमार्जित अवस्था हेर्दा पर्यटनलाई कति महत्त्व दिइएको रहेछ भन्ने स्पष्ट हुन्छ । यसको तिलस्मी सौन्दर्य मनमोहक छ । पार्क र व्यवस्थित पारिएका कृषि उत्पादन एकाइ पनि पर्यटक अवलोकन केन्द्र बनेका छन्। बार म्युजियम, वनस्पति म्युजियम, ऐतिहासिक स्थल, पुरातात्त्विक स्थल, तियानमेन चोक, ग्रेट हल अफ द पिपुल, अरनिको ग्राम, पुरानो चीनको जेल म्युजियम, डाटा प्रदर्शनी स्थल, कृषि म्युजियम र प्रदर्शनी स्थल, ठुला ठुला उद्यान र बगान निर्माण, विकास, संरक्षण गरी पर्यटनमा प्रगति गरिएको रहेछ। विशाल भौतिक संरचना, तिनको आकर्षक बनोट, विशिष्ट प्रकारको शैली, कलात्मक रूप रचना आदिले ती ठाउँ पनि दर्शनीय पर्यटक स्थल बनेका रहेछन्। 'जनताको सेवा गर', 'तथ्यबाट सत्य पत्ता लगाऊ', 'परिश्रमबाट आत्मनिर्भरता', 'एक चीन एक सम्बन्ध' जस्ता नारालाई विशाल ढुङ्गामा कोपेर सजाइएको छ । ढुङ्गै ढुङ्गा भएको चट्टानी थुम्के डाँडालाई ढुङ्गे बगैँचामा विकास गरिएको छ।

## यातायात र विशाल संरचना

यातायात सुविधालाई आधारभूत र अनिवार्य पूर्वाधारका रूपमा लिइएको रहेछ । फलस्वरूप ठुला ठुला छ लेनदेखि दस लेनसम्मका राष्ट्रिय राजमार्ग बनाइएको छ। ठुला ठुला विशाल भौतिक संरचना, अग्ला अग्ला खम्बा भएका (तीन सय मिटरसम्म अग्ला) पुल, पुलमाथि पुल, घुमाउरा र आकर्षक पुल, सत्तरी तलासम्मका प्रत्येक बजार क्षेत्रमा दर्जनौँ घर, यत्रतत्र सुरुङ मार्ग निर्माण, आठ सय किमीमा ७५ प्रतिशत बाटो सुरुङ नै छ । गाउँ गाउँसम्म कृषि मार्ग पुगेको छ। अन्तरप्रादेशिक मार्ग दस लेनसम्मका रहेछन्। ठुला सहर जोड्ने छ लेनका राजमार्ग तीन–तीन वटासम्म बनेका रहेछन् । लाखौँ किमी बाटो पनि सफा र सुग्घर राखिएको छ । तीव्रगतिको रेल लाइन जतातत्तै बिच्छ्याइएको छ । भव्य र विशाल रेलवे स्टेसन बनेका छन्। हामी घुमेका सबै ठाउँमा आठ लेनका समानान्तर राजमार्ग बनेको पनि देखियो; जुन प्रशस्त चौडा पनि छन्। सबै क्षेत्रमा यातायातको पहुँच पुर्‍याइएको रहेछ। गाउँगाउँमा दर्जनौँ तले भवनले पर्यटकलाई निम्तो दिएको देखियो । यातायात क्षेत्र विकासको मुख्य र पहिलो आधार हो भन्ने नीति नै बनाइएको रहेछ।

## उद्योग / कारखाना विकास

हामीले सानी यन्त्र उद्योग भ्रमण गर्‍यौँ। यो ठुलो क्षेत्रमा फैलिएको रहेछ । जसमा यन्त्रशाला र प्रदर्शन केन्द्र पनि थिए । यसले जेसिबी, डोजर, लोडर, ड्रिलर, क्रेन, टनेल मेसिन, अत्यन्त शक्तिशाली पम्प, मोटर, ट्याक्टर, एकै पटक धेरै गाडी ओसार्ने ठुला ट्रक बनाउँछ । निर्यात पनि गर्दो रहेछ । हजारौँ टन संवहन गर्न सक्ने विशालकाय मोटर बनाइँदो रहेछ। यस्ता ठुला उद्योग देशैभरि हजारौँको सङ्ख्यामा बनेका रहेछन् । यन्त्र उद्योग, इलेक्ट्रोनिक उद्योग, व्यावसायिक उद्योग, कृषि उद्योग, खाद्य उद्योग आदि स्थानीय विशेषता अनुरूप ठाउँठाउँमा समानुपातिक र सन्तुलित रूपमा खोलिएको छ। यो 'सानी' उद्योगमा साना हवाई इन्जिन पनि बनाइँदो रहेछ। कैयौं यन्त्र त स्वचालित मेसिनबाट बिनामानिस नै बनाइँदो रहेछ। सरकारी, प्राइभेट समूह, साझा कम्पनी, सरकार र जनताको साझेदारीमा उद्योग खोलिएको रहेछ। जसले विश्वभरि आफ्ना उत्पादन पुर्‍याएका छन्।

## समाजवादी आधुनिकीकरण र गरिबी उन्मूलन

तेस्रो विश्वका नेपाल जस्ता मुलुकले असम्भव ठानेका काम चीनले सम्भव बनाएको छ। समाजवादको आधुनिक रूपले अर्थतन्त्रको समानुपातिक वितरण, सन्तुलित औद्योगिक विकास, कृषि क्षेत्रमा विकास र प्रचुर उत्पादन गर्दै 'गरिबी उन्मूलन' सफल पारिएको पाइयो। यातायातको विस्तारले त्यसमा सहयोग गरेको छ। सहरीकरण र वर्गीय असमानता हटाउने, अन्तर्राष्ट्रिय सम्बन्ध र मित्रता विस्तार, बिआरआई परियोजना, विश्व मानवता, शान्ति र पर्यावरणमा पनि पूरा ध्यान पुर्‍याइएको रहेछ । विश्व साम्राज्यवाद र विस्तारवादको विरोध, स्वाधीन स्वाभिमानी आत्मनिर्भर समृद्ध चीन निर्माण, सरकारको जनताप्रतिको उत्तरदायित्वको पालना, भ्रष्टाचारविरुद्ध अभियान एवं कडा दण्ड विधानको व्यवस्था गरिएको छ। प्रशासनिक पद्धतिमा व्यापक सुधार र राष्ट्रिय अनुशासन, सामाजिकीकरण, जनसेवामा जोड, मिश्रित अर्थव्यवस्था जस्ता विशेषता सामाजवादको आधुनिकीकरणका विशेषता रहेको पाइयो। जसबाट गरिब बस्तीहरूमा गरिबी निवारणका प्याकेज लिएर सरकार गाउँमा पुग्ने गर्छ। माछा खान दिनेभन्दा माछा मार्न सिकाउने नीति गरिबी उन्मूलनको दिगो आधार बनाइएको र अशक्त, कमजोर, अपाङ्ग, दीर्घरोगीलाई सरकारले जीविका–भत्ता प्रदान गरिरहेको छ । सबै जनताको आवास, खाद्यान्न, पोसाक, स्वास्थ्योपचार, कृषि उत्पादन, शिक्षामा समानता ल्याउन जोड दिइएको छ।

## शिक्षा

चीनमा वैज्ञानिक प्राविधिक उपयोगी शिक्षाका साथै कृषि शिक्षालाई पनि उत्तिकै महत्त्व दिइएको छ। प्रायोगिक र व्यावहारिक शिक्षामा जोड दिइएको छ। खोज, अनुसन्धान, आविष्कार, अन्वेषणमूलक शिक्षाका केन्द्र बनाइएको रहेछ। माओले अध्ययन गरेको प्राचीन पेकिङ विश्वविद्यालयलाई आधुनिक विश्वविद्यालयमा रूपान्तरण गरी सञ्चालन गरिएको छ भने शिक्षालाई सर्वसुलभ बनाइएको रहेछ । शिक्षाले मात्र गरिबी हटाई देशलाई आत्मनिर्भर बनाउन सक्छ भन्ने धारणा बनाइएको छ। शिक्षा र ज्ञानलाई गाउँगाउँसम्म पुर्‍याउन र जनतालाई सचेत र जागरुक बनाउन नै यसो गरिएको रहेछ। कृषि शिक्षा, प्रविधि शिक्षा, प्रयोगमूलक शिक्षा, व्यावहारिक शिक्षा, खोजमूलक शिक्षा, ऐतिहासिक शिक्षा, आधुनिक शिक्षालाई व्यापक विस्तार गरिएको छ। विद्यार्थी पढाइ सकेर निस्कँदा उसको हातमा सिप, दक्षता, क्षमता, विशेषज्ञता, प्राविधिक यन्त्र शिक्षाको योग्यता लिएर निस्किऊन् र स्वरोजगारी, स्वव्यवसाय गर्न सक्ने आत्मनिर्भर बनून् भन्नेमा जोड दिइएको छ। 'शिक्षा सबैलाई' भन्ने नारा बनाइएको छ । चीनले गरेका हरेक प्रयास व्यावहारिक देखिन्छन्। उनीहरूले जुन विधि र पद्धति अपनाएका छन्, ती अनुकरणीय छन्। खास गरी कृषि र उद्योगमा चीनसँग नेपालले सहकार्य गर्नुपर्ने आवश्यकता बोध हुन्छ। तसर्थ पनि चीनको आधुनिक पथ हाम्रा लागि अनुकरणीय छ।

# आफ्नो क्षमताप्रतिको गर्व



डा. नम्रता पाण्डे

जीवनको विकास भनेकै गतिशीलता र समयानुकूल परिवर्तनको महसुस हुनु हो । सबै मानिसलाई लाग्छ, जीवनमा जे मिल्नुपर्ने थियो त्यो अरूको जस्तै मलाई पनि मिल्नुपर्ने थियो। असन्तोष र दुःखका कारण नै यही हो। किनकि जीवन कुनै विषयको परीक्षा होइन र सबैलाई प्रश्न एउटै आउँदैन । जीवनले प्रत्येक व्यक्तिलाई अलग अलग प्रश्नपत्र दिएको हुन्छ। हरेक व्यक्तिको जन्म, पारिवारिक संस्कार, पालनपोषण, शिक्षादीक्षा, स्रोतसाधन, विचारको शक्ति र सङ्घर्षको आयाम अलग अलग तरिकाले भएको हुन्छ। मानिस नक्कल गर्न चाहन्छ र अरू जस्तै बन्ने होडबाजीमा आनो गुणवत्ता, क्षमता र संस्कार भुल्दै गएको हुन्छ। प्रकृतिमा पनि कुनै एक प्रजातिका बोटबिरुवाको अर्को प्रजातिका बोटबिरुवा जस्तो बन्ने प्रतिस्पर्धा भएको हुँदैन । जनावर, चरचुरुङ्गी सबै आफ्नै अस्तित्वमा खुसी छन्। मानिस मात्र आफ्नो अस्तित्व चिन्न नसकेर अरू जस्तै बन्ने नक्कल गरेको हुन्छ, त्यो नै उसको असन्तोषको कारण हो। धेरैलाई जीवनभर यसको ज्ञान हुँदैन तर जीवनको उत्तरार्धमा पश्चाताप हुने गरेको अध्ययन अनुसन्धानले पनि बताएको छ । भौतिक सम्पदाको सन्तुलन मात्रले जीवनमा सन्तोष र खुसी मिल्दैन, यो त सबैले अनुभव गरेकै पक्ष हो। त्यसैले समग्रतामा सन्तुलनको जीवन बाँच्न जान्ने व्यक्ति नै आफ्नो क्षमताप्रति गर्व गरेर बाँच्न सक्छ। त्यसका लागि केही व्यावहारिक आयामलाई आत्मसात् गर्नुपर्ने हुन्छ।

## भावनात्मक सन्तुलन

कहिले खुसी हुनु, कहिले दुःखी हुनु, कहिले रमाइलो मान्नु, कहिले दिक्क लाग्नु यी सामान्य स्वभावगत अवस्था हुन् मानिसका। किनकि मानिसलाई लाग्छ, हरेक परिस्थितिका कारण छन् त्यसैले सुख, दुःख, हाँसो, रोदन, सफलता, असफलताका कारण खोजिरहन्छ । संसारका यी कुरा जीवनभर यस्तै अङ्कगणितमा चलिरहन्छन् तर जहाँ अकारण, बिनाअपेक्षा जे चिज मिलिरहेको छ, त्यसको हेक्का हुँदैन किनकि संसारले मानिसलाई प्रतिस्पर्धामा बाँच्न सिकाएको छ। बिनाकारण, बिनामेहनत, बिनाप्रतिस्पर्धा अस्तित्वले आफ्नो जीवनमा के के चिज दिएको छ, त्यो थाहा हुन सकेको दिन प्रत्येक व्यक्ति स्वयम्लाई यो संसारको सबैभन्दा खुसी र भाग्यशाली व्यक्ति मान्ने छ । भावनात्मक रूपमा हरेक परिस्थितिलाई साक्षी भएर हेर्न जान्ने र हरेक परिस्थितिलाई स्वीकार्ने व्यक्तिलाई कसैले दुःखी या सुखी बनाउन सक्दैन। ऊ आफ्नै मस्तीमा, आफ्नै गुणवत्तामा, आफ्नै स्वतन्त्रतामा मस्त र भावनात्मक रूपमा स्वस्थ भएर जिउन सक्छ।

## जीवनसँग खुसी

महान् दार्शनिक अरस्तुले भनेका छन्, "खुसी मानिसको इच्छा हो। सबै इच्छाको अन्तिम उद्देश्य खुसी नै प्राप्त गर्नु हो।" त्यसो हो भने मानिसले जीवनमा प्राप्त गर्ने खुसीका आयामलाई चार भागमा बाँडेर हेर्न सकिन्छ । तत्काल जे चिज आवश्यक थियो, त्यो मिल्यो एकछिनलाई खुसी मिल्यो। अरूको जीवनसँग तुलना गर्दा अरूको भन्दा आफ्नो धेरै चिज र धेरै सफलता छन् त्यो तुलनात्मक खुसी भयो । अर्को छ, जीवनमा आफूले गरेका सकारात्मक कर्म र समाजमा आफ्नो तर्फबाट भएका सकारात्मक योगदानबाट मिल्ने खुसी अनि चौथो छ– आत्मबोधसहितको कर्म र त्यसबाट मिलेको खुसी। यो खुसी मात्र नभएर आनन्दको अवस्था पनि हो। बाँकी सबै कर्म र व्यवहारमा आत्मविस्मरण पनि हुन सक्छ किनकि क्षणिक सुख र प्रतिस्पर्धात्मक सुखमा केवल एकअर्काको जीवनसँग तुलना हुन्छ । आत्मबोधसहितको कर्म यसको कुनै कारण छैन र परिणाम भनेको परम आनन्द र आहा जीवनको अनुभूति नै हो। त्यसैले जीवनलाई धन्यवाद दिने या जीवनलाई सङ्घर्षको संज्ञा दिने त्यो बुद्धिको तलको अभ्यास हो। मानिसलाई अस्तित्वले बुद्धिभन्दा माथि विवेक र त्योभन्दा माथि आत्मबोधको गुणवत्ता पनि दिएको छ।

> आफूसँग भएको ज्ञान र खुसी अरूलाई बाँड्न सक्ने, सकारात्मक कर्ममा उत्प्रेरित गर्ने, सही कुरामा प्रशंसा गर्न सक्ने, आवश्यक पर्दा सहयोगको भावना अघि बढाउने व्यक्तिले नै आफूले चाहेको जीवन बाँच्न सक्दछ । द्वेष र ईर्ष्याले भरिएको व्यक्तिले आफ्नो जीवनको महत्त्वसमेत बुझ्न सकेको हुँदैन ।

## आफूले चाहेको जीवन

प्रत्येक व्यक्ति चाहन्छ, मेरो आफ्नो जीवनको लय आफूले चाहे जस्तो होस्। मैले चाहे जस्तो स्थिति, परिस्थिति, सम्बन्ध, प्रेम र समृद्धि होस्। हुनुपर्ने यस्तै न हो तर किन हुँदैन ? किनकि मानिस आफ्नो बिचमा कसैको जीवन ल्याउँछ र उसैसँग तुलना गर्न थाल्छ। त्यसको परिणाम आफू पनि खुसी हुँदैन र अरूलाई पनि खुसी हुन दिँदैन। दया, करुणा, स्नेह, प्रेम, सन्तुष्टि सकारात्मक गुण हुन्। आफूमा कमजोरी देख्नु, अभाव देख्नु, अरूसँग तुलना गरेर आफैँलाई पिछडिएको महसुस गर्नु यी सबै नकारात्मक स्वभाव हुन् । बाहिरी सम्पदा एकअर्कामा कम बढी होलान् तर आन्तरिक सम्पदा अस्तित्वले सबैलाई समान दिएको छ । आफ्नो सम्पदाको पहिचान गर्न नसक्नु नै आफूले चाहे जस्तो जीवन बाँच्न नसक्नु हो। आफूसँग भएको ज्ञान र खुसी अरूलाई बाँड्न सक्ने, सकारात्मक कर्ममा उत्प्रेरित गर्ने, सही कुरामा प्रशंसा गर्न सक्ने, आवश्यक पर्दा सहयोगको भावना अघि बढाउने व्यक्तिले नै आफूले चाहेको जीवन बाँच्न सक्दछ। द्वेष र ईर्ष्याले भरिएको व्यक्तिले आफ्नो जीवनको महत्त्वसमेत बुझ्न सकेको हुँदैन।

## अहोभावको जीवन

अभाव महसुस नहुनु नै अहोभावको अवस्था हो । अभावमा हुने व्यक्तिले जीवनमा अरूलाई र अस्तित्वप्रति अहोभाव व्यक्त गर्नै सक्दैन। उसको जीवन नकारात्मकताले भरिएको हुन्छ र सधैँ, सबैप्रति गुनासो भावले भरिएको हुन्छ। हरेक कर्ममा कर्म गर्नुको आनन्द लिनु, आत्मसम्मानमा रहनु, बहुजन हिताय, बहुजन सुखायको कर्ममा मन लगाउनु, कल्याणकारिता, परोपकार र आत्मबोधका साथ जिउने व्यक्तिमा नै अहोभावको कला हुन्छ । उसले हरक्षण, हर कोहीप्रति अहोभाव व्यक्त गर्दै, यो सृष्टिप्रति धनी हुँदै, यो जीवनलाई धन्यवाद दिँदै अहोभावको जीवनशैली बाँचेको हुन्छ। यो ब्रह्माण्डप्रति आभारी हुनु, आफ्नो आँखाले देख्ने वरपरका सबै चिज र प्रकृतिप्रति धन्यवाद भावले भरिनु, आफ्नो जीवनमा दृश्य अदृश्य ऊर्जा शक्तिले दिइरहेको सहयोगप्रति कृतज्ञता प्रकट हुनु अहोभावका गुण हुन्। अहोभाव स्रोतबाट झर्ने झरना हो; जो कहिल्यै सुक्दैन र जीवनमा अमृत वर्षा गराइरहेको हुन्छ। जीवनमा अभाव महसुस हुन दिँदैन।

## सम्पदाको उपयोग र उपभोग

आश्चर्य लाग्छ, व्यक्ति जीवनभर दौडन्छ, भागदौडले उसको जीवनको रफ्तार कता चलिरहेकोसम्म थाहा पाउँदैन। त्यसको उद्देश्य हो– धेरैभन्दा धेरै आर्जन गरौँ र सञ्चय गरेर राखौँ किनकि त्यो भविष्यमा काम आउँछ। आफ्नो जीवनको भागदौडले आफ्नै वर्तमान भविष्य बनिसकेको हुन्छ तर उसले त्यो आर्जनको भोग गर्न पाएको हुँदैन । अझ उसको सञ्चय त सन्तान दरसन्तानलाई समेत सञ्चित गर्नु छ । सधैँ अपुग र अभाव महसुस गर्दै सञ्चित गर्नमै लागिपरेको हुन्छ अनि आफ्नो खुसी, आफ्नो इच्छा, आफ्नो स्वतन्त्रता र आफ्नो मर्यादासमेत भुलिसकेको हुन्छ। आफ्ना भौतिक सम्पदाको उपयोग र उपभोग त परै जाओस्, प्रकृतिले बिनामूल्य उपलब्ध गराएका प्राकृतिक स्रोतसाधन र प्रकृतिको आनन्द लिने कलासमेत थाहा हुँदैन कस्तो विडम्बना ! प्रकृति रमण, प्राकृतिक सम्पदाप्रति अहोभाव, प्राकृतिक सम्पदाको संरक्षण गर्न जान्ने व्यक्तिले मात्रै प्रकृतिको महत्त्व बुझेको हुन्छ।

## मानसिक खुसी

सकारात्मक सोच र भावनात्मक प्रेमले भरिएको व्यक्ति नै मानसिक खुसीको हकदार हुन्छ। भौतिक आर्जनले भौतिक खुसी प्रदर्शन गर्नमा सक्षम हुने व्यक्ति आन्तरिक रूपमै खुसी हुन्छन्, त्यो जरुरी छैन । सकारात्मक जीवन कौशल, रचनात्मकता, उमङ्ग, प्रफुल्लता र आत्मज्ञानलाई जीवनशैली बनाउनेहरू नै शारीरिक रूपमा प्रफुल्ल, भावनात्मक रूपमा प्रेमल र मानसिक शान्ति र खुसीका साथ जीवन बाँचेका हुन्छन्। अपेक्षारहित भएर आफ्नो कर्म कौशल र सृजनात्मकतामा जिउन सक्नु सबैभन्दा ठुलो आर्जन हो। जीवनमा के कस्ता कमजोरी भए, त्यो स्वाभाविक पक्ष हो तर जीवनमा कमजोर नहुनु आत्मशक्तिको परिचय हो। परिस्थिति उथलपुथल हुँदा पनि आफू शान्त रहेर परिस्थितिलाई आत्म अवलोकन गर्न सक्नेले नै मानसिक खुसी प्राप्त गर्छ। प्रतिकूलतालाई पनि आत्मसात् गर्दै स्वस्थ र प्रफुल्लित रूपमा कर्म गर्ने कला नै मानसिक खुसी प्राप्त गर्ने कला हो। किनकि बाहिरी परिस्थितिका कारण आफ्नो आन्तरिक सम्पदामा प्रभाव पार्न दिनु हुँदैन।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को :
गोरखापत्रद्वारा प्रकाशित
**बान्तावा राई भाषा पृष्ठ**

# साल्पा सिलिचुङओ नङ्दा खिप्लाभुङ कि मुन्दुमि छाम




साल्पा सिलिचुङ भोजपुराओ साल्पा सिलिछो टेन्टुवादा छुक। ओ भोजपुरा, सङ्खुवासभा, सोलुखुम्बु कि खोटाङओ कोम ऱङ्दा छुक्याङ। साल्पा वाताम सुम्का भुङ सेक बोम ५० मिटरा धाना छुक्याङ। सिलिचुङ चोम फेक भुङ अ़क बोम ५५ मिटरा धाना छुक्याङओ युङ्याङ।

साल्पा सिलिचुङ सरोकार रात्कामि कि पोन्मायु अचोम्ला निहाङ्होन भुङआ छाप्टुलोइसुओ 'साल्पा सिलिचुङ-सिलिछो' नङ्ओ मुन्दुमि दोदुम कि बुसुयङ्रिओ खिप्लाभुङ फोङ्मा लिसायुङ्सा। हाक्दि १४ लेन्टा ललितपुरादा लिसाओ काचिपेनदा नेपाल प्रग्या-प्रतिस्ठानाओ टायाकोप्मिटाङ कि ढितावाङ भुपाल राइ मयुङाङा। चुक ढुवाटाङचि नेपाल प्रग्या-प्रतिस्ठानाओ टायाकोप्मिटाङ नारदमनि हार्तम्छालि, प्रा.डा. टंक नेउपाने, प्रा.डा. सोमनाथ खतिवडा, डा. जनक राइ, किरात राइ यायोक्खाओ ढुवाटाङ जिवन हाताचो राइ कि राससओ महाप्रबन्धक सिद्धराज राइआ मो खिप्लाभुङ अक्ढुवा अफोङ्साओ युङाङा।

काचिपेनओ ढितावाङ भुपाल राइआ किरावाचिओ दोसिवादा याक्याङ्ओ सिलिचुङ मुन्दुमि दुम्चि खोम्याङ्सा खिप्लाभुङदा लोन्मायुकाचि खान्नुवो युङ्याङ निकि नुमिन्मा प़मा लिसाओ युङाङा। 'साङ्को बुसुयङ्रि मात्द़ङ, खोसोओ दुम दोसिवादा ओन युङ,' खोसाआ टेप्टु, 'कोइ बेन हाङ्कोपआ ह्याक्को भुङ्या तासुलोचिओ भुङ्चिओ दुम दोसिवादा ओन युङ। खो खिप्लाभुङ मोसोओङा अच़ङ्पाङ्वा कि अछङदुम युङ्याङ।'

खिप्लाभुङओ दुमदा तिरभुवन ढितायाखिमओ सहप्राध्यापक जनक राइआ किरावाचिआ मुन्दुमि ताया खाउपारा अयाङ्याङ निकि खिप्लाभुङदा छाप्मा लिसाओ दुम खा लुमा लिसाओ युङाङा। 'साल्पा सिलिचुङओ मुन्दुमि दोदुम्चि खिप्टुम्चुम हेदा किरावाचि सुन्तुम्चि साल्पा सिलिचुङ म़ताला हेदा मो योक्दा साप्टेनदा किरावामाचिआ साप्टेन अतुङ्साङाओ धिरुम,' खोसाआ टेप्टुओ युङाङा।

प्रा.डा. सोमनाथ खतिवडाआ निहाङ्होनदाआ बड्ढे ढितायाखिम्चिदा दोसिवाओ बुसुयङ्रि चिन्माचि मलियाङ्ओ खा लुमा लिसाओ युङाङा। 'नेपालादा ओन छाप्मायु बुसुयङ्रि चिन्माचि लियाङ्ओ युङ्याङ। किरावा युङ्खा कि थाप्स़ङहिलिसुद्दा बड्ढे दोसिवा बुसुयङ्रि युङ्याङ। वाको दोसिवादा म़याक्याङ्ओ बुसुयङ्रिचि छाप्मायुङ्मा काचिदा ओ खिप्लाभुङ खान्नुवो युङ्याङ।' खोसाआ टेप्टु।

किरावा थाप्स़ङहिलि कि किरावा य़ङचि लेकावा प्रा.डा. टंक नेउपानेआ कोइ अक्तेत ओन रिमि कि मनाओ हाङ्होन अयुङ्निन। खालाक्ओ रिमिभुङ युङ्याङओ नेपालादा किरावा साम्योक कि थाप्स़ङहिलिओ खालाक्ओ मुन्दुम्चि छाप्माचि मदोतओ दुमदा खोसाआ सावा पाक्टुओ युङाङा। 'ओ खिप्लाभुङदा दोदुम्चिओ लाम्पादाङ्का किरावाचि अ़क भुङ मयुङ्याङ निकि खाय़ङ प़मा लिसायुङ्सा,' खोसाआ टेप्टु, 'आइमितओ नेपाला हाङ्होन एम्माकाचिदा बुया किरावाचि बड्ढे मछोसाङाओ युङाङा, खोसाआ साल्पा कि सिलिचुङओ दोदुम छाङ मनाचिओ बुसुयङ्रि युङ्याङ्ओदा ह्वातेत दुम मात्द़ङ।'

आदिवासि जनजाति महासंघओ ढिछाप्मामि दिवस राइआ किरात राइ भुङ्दा खुवालुङ, तुवाचुङ कि सिलिचुङ किरावाचिओ पुक्खायुओ य़भेन निकि सिन्मा ऱम निओ चेप्मायु लिसाओ युङाङा। काचिपेनदा किरात राइ यायोक्खाओ ढुवाताङ जिवन हाताचो राइआ किरावाचि मुन्दुम, खोचिओ य़ सिलिचुङनेन चोक्याङ्ओ दुम लुमा लिसाओ युङाङा।

साल्पा सिलिचुङ सरोकार रात्कामि कि पोन्मायु अचोम्ला निहाङ्होन भुङओ ढुवाताङ राजेन खिम्बुले राइ (मुलघरे चुप्पे)आ मय़ङा- 'आइदोङ साल्पा सिलिचुङ्दु सुम्दिमा पारुहाङ कि नाक्छोङओ मान्चेप्लुङ एम्याङ्सा दोसिवादा याआङाओ दुम खिप्लाभुङदा छाप्मालोन्मा लिसाओ युङ्याङ। हान तायाङ्ओ बेनदा मुन्दुम खोम्मा काचि मुयाङ्सा बुसुयङ्रिचि लाम्माय काचि मुमा लि।' हान आन्केन थाप्स़ङहिलिओ हाङ्छामिखालोङ मुमादोत निओ खाय़ङ छाङ खोसाआ प़मा लिसाओ युङाङा।

खिप्लाभुङ ह्वा बोम ३० चिरिओ याक्याङ। ओ खिप्लाभुङदा दोदुम कि मोसोओ दुमफोङ्मायुसुद्दा ह्वा भुङ्दा हामा लिसायुङ्सा। खिप्लाभुङदा २१ कातेत दोदुमचि म़याक्याङ। मो खिप्लाभुङओ टोङ्कामिचिदा भोगिराज चाम्लिङ, डा. तारामनि राइ, चन्द्रकुमार राइ हतुवालि कि सालिकराम राइ मयुङ्याङ। साल्पा सिलिचुङ भोजपुराओ साल्पा सिलिछो टेन्टुवादा छुक। ओ भोजपुरा, सङ्खुवासभा, सोलुखुम्बु कि खोटाङओ कोम ऱङ्दा छुक्याङ। साल्पा वाताम सुम्का भुङ सेक बोम ५० मिटरा धाना छुक्याङ। सिलिचुङ चोम फेक भुङ अ़क बोम ५५ मिटरा धाना छुक्याङओ युङ्याङ।

काचिपेनओ हुवाउ भुङदा किरावा मुन्दुमि छाम्चि लुमा मलिसाओ युङाङा। मो मुन्दुमि वाहाप काचि सालिकराम राइ (सालिक सतासक)आ मुओ युङाङा। छाम लुकावाचिदा राइ नविन, भिसन राइ, पार्वति राइ, मेनुका राइ, कला राइ, निस्चल राइ, खुसेनिछो चाम्लिङ, सुसिला राइ, पदम थुलुङ, सिवसङ्गम राइ इनु-इनु मयुङाङा। मोहा ङा नगेन्द्र राइआ बाङ्सुलि साङ्सुओ युङाङा।

## बान्तावा मुकारुङचिओ टुप्खाला

किरात राइ बान्तावा मुकारुङ संघओ ३३अउ टुप्खाला कि एम्मायु लेन अचोम्ला ढुवाटाङ कर्नेल गंगाराज मुकारुङ राइओ ढुवाटाङदा लिसायुङ्सा। दोङ २०८० हाक्युङ २९ लेन्टा किरात राइ यायोक्खा दमकओ काचिखिमदा मो टुप्खाला लिसाओ युङाङा। मो योक्दा नेपालाओ बड्ढे ढिटेनदाङ्का मुकारुङ भुङ, पाछा बुसित, साप्टेनसेवा कामुचि, रात्कामिओ ढुवाटाङचि, खालाक्ओ काचिहुप कि बुत्मायु तावाङ्चि म़ताओ मयुङाङा।

बुदाउ सेसन काचिपेनदा नुकोङ्ला सावानाम कि सायाचोङ्मायु काचिपेनचि मुमा मलिसाओ युङाङा। मो योक्दा किरावा लेसामि सन्तकुमार इसारा राइओ सायाचोङ्मायु मुमा लिसाओ युङाङा। खोसाआ 'दोवाङ्दुम साम्कालिङ' खिप्लाभुङदाओ मुन्दुमचि खोम्मा लिसाओ युङाङा। खोक्वामा छेत्कुमा मिनादेवि मुकारुङ राइओ छाङ मो योक्दा सायाएप्मायु मुमा लिसाओ युङाङा। मोहा ङा, बुयाओ चुक ढुवाटाङ किरन मुकारुङ राइओ छाङ सायाचोङ्मा लिसाओ युङाङा। पुङ काचिहुपओ टोप्पाङ सालुम्स़ङ लछ्मिप्रसाद मुकारुङ राइ कि चन्द्रबहादुर राइ निपाङ संघ फामायु लिसाओ योक्दा बेटेबुङ वात्सा सायाचोङ्मा लिसाओ युङाङा। मोहा ङा तुम्बेवा टेन्टुवा ४ पोखरि पाँचथराओ वडा ढुवाटाङ रविन छाङ्छा मुकारुङ राइ कि झापा केर्खाओ अचोम्ला सालुम्स़ङ लिलाबहादुर मुकारुङ राइ 'राजन'ओ छाङ सायाचोङ्मा लिसाओ युङाङा।



हुवाउ छेक्मायु काचिपेनदा ढिछाप्कामि प्रेम मुकारुङआ काचितुङओ खाङ्मुमायु कि छेन्बिहाङ्पा प्रभु मुकारुङआ छेन्बिओ दुमदा खाङ मुमायु लिसाओ युङाङा। खालाक्ओ पुङ काचिहुप्चिआ अचु खाङ्मुमायु दुमदा अचोम्ला ढुवाटाङ कर्नेल गंगाराज मुकारुङ राइआ आप्पिओ मिचिऩङ युङ्सा तायाङ्ओ लेनदा दे च़मा निओ दुम युङ्मा लिसाओ युङाङा। तायाङ्ओ दोङ संघओ ३४अउ टुप्खाला पाँचथराओ पोखरिदा माने मुमा दुमनेन काचिपेन नान्मा लिसाओ युङाङा।

## सिप्तुङखा
## माङखिम एम्मा लियाङ

बान्तावाओ अक्तेत पाछा सिप्तुङ्खा पाय़चिओ हुत्लुङनेन्ओ माङ्खिम ललितपुराओ सुनाकोठिदा एम्मा निपाङ व़क खित्मा लिसायुङ्सा। 'किरावा सिप्तुङखा पाय़ उत्थान समाज यलाखोम समन्वय य़ङ्मुखाटुप'आ मो ऱङ्दा सेक आना अ़क फेक्ओ व़क खित्मा लिसाओ युङ्याङ।

'बुदाउ काचिपेलेनदा सुम्का सोनओ काचितुङ तुङ्साकि मोदाङ्का खोम्मायङ छेन्बिआ मो व़क खित्मा लिसाओ युङ्याङ,' य़ङ्मुखाटुपओ ढुवाटाङ काजि सिप्तुङखाआ खा लुमा लिसायुङ्सा। खोसाआ दुम तेप्तु- 'आन्कान व़क ना खिरिन। ओसाआ ओन अनुनिन। हान माङ्खिम छाङ एम्मादोत,' हाक्दि २२ लेन्टा किरात राइ यायोक्खा सुम्दिमा खिम कोटेस्वरादा लिसाओ ढिवाङ टुप्खालादा खो मयङाङा, 'हान माङखिम एम्मा ङा दोत। झाराक्आ आन कोङ्कोम ढिवाङ मुम्ने। छुक तोङ्सिन्ने।'

छेन्बिहाङ्पा अरुन सिप्तुङखाओ ओन्सामि 'व़क खित्मा निकि झाराक ७२ सुपि ५६ भुङ कायाङ खोम्मा लिसाओ युङ्याङ। मोन्दा माङखिमओ व़क खित्मा योक्दा ८२ सुपि कायाङ छेन्बि खाराओ युङ्याङ। सिप्तुङखाचि मयुङ्याङओ ढिटेनचिदाङ्का छेन्बि फामाओ निम्पाङ दुम प़मा लिसाओ युङ्याङ।' चुक ढुवाटाङ मित्रकुमार सिप्तुङखाआ द़क्छाबुवाचिओ ओन माआङ, मान्द़क्छाबुवा किरावाचिओ निम्पाङ छाङ ओ माङ्खिम एम्मा लियाङ्ओ दुम खा लुमा लिसाओ युङ्याङ। 'आन्काउ झाराक्ओ साप्टेनसेवा मुमा मिचिऩ युङ्याङ। खोन्कि ङे ओन्डे मिनिन्येन्कादाङ्का बड्ढे छेन्बि छाङ खोम्मा लिसाओ युङ्याङ,' खोसाआ टेप्टुओ युङाङा।

य़ङ्मुखाटुपओ अचोम्ला सालुम्स़ङ अग्नि सिप्तुङखाआ सुम्कादोङ बुयादाङ्का मिन्मा लिसाङा ओन्सामि सुम्का सोनदा व़क खित्मा लिसाओ एन मेत्मा लिसाओ युङाङा। अचोम्ला ढुवाटाङ राजबहादुर सिप्तुङखाआ य़ङ्मुखाटुपओ यलाखोम भुङआ मुङुओ ओ बुसुयङ्रिमि काचि युङ्याङ निकि नुमिन्मा प़मा लिसाओ युङाङा। 'आन्को बुसुयङ्रि माखाराओ, सिन्मेत माखाराओ म़ना, ह्वातेत माङ ङा आइमित लामुम्योम,' खोसाआ दुम तेप्तु, 'खोन्ओसा माङखिम एम्माओ निम्पाङ व़क खित्मा काचि बुसुयङ्रिमि काचि लिसाओ युङ्याङ।'

अचोम्ला छेन्बिहाङ्पा बेनु सिप्तुङखा, सालुम्स़ङ अजय सिप्तुङखा, यलाखोम यायोक्काप्मि बसन्त सिप्तुङखा कि छाप्कामि सचित सिप्तुङखा राइआ रिमिदा हुत्लुङ कि माङखिमओ सुरिनामओ दुमदा चेप्मा लिसाओ युङाङा। मो योक्दा नेपाल हाङ्कोपओ बुयाओ चुक छाप्कामि अरुनकुमार राइ, य़ङ्मुखाटुपओ टोप्पाङ कलावति सिप्तुङखा, बुयाओ ढुवाटाङ नारायनप्रसाद सिप्तुङखा, टोप्पाङ आइतमान सिप्तुङखाओ सायाचोङ्मा लिसाओ युङाङा। अचोम्ला ढुवाटाङ राजबहादुर सिप्तुङखाआ खोचिओ निम्पाङ सायाएप्मायु काचि मुमा लिसाओ युङाङा नालो यलाखोम ढुवाटाङआ सायाबुङ वात्मा लिसाओ युङाङा।

## हाङखिमचिओ पाय़भुङ फोङ्मा लिसा

बान्तावा हाङखिम साम्माङसोङ दुङरङचिओ पाय़ लोन्मा लिसायुङ्सा। हाक्दि १४ लेन्टा खोटाङओ जन्तेढुङ्गा टेन्टुवा बोपुङ टेनदा मो खिप्लाभुङ फोङ्मा लिसाओ युङाङा।

काचिपेनओ ढितावाङदा ८५ दोङ बात्तुङुओ हाङखिम टोप्पाङ जसबहादुर राइ मयुङाङा। चुक ढिटावाङदा आमचोक टेन्टुवा भोजपुराओ ढुवाटाङ असोक राइ मयुङाङा। खो हाङखिमचिओ छुछावा मयुङ्याङ।

खिप्लाभुङ फोङ्मायु काचिपेनओ ढुवाटाङ कमल राइ मयुङाङा। काचिपेन टुङ्कावा छाप्कामि मउसम बान्तावा। ११ कापाङ्ओ किरात राइ साम्माङसोङ दुङरङ हाङखिम य़भेन उत्थान, उदयपुराआ मो काचिपेन बुत्मा लिसाओ युङाङा।

मो पाय़दा ११ छानतारिओ हाङखिमचिओ य़भेन पाक्मा लिसायुङ्सा। हाङखिमओ सुन्तुम 'मायान्ति' युङ्याङ नालो पुक्खाटेन भोजपुरा दाङ्खा निकि अछ़ङ मुमा लिसायुङ्सा। खिप्लाभुङ २ बोम ८ चिरिओ याक्याङ। मो योक्दा बोपुङदाओ हाङखिम साम्पुक छाङ मुमा लिसाओ युङाङा। मोसोओ माङ्ताङ्पा संकर राइ मयुङाङा। हाङखिमओ अय़चिदाल खारुरङ, रङछाङ, सुबि कि साम्माङसोङ य़चि मयुङ्याङओ दुम य़भेन उत्थानओ छाप्कामि मउसम बान्तावाआ खा लुमा लिसायुङ्सा।

मोहाङा निरा, अउना, लिप्चु, बालुङ, लित्युङ, सोप्पो, छेन्तोङ, उरेप, काप्छोन, होफोक्वा कि युलाखा चुक य़भेनचि मयुङ्याङ।

## सारोक ङा कोङ टुआङ्सा



■ **लोकेन्द्र उदासि वालिङ राइ**

टेनखिम छित्दासा
मामा पापा छित्दासा
निहाङ्होन ताङ्लाङ
देम देम देङ्सु लागा लिङा ङा ओबेन
ओको काचि मुमा मान्लियाकओ रछ
दे मुम्कि मामा पापा !
खानाचि हे अङ्का मान्छाप्छा
सिन्मा ङा अरन्मिन माङ्ओ छाप्कावा
सारोक ङा कोङ टुआङ्सा।

मामा पापा !
ओदा ताङ्लाङओ छाङ बड्ढे दोङ ङा लिसाखारा
आम्चो दाप्पाङ दे अचाचिङ्चि ओन्डे ?
आन खिम झोराआ भुक्तुखाइसु ओन्डे
आम्चो रोङ्रिआ नाम्छ़ऱ ढुक्टुखाइसु ओन्डे
आम्चो छुकदा ट़ङ्खोक्वाआ नढुप्चिकि
देम तुक्याङ ओन्डे !

देम ततेत्तुङ्चु
आम्चो म़कआ अखान्योन ओन्डे
ओबेन मामा पापा !
अङ्का आम्चो ट़ङ्खोक्वा सेन लात्मा दोराङाओ
खोन नुछाङ मान्खाङ्ङा
खाना मान्छाप्छा हे अङ्का ?
सारोक ङा कोङ तुआङ्सा।

आम्चो वात्मा, हुम्मा तित पेराखारा, भोन्टाखारा
भोक्मा निम्पाङ लुप्मिदा टिट्य़ पाक्मा ङा तखाङ्नान
पेराखाराओ तित ङा तुवात्चुङ्चु तहुम्चुङ्चु ओन्डे
केङ्छुक-छुक्आ केङ्याङओदा
आम्चो लाङ फाक-फाक

केराकि सेकभाचि कुम्खा ठोङ ङा लिसाखारा ओन्डे
ओबेन अ़ङ्का आम्चो तित भोक्मा दोराङाओ
आम्चो लाङ, पोक हाक्लो मुमा दोराङाओ
खोन नुछाङ मान्ऱङा
खानाचि मान्छाप्छा हे अ़ङ्का ?
सारोक ङा कोङ टुआङ्सा।

# बुदाउ छेन्बि सिरिफा तोक्तुङओ योक्दा



■ **चङमायुमा राइ**

अ़ङ्का, अ़ङ सायापा क्याप्टेन ढुन्डिराज सुच्चा राइ कि मेछाछा छाचि तोङ्मा डाक्टर पुनम सुच्चा राइ कि सिम्मा डाक्टर प्रतिभा सुच्चा राइनेन नेपालादाङ्का ओम्पे म़नाचिओ युङ्खा हाङ्होन बेलायत बानिन्काओ छाङ पउ दोङ लिसाचिआ। खोन्ना बेन-बेनदा नेपाला खात्मा-बान्मा लियाङ। आन याम ओन निठोङ्दा, आन मिन्मा, सेन्माङ आन पुक्खा ठोङ्दा युङ। छाहिपदा मुम्ओ काचिचि, आन मामा-पापा, दिवा-दिमा, देवा-देमा, ब़ब़, निछा, यावाकुवाचि झाराक टेन, साप्टेन मित्सा युङ्मा लियाङ।

नेपाला हाङ्होन बान्मा खात्माउ निम्पाङ काचि लोन्मादोत। अदोङ्कोन कि अ़क दोङ्दा ह्वालिप छे नेपाला बान्मा लियाङ। दोङ २०७९ दा छे नेपाला बानाच्याओ युङाङा। मो बेनदा नेपाला हाङ्होनओ टेन्पाङ छेन्खाला लिसाङा। मो लेन्टा ङा सायापानेन भोटा पाक्सि नेपाला तालाच्या। मो आन्चाउ कोपरु युङाङा।

बेलायत कि नेपाला आलाम फाल्लाम च़याङ्सा बेन खात्युङ।

२०८० दोङ्ओ चासुम्ला १५ दा छाङ ललितपुरादाओ खिमदा तालाच्या। आइदोङ लो चोङ्लो ङा खान्नुलो लिसा।

टोप्पे ब़ब़ गंगाराज राइ, बुसुनिमा सिमा राइ, ब़ब़ हर्कराज हाङ, बुसुनिमा सुमित्रा राइ, सिम्मा बुसुनिमा मइया राइ, निछाचि किवाङहाङ, खाङमेदहाङ, नाम्मित मन्जु राइ कि पदम वालाहाङ खिम्पाङ्चि झाराकनेन अ़ङ छेन्वाचिसुत्दा तुप्मा लिसा। खालाक-खालाक्ओ काचिआ मोहात्नि तालाच्या।

बुङ्वाखाओ १९ अउ पुक्खालेन चासुम्ला २३ कि २४ लेन्टा खोटाङओ दाप्मिलुङ (जन्तेढुङ्गा) टेन्टुवा चिसापानिदा लिसाङा। दाप्मिलुङ अक्तेत साम्मुलेखा; मोसोओ दोदुम आप्पिओ युङ्याङ। अ़ङ्का ओन माआङ, झाराक्साआ खाङ्मा, एन्मा, तुप्मादोतओ ऱङ्दा युङ्याङ।

बुङ्वाखा टोङ्कामि पदम वालाहाङओ पाङ् खुनदा चासुम्ला २० लेन्टा अ़ङ्का कि अ़ङ सायापा यलाखोमदाङ्का विराटनगरतारि पेन्सुरिदाङ्का पिन खारिन्का। मो नाम्प़क धराना तान्लान्काकि मोदा ङा याइन्का। मोसोओ अमाङ्कोलेन आन्केन्का दाप्मिलुङ खात्मा यायोक लिसा। धरानायाङ्का छाम लुकावा लिला राइ कि बुङ्वाखा चुक टोङ्कामि असिम बान्तावा टेप्टाचि। चासुम्ला २१ लेन्टा धराना-चतरा-बेल्टार लियाङ्सा बङ्सिलाघाट वाकाक लाम लियाङ्सा चिसापानि दाप्मिलुङदु तान्लान्काओ युङाङा।

काचिपेनदा भागा लाप्सि निम्पाङ टेन, साप्टेन कि भारताओ सिक्किमयाङ्का तावाङ, बान्तावा छाय़मिचि २२ लेन्टा नाम्प़क ङा चिसापानि म़तादिसा। चासुम्ला २३ लेन्टा बुङ्वाखाओ १९अउ पुक्खालेन पुङ्मा लिसा। बुदाउ लेन्टा नेपाल प्रग्या-प्रतिस्ठानाओ सालुम्स़ङ छाप्कामि डा. धनप्रसाद सुवेदि ढितावाङ मयुङाङा। मोहा ङा, हतुवागढि टेन्टुवा भोजपुराओ ढुवाटाङ प्रेमकुमार राइ, खोटेहाङ टेन्टुवा खोटाङओ ढुवाटाङ उद्धिमबहादुर राइ, चुक ढितावाङ नेपाल प्रग्या-प्रतिस्ठानओ प्राग्य त्रइलोक्यामान बनेपालि, मोहन सुप्तिहाङ, तावाङ्चि काचिपेनदा म़तादिसाओ युङाङा। झाराक तावाङ्चिआ बुङ्वाखाओ निम्पाङ नुकोङ्ला सावानाम प़मा लिसा। मो लेन्टा ङा बान्तावा सालाम छोमासि काचिपेन छाङ लिसा। जन्तेढुङ्गा टेन्टुवाखिमओ बुक्लुङदा बुत्मा लिसाओ मो लेन्टा बड्ढे चुङ्वा लुवा। टोप्पियोङ्मा तोमाओसा नाम मान्बान। खोन नुछाङ काचिपेनदा काता झाराक्चि चुङ्वा आङ्याङ्सा छाङ अनाम्प़कतारि बुङ्वाखाओ काचिपेन अचोवा, अएना। हुवाउ लेन चासुम्ला २४ लेन्टा बुङ्वाखाओ काचिपेन पुङ्मा लिसा। बुदाउ लेन्टा बुङ्खादा काचिपेन मुवाओ योक्दा बड्ढे चुङ्वा लुवाकि ओन्दे मो लेन्टा लो जन्तेढुङ्गा काचिखिमओ अऩङ्वा खिमहुत्दा काचिपेन तुङ्मा लिसा। मो लेन्टा जन्तेढुङ्गादा बान्तावा चिन्कावा सान्दिवा-सान्दिवामाचिओ सायाचोङ्मा मुमा लिसाओ युङाङा। मोनदेङ जन्तेढुङ्गा भेप्लोदा दोवाकाचि कामु किरावाचिओ सायाचोङ्मा काचि छाङ मुवाओ युङाङा। खोचिओ निम्पाङ अ़ङ सायापाआ छुक टुप्मा प़मा लिसाओ युङाङा। मो सान्दिवा-सान्दिवामाचि ओन्कि दोवाचिओ सायाएप्मायु काचिओ दुमदा अ़ङ्को अ़ङ कोङ चानुवा। कोइ बेन अ़ङ्का छे सान्दिवामा मुवाङ्याङओ मित्तुङ तोक्तुङ। मोनदेङ किरावा मेछाछाचिओ ओन दोङ दोङ्मा काचिपेन लिसा। नाना-निछामाचिआ आराङ्ओ अचु दोङ्चि मदोङ्सुचि। खोचिदा निरमाया राइ, जुनिमाया राइ, सुन्दरमाया राइ, राममाया राइ, देविमाया राइ, टिकासरि राइ, महेस्वरि राइ, मनकुमारि राइ, फुलकुमारि राइ, तिलककुमारि राइ मयुङाङा।

बुङ्वाखाओ १९ अउ पुक्खालेन बड्ढे खान्नुलो लिसाओ युङ्याङ। दाप्मिलुङ टेन्टुवाओ ढुवाटाङ अरुनादेवि राइ, अढुवा तावाङ्चि, लेसामि सिन्तामिचि टोप्पाङ डम्बरसिं सुप्तिहाङ राइ, बान्तावाखिमओ ढुवाटाङ कुमार राइ, सहसचिव सिरिकुमार पुमा राइ, गंगाराम राइ, मोहन सुप्तिहाङ, मनि बान्तावाचिसुत्दा सिन्कासिन लिसाओ युङाङा।

मो सेसनओ अ़ङ्का ढुवाटाङ्मा युङाङ्याङ। काचिपेनओ अदेङ्दा बुङ्वाखादा एम्मायङओ छेन्बिभुङ्चिदाङ्का सिरिफाचि हामा मलिसा। सिरिफा कातोक ऩङ्चि बुत्मा लिसाङाओ योक्दा अ़ङ्को ऩङ छाङ बुत्मा लिसा। 'युके-बुङ्वाखा सायाचोङ्मा सिरिफा २०८० दाङ्का चङ्मायुमा दुब्देङमा राइआ सिरिफा तोक्तुङ' निकि चेप्कावाचिआ अ़ङ ऩङ अबुत्ता। छुपउ भोम छेन्बि सिरिफानेन छाप्लायु काचिपेनओ ढितावाङ कि दाप्मिलुङ टेन्टुवाओ ढुवाटाङ सिरि अरुनादेवि राइओ छुकदाङ्का सिरिफा तोक्मा लिसा।

अ़ङ हाङ्पोकदा बुया बड्ढे कातेत हङकङ, ब्रुनाइ पल्टनादा सायाचोङ्मायु, सिरिफाचि तोक्टुङ्च़ङ नुछाङ मो ५० भोम कायाङ छेन्बिसुत्दाओ सायाचोङ्मा सिरिफा तोक्टुङओ अ़ङ्को निम्पाङ बुदाउ कि साम्मुलेखा ङे लिसा नि मिन्डाङा।

आथु धाना ङा य़ङाङ्चि-आङ्कि 'अ़ङ्का छाङ कोइबेन्ओ सान्दिवामा युङाङ्याङ। खोन्ओसा मो अ़ङ्का तोक्तुङ्ओ सिरिफादा इन्नि तायाओ ऩङ्दा, सान्दिवा-सान्दिमाचिओ माआङ्लो तायाखिमओ ऩङ्दा प़मा नि मिनाङ। इन्नि सेमुना साकेन्वा भुङ प़मा नि मिनाङ। मोदा युङाङ्याङ हेदा ङा अ़ङ्को मिचिऩङ मोत्नि लिसादेङ सिरिफा तोक्तुङदेङ अक्दु चेप्मातोक्मा दोरुङ्कि मो ङा चेप्टुङ। बुया तायामि कि सान्दिवामा मुवाङ्ओ सिरि सिसु सिक्छ्या विकास चोङ तायाखिम सिन्द्राङ कि अ़ङ्का चुक ढुवाटाङ्मा याक्डाङाओ 'सेमुना साकेन्वा सांस्कृतिक समाज यलाखोम' निपाङ अ़-अक्ढाङ सिरिफादा टेप्माकि छेन्बिभुङ एम्मा दुम मुङ। मो दुम्आ छाङ बड्ढे अ़ङ कोङ चानुवा। बुङ्वाखाओ १९ अउ पुक्खालेन बड्ढे खान्नुलो लिसाओ युङ्याङ। दाप्मिलुङ टेन्टुवाओ ढुवाटाङ अरुनादेवि राइ, अढुवा तावाङ्चि, लेसामि सिन्तामिचि टोप्पाङ डम्बरसिं सुप्तिहाङ राइ, बान्तावाखिमओ ढुवाटाङ कुमार राइ, सहसचिव सिरिकुमार पुमा राइ, गंगाराम राइ, मोहन सुप्तिहाङ, मनि बान्तावाचिसुत्दा सिन्कासिन लिसाओ युङाङा।

टेन साप्टेनदा रङ्बिलाम तालाओसा कोन्मा, थाङ्मादा नेक्याङ। खोन नुछाङ लामओ नुत्नुत्वा मुमदा हान्छे सावा ख़न्मादोत। वाकाक, थात्वा लामचि मुमा पुङ्सा नुछाङ काचि मान्मुमाङ मोहात्नि ङा लाङ लोङ युङ्याङ। ठोङ-ठोङदा लाम भुङसाखारा युङ्सा। लाम मान्सेङ्माङ ऱङ्बि काटुङ्चि छोसावा ङे लोमाचि मदोत। मोहाकोदा म़ना मखुन्कि आलाम फाल्लाम मचयाङ। ओको खेपि जन्तेढुङ्गा कि कटुन्जेदाओ खिम, छेन्वाखिम सिन्द्राङ म़ना खाराङा हेदा कोन्मा लिसाओ लामदा याङ्वामा छाङ फेका ठोङदाङ्का ढेत्मा लिसा।

बङ्सिला घाटा, उदयपुर खोटाङ, रानिटार, आमचोक भोजपुर, चुहार भोजपुर, उदयपुर चतराघाटा, सुनसरि, उदयपुर ढिसाप्टेनचि म़चोक्याङ्ओ वाकाक लामचिदा २०८० दोङ्दा बड्ढेकाखेपि आलाम-फाल्लाम च़मा लिसाओ युङ्याङ। कोन्मा काचिदा भोजपुराओ हतुवा, सिन्द्राङओ अ़ङ छेन्वाखिम माक्साहुतदा सायापा, छोक्छाचि ग्यानु राइ कि राजेस राइसुत्दा तान्लान्काउ बेन टेन स़ङ् कुवालेङ्लेङ युङाङा।

छेन्वा ब़ब़-बुसुनिमाचि, निछा-नाम्मितचि कोइ इटहरि नालो कोइ यलाखोम कि निहाङ्होनतारि मयुङ्याङ। राजेस छोक्छाओ तायामा कि नाङ्छाचि बुङ्वाहाङ कि तायाहाङआ माक्साहुत अहुङ्याङ। आराङ ऱङ्नि-झ़ङ्नि दिवा गजमान दुब्देङहाङ कि दिमा रसिमाया ताङ्लुक्वामाआ अकोप्टाचुओ व़क्टुखा चाच़ङ्ला लिसाखारा रछ।

आराङ स़ङ, सित्चा मुयाङ्सा, छेङ्गारा, पित खोक्लिभेप्लो चान्ताङ्याङओ बेनदा लुङ्च़ङ्ओ 'गोठाले छाम'ओ मित्मायुदा मो टोप्पे राखेत, हिङ्खुराङ होङ्कु, खेरेक्लाचिओ लावाछाप मोक्सि ताङ्लाङ। ग्यानु छोक्छाआ लावाछाप कि भिडियोचि मोक्टुचि। मो रङ्चि भोजपुरा सिन्द्राङओ रङ्गि मयुङ्याङ।

ओबेन आन्काउ काचि मुखा व़क्चि खोक्लिखा मलिसाओ खाङ्च़ङ्कि बड्ढे अ़ङ सोम तुआखारा। अ़ङ दिवा गजमान दुब्देङहाङ राइओ अयाम्पोक भेप्लो ऱसा-मान्ऱसा युङ्सुदोओ माक्साहुतदा दिवा-दिमा, पापा-मामाचि मित्सा अ़क नाम्प़क याक्मा लिसा।

अमाङ्कोलेन छोकुभेन अवतारि माङ्थाना मोन्टेन खारिन्का। सेवा, साया दोत्मा लिसादेङ थाङ्मालाम लासिन्का। लामद़कदा सिरि सिसु सिक्छ्या विकास चोङ तायाखिमओ बुक्लुङदा तान्लान्का। मो बेन तायाछाचि मएवाचि पेलेलेवा हाङ्होन छाम मलुवाङ। आन्कान्का छाङ अक्दु एविन दिसिन्कावो याआङा। ढिसान्दिवा दलबहादुर राइ, सान्दिवाचि रामप्रसाद राइ, हाङकुमार राइ, सान्दिवामा निरु राइ 'अल्पभासि' सिन्द्राङदाउ टेन्पाङ्चि ङा मयुङ्याङ। टेम्मारियुओ सान्दिवाचि छाङ मयुङ्याङ रछ। सिन्कासिन मुन्का।

मो तायाखिम आराङ अ़ङ्का खिप्मा पुङ्साङ्च़ङ्ओ कि इदेङ सान्दिवामा छाङ मुवाङ्ओ युङ्याङ। मो मित्मायुदा अ़क्तेत जन्तेढुङ्गादा बुङ्वाखा सिरिफा तोक्तुङहेदा चेप्टुङ्ओ वात्नि छेन्बिभुङ एम्मा, माआङ लो छेन्बि फामायु दुम नि मिनाङ्कि मोहात्नि नुचक-नाचक ४१/४२ दोङ्दा म़ना तालाओ युङाङा। 'चङ्मायुमा छेन्बिभुङ' एम्माओ दुमदा ढिसान्दिवा सेनुङदेङ अ़ङ मिचिऩङ फान्टा। तायाखिम्ओ ऩङ्दा व़क खित्मा दोराङाओ रछ। मो दुमदा अक्ढुवा अ़क सुपि छुक भुङ कायाङ फामा लिसा।

मोदाङ्का आन्केन्का घोडेटार खिइन्ला तान्लान्काओ युङाङा।

# आकिम चाला दस इस्याङ भुम्या ठोत्सा



समाजए भुम्या पर्ब ठोत्सा मातहतको जिल्ला कार्यसमिति, भ्रातृ संस्थापालिकाइ वै ङाहुले नाहुदु । जिल्ला कार्यसमितिकाइ उस्ते-उस्तेबाङ जिल्ला होःदु भुम्याथानिङा भुम्या ठोत्सा निर्देशन पिहुले नाहुदु । तोको प्रगति बिबरण केन्द्रङा ठोसा ङाहुले नाहुदु । तोओनि भ्रातृ संस्थापालिकाइ भुन्या भुम्या गोकेश्वरङा ठोत्सा केल्सा ङाहुले नाहुदु ।

काठमाडौं । काठमाडौं होःचा रायोङ्दु थामी डातिए का खेपको भुम्या पुजा(उभौलि पर्व) काठमाडौंको गोकर्णेश्वरङा ठोत्सा तयारि थाले निदु । नेपाल थामि समाज केन्द्रिय कार्यसमितिए काको तयारि लोङुले नाहुदु ।

समाजए काको लागि ललितपुरको सुरथ थामिको संयोजकत्वते आयोजक समिति गठन लोङुले नाहुदु । यादु ५ काखुर्चा चाला(बैशाख)ङा कोटेश्वरते होःदु समाजको केन्द्रिय कार्यालयते होःदु बैठकए सुरथको संयोजकत्वते मुल आयोजक समिति गठन लोङुदु थादु निदु । बैठकते बाग्मति प्रदेश सांसद ठुला थामि, दोलखा बिगु गाउँपालिकाको उपाध्यक्ष देबिका थामि लगायतको शार्शिमिपालि सहभागि थायोङ्दु निथ्यो ।

नेपाल थामि समाजको अध्यक्ष रणबहादुर थामिए काठमाडौं, ललितपुर ङा भक्तपुर होःचा रायोङ्दु थामि डातिको लागि गोकर्णेश्वरङा भुम्या पर्ब ठोत्सा तयारि थादु खाम लोङुनो ।

तोए यासिन्,'थामि डातिको भुम्या जेखा पर्ब थादु । प्रत्येक बर्षको आकिम चाला(जेठ) पुर्णेको इस्याङ उभौलि पर्ब भुम्या ठोत्सा पाराइदु । का खेप वै काठमाडौं उपत्यकाङा होःचा रासिदु थामि डातिको लागि निए गोकर्णेश्वरङा भुम्या ठोत्सा तयारि थाले निदु । काको लागि निए आयोजक समिति गठन लोङ्वाले नावादु । का खेपको भुम्या ठोत्सा साक्खाले थामि डातिकाइ गोर्णेश्वरङा केल्सा निए ङावाले नावादु ।'

समाजको अनुसार भुम्या ठोत्साको तयारिकाइ यासित १० आकिम चालाको इस्याङ तयारि लोङ्सिले निदु । भुम्या पर्ब गोकर्णेश्वरते निदु सहिद पार्कङा ठोत्सा तयारी थाले निदु । का खेपको भुम्या ठोत्सा मुल गुरु आपा बाग्तति प्रदेश सांसद ठुला थामि तय थाले निदु । ठुलानामा न्योम्बो गुरु आपापालि वै भुम्या पर्ब ठोत्साते सहभागि थासा कार्याक्रम होःदु निदु ।

समाजको अध्यक्ष रणबहादुरए यासिन्,'का खेप धुमधामनामा भुम्या ठोत्सा तयारि थाले निदु । का खेप भुम्या ठोत्सा मुल गुरु आपा बाग्मति प्रदेश संसद ठुला थामि तय थाले निदु । तोनामा न्योम्बो गुरु आपापालि वै सहभागि थासा तयारि थाले निदु । काको लागि निए देशेङिनि गुरु आपापालि उरोउवाले नावादु । का खेप भुम्या वै धुमधामको थादु निको आशा होःदु ।'

थामि समाजए का भुन्दा हाविको उधौलि पर्बको भुम्या वै गोकर्णेश्वरङा नै ठोतुदु निथ्यो । भुम्या ठोत्साकाइ काठमाडौं, ललितपुर, भक्तपुर मत्तै माथातिनि मुलुकभरको थामि डाति गोकर्णेश्वर केल्योङ्थ्यो । तो बेरेङको भुम्या वै धुमधामनामा ठोत्सिले निथ्यो । भुम्या ठोत्सा दोलखाङिनि गुरु आपापालि केल्सिले होःथ्यो ।

समाजए आपाकालेङङिनि गोकर्णेश्वरङा भुम्या ठोत्सा लागाइसिले होःदु । काको लागि समाजए तोङा जेखा भुम्या थानि खेमुले नाहुदु । भुम्या थानिको यासिते पाँच रोपनि राङ वै खालाम्सिले होःदु । तो राङ समाजको नामेते केल्को दुम्सिले होःदु । तो राङ खालाम्साकाइ समाजको नालेङको अध्यक्ष रणबहादुरए जेखा योगदान लोङुले नाहुथ्यो ।

काठमाडौं उपत्यकाङा होःचा रायोङ्दु थामि डातिए का भुन्दा हावि ललितपुरको हातिरुङङा भुम्या ठोत्सा रायोङ्थ्यो । तर, तोङा भुम्या ठोत्सा भुम्याथानि माहोथ्यो । तो थादुए न्योम्बो डातिको थानिते याते भुम्या ठोत्को माइथ्यो । तर, गोकर्णेश्वरङा गुरि नालेङा थामि डातिकै लागि भुम्याथानि खेम्सिले होःदु । तो थादु नन्को इस्याङा काठमाडौंङा होःचा रायोङ्दु थामिपालिए गोकर्णेश्वरङा याते भुम्या ठोत्सा इथायोङ्दु ।

समाजए भुम्या पर्ब ठोत्सा मातहतको जिल्ला कार्यसमिति, भ्रातृ संस्थापालिकाइ वै ङाहुले नाहुदु । जिल्ला कार्यसमितिकाइ उस्ते-उस्तेबाङ जिल्ला होःदु भुम्याथानिङा भुम्या ठोत्सा निर्देशन पिहुले नाहुदु । तोको प्रगति बिबरण केन्द्रङा ठोसा ङाहुले नाहुदु । तोओनि भ्रातृ संस्थापालिकाइ भुन्या भुम्या गोकेश्वरङा ठोत्सा केल्सा ङाहुले नाहुदु ।

समाजको अध्यक्ष रणबहादुरए यासिन्,' जिल्लाङा होःयोङ्दु थामिपालिकाइ भुम्या ठोत्सा निर्देशन पिवाले नावादु । काको लागि जिल्ला कार्यसमितिए सहजिकरण लोङ्सा निर्देशन पिवाले नावादु । भ्रातृ संस्थाको हकते गुरि गोकणेश्वरते नै केल्ते भुम्या ठोत्सा ङावाले नावादु ।'

## गोरखापत्रको १२४औं बार्षिकोत्सब धुमधामनामा थाहान




**काठमाडौं ।** गोरखापत्रए स्थापनाको १२४औं तथा सँस्थानको ६२ औं बार्षिक उत्सब धुमधामनामा मानाइले नाहुदु । यादु २४ कार्खुचा चालाङा गोरखापत्रए उस्तेको बार्षिक उत्सब मानाइदु निथ्यो ।

राष्ट्रिय सभा गृहङा थादु कार्यक्रमते सुचना तथा प्रबिधिमन्त्रि रेशा शर्मा, सुचना तथा प्रबिधि मन्त्रालयको सचिव रामकृष्ण रेग्मि, नेपाल पत्रकार महासंघको अध्यक्ष बिपुल पोखरेल, बरिष्ठ पत्रकार ध्रुबहरि अधिकारि लगायतको शार्शिमि सहभागि थाथ्यो । कार्यक्रमते सन्चारमन्त्रि शर्माए गोरखापत्र नागरिक ङा जनताबिचको आलाको थाको माइदु खाम लोङुनो ।

कार्यक्रमते तोए यासिन्,'गोरखा पत्रको उस्तेको इतिहास होःदु । का जनता ङा सरकारको आला थाको माइदु । जनताको समस्या गोरखा पत्रए चाबुको माइदु । सरकारकाइ खबरदारि लोङ्को माइदु । तोनि थाहान्य मत्तै गोरखा पत्र जनताको लोङ्सा होःसा थाङुदु ।'

तोवनि कार्याक्रमते नेपाल पत्रकार महासंघको अध्यक्ष बिपुल पोखरेलले गोरखापत्रए आलोचात्मक चेतकाइ चाबुसा थाङ्सा पर्न्या खाम लोङुनो । तोए यासिन्,' गोरखा पत्रको लेखशैलि फरक निदु । गोरखपत्रए आलोचात्मक चेतकाइ चाबुसा थाङ्को मायदु । पत्रकारिताको धर्म यासिदु नै त्यही थादु । गोरखापत्रए सरकारको आप्रा पक्षको बारेङा मत्तै माथातिनि माप्रा माथादु पक्षकाइ वै जनताते हेन्सा थाङ्को माइदु ।'

गोरखापत्र संस्थानको अध्यक्ष बिष्णु सुबेदिए गोरखापत्र दिगोरे सरकारि अड्डा मत्तै माथातिनि गौरबशालि इतिहास थादु खाम लोङुनो । तोए यासिन्,'गोरखा पत्र दिगोरे सरकारि अड्डा मत्रै माथा । इतिहास चाबुहुदु गौखबशालि सँस्था थादु निदु । काए नेपालि पत्रकारिताको इतिहास चाबुहुले नाहुदु । नेपालि पत्रकारिताङा काको बिशेष ठाइ होःदु ।'कार्यक्रमते गोरखा पत्र बहुभाषा पृष्ठसंयोजक कुमार बिबेकानन्द मिश्रकाइ गोरखापत्र क्रियाशिल पत्रकारिता पुरस्कार पिसिले होःथ्यो ।

तोवनि गोरखा पत्रको सहसम्पादक राजेश चाम्लिङ राइ, जुजुकाजि रन्जित, संगिता खड्का, सरोज ढुंगेल, नायक पौडेल, मनोरञ्जन शाहीकाइ पुरस्कार तथा सम्मान पिसिदु निथ्यो । तोवनि प्रेमप्रसाद अधिकारि, जिवछ यादव, केदारनाथ तिमल्सिना, अर्जुन काफ्ले, दिवाकार पाखेरेल, राजु लामिछाने ङा चाँदनी आचार्यकाइ वै सम्मान लोङ्सिद निथ्यो ।

# थामि भासाको पाठ्यपुस्तक तयारि अन्तिम चरणते



**काठमाडौं ।** नेपाल थामि समाजए थामि भाषा लेखन शैली, पाठ्यक्रम ङा पाठ्यपुस्तक लेखन तयारिको बिषयते बृहत तोयोमोयो लोङुले नाहुदु । कोटेश्वरत निदु समाजको केन्द्रिय कार्यालयङ यादु २२ काखुर्चा चालाको इस्याङ तोयोमोयो थादु निदु ।

तोयोमोयोते थामि भाषाविद् रमेश थामि 'छड्केसलाम', पत्रकार टेकराज थामि, थामि शार्शिमि देबेन्द्र दुङ्सुपेरे 'उछि', नेपाल थामि समाजको पुर्वसल्लाहकार रामकाजि थामि, सुरथ थामि लगायत सहभागि थाले होःथ्यो । तोयोमोयोते थामि भाषा लेखन शैली, पाठ्यापुस्तक ङा पाठ्क्रमको बारेते छलफल थाले होःथ्यो । कार्यक्रममा भाषाविद् रमेशए थामि भाषा लेखन शैलि ङा थामि भाषा पाठ्यपुस्तक कक्षा दिको बिषयबस्तु प्रस्तुत लोङुले नाहुथ्यो । तोवनि टेकराजए थामि भाषा पाठ्यपुस्तक कक्ष निसको पाठ्यपुस्तकको सामाग्री प्रस्तुत लोङुले नाहुथ्यो । कालिन्चोक गाउँपालिकाको सहयोगते नालेङ कक्षा दिङिनि कक्षा सुमतेका पाठ्यक्रम ङा पाठ्यापुस्तक सेलेङ्सा तयारि अन्तिम अवस्थाते यालेत्ले होःदु । पाठ्यक्रम गुर कक्षा दिङिनि कक्षा आठतेका खेम्सा तयारि थाले निदु ।

कक्षा दिको पाठ्यपुस्तक रमेशए लेखाइचा राहुले नाहुदु । कक्षा निसको पाठ्यपुस्तक टेकराजए लेखाइचा राहुले नाहुदु । तोवनि कक्षा सुमको पाठ्यपुस्तक डम्बर थामिए लेखाइचा राहुले नाहुदु । पाठ्यक्रम लेखाइ जेत गुरि रामबहादुर खड्काए लेखाइचा राहुले नाहुद । तोवनि लेख शैली गरि रमेशए नै लेखाइचा राहुले नाहुदु निदु । पुस्तक खेम्साते भाषा आयोगको प्राविधिक सहयोग होःदु निदु । तोविन प्राज्ञिक सल्लाहकार गुरि त्रिभुवन विश्वविद्यलायको उपप्राध्यापक डा. तारामाणि राइ होःदु निद । पुस्तकको लागि खेम्सिदु मस्यौदा सामाग्रि नेपाल थामि समाजनामा भाषा आयोगङा चिखेत्सिको दुम्सिले होःदु । साखाले शार्शिमिए पुस्तक आप्रा बनइसिदु प्रतिकृया पिहुले नाहुदु ।

नेपाल थामि समाजको महासचिब सरण थामिए लेखाइसिदु पुस्तकको मस्यौदाको बिषयते बृहत तोयोमोयो थादु खाम लोङुनो । साखाले शार्शिमिपालि आप्रा प्रकृया पिहुदु खाम वै तोको होःदु निदु ।

तोए यासिन्,'थामि भाषाको पुस्तक लेखनको जेत अन्तिम तयारिते यालेत्ले होःदु । काका लागि निए बृहत तोयोमोयो लोङ्वान् । का आवश्यक नै निथ्यो । काको लागि निए थामि शार्शिमि देशे-देशेङिनि उरोउवान् । तोए आप्रा सल्लाह सुझाब पिइन् । का निको लागि जेखा खाम थादु निदु । तयारि पुस्तक नन् निए गाउँपालिकाङा पिवादु । त्याङ पढइसा सम्बन्धित पालिकाको पारसालङा पिवादु ।'

थामि भाषाको पुस्तक कालिन्चोक गाउँपालिकाको थामि डाति होःयोङ्दु पारसालङा पढइसा तयारि थाले निदु । का पुस्तक रादु सैक्षिक सत्रङिनि नै पठनपाठनते हेन्सा तयारि थाले निदु । काका लागि शिक्षकको दरबन्दि वै सिर्जना लोङ्सा तयारि थाले निदु । बिशेषरि थामि डातिको कालिन्चोक गाउँपालिकाको सुन्द्रवति, लापिलाङ, बाबरे, टुवाँपा, कुतिस्याङ, क्याङपोल, कालिन्चोक देशेङा जेखा बस्ति होःदु । लेखाइसिदु पुस्तक त्यहि देशेङा होःदु पारसालङा पठनपाठन लोङ्सा तयारि थाले निदु ।

नेपाल थामि समाजको अध्यक्ष रणबहादुरए यासिन्,'थामि भाषाको पुस्तक यही शैक्षिक सत्रङिनि पठनपाठनते हेन्सा तयारि होःदु निदु । काका लागि साक्खाले तयारि थाको दुम्ले होःदु । गाउँपालिकाकाइ शिक्षकको दरबन्दि ब्रेन्सा वै निए ङावाले नावादु । गाउँपालिका का बिषयते सकारात्मक होःदु निदु । का थामि डातिको लागि ऐतिहासिक जेत निदु । कक्षा दिङिनि सुम कक्षातेका पुस्तक पठनपाठन सुरु थाङलिबि निए बेगाले कक्षाको पाठ्यपुस्तक वै निए खेम्वादु । काका लागि वै गाउँपालिका सकारात्मक होःदु ।'

उछिगा खिसा

## टिभि ङा रिमोट

टिभि ङा रिमोट आप्रा बान थादु निदु । दोवाङ सँधै मिलाइते हुचापालीकाई आप्राआप्रा दृश्य चिखेत्योङ्थ्यो । दि उनी रिमोटको मन ङा लागायान्,'गाई बिना टिभि माचलाई । तर, मिपालीए सँधै टिभिको मात्रै चर्चा लोयोङ्दु । गाईकाई वास्ता नै मालोयोङ् ।' रिमोटकाई रागे लेत्ताले । तो सिरक दुङ्ङा शुल्सिताले । तोए टिभिकाई ङातोले,'नन् गाई प्रिङा मालेत । नाङकाई नन् मीए कुनी योयोङ्दु रेसो योःको नी ।'

टिभिकाई वै रागे लेत्ताले । तोए रिमोटकाई ङातोले,'उच्याचा थाते जेखा खाम मालोङो । गाई महत्व जेखा होःदु । त्यही थाते मिए गाईकाई योयोङादु । आरिस लोङ्ते जादु ?' रिमोटकाई झन झोक चलाईताले । तोए मेसो जेखाजेखा लोङ्ते टिभिकाई ङातोले,'नाकाई चलाईसा गए हो । नाकाई गए कन्ट्रोल लोङुन्दु । जेखा खाम मालोङे ।'

टिभि रागेए चुर थाताले । नाटे ङा कुल्ना डिङडिङ थाताले । मेसे गोलभेडावनी थाताले । तोए रिमोटकाई ङातोले,'मिको नझर गाइते थादु । साःखाए गाईकाई योयोङादु । गाईको देशेङा बइन चलाईदु । नाङ गाईको कोन्टे वै मासुहाई । जेखा खाम मालोङे । त्यही बेला झ्याप्पै बिजुली याताले । टिभी सुमाक्का थाते । रिमोटको वै ब्याट्रि सिप्ताले । रिमोट वै सुमाक्का थाताले ।

## दोलखाङा त्रिपन्न जनानामा बैधानिक हतियार

**दोलखा ।** दोलखाङा बैधानिक तवरए हातियार नाःसा अनुमति ५३ जनाए मत्तै खालाम्योङ्ले नायोङ्दु । तो मध्ये १६ जनाए मत्रै नियम अनुसार नियमित नविकरण लोङ्चा रायोङ्ले होःदु ।

जिल्ला प्रशासन कार्यालय दोलखाका अनुसार बिशेषगरि पन्चायतकालिन नेता, प्रशासक, सेना ङा प्रहरिको पूर्व कर्मचारिए हतियार नाःसा अनुमित कायोङ्ले नायोङ्दु । तो मध्ये आहे जसो हतियार नाःसा अनुमित द्धन्दकालङा काइसिले होःदु । तोबाङए बाराबोरको दि नाल्या बन्दुक, टोटावाला जोर नाल्या, दि नाल्या बन्दुक, निस नल्या ब्रिज बोटिङ, २२ बोरको राईफल लगायतका हतियार नाःसा अनुमति कायोङ्ले नायोङ्दु ।

निजी सुरक्षाकाइ यासिते हतियार नाःसा बैधानिक ब्यबस्था होःदु । तर, कतिपयए तोवनि काइसिदु हतियारकाइ दुरुपयोग वै लोङ्चा रायोङ्ले होःदु । निजी सुरक्षाको लागि कानुनि रुपते हातहतियार नःसा इखालाम्सा ब्यबस्था थादुए तोको दुरुपयोग थासा मापिसाकाइ नियमित नविकरण चिलोङ्सा तथा कानुन पालना लोङ्सा सचेत चिलोङ्सा प्रमुख जिल्लाअधिकारी टुवराज पोखरेलए यासिन् ।

तोए यासिन्,' जिल्लाङा नाका हतियारकाई यासिते ईजाजत पत्र माकेल्ताकि । द्धन्द्धकालकै समयते काइसिदु हतियार नामसारि लगायतको जेत थाचा राले निदु । अनुमति कायोङ्दु मध्ये आहे जासे नविकरणको लागि माकेल्योङ्ताकि ।'

दोलखाङा बेला-बेलाङा हतियार बरामद तथा बेवबरिसे हतियार इभेटाइचा राले होःदु । अबैध हतियार प्रयोग लोङ्ले आहारे नाम्पास क्रम वै जेखा होःदु । तोवनि हतियार त्राःते मि वै सियोङ्ले होःदु । जिल्ला प्रशासन कार्यालय दोलखाको तथ्यांक अनुसार जिल्लाङा हतियार नाःसाकाइ यासिते ५३ जनाए मत्तै अनुमति कायोङ्ले नायोङ्दु निदु ।

तोमध्ये जिल्ला प्रशासन कार्यालय दोलखाङिनि १६ जनाए मत्तै नियमित नविकरण चिलोयोङ्दु खाम कार्यालको नायव सुव्वा हरीराम न्यौपानए यासिन् । हातहतियार नाःसाकाइ इजाजत कायोङ्दुपालिए प्रत्येक वर्ष नविकरण चिलोङ्सा ब्यबस्था होःदु निदु ।

कविता

## निको पुर्खा



■ टेकराज थामी

निको बेते आजीए, पाङ्कु फाहुनो दारेङा
निको पुर्तुङ कारिको, जेखाजेखा सारेङा
निको उके छुकुए, बाल्दाने नाहुनो आजाते
मारुनी बाज्या उश्याकान्, मुरलीको बाजाते
निको सोनारी आजीए, लुकुनी ताकुनो लाङ्गाते
सोनारी छुकु आमिह्यान, आदुआदु भाङ्ग्राते

### गाइको नेमे खेरते

गाईको नेमको लाङ्गाते
पाङ्कु युहान दारेङा
परेवाए कारिहुदु
जेखाजेखा सारेङा
झरी युहान दरर
भुम्याथानी देवाङा
शार्शीमी हामी याहान्
संस्कृतिको सेवाङा
राङते निदु पोटोङते
फाशा केलान सरर
ङ्याकाणेङ निदु वाणीङा
फिर्क्या हुवान फरर

### गाइको दैनिक जिवन

बाछिन्टेको वागारेङा
आपानामा स्रेःङान गाई
उगो कुल्सा पाङ्क, फासा चावाङादु दारेदाई
झोलाङिनि किताव काइते,
पढइसिङान हुनामा, आमानामा आयुत्ते
ओलन च्याङान दुनाङा
आल्तारेङ ख्वात्सिते
सँधै स्कुल याङादु
तेतेनामा बोढाइतुङले

सोला च्याङादु, स्कुलङा याताङाले
बानपालीनामा होःङादु
गुरुआमाकाई आयुत्ते
ट्वाइलेट द्रोःङादु, स्कुल छुट्टि थाङालिबि
नेमदुङ्ङा याङादु
आप्रानामा पढइसिते
सँधै हावि याङादु, बुबुमान च्याताङाते
तेतेनामा आमिङान्
दुको आल्माङ नितुङले
आठे आरिङान

# बाग्मति प्रदेसङा तामाङ ङा रोइमि भासा नन् सरकारि जेतते

**काठमाडौं ।** बाग्मति प्रदेश तामाङ ङा रोइमि भाषा सरकारि जेतते प्रयोग थाले निदु । यादु २४ कार्खुचा चालाङिनि बाग्मति प्रदेश मातहतको साक्खाले सरकारि कार्यालयङा तामाङ ङा रोइमि भाषा सरकारि जेत प्रयोग थाले निदु ।

बाग्मित प्रदेशङा तामाङ ङा रोइमि डातिको जेखा बसोबास होःदु निदु । उस्तेबाङको भाषा सरकारि जेतते प्रयोग एथा यासिते तोबाङ जेखा कालेङका आन्दोलनते सहभागि थाचा रायोङ्दु निथ्यो । बाग्मति प्रदेश यादु १२ कार्खुचा चालाङा तामाङ ङा रोइमि भाषाकाइ सरकारि जेतते प्रयोग लोङ्सा निर्णय लोङुथ्यो । तोको कार्यन्वयन गरि २४ कार्खुचा चालाङिनि थाहान् ।

बाग्मति प्रदेशको मुख्यमन्त्री सालिकराम जमरकट्टेलए बाग्मति प्रदेशङा तामाङा ङा रोइमि डातिको जेखा बसोबास थादुए तोबाङए चिज्यायोङ्दु भाषाकाइ सरकारि जेतको भाषा यासिते कार्यन्वयनते केल्सिदु खाम लोङुनो ।

तोए यासिन्,'बाग्मति प्रदेशङा तामाङा ङा रोइमित डातिको जेखा बसोबास होःदु । तोबाङए चिज्यायोङ्दु भाषा समुह जेखा होःदु । तो थादुए निए प्रदेश मातहतको साखाले कार्यालयङा सरकारि जेत तामाङ ङा रोइमि भाषा प्रयोग लोङ्सा निर्णय लोङ्वान् । का जेत संविधानको मर्म अनुसार लोङ्सिदु निदु ।'




बाग्मति प्रदेश तामाङ ङा रोइमि भाषाकाइ सरकार जेत प्रयोग लोङ्सा घोषणाको लागि काठमाडौंङा जेखा कार्यक्रम लोङुदु निथ्यो । कार्यक्रमते प्रधानमन्त्रि पुष्पकमल दाहाल 'प्रचण्ड' वै सहभागि थादु निथ्यो । तो इस्याङ प्रदेश प्रदेशभर सार्बजनिक बिदा वै पिहुले नाहुथ्यो । तोवनि काठमाडौं महानगरपालिकाए वै तो इस्याङ महानगरपालिकाभर बिदा पिहुले नाहुथ्यो ।

तामाङ ङा रोइमि भाषाकाइ बग्मति प्रदेश सरकारि जेत प्रयोग लोङ्ङालिबि सम्बधित डाताको मिपालि ताङ्याङ्ले होःथ्योङ्दु । तोबाङए २४ काखुर्चा चालाको इस्याङ साँस्कृति झाँकिनामाको कार्यक्रम लोयोङ्दु निथ्यो । बाग्मति सरकारको जेता आप्रा थादु यासिते तोबाङए बिभिन्न कार्यक्रपालि वै लोयोङ्थ्यो ।

# ‘योजना बनाउनेभन्दा बाँड्ने र खाने मनोविज्ञान’

**काँक्रेविहार समाचारदाता**
*सुर्खेत, वैशाख २८ गते*



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले राष्ट्रिय ढुकुटीको वितरण असमान रहेको टिप्पणी गर्नुभएको छ। प्रदेश राजधानी वीरेन्द्रनगरमा शुक्रबार आयोजित सङ्घीयता सुदृढीकरण तथा संविधान कार्यान्वयन विषयक कार्यशाला गोष्ठीमा सहभागी भएका मुख्यमन्त्री कँडेलले राज्यकोषको असमान वितरणका कारण कर्णाली पछाडि परेको बताउनुभयो।

पर्याप्त जनशक्ति परिचालन गरी कर्णाली प्रदेशको समृद्धि र विकासको सपना पूरा गरिने दाबी पनि उहाँले गर्नुभयो। उहाँले कुल बजेटको दुई प्रतिशत मात्रै आम्दानी हुने कर्णालीमा चाहेको विकास हुन नसकेको टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो, “योजना छनोटमा गतिलो थिति बस्न सकेन। योजना माग्न जनताले आफैँ मन्त्रालय धाउनुपर्ने अवस्था अन्त्य हुनु पर्छ। त्यसरी योजना माग्न आउनेमा पनि योजना बनाउनेभन्दा बाँड्ने र खाने मनोविज्ञान छ।”

उहाँले जलस्रोतका हिसाबले धनी कर्णालीलाई सदुपयोग गर्न नसकिएको बताउनुभयो। उहाँले कर्णाली जलउपयोगी स्रोतमा आधारित योजना अभिलेखमा थुप्रै भेटिए पनि व्यावहारिक कार्यान्वयनमा नभेटिएको बताउनुभयो।

त्यसै गरी **छिन्चु समाचारदाता** *नवीन सुवेदी*का अनुसार मुख्यमन्त्री कँडेलले सार्वजनिक जीवनमा प्रभाव राख्ने क्षेत्रमा समस्या देखाएर कोही पन्छिन नमिल्ने बताउनुभएको छ। बिहीबार निर्माण व्यवसायीसँगको छलफलमा कँडेलले सुर्खेत पश्चिममा निर्माण गरिरहेको बड्डीचौर–खम्बगाडे सडकसहित विकास निर्माणको अवस्था बुझ्दै समस्या देखाएर नागरिकलाई दुःख नदिन निर्देशनसमेत दिनुभयो। सडक स्तरोन्नतिमा देखा परेका अल्झनका सम्बन्धमा नीतिगत गर्न मिल्ने र सकिने सबै प्रक्रियामा सहयोग गर्ने प्रतिबद्धता जनाउँदै कँडेलले सो सडक निर्माणको कामलाई गति दिन आग्रह गर्नुभयो। विकास सहज बनाउनेभन्दा पनि अनेक बखेडा निकालेर नागरिकलाई दुःख दिने काम कुनै पनि हालतमा स्वीकार्य नहुने मुख्यमन्त्री कँडेलको भनाइ थियो।

मुख्यमन्त्रीसँगको छलफलमा निर्माण व्यवसायी दिक्पाल शाहीले रुख कटानमा वनको अवरोध, जग्गा भोगाधिकार, स्थानीय तथा पञ्चपुरी नगरपालिकाको असहयोगका कारण आफूले काम गर्न नसकेको दाबी गर्नुभयो। सडकको ग्राभेलका लागि प्रयोग गरिने नदीजन्य सामग्री पञ्चपुरी नगरपालिकाले निकाल्न नदिएपछि स्तरोन्नतिको काम गर्न नसकेको उहाँको दाबी थियो।

छलफल कार्यक्रममा चौकुने गाउँपालिकाका अध्यक्ष खड्क विकले काम सक्नुपर्ने मिति नजिकिँदै जाँदा दुई वर्षसम्म पनि स्थानीयस्तरमा काम गर्ने वातावरण बनाउन नसक्नु ठेकेदार कम्पनीको गैरजिम्मेवारीपन रहेको आरोप लगाउनुभयो।

विसं २०५१ मा सुर्खेत–बाबियाचौर–बेनीघाट सडक निर्माण सुरु भएको थियो। पूर्वको झापालाई पश्चिमको डडेलधुरासँग जोड्ने सडकका रूपमा लिइएको यो सडक निर्माण भएको लामो समयसम्म पनि स्तरोन्नति हुन नसक्दा जिल्लाको पश्चिम क्षेत्रका बासिन्दा अझै पनि धुलाम्मे र हिलाम्मे भई यात्रा गर्न बाध्य छन्। बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने यो सडकमा कैयौँले अनाहकमा ज्यानसमेत गुमाएका छन्। साँघुरो सडक, खाल्टाखुल्टी र खोलाका कारण यहाँ जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ।

# जुस बेचेर महल ठड्याउने सपना

**धनगढी समाचारदाता**
*धनगढी, वैशाख २८ गते*



*तस्बिर : अविनाश चौधरी*
**धनगढी बजारमा उखु पेलेर जुस बनाउँदै प्रेमलाल राना।**

टन्टलापुर घाममा छहारीका लागि टाँगेको प्लास्टिकको त्रिपालमुनि प्रेमलाल रानालाई उखु ताछ्न भ्याइनभ्याइ छ। यो बेला उखुको जुसको सिजन भएकाले पनि हुन सक्छ, प्रेमलाल निधारको पसिनासमेत नपुछेर उखु ताछ्न व्यस्त छन्।

धनगढी उपमहानगरपालिका–११, जुगेडाका ३० वर्षीय रानालाई गर्मी सिजन सुरु भएयता फुर्सद छैन। राम्रो जुस बनाउन उखुको बोक्रा ताछ्नै पर्छ। त्यसरी ताछेको उखु मात्रै मेसिनमा पेलेर ग्राहकलाई जुस पिलाउनु उहाँको विश्वसनीयता हो। उखु ताछ्ने, मेसिनमा पेल्ने र आएका ग्राहकलाई आइस जस्तो चिसो उखु जुसले तृप्त पार्ने इच्छासँगै धनगढी बजारमै घर बनाउने सपना रहेको छ। गत चैतबाट यसरी नै बितिरहेको छ, प्रेमलालको दैनिकी।

“यो वर्ष चैतदेखि उखुको जुस व्यापार थाले पनि फुटपाथमा उखुको जुस व्यापार गरेको भने पाँच/छ वर्ष भइसकेको उहाँ बताउनुहुन्छ,” उहाँ भन्नुहुन्छ, “आगामी असारसम्म उखुको जुस निरन्तर बिक्री हुन्छ।” प्रेमलालले जुगेडास्थित आफ्नै एक बिघा खेतबारीमा उखु रोप्नुभएको छ। उखु चिनी मिललाई बिक्री नगरी जुस बनाएरै सिध्याउने गरेका रानाले दैनिक ६० केजी उखुको जुस बिक्री गर्ने गरेको जानकारी दिनुभयो।

आइस मिसाए प्रतिगिलास ३० र नमिसाउँदा ३५ रुपियाँमा जुस बिक्री गरेर दैनिक तीनदेखि चार हजार रुपियाँसम्मको कारोबार हुने गरेको प्रेमलालले सुनाउनुभयो। गरिब परिवारका प्रेमलालसँग पुर्ख्यौली जग्गा भए पनि बास बस्न राम्रो घर छैन। आसपासमा छिमेकीले पक्की घर बनाइसके पनि उहाँको परिवार भने माटोको कच्ची घरमा बस्दै आएको छ।

आर्थिक अभावका कारण राम्रो घर बनाउन नसकेका प्रेमलाल जुस व्यापार गरेर पक्की घर बनाउने अठोट लिएको बताउनुहुन्छ। “एउटा पक्की घर बनाउने मेरो सबभन्दा ठुलो सपना हो,” रानाले थप्नुभयो, “जुस बेचेर बनाउँछु भन्ने आशा छ। यस वर्ष व्यापार गरेर घरका लागि इँटा खरिद गर्छु।”

चैतदेखि असारसम्म चार महिनासम्म उखुको जुस व्यापार गरेर तीन लाख रुपियाँसम्म आम्दानी गर्ने योजनामा उहाँ हुनुहुन्छ। बिहे गर्दा लागेको ऋण तिर्न समय लागेकाले पक्की घर बनाउन नसकेको उहाँको भनाइ छ। उहाँले थप्नुभयो, “गाउँको समूहबाट तीन लाख रुपियाँ ऋण लिएको थिएँ। चर्को ब्याजका कारण त्यही ऋण तिर्न कैयौँ वर्ष लाग्यो। अब ऋण सकियो।”

सामान्य हरहिसाबबाहेक लेखपढ गर्न नजानेका प्रेमलालले गरिबीकै कारण पढ्न सक्नुभएन। आफूले पढ्न नपाए पनि दुवै छोरालाई धेरै पढाउने उहाँको रहर छ। “जेठो छोरा अहिले स्कुल पढ्दै छ भने कान्छो घरमै बस्छ, ठुलो भएपछि स्कुल जान्छ,” उहाँले भन्नुभयो।

# करार कर्मचारीले चलाउँछन् प्रदेश कार्यालय

**खलङ्गा समाचारदाता**
*जाजरकोट, वैशाख २८ गते*

प्रदेश सरकारमातहतका कार्यालय करार कर्मचारीका भर्तीकेन्द्र भएका छन्। प्रदेश सरकारले दरबन्दीका कर्मचारीको व्यवस्थापन नगरेपछि यस्तो समस्या आएको हो।

प्रदेश सभाका दुई वटा क्षेत्र, सात वटा स्थानीय तह रहेको जाजरकोटमा जनताको प्रत्यक्ष सम्बन्ध जोडिएका कार्यालयमा दरबन्दीका कर्मचारीको पदपूर्ति नहुँदा कार्यालय प्रमुखसहित प्राविधिक सहायक एक गरी दुई जना दरबन्दीका र बाँकी सबै नौ जना करारका प्राविधिकबाट कार्यालय चलेको छ।

कृषि विकास कार्यालयमा ११ जना कर्मचारीको दरबन्दी भए पनि दुई जना स्थायी र अन्य सबै करार सेवामा कार्यरत छन्। कार्यालय प्रमुख महेश आचार्यका अनुसार प्राविधिक सहायक टोपबहादुर नेपाली, प्राविधिक सहायक वीरेन्द्र अधिकारी विगत चार वर्षका लागि अध्ययन बिदामा गएपछि टोपबहादुर नेपालीको फाँट खाली छ। प्राविधिक सहायक वीरेन्द्र अधिकारीको फाँटमा करार सेवामा कार्यरत कर्मचारीले जिम्मेवारी समालेका छन्। कार्यालयमा प्रमुख महेश आचार्य, प्राविधिक सहायक पाँचौँ तहका नवीनराज आचार्यबाहेक सबै कर्मचारी करारका कार्यरत छन्।

कृषि पेसाबाट आत्मनिर्भर किसानलाई सेवा दिने कार्यालयमा प्रदेश सरकारले दरबन्दी अनुसारका कर्मचारीको व्यवस्थापन नगर्दा प्रशासनिक काममा ढिलाइ हुने गरेको छ। दुई जना दरबन्दीका कर्मचारीबाहेक फिल्डमा काम गर्नका लागि करार सेवामा काम गर्दै आएका कर्मचारीले कार्यालय धानेका छन्।

> करार सेवाका कर्मचारीलाई फिल्ड पठाऊँ भने कार्यालयको काम हुँदैन। कार्यालयमा काम गर्न लगाउने हो भने फिल्डको काम हुँदैन। काम गर्न निकै समस्या छ।

कार्यालय प्रमुख आचार्यले भन्नुभयो, “करार सेवाका कर्मचारीलाई फिल्ड पठाऊँ भने कार्यालयको काम हुँदैन। कार्यालयमा काम गर्न लगाउने हो भने फिल्डको काम हुँदैन। काम गर्न निकै समस्या छ।”

प्रदेश सरकारमातहतका कृषि विकास कार्यालय, पूर्वाधार कार्यालय, सामाजिक विकास कार्यालय, पशु अस्पताल तथा पशु सेवा कार्यालय करारका कर्मचारीले धानेका छन्। दरबन्दीका कर्मचारी नहुँदा सेवाग्राहीले पाउने सेवामा ढिलाइ हुने गरेको छ। आर्थिक वर्ष सकिन लाग्दा पनि योजना अनुगमन तथा कार्यालयको काम कसरी गर्ने भन्ने चिन्ताले सताउन थालेको कार्यालय प्रमुख आचार्यको भनाइ छ।

दरबन्दी अनुसारका कर्मचारी व्यवस्था नगर्दा सेवाग्राही तथा कृषि पेसाबाट आत्मनिर्भर किसानले दुःख पाउन थालेका छन्। कृषि क्षेत्रलाई सुधार गरी जनताको जीवनस्तर उकास्न स्थापना भएका कार्यालय कर्मचारीको अभावमा बिरामी पर्न थालेका छन्।

# मासिए धर्मशाला, हराए चौतारा

**गोकर्ण दयाल**
*बैतडी, वैशाख २८ गते*



सडक यातायात सेवा तथा बजार विस्तार भएपछि नुनको कथासँग जोडिएका ऐतिहासिक धर्मशाला र चौतारीहरू मासिँदै जान थालेका छन्। नुन किन्न जाँदा ५० वर्षअघिसम्म भारी बिसाएर बास बस्ने थलोका रूपमा प्रयोगमा रहेका धर्मशाला संरक्षण नहुँदा खण्डहर बनेका छन्। त्यस्तै भरियाले भारी बिसाउने र थकाइ मार्ने चौतारी पनि मासिँदै गएका छन्। स्थानीयस्तरमा बजार विस्तार भएपछि पाटन नगरपालिका–८, खोड्पेमा रहेको ऐतिहासिक धर्मशालामा घँगारुको झाडी उम्रिएको छ।

यस जिल्लामा ३० वटाभन्दा बढी धर्मशाला रहेका छन्। धर्म कमाउन तथा इतिहासकालसम्म नाम राख्न धर्मशाला निर्माण गर्ने र बरपिपलको रुखसहितको चौतारी निर्माण गर्ने परम्परा रहेको पाइन्छ। स्थानीय ढुङ्गाबाट गब्युर (पिरामिड) शैलीमा निर्मित धर्मशाला मानवतावादी नेता जयपृथ्वीबहादुर सिंहका पालामा निर्माण भएको बताइन्छ। वरिष्ठ पत्रकार लक्ष्मीदत्त पाण्डेयले बझाङदेखि बैतडी हुँदै भारतको पिथौरागढसम्म राजा जयपृथ्वीबहादुर सिंहको अगुवाइमा ६० भन्दा बढी धर्मशाला निर्माण भएको बताउनुभयो।

उहाँले भन्नुभयो, “जयपृथ्वीबहादुर सिंहले गोरखापत्रको जागिर छाडेर फर्केपछि उहाँकै अगुवाइमा यतिका धर्मशाला बनेका हुन्। उहाँले भारतको बैङ्लोरमा बसेर मानवतावादी क्लब खोल्नुभयो। त्यति बेला नेपालबाट नुन लिन भारतको टनकपुर र पिथौरागढ जानुपर्ने बाध्यता थियो।”

नुन किन्न हाट जाने बटुवाका लागि बझाङ, बैतडी र डडेलधुराका विभिन्न स्थानमा बास बस्न धर्मशाला बनाइएको जानकारी उहाँले दिनुभयो। अछाम र बाजुरा जिल्लामा रहेका धर्मशाला र पाटीपौवा पनि हराइसकेका छन्।

जयपृथ्वीबहादुरकै प्रेरणाबाट केही धर्मशाला स्थानीय समाजसेवीको अगुवाइमा बनेको बताइन्छ। तत्कालीन इस्ट इन्डिया कम्पनीले झुलाघाटमा झोलुङ्गे पुल बनाएपछि यो नाकाबाट आवतजावत गर्न सुर्नया, पाटन, पुर्चौडी, कठपते र घनघस्याको उकालोमा धर्मशाला बनाइएको पाइन्छ।

प्राध्यापक डा. तारानाथ शर्माले लेख्नुभएको घनघस्याको उकालो सुरु हुने अघोरीगाडमा पनि धर्मशाला रहेको छ तर संरक्षण नहुँदा ढुङ्गा निस्केर छरपस्ट अवस्थामा छ। पाटन नगरपालिका–४ स्थित खुट्किडीको उकालोको धर्मशालाको अवस्था पनि उस्तै छ। पाटन नगरपालिका–६ ठाकुर मन्दिर छेउमा रहेको धर्मशालामा भने मेला पर्वको राति भक्तजनले ओत लाग्ने गरेकाले संरक्षित अवस्थामा रहेको छ। कठपतेमा रहेको धर्मशालामा झाडी पलाएको छ।

**स्थानीय तह उदासीन**

स्थानीय सरकारले चासो नदिँदा धर्मशालाको इतिहास हराउने अवस्था आएको नागरिक अगुवा बताउँछन्। कर्ण दयाल सोराडी भावी पुस्ताले आफ्ना पूर्वजको इतिहास बुझ्न पाउने गरी धर्मशालाको संरक्षण गर्नुपर्ने बताउनुहुन्छ। धर्मशाला, पाटीपौवा, पिपल चौतारी निर्माणको इतिहास मानवीय सेवा र धर्म, पूर्वजको इतिहास, इज्जत र प्रतिष्ठासँग जोडिने भएकाले यस्ता सम्पदाको संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

# उपाध्यायलाई ‘आइकन अफ सुदूरपश्चिम’ अवार्ड



**धनगढी समाचारदाता**
*धनगढी, वैशाख २८ गते*

धनगढीका पत्रकार दीर्घराज उपाध्यायलाई ‘आइकन अफ सुदूरपश्चिम’ अवार्ड प्रदान गरिएको छ।


पत्रकारितामार्फत सुदूरपश्चिम प्रदेशको पर्यटन विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको कदर गर्दै नेपाल युवा परिषद्ले उहाँलाई अवार्ड प्रदान गरेको हो। परिषद्द्वारा धनगढीमा आयोजित प्रदेश युवा सम्मेलनमा सुदूरपश्चिम प्रदेश सभाका सभामुख भीमबहादुर भण्डारीले पत्रकार उपाध्यायलाई अवार्ड हस्तान्तरण गर्नुभयो। उपाध्याय धनगढीबाट प्रकाशित हुने पश्चिम टुडे दैनिकका प्रधान सम्पादक हुनुहुन्छ।

यसै गरी सम्मेलनमा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी १०५ पटक रक्तदान गर्ने रक्तदाता एवं पत्रकार दीपक उपाध्याय, उद्योगी आदित्य अग्रवाल, शिक्षाकर्मी अनिता पन्त, समाजसेवी एवं दृष्टि फाउन्डेसनका अध्यक्ष कल्पना भट्ट, सङ्गीतकर्मी रेखा जोशी र सूचना प्रविधितर्फ दीपेन्द्र जोशीलाई पनि अवार्ड प्रदान गरिएको छ।

## विद्यालय सार्ने विवाद

# दिनप्रतिदिन विद्यार्थी घट्दै

**ललित बसेल**
*सुर्खेत, वैशाख २८ गते*



**भवन जीर्ण भएपछि विद्यार्थीलाई चउरमा राखेर पढाइँदै।**

पूर्वी सुर्खेतको सिम्ता गाउँपालिका–९, खानीखोलाको मुङ्ग्रेमा रहेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको भवन डेढ वर्षअघिको पहिरोका कारण चिरा चिरा परेको छ। कक्षाकोठा पहिरोले चर्किएपछि दुर्घटना हुन सक्ने जोखिमले कर्णाली प्रदेश सरकारले नयाँ भवन बनाउन बजेट पनि दियो तर विद्यालय सार्ने विषयमा विवाद हुँदा बजेट फिर्ता जाने सम्भावना बढ्नुका साथै विद्यार्थी पनि घट्दै गएका छन्।

कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालयले शिक्षा विकास निर्देशनालयमार्फत चारकोठे भवनका लागि ५० लाख रुपियाँ दिएको छ तर कमजोर भूगोलका कारण सोही स्थानमा भवन बनाउन सम्भव नभएको सुझाव प्राविधिकले दिएका छन्। विद्यालय सार्ने कि नसार्ने भन्ने विषयमा अभिभावकबिच सहमति नहुँदा नयाँ भवन निर्माणको काम अन्योलमा पुगेको छ। प्राविधिकको सुझावलाई बेवास्ता गर्दै केही अभिभावक र सिम्ता गाउँपालिकाले जोखिमयुक्त भए पनि केही भाग खोस्रेर अहिलेकै स्थानमा बनाउने र भत्केबिग्रेमा सिम्ता गाउँपालिकाले बेहोर्ने गरी गत फागुन १३ गते सहमति गरेका थिए तर हालसम्म काम हुन सकेको छैन।

भवन निर्माणका लागि पर्याप्त जग्गा नभएको र अनुदान रकमले भवन मात्र निर्माण गर्नुपर्ने बाध्यता हुँदा भवनका लागि फिल्ड बनाउने कामको खर्च विद्यालय तथा अभिभावक आफैँले बेहोर्नुपर्ने छ। त्यसका लागि भोटेचुली सामुदायिक वन समूहले कोषमा रहेको छ लाख रुपियाँ दिने र अपुग भएमा सामुदायिक वनका अध्यक्ष टीकाराम पुनले व्यक्तिगत रूपमा थप दुई लाख दिने सहमति पनि भएको थियो तर अहिलेसम्म त्यसका लागि कुनै स्रोत सङ्कलन नभएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेशबहादुर वलीले बताउनुभयो। पहिलेकै स्थानमा भवन बनाउन पुरानो भवनको जस्तापाता झिकिएको छ तर भवन बनाउन अन्योल भएपछि विद्यार्थीलाई चौरमा राखेर पढाउनु परेको अध्यक्ष वलीले बताउनुभयो। प्रतिबद्धता गरिए अनुसारको स्रोत नजुटेपछि भवन बनाउने रकम फिर्ता जान सक्ने चिन्ता थपिएको र विद्यार्थी सङ्ख्या पनि घट्दै गएको उहाँले जनाउनुभयो। अभिभावकले विद्यालय अन्यत्र सार्न नमान्दा यस्तो अवस्था आएको उहाँको भनाइ छ।

शिक्षा विकास निर्देशनालयका प्राविधिक शेरबहादुर महताराले पुरानै ठाउँमै नयाँ भवन बनाउन नसकिने सुझाव दिइएको बताउनुभयो। उहाँले पुरानै ठाउँको भूगोल निकै कमजोर भएकाले स्थानान्तरण गर्नुपर्ने बताउनुभयो। सिम्ता गाउँपालिकाले भने अभिभावक र विद्यालय व्यवस्थापन समितिको चासो नहुँदा नयाँ भवन बन्न नसकेको आरोप लगाएको छ। गाउँपालिकाका अध्यक्ष ऐनबहादुर चन्दले अभिभावक र विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकबिच नै भवन बनाउने विषयमा सहमति हुन नसक्दा पालिकाले काम अगाडि बढाउन नसकेको बताउनुभयो। सरोकारवालाबिच सहमति भएमा भवन निर्माणको काम तत्काल अगाडि बढ्ने उहाँको भनाइ छ।

नयाँ भवन निर्माणको विषय एकले अर्कोलाई देखाउँदा विद्यार्थीको सङ्ख्या घट्दै गएको छ। कक्षा ५ सम्म सञ्चालन भएको सो विद्यालयमा अघिल्लो वर्ष ४५ जना विद्यार्थी थिए। अहिले यही अन्योलको अवस्थाले अभिभावकले आफ्ना सन्तानलाई अन्यत्रै लगेका छन्। अहिले १८ जना मात्रै विद्यार्थी छन्।

# सीमानाका बन्द



**गौरीफन्टा नाका।**

**धनगढी समाचारदाता**
*धनगढी, वैशाख २८ गते*

कैलालीसँग जोडिएको नेपाल–भारत सीमानाका शुक्रबार साँझबाट बन्द गरिएको छ।

भारतको उत्तर प्रदेश राज्यस्थित खिरी जिल्लामा हुन गइरहेको लोक सभा सामान्य निर्वाचनलाई दृष्टिगत गर्दै सबै सीमानाका बन्द गरिएको हो। वैशाख ३१ गते त्यहाँ लोक सभा सामान्य निर्वाचन हुँदै छ।

निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न भारतीय पक्षले पत्राचार गरेकाले उक्त अवधिभर नेपाल–भारत अन्तर्राष्ट्रिय सबै सीमानाका बन्द रहने जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी शिवराज जोशीले जानकारी दिनुभयो।

नेपाल र भारत दुवै देशमा कुनै पनि निर्वाचनका क्रममा निर्वाचन अवधिसम्मका लागि अन्तर्राष्ट्रिय सीमा नाका सिल गरेर एकअर्काको निर्वाचनमा सहयोग गर्दै आएको छ।

# बुद्ध जयन्तीमा विदेशी पनि सहभागी हुने



तस्बिर सौजन्य : लुम्बिनी विकास कोष

**प्रधानमन्त्रीलाई निम्ता गर्दै लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामा ।**

**रुपन्देही समाचारदाता**
*रुपन्देही, वैशाख २८ गते*

रुपन्देहीको लुम्बिनीमा २५६८ औँ बुद्ध जयन्ती भव्य रूपमा मनाउने तयारी गरिएको छ। लुम्बिनी विकास कोषले बुद्ध जयन्ती एवं लुम्बिनी दिवस मनाउन तयारी गरेको हो। आगामी जेठ १० गते परेको बुद्ध जयन्ती एवं लुम्बिनी दिवस समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहभागी हुने कोषका उपाध्यक्ष संविधान सभा सदस्य डा. ल्हारक्याल लामा (खेन्पो छिमे) ले जानकारी दिनुभयो। उपाध्यक्ष लामाले प्रधानमन्त्रीसहित गृहमन्त्री रवि लामिछानेलाई समेत भेट गरी बुद्ध जयन्तीका लागि निमन्त्रणा गरेको कोषका कार्यकारी सदस्य श्याम रोक्काले बताउनुभयो।

बद्ध जयन्ती एवं लुम्बिनी दिवसलाई व्यवस्थित बनाउनका लागि कोषले संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङको अध्यक्षतामा ५६८ सदस्यीय मूल आयोजक समिति गठन गरिएको कोषका सदस्यसचिव सानुराजा शाक्यले उल्लेख गर्नुभयो। उहाँले कोषले बुद्ध जयन्तीलाई उत्सवका रूपमा मनाउन नौ वटा विभिन्न उपसमिति गठन गरिएको जानकारी दिनुभयो।

दिवसका अवसरमा प्रधानमन्त्रीसहित, उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, गृहमन्त्री रवि लामिछाने, संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङ एवं लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचन, विभिन्न देशका राजदूतलगायतका उच्च ओहोदा व्यक्तिहरूलाई निम्ता गरिएको कोषले जनाएको छ। प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती एवं लुम्बिनी दिवस मनाउने गरिन्छ। बृहत्तर लुम्बिनी क्षेत्र अन्तर्गत तिलौराकोट, रामग्राम र देवदहमा पनि विभिन्न कार्यक्रम गरी बुद्ध जयन्ती मनाइँदै छ।

बुद्ध पूर्णिमालाई नेपालसहित बौद्ध राष्ट्रहरू भुटान, थाइल्यान्ड, म्यान्मार, मङ्गोलिया, कम्बोडिया, श्रीलङ्का, लाओसमा राजकीय सम्मानका साथ मनाउँछन्। यस्तै नेपालसहित चीन, भारत र युरोपलगायतका देशमा सम्मानका साथ मनाउने गरिएको छ। नेपालमा तत्कालीन राजा त्रिभुवनले विसं २००६ जेठ ८ गतेदेखि सरकारी तवरबाट मान्यता दिएपछि नेपालमा बौद्धमार्गी नेपालीले बुद्ध जयन्ती मनाउन थालेका हुन्। लुम्बिनीमा विसं २०५५ मा ऐतिहासिक प्रथम विश्व बौद्ध शिखर सम्मेलन भएपछि बुद्ध जयन्तीकै दिन सरकारले लुम्बिनी दिवस पनि मानाउन थालेको हो।

विभिन्न बौद्ध मुलुकहरूको विशेष पहलमा १९९९ देखि संयुक्त राष्ट्रसङ्घले बुद्ध जयन्तीलाई मान्यता प्रदान गरी 'वैशाख डे' का रूपमा विश्वभर रहेका आफ्ना सबै कार्यालयमा बुद्ध जयन्ती मनाउन बिदा दिने गरेको छ।

# सवारी दर्ताको दर घट्दो

**रमेश पौडेल**
*पोखरा, वैशाख २८ गते*

गण्डकी प्रदेश अन्तर्गत रहेको सवारी व्यवस्था कार्यालयमा सवारीसाधन दर्ता हुने क्रम घट्दै गएको छ। सार्वजनिक सवारीसाधनमा मात्र नभई निजी क्षेत्रको सवारीसाधनसमेत घट्ने क्रममा रहेको यातायात व्यवस्था कार्यालय सवारी कास्कीले जनाएको छ। यातायात व्यवस्था कार्यालय सवारी कास्कीका प्रमुख डिल्लीराम रिजालले गत आव २०७९/८० मा ठुला साना गरी ११ हजार ८९७ गाडी दर्ता भए पनि यस चालु आवको दुई महिना बाँकी रहँदा करिब सात हजार दर्ता भएको बताउनुभयो।

सवारीसाधन दर्तामा कमी आउँदा राजस्वमा समेत प्रभाव परेको छ। गण्डकी प्रदेश सरकारले २०७८/७९ मा विभिन्न सवारीसाधनमा १५ देखि ४२ प्रतिशत कर वृद्धि गरे पनि गत वर्ष उठेको एक अर्ब ३५ करोडको राजस्व यस वर्ष त्योभन्दा बढ्ने नदेखिएको कार्यालयले जनाएको छ तर कार्यालयले एक अर्ब ५० करोडको राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको छ। हालसम्म एक अर्ब १२ करोड राजस्व सङ्कलन भइसकेको छ। गत वर्षको तुलनामा झन्डै २५ प्रतिशत सवारीसाधनमा कमी आउने अनुमान यातायात व्यवस्था कार्यालय गण्डकीको छ।

हुन त गत वर्ष इम्बोस्ड नं. र बक्यौता कर पनि छुट दिएकाले राजस्व बढी उठेको रिजाल बताउनुहुन्छ। यस वर्ष तनहुँको डुम्रे र स्याङ्जाको यातायात कार्यालयमा समेत यातायात सेवा सुरु भएकाले केही राजस्व उतै उठ्ने गरेको जानकारी उहाँले दिनुभयो। पोखरामा नै आएर राजस्व तिर्नुपर्ने अवस्था नरहेकाले पनि पोखराको राजस्वमा केही कमी देखिने उहाँको भनाइ छ तर सवारीसाधन दर्तामा किन कमी आएको भन्ने बारेमा आर्थिक मन्दी एवं युवा जनशक्तिको पलायन हुन सक्ने अनुमान गरिएको छ।

व्यवसायीले भने बैङ्कले धितो नराखी ऋण स्वीकृत नगर्दा नयाँ गाडी लिन नसकिरहेको बताउँछन्। उसो त सवारीधनीको पहिल्यै रहेको बैङ्कको ऋण तिर्न हम्मे हम्मे पर्दा भइरहेको गाडीसमेत बिक्री गरी अरू नै व्यवसायतर्फ लाग्नेको सङ्ख्या अधिक रहेको यातायात व्यवसायी प्रकाश गौतम बताउनुहुन्छ। निर्माणाधीन राजमार्ग समयमा नै सम्पन्न हुन नसक्दा गण्डकी प्रदेशमा यातायात व्यवसायी व्यवसायबाट नै पलायन हुनुपर्ने अवस्था आएको उहाँको थप भनाइ थियो।

पोखरा–मुग्लिङको सडक मात्र नभई मुग्लिङ–काठमाडौँ र नारायणघाट–बुटवल खण्डमा सञ्चालन हुने सवारीसाधनमा बढी क्षति पुगेको व्यवसायी बताउँछन्। कच्ची बाटो, हिलो र धुलो हुने सडकले यात्रुलाई सास्ती छँदै छ भने सवारीसाधन बिग्रनाले करोडौँका पार्टपुर्जा आयात गर्नुपर्ने अवस्था रहेको व्यवसायीको गुनासो छ।

पृथ्वी राजमार्ग बस सञ्चालक समितिका अध्यक्ष योगेन्द्रबहादुर केसी सडककै कारण करिब १५ वर्ष पुराना ५० भन्दा बढी टोयटा हायस गाडी कबाडीमा फाल्नु परेको तथ्य बताउनुहुन्छ। गण्डकी प्रदेशमा मात्र १० अर्ब बढीको लगानी सार्वजनिक यातायातमा भए पनि राज्यबाट भने संरक्षण हुन नसकेको उहाँ बताउनुहुन्छ। साथै इन्धन र पार्टपुर्जाको मूल्य वृद्धिका कारणले पनि व्यवसायीलाई समस्या आएको उहाँको भनाइ छ। पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिए पनि पोखरा–मुग्लिङ सडकका कारण यात्रीलाई कठिनाइ भएको छ भने नयाँ गाडीसमेत ध्वस्त हुन थालेका छन्।

# जोर्डनको जेलमा परेका सुरज स्वदेश फिर्ता

**बुटवल समाचारदाता**
*बुटवल, वैशाख २८ गते*

रुपन्देहीको सैनामैना नगरपालिका–६ का सुरज भण्डारी जोर्डनको जेलमा परेको १७५ दिनपछि जेलमुक्त भएर घर आइपुग्नुभएको छ। सैनामैना नगरपालिका–६, बाँसगढीस्थित घरमा आइपुग्नुभएका सुरजले आफू जेल परेपछि अब कुनै दिन स्वदेश फर्किएला भन्ने कल्पनासमेत नगरेको बताउनुभयो।

विसं २०७९ वैशाख १८ गते नेपालबाट कामको सिलसिलामा दुबई जानुभएका सुरज युएईमा ट्रक चलाउने काम गर्दै जाँदा सामान पुऱ्याउन सिरिया जानुभएको थियो। सिरियाबाट सामान पुऱ्याएर फर्किने क्रममा जोर्डनमा ट्रक जाँच हुँदा अवैध लागुऔषध फेला परेपछि जोर्डन प्रहरीले जेलमा राखेको थियो।

सुरज जोर्डनको जेलमा १७५ दिन बिताएपछि जेलमुक्त भएर सोमबार घर फर्केपछि घर परिवारले भव्य स्वागत गरेको छ। आफू जोर्डनको जेलबाट मुक्त भए पनि अझै दुई/तीन जना नेपाली जोर्डनको जेलमा फसेको सुनाउनुभयो। उहाँले सबैको सहयोगले जोर्डनको जेल परेका नेपालीलाई रिहा गराउन सबैसँग आग्रह गर्नुभयो।

मुद्दा अदालती प्रक्रियामा गएपछि ट्रकमा भेटिएको ठुलो परिमाणको अवैध सामान ओसारपसारमा आफ्नो कुनै दोष र गल्ती कमजोरी नभेट्टाएपछि प्रहरीकै सहयोगमा अदालतले आफूलाई रिहा गरेको सुरजले सुनाउनुभयो।

आफ्नै मालिकले फसाउन ट्रकमा लागुपदार्थ राखिदिएको र आफूलाई थाहा नभएको सुरजले बताउनुभयो। नेपालमा आफूलाई जेलमुक्त गराउन सामाजिक अभियन्तादेखि घरपरिवार सबैले सहयोग गरेकोमा सुरजले खुसी व्यक्त गर्नुभयो। आफू जेलमुक्त हुनुमा मिडियाको सबैभन्दा ठुलो सहयोग रहेको सुरजले बताउनुभयो।

सुरजलाई जेलमुक्त गराउन सैनामैना नगर क्षेत्रमा समेत अभियान चलाइएको थियो। सैनामैना नगरपालिका–९ का पूर्वअध्यक्ष तथा नागरिक अगुवा डोलराज भण्डारीको नेतृत्वमा काठमाडौँ गएको टोलीले सुरजलाई जेल मुक्त गराउन प्रधानमन्त्रीदेखि विदेशमन्त्रीसम्मलाई आग्रह गरेको थियो।

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, शंखरापुर न.पा. वडा नं. ४ (साबिक लप्सेफेदी–२) बस्ने कृष्ण प्रसाद बैरागी समेतले हाम्रो पिता/ससुरा/बाजे यज्ञदास बैरागीको नाममा नाप नक्सा भई निज नापीवालाकै नाममा हालसम्मै दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित जग्गाका निज नापीवाला पिता/ससुरा/बाजे यज्ञदास बैरागीको मिति २०४५/०३/०६ मा, निजकी पत्नी सेती बैरागीको मिति २०५०/१०/१४ मा आ–आफ्नो कालगतिले परलोक भई हकदारमा छोराहरू केशव प्रसाद बैरागी–१, कृष्ण प्रसाद बैरागी–१ र बलराम बैरागी–१ समेत जना ३ भएकोमा दाजु/जेठाजु/ठूलोबुबा केशव प्रसाद बैरागीको मिति २०५८/०६/१२ मा, निजकी पत्नी दुर्गा बैरागीको मिति २०७०/०८/२० मा मृत्यु भई निजहरूको हकदारमा एक मात्र छोरा अच्युत बैरागी भएको र भाइ/पति/काका बलराम बैरागीको मिति २०७५/०६/१२ मा मृत्यु भई हकदारमा निजकी पत्नी लक्ष्मी बैरागी–१ छोरी कल्पना बैरागी–१ र छोरा राजेश बैरागी–१ समेत जना ३ भई हामी हकदारहरू कृष्ण प्रसाद बैरागी–१, लक्ष्मी बैरागी–१ र अच्युत बैरागी–१ समेत जना ३ भएको र यज्ञदास बैरागीको नाउँमा नाप नक्सा भएको तपसिल बमोजिमको जग्गाको सम्बन्धमा माथि उल्लिखित हकदारहरूको नाउँमा दर्ता/नामसारी गरी पाऊँ भनी माग निवेदन गरेको। साथै उक्त जग्गामा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा उक्त सरकारी, ऐलानी, पर्ती, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | ज.ध.का व्यहोरा | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| लप्से फेदी | २/च | १८ | २–११–०–० | यज्ञदास बैरागी का.ई. साँखु लप्से फेदि। | चुनादेवि मरी हक खाने छोरा यज्ञदास बैरागी का.ई. लपसेफेदी | यो जग्गा मेरो नंबरी हो आफैले जोती खाई आएको छु। |

# 'मुस्लिम महिलाको पहुँच बढाउनु पर्छ'



तस्बिर : सिराज खान

**कार्यक्रममा सहभागी मुस्लिम महिलासँग आयोगका अध्यक्षलगायत।**

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, वैशाख २८ गते*

मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता क्षेत्रमा मुस्लिम महिलाको पहुँच बढाउँदै लैजानु पर्ने आवश्यकता औँल्याउनु भएको छ। त्यसका लागि समुदायमा शिक्षा र जनचेतना आवश्यक रहेकाले सोतर्फ विशेष ध्यान दिन उहाँको अनुरोध छ।

मुस्लिम आयोगद्वारा नेपालगन्जमा आयोजना गरिएको मुस्लिम महिलाको सशक्तीकरण विषयक कार्यक्रममा अध्यक्ष मियाँले आयोग गठनपछि मुस्लिम समुदायको हकहितको संरक्षण संवर्धन तथा सशक्तीकरणको क्षेत्रमा धेरै काम भएको बताउनुभयो।

उहाँले मुस्लिम महिलालाई समाजमा अझै पनि समान रूपमा अगाडि जाने अवसर प्राप्त नभइरहेको उल्लेख गर्दै महिलालाई इस्लामले उच्च स्थान दिएको हुँदा महिलालाई अवसरबाट वञ्चित गर्न नहुने धारणा राख्नुभयो। संविधानले सामाजिक र आर्थिक क्षेत्रमा समानता, समृद्धि र समाजवादको परिकल्पना गरेको र त्यस दिशातर्फ मुलुकलाई लैजान गतिशील र अनुशासित नेतृत्वको आवश्यकता रहेको आयोगका अध्यक्ष अन्सारीको भनाइ थियो।

महिला सशक्तीकरणका लागि अन्तर्राष्ट्रियदेखि राष्ट्रियस्तरसम्म धेरै प्रयास भएको उल्लेख गर्दै उहाँले समाज अझै पनि पुरुष प्रधान नै रहँदा महिलाले बराबरीको अधिकार पाउन नसकेको जिकिर गर्नुभयो।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य मोहना अन्सारीले कार्यक्रमको सहजीकरण गर्दै विशेष गरी मुस्लिम महिलालाई राजनीति, सामाजिक र आर्थिक क्षेत्रमा संलग्न गराउनु आवश्यक रहेको बताउनुभयो। उहाँले महिला पनि पुरुषभन्दा कम छैनन् भन्ने कुरा देखाउन महिलाले पनि अधिकारका लागि अघि सर्नुपर्ने जिकिर गर्नुभयो।

नेपाल सरकार
**गृह मन्त्रालय**
सिंहदरबार, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
(प्रकाशन मिति : २०८१।१।२९)

Supply, Delivery and Installation of Equipments for DC & DR खरिद/आपूर्ति सम्बन्धी मिति २०८०।१२।०४ को सूचना -MoHA/G/NCB/80-81/10- बमोजिम पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलको बोलपत्र स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

**तपसिल**

| स्वीकृत भएको बोलपत्रदाता/फर्म | कबोल अंक (मु.अ.क. बाहेक) |
|---|---|
| Raechal Enterprises Pvt. Ltd., Kathmandu | रु. ४३,३४,०००।- (अक्षरुपी त्रिचालिस लाख चौतिस हजार रुपैयाँ मात्र) |

**For More Information visit: www.moha.gov.np**

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, शंखरापुर न.पा वडा नं. ४ (साबिक लप्सिफेदी गा.वि.स. वडा नं. १) बस्ने विष्णु प्रसाद तिवारी समेतले हाम्रा बुबा चेतनाथ तिवारीको नाममा नापनक्सा भई स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गा रहेकोमा ज.ध. हाम्रा बाबु चेतनाथ तिवारीको मिति २०६५/१०/२० सालमा, आमा ठुलि नानि तिवारीको मिति २०६४/०६/२२ सालमा आ–आफ्नै कालगतिले परलोक भई हक खाने हकदारहरूमा छोराहरू विष्णु प्रसाद तिवारी–१, बालकृष्ण तिवारी–१, गरी २ जना मात्र हकदारहरू भएकोले हामी हकदारहरूको संयुक्त नाउँमा दर्ता/ना.सा. गरी पाऊँ भनी माग निवेदन गरेको, साथै ज.ध. को नाम कहीँ रुकमिणि तेवारनी, कहीँ रुकमैथ तिवारी, कहीँ रुकमैना तिवारी, कहीँ रुकमैया तिवारी भएकोले माथि उल्लिखित सबै नाम थर भएको व्यक्ति फरक–फरक नभई एकै भएको भनी शंखरापुर न.पा. ४ नं. वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोले माथि उल्लिखित नाम, थर भएको व्यक्ति फरक–फरक भए वा उक्त जग्गामा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा उपस्थित हुनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा तपसिल**

| क्षेत्र | वडा नं. | कि. नं. | क्षे.फ. | मोही | ज.ध.को व्यहोरा | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| लप्सि फेदी | १क | ७२ | २–१२–०–० | रुकमणि तेवारनी का.ई., साखुँ लप्सिफेदी | दर्तावाला आमा रुकमैथ मरी हक खाने छोरा चेत नाथ तेवारी का.ई. साखुँ लप्सि | यो जग्गा मेरै हो मैले नै कमाई आएको छु। | का.मा.पै.रै.नं.५०५२/२८१ मौजा लप्से कोडाले १। लाग्ने खला रुकुमैथाका नाउँको निज मरी हक नाउँ सारी। |

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ८ (साबिक बनेपा–५) बस्ने रामभक्त श्रेष्ठले मेरो नाममा नाप नक्सा भई स्रेस्ता कायम रहेको तपसिल बमोजिमका जग्गाको सम्बन्धमा मेरो नाउँमा साबिक मौजा साँखु रै.नं. ६६१ नं. भिडी दर्ता/नामसारी गरी पाऊँ भनी माग निवेदन गरेको, साथै काभ्रे, बनेपा बस्ने रामभक्त श्रेष्ठ र फिल्डबुकमा का.ई. सुन्टोल बस्ने रामभक्त श्रेष्ठको जग्गा भनी उल्लेख भएको यी दुबै ठेगाना भएका रामभक्त श्रेष्ठ फरक फरक नभई एकै भएका भनी सिफारिस प्राप्त भएको साथै दुवै ठेगाना भएको व्यक्ति फरक फरक भए वा उक्त जग्गामा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| सुन्टोल | ३/क | २७७ | १–८–३–० | सत्यलाल श्रेष्ठ का.ई. साखु सुनटोल | का.ई. साखु सुनटोल बस्ने रामभक्त श्रेष्ठको हो। |
| सुन्टोल | ३/क | २७२ | ०–५–१–० | सत्यलाल श्रेष्ठ का.ई. साखु सुनटोल | का.ई. साखु सुनटोल बस्ने रामभक्त श्रेष्ठको हो। |

# पर्यटक सम्मानित

**सुलीकोट समाचारदाता**
*सुलीकोट, वैशाख २८ गते*

उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाले मनासलु क्षेत्रमा प्रवेश गर्ने ४० जना पर्यटकलाई सम्मान गरेको छ। बिहीबार चुमनुब्री गाउँपालिकाको कार्यालयमा आयोजित ६८ औँ हिमाल आरोहण दिवसका अवसरमा गाउँपालिकाले खादा माला लगाएर स्वागत तथा सम्मान गरेको हो।

विश्वकै आठौँ नम्बर तथा नेपालको सातौँ अग्लो हिमाल सन् १९५६ मे ९ मा प्रथम पटक जापानका नागरिक तोसी इमानुसी र नेपाली नागरिक ग्याल्जेन नोर्बु शेर्पाले मनासलु हिमाल आरोहण गरेका थिए। त्यसै दिनको अवसर पारेर नेपाल पर्वतारोहण सङ्घ, मनासलु संरक्षण क्षेत्र आयोजना, पर्यटन बोर्ड र धार्चे मनासलु पर्यटन विकास समितिको आयोजनामा चुमनुब्री गाउँपालिकाले पहिलो पटक मनासलु हिमाल आरोहण दिवस मनाएको छ।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**स्वास्थ्य कर कोषको सचिवालय**
**रामशाहपथ, काठमाडौं**

**"स्वास्थ्यमन्त्री व्लूम्बर्ग जनस्वास्थ्य पुरस्कार" को लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना**

**पुनः सूचना प्रकाशित मितिः २०८१/०१/२९**

सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्रि, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनिकरण, नियन्त्रण तथा नियमन गर्ने कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति, संघ संस्था, कानून कार्यान्वयन गर्ने निकाय तथा त्यस्तो निकायमा कार्यरत कर्मचारी मध्येबाट उत्कृष्ट छ जनालाई **विश्व धुम्रपान रहित दिवस (World No Tobacco Day)** को अवसरमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट "**स्वास्थ्यमन्त्री व्लूम्बर्ग जनस्वास्थ्य पुरस्कार**" प्रदान गरिने भएकोले पुरस्कार प्रदान गर्ने प्रयोजनको लागि सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्रि, वितरण गर्ने कार्यलाई न्यूनिकरण, नियन्त्रण तथा नियमन गर्न वा धुम्रपान तथा सूर्ति सेवन गर्ने कार्य विरूद्ध जनचेतना जगाउने कार्यमा वा सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी प्रचलित कानून कार्यान्वयनमा योगदान पुऱ्याउने व्यक्ति/पत्रकार, संघ संस्था, कानून कार्यान्वयन गर्ने निकाय तथा त्यस्तो निकायमा कार्यरत कर्मचारीबाट आफुले पुऱ्याएको योगदानको विवरण सहित मिति २०८१/०२/०६ गतेभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य कर कोषको सचिवालय वा स्वास्थ्य कर कोषको सचिवालयको ईमेल ठेगाना healthtaxfund@gmail.com मा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

**नोटः मिति २०८१।०१।२८ गते प्रकाशित यसै सूचनामा अन्यथा भएकोले यस सूचनाद्धारा भुल सुधार गरी पुनः प्रकाशित गरिएको छ।**

**सदस्य–सचिव**

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता सहितको नामसारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा गोदावरी नगरपालिका वडा नं. १२, ललितपुर बस्ने मदनगोपाल महर्जन, नन्दश्याम महर्जन र चिरिमाया महर्जन समेत–३ जनाले हाम्रो बुबा/ससुरा धन बहादुर महर्जन (डंगोल) का नाममा तपसिल बमोजिमका जग्गा रहेकोमा धन बहादुर महर्जन (डंगोल) को मिति २०५८/०६/०४ मा, निजकी पत्नी बिष्णु कुमारी महर्जनको मिति २०५९/०८/२६ मा आ–आफ्नै कालगतिले मृत्यु भएको। निजहरूको दाम्पत्य जीवनबाट ३ छोराहरू मदनगोपाल महर्जन, रामगोपाल महर्जन र नन्दश्याम महर्जनको जायजन्म भएकोमा रामगोपाल महर्जनको मिति २०६२/०६/०९ मा मृत्यु भई निजकी पत्नी चिरिमाया महर्जन छोराहरू प्रमोद महर्जन र प्रबिण महर्जन तथा छोरीहरू विवाह गरी गई सकेकोले उल्लिखित जग्गा हामीहरूको नाममा दर्ता नामसारी गरी पाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा मदनगोपाल महर्जन, नन्दश्याम महर्जन र चिरिमाया महर्जन समेत ३ जनाले द.नं. २६६३ मिति २०७०/०५/१६ मा (द.नं. १७३२८ मिति २०८१/०१/०२ मा पूरक निवेदन) निवेदन मागदाबी रहेकोमा माथि उल्लिखित हकदारहरू बाहेक उल्लिखित जग्गामा अन्य कसैको हकदाबी भए वा दर्ता माग गरेको जग्गा माथि उल्लिखित हकदारहरूका नाममा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा जग्गाधनीको नाम कतै धन बहादुर महर्जन र कतै नाम धन बहादुर डंगोल रहेको व्यक्ति फरक–फरक व्यक्ति भए वा कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित जग्गाको हक भोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकहरूको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | जग्गाधनी | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ठेचो | ३ (क) | २६७ | १–१४–०–० | धन बहादुर महर्जन ठेचो वडा नं. ४ | धन बहादुर डंगोल ठेचो कुसिको टोल ४ नं. वार्ड | यो जग्गा आधा मेरो नम्बरी हो आधा काका बाबु प्र.पं. जितगोबिन्दको हो मैले जोती खाएको छु। | द.नं. १५९ मा तोक बमोजिम कित्ता फोड भई कि.नं. ३३२ मा दर्ता हुन गएको छ। / यो जग्गा मेरो बाजे भिमलालको नामको दर्ता हो निज मरी मेरो हक हुन आएको नामसारी हुन बाँकी छ भनी सही गर्ने धन बहादुर ०२३।०४।२२ |

**इति संवत् २०८१ साल वैशाख महिना १८ गते रोज ०३ शुभम्।**

# समाचार सङ्क्षेप

## लागुऔषधसहित पक्राउ

**इनरुवा** (गोरखापत्र), वैशाख २८ गते। सुनसरीको सीमावर्ती क्षेत्र भोक्राहा नरसिंह गाउँपालिका–६ मा अवैध लागुऔषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्लाको भोक्राहा नरसिंह गाउँपालिका–६, ढलान रोडबाट मोटरसाइकलमा सवार दुई व्यक्तिलाई अवैध लागुऔषधसहित पक्राउ गरेको हो। प्रहरीले गोप्य सूचनाका आधारमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर तथा इलाका प्रहरी कार्यालय लौकही सुनसरीबाट संयुक्त रूपमा खटिएका प्रहरी अधिकृतको टोलीले उनीहरूलाई खैरो हेरोइनसहित पक्राउ गरेको जनाएको छ।

प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारीका अनुसार भोक्राहा नरसिंह गापा वडा नं. ६, लौकहीस्थित सडकमा को१७प ८९४९ नम्बरको स्कुटरलाई रोकी त्यसमा सवार मोरङको बेलबारी नगरपालिका वडा नं. ४ का ४१ वर्षीय असितकुमार राई र झापाको हल्दीबारी गाउँपालिका वडा नं. २, बेलगडीका २१ वर्षीय सेवानन्द राजवंशीलाई जुत्ताभित्र लुकाई ल्याएको १५.२४ ग्राम खैरो हेरोइनसहित पक्राउ गरिएको हो।

## उराँव भाषाका शिक्षक तयार

**इनरुवा** (गोरखापत्र), वैशाख २८ गते । सुनसरीको इनरुवामा पहिलो पटक उराँव भाषा सरासर पढ्न लेखन सिकाउने १५ जना दक्ष शिक्षक तयार भएका छन्। स्थानीय मातृभाषा संरक्षणमा जोड दिँदै आएका संस्थाको सहयोगमा सुनसरीमा उराँव भाषा सरासर पढ्न लेख्न सिकाउन सक्ने १५ जना शिक्षक तयार पारिएको हो।

नेपाल उराँव आदिवासी जनजाति प्रतिष्ठान इनरुवाको आयोजना तथा हिमाली आदिवासी समाज काठमाडौँको सहयोगमा उराँव भाषाका १५ जना शिक्षकलाई तालिम दिएर जनशक्ति तयार गरिएको संस्थाका सम्पतलाल उराँवले जानकारी दिनुभयो। इनरुवामा सञ्चालित उराँव भाषा सरासर पढ्न लेख्न सिकाउने १५ जना शिक्षकका लागि दुई दिने तालिम सम्पन्न भएको छ।

## अवैध काठसहित ट्याक्टर नियन्त्रण

**ढल्केबर** (गोरखापत्र), वैशाख २८ गते। डिभिजन वन कार्यालय धनुषाले अवैध काठसहित दुई वटा ट्याक्टर नियन्त्रणमा लिएको छ। वन कार्यालयको नियमित गस्तीका क्रममा धनुषाको बटेश्वर र महेन्द्रनगरबाट अवैध काठसहित ट्याक्टर नियन्त्रणमा लिइएको वन कार्यालयले जनाएको छ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख बेचन चौधरीले काठ ओसारपसार तथा कटानमुछान सम्बन्धित कुनै कागजात नभएकाले सो काठ लोड गरिएको ट्याक्टर नियन्त्रणमा लिएको बताउनुभयो। बटेश्वरबाट सपेता लोड गरिएको प्रदेश २–०३–००१ त ४६७१ नम्बरको ट्याक्टर र सिमल लोड गरिएको ज १ त ३७८१ ट्याक्टर महेन्द्रनगरबाट नियन्त्रणमा लिएको उहाँले जानकारी दिनुभयो। नियन्त्रणमा लिइएको काठ नापजाँच गर्न बाँकी रहेको बताउँदै डिभिजनल प्रमुख चौधरीले काठ तथा ट्याक्टर जनकपुरस्थित वन कार्यालयमा राखिएको बताउनुभयो।

## विकास योजनाको अनुगमन सम्पन्न

**इनरुवा** (गोरखापत्र), वैशाख २८ गते। इनरुवा नगरपालिकाले आफ्नो विकास योजनाको चार दिन लगाएर अनुगमन गरेको छ। नगर प्रमुख केदार भण्डारी नेतृत्वको अनुगमन टोलीले नगर क्षेत्रमा विगत दुई वर्षमा सम्पन्न भएका विकास निर्माण र योजनाको निरीक्षण गरेको हो। वैशाख २५ गतेबाट थालेको अनुगमन शुक्रबार सम्पन्न भएको जनाइएको छ।

इनरुवाको १ देखि १० नम्बर वडासम्मका एक सय वटा साना ठुला योजना अनुगमन गरिएको प्रमुख भण्डारीले जानकारी दिनुभयो। विकासमा नागरिकको सहभागिता, गुणस्तरीयता र दिगोपनाका लागि प्रभावकारी र सघन अनुमगन गरिएको नगरपालिकाका सूचना अधिकृत नीरज पोखरेलले जानकारी दिनुभयो।

# धरानमा विशिष्टीकृत अनुसन्धान केन्द्र




**धरान समाचारदाता**
*धरान, वैशाख २८ गते*

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नास्ट) द्वारा कोशी प्रदेशका लागि धरानमा कृषि तथा खाद्य प्रविधि विशिष्टीकृत अनुसन्धान केन्द्रको उद्घाटन गरिएको छ।

शुक्रबार धरान–१६ लेखनाथ चोकस्थित पुरानो मालपोत कार्यालय भवनमा धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई, नेपाल प्रज्ञा–प्रतिष्ठान (नास्ट) का उपकुलपति प्राडा दिलीप सुब्बा, नास्टका सचिव डा. रवीन्द्रप्रसाद ढकालगायतले कृषि तथा खाद्य प्रविधि विशिष्टीकृत अनुसन्धान केन्द्रको उद्घाटन गर्नुभएको हो।

उपकुलपति प्राडा सुब्बाका अनुसार मुलुक सङ्घीय संरचनामा गएपछि नास्टले सात वटै प्रदेशमा 'विशिष्टीकृत अनुसन्धान केन्द्र' स्थापना गर्ने निर्णय गरेको हो। उक्त निर्णय अनुसार गत वर्ष पाँच वटा प्रदेशमा अनुसन्धान केन्द्र स्थापना गरिएको उहाँले जानकारी दिनुभयो।

कोशी प्रदेशका लागि धरानमा केन्द्र स्थापना गर्न चासो देखाएर धरान उपमहानगरपालिकाले पूर्वाधारसमेत उपलब्ध गराएको उपकुलपति सुब्बाले भन्नुभयो। मुलुकको विकासलाई विज्ञान र प्रविधिमा जोडेर अगाडि बढाउन स्थापना गरिएको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान नास्ट सङ्घीय राजधानी काठमाडौँमा केन्द्रित थियो।

पहिलो पटक यसलाई सङ्घीय संरचनामा विकेन्द्रित गर्न २०७८ सालमा प्रज्ञा सभाले स्वीकृति दिएकाले सात प्रदेशका अनुसन्धान केन्द्रको अध्ययन अनुसन्धानको विषय भने फरक फरक तोकेर स्थापना गरेको उपकुलपति सुब्बाले बताउनुभयो। सम्भावना र वस्तुस्थितिका आधारमा तोकिएका विषयमध्ये कोशी प्रदेशमा कृषि र खाद्य प्रविधि रहेको उहाँले बताउनुभयो। कोशी केन्द्रमा विशेष गरी कृषि र खाद्य प्रविधिसँग जोडिएको उत्पादनपछिको वस्तु नष्ट हुने जोखिमबाट जोगाउन सुरक्षाका उपायबारे अध्ययन अनुसन्धानलाई प्राथमिकतामा राखिने पनि बताउनुभयो।

केन्द्रको प्रयोगशाला मोरङ हात्तीमुढास्थित मनमोहन पोलिटेक्निकल इन्स्टिच्युट, खाद्य प्रविधिका लागि धरानस्थित केन्द्रीय प्रविधि क्याम्पस र प्रशासनिक कार्यालयका लागि धरान उपमहानगरपालिकाले छुट्टै भवन उपलब्ध गराएको उपकुलपति सुब्बाले बताउनुभयो।

उहाँले केन्द्रले प्रदेश सरकार, प्रदेशस्थित स्थानीय सरकार तथा सम्बन्धित शैक्षिक एवं अनुसन्धानमुखी निकायसँग सहकार्य गरेर अध्ययन अनुसन्धानका कार्य अगाडि बढाउने बताउनुभयो ।

नास्टका सचिव डा. रवीन्द्रप्रसाद ढकालले विज्ञान प्रविधिको विकासबिना देश विकास नहुने बताउनुभयो। नास्ट स्थापना भएको ४१ वर्ष भए पनि देशव्यापी रूपमा विकास गर्नका लागि सबै क्षेत्रमा प्रविधिको विकास गर्न जरुरी रहेकाले सात वटै प्रदेशमा प्रविधिको विकासका लागि सुरु गरिएको उहाँले बताउनुभयो।

"वातावरणमा समस्या मात्र छैन, समस्यासँगै समाधान पनि छ, एक केजी प्लास्टिकबाट एक लिटर इन्धन निकाल्न सकिन्छ, यसै कारण समस्या मात्र होइन समाधान पनि विज्ञानबाट हुन्छ," सचिव डा. ढकालले भन्नुभयो। धरान शैक्षिक क्षेत्रको केन्द्रका रूपमा रहेको छ र रहिरहने छ भन्नका लागि पनि कृषि तथा खाद्य प्रविधि विशिष्टीकृत अनुसन्धान केन्द्र धरानमा राखेको धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईले बताउनुभयो। केन्द्र, प्रदेश सरकारले ढिला गरे स्थानीय सरकारबाट नै बजेट निकास गरी अनुसन्धान केन्द्रको भवन नै निर्माण गर्ने उहाँले बताउनुभयो।

# वन्यजन्तुको 'काल' बन्दै विद्युतीय धराप



तस्बिर : जनार्जन खत्री
**केही समयअघि कौडेनामा विद्युतीय धरापमा परेर मरेको घोडगधा (नीलगाई) ।**

आकासे वर्षाको भरमा खेती हुने उत्तरी चुरे भेगमा हिउँदयामभर खेतबारी बाँझै रहने भएकाले प्रायः वन्यजन्तु बालीनाली भइरहने दक्षिणी भेगका किसानको खेतबारीमा पुग्ने गरेका छन् ।

**सर्लाही समाचारदाता**
*सर्लाही, वैशाख २८ गते*

सर्लाहीका किसानले बालीनालीको सुरक्षाका लागि आफ्नो खेतबारीमा थापेको विद्युतीय धराप (करेन्ट) मा परेर वन्यजन्तु मर्ने क्रम अझै रोकिन सकेको छैन।

बर्सेनिको डढेलो र वन क्षेत्र विनाश भएर सुरक्षित बासस्थान तथा आहारको खोजीमा वन्यजन्तु किसानको खेतबारीमा पसिरहेका छन्। किसानले लगाएको तरकारी, मकै, उखुलगायतका बालीमा पुग्ने वन्यजन्तु विद्युतीय धरापमा परेर मर्ने क्रम बढेको छ।

जिल्लाको दक्षिणी भेगका किसानले आफ्नो खेतमा वन्यजन्तु प्रवेश गर्न नपाओस् भनी पूरै खेत नै घेरेर विद्युतीय धराप राख्ने गरेका छन्। वन क्षेत्रमा डढेलो लाग्न थालेपछि बँदेल, हरिण, नीलगाई, स्याल जस्ता वन्यजन्तु दक्षिणी भेगतिरै बढी मात्रामा जाने गरेका छन्।

आकासे वर्षाको भरमा खेती हुने उत्तरी चुरे भेगमा हिउँदयामभर खेतबारी बाँझै रहने भएकाले प्रायः वन्यजन्तु बालीनाली भइरहने दक्षिणी भेगका किसानको खेतबारीमा पुग्ने गरेका छन्। सिँचाइको सुविधा रहेको दक्षिणी भेगमा मकै, उखुलगायत घारी हुने खालको बालीनाली लगाइन्छ।

वनमा डढेलो र बढ्दो विनाशका कारण यहाँको दक्षिणी भेगस्थित भारतीय सीमावर्ती क्षेत्रमा पर्ने विष्णु, गोडैता, कौडेना, बलरा, रामनगर, धनकौलसहितका पालिकामा बाक्लै मात्रामा वन्यजन्तु आउन थालेको स्थानीय किसान एवं धनकौल गाउँपालिकास्थित महिनाथपुर गाउँका अगुवा शिवेन्द्र ठाकुरले बताउनुभयो।

उहाँले भन्नुभयो, "अचेत बाक्लै मात्रामा वन्यजन्तु खेतमा देखापर्ने गरेका छन्। त्यसरी आउने वन्यजन्तु विद्युतीय धरापमा परेर प्रत्येक दिन जसो वन्यजन्तु मर्ने पनि गरेका छन्। डिभिजन वन कार्यालय सर्लाहीका प्रमुख मञ्जुर अहमद वन्यजन्तुबाट बाली जोगाउने बहानामा यसरी विद्युतीय धराप थाप्नु अवैध हुने बताउनुहुन्छ। कारबाही हुने डरले वन्यजन्तु विद्युतीय धरापमा परेर मरे पनि वन कार्यालयसम्म जानकारी नै नआउने गरेको डिभिजन वन प्रमुख अहमदको भनाइ छ।

# सङ्ग्रहालय शिलान्यास

**सप्तरी सामाचारदाता**
*सप्तरी, वैशाख २८ गते*

राजविराज नगरपालिका–२ स्थित गजेन्द्र स्मारक सामुदायिक भवन तथा सङ्ग्रहालयको शुक्रबार शिलान्यास गरिएको छ। साठी लाख २० हजार ६४८ रुपियाँको लागत अनुमान गरिएको भवनको शिलान्यास भएको हो। मधेश प्रदेशका पूर्वशिक्षा तथा संस्कृतिमन्त्री महेशप्रसाद यादव, अर्थ तथा योजना आयोगको सभापति सतिशकुमार सिंह, नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परविन र वडाध्यक्ष अरुणकुमार यादवले संयुक्त रूपमा शिलान्यास गर्नुभयो।

भवन तथा सङ्ग्रहालय २०८१ असार १४ गतेसम्म काम सक्ने सहमति भएको छ। नेपाल सरकार, सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग, सघन सहरी तथा भवन निर्माण आयोजना सप्तरी र कृति बिल्डर्स, राजविराज–१५, सप्तरीबिच २०८१ वैशाख १६ गतेदेखि सुरु गरी २०८१ असार १४ गतेसम्म काम सम्पन्न गर्ने सम्झौता पत्रमा उल्लेख छ।

# पूर्ण महाकुम्भ मेला समापन



**वराहक्षेत्र समाचारदाता**
*वराहक्षेत्र, वैशाख २८ गते*

सुनसरीको चतराधाममा एक महिनासम्म लागेको बाह्रबर्से पूर्ण महाकुम्भ मेला विधिवत् रूपमा शुक्रबार सम्पन्न गरिएको छ। कुम्भ परिसर क्षेत्रमा रहेको सप्तकोशी नदीमा विधिवत् रूपमा शुभमुहूर्तमा अन्तिम महास्नान गरी सम्पन्न भएको हो।

कुम्भ स्नान गर्न जगत् गुरु बालसन्त मोहनशरण देवाचार्य, नेपाल सरकारका मुख्यसचिव वैकुण्ठ अर्याल, वराहक्षेत्र नगर प्रमुख रमेश कार्की, मन्त्रीपरिषद् तथा प्रधानमन्त्री कार्यालयका सचिव अर्जुन पोखेलगायत धर्माचार्य, सन्तमहन्त, पीठाधीश, मठाधीश, भक्तजनले बाजागाजासहित शुक्रबार बिहान कोकाह कौशिकी नदीमा महास्नान गर्नुभएको थियो।

बाह्रबर्से पूर्ण महाकुम्भ समापन स्नान गर्न अघिल्लै दिन भक्तजनहरू कुम्भ नगरी चतराधाममा आइपुगेका थिए। कुम्भ स्नानपछि चतराधामस्थित कुम्भ घडामा जल अर्पण र पूजाअर्चना गरी एक महिने महाकुम्भ सम्पन्न भएको कुम्भ मूल आयोजक समितिका महासचिव ओम शर्माले जानकारी दिनुभयो। गत चैत २७ गतेदेखि सुरु भएको कुम्भ मेला वैशाख २८ गते ३२ औँ दिनमा सम्पन्न भएको हो।

विश्वकै पाँच स्थानमा मात्र लाग्ने कुम्भ नेपालको एक मात्र स्थान चतराधाममा लाग्ने गरेको छ भने भारतको चार स्थानमा कुम्भ लाग्दै आएको छ। बाह्र वर्षपछि लागेको महाकुम्भमा स्नान गरे शारीरिक रोग कष्टबाट छुटकारा पाउने धार्मिक विश्वास छ।

मेला अवधिमा तीस लाखभन्दा बढी भक्तजनले स्थान गरी वराह भगवान्को दर्शन गरेको कुम्भ मूल आयोजक समितिले जनाएको छ।

## करेन्ट लागेर दुई जनाको मृत्यु

**ढल्केबर समाचारदाता**
*ढल्केबर, वैशाख २८ गते*

धनुषामा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छ। बिहीबार बिहान ६ बजे बटेश्वर गाउँपालिका–२, रमौली टोलका ३० वर्षीय अमरेशकुमार महतोको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीले घटनाको पूर्ण विवरण प्राप्त भइनसकेको बताउँदै वन्यजन्तुबाट बालीनालीको सुरक्षाका लागि खेतबारीमा थापिएको विद्युतीय धराप (करेन्ट) मा परेर महतोको मृत्यु भएको प्रारम्भिक जानकारी प्राप्त भएको बताउनुभयो। महतोको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको छ। यस्तै जनकपुरधाम उपमहानगरपालिका–२०, रुपैठाकी ३६ वर्षीय गौरी देवको मङ्गलबार बिहान करेन्ट लागेर मृत्यु भएको छ। चार्जमा राखिएको ई रिक्साको विद्युतीय तार हटाउने क्रममा करेन्ट लागेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता रञ्जन अवाले बताउनुभयो। करेन्ट लागेर गम्भीर अवस्थाकी गौरीलाई उपचारका लागि लगिए पनि चिकित्सकले मृत घोषणा गरेको प्रवक्ता अवाको भनाइ छ।

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यसमा ललितपुर महानगरपालिका वडा नं. १६ बस्ने राजु मिश्र र बिमला कुमारी मिश्र समेत–२ जनाले मेरो बाबु/ससुरा धर्मराज झा भन्ने हेमराज मिश्रका नाममा इमाडोल वडा नं. ३ (क) कि.नं. २५८ क्षेत्रफल ०–४–०–० जग्गा दर्ता रहेकोमा निज दर्तावाला धर्मराज झा भन्ने हेमराज मिश्रको मिति २०५४/०८/०२ मा, निजकी पत्नी मथुरा प्यारी मिश्रको २०३९ सालमा आ–आफ्नै कालगतिले मृत्यु भएको, निजहरूको दाम्पत्य जीवनबाट २ छोराहरू उमेशराज मिश्र र राजु मिश्रको जायजन्म भएकोमा जेठो छोरा उमेश राज मिश्रको मिति २०५१ सालमा मृत्यु भएको, निजकी पत्नी बिमला कुमारी मिश्र भएकोले उल्लिखित जग्गा हाम्रो नाममा नामसारी गरी पाऊँ भन्ने समेत व्यहोरा खुलाई द.नं. १५७७४ मिति २०७९/१२/२१ मा निवेदन माग दाबी गरेकोमा निवेदकहरू बाहेक उल्लिखित जग्गामा हक लाग्ने अरू हकदारहरू भए वा नामसारी माग गरेको जग्गा निवेदकहरूको नाममा नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कार्यालयमा रहेको स्रेस्तामा जग्गाधनीको नाम ध्रमराज झा र नाता, मृत्यु दर्ता प्रमाण पत्रमा तथा निवेदकको नागरिकतामा बाबुको नाम हेमराज मिश्र गरेको व्यक्ति फरक–फरक भए वा उल्लिखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

**भूमिसुधार तथा मालपोत कार्यालय,ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा ललितपुर जिल्ला, साबिक ललितपुर महानगर–१० (सुन्धारा), हाल ललितपुर महानगरपालिका वडा नं.–१० (सुन्धारा) बस्ने करण श्रेष्ठको माग निवेदन अनुसार जितलालको नाति विष्णुलाल श्रेष्ठ छोरा मेरो काका लंगर श्रेष्ठका नाउँमा कायम रहेको इमाडोल–८क कि.नं. ११५ क्षे.फ. ०–११–२–० जग्गाको ज.ध. लंगल श्रेष्ठको मिति २०२९ मा र निजको शेषपछि हक खाने हकदारहरूमा निजको बाबु बिष्णुलाल श्रेष्ठ तथा आमा हगोइनी श्रेष्ठ भएकोमा निजको पनि मिति २०२४ सालमा आ–आफ्नो कालगतिले मृत्यु भएको हुँदा निजको शेषपछि हक खाने हकदारहरूमा ज.ध.को दाजु नेमलाल श्रेष्ठ र भाउजू रामेश्वरी श्रेष्ठ भएकोमा निजहरूको मिति २०३४ साल र मिति २०५१/०३/२५ मा आ–आफ्नो कालगतिले मृत्यु भएको हुँदा निजको शेषपछि हक खाने हकदारहरूमा एक मात्र छोरा करण श्रेष्ठ १ जना मात्र भएकोमा माथि उल्लिखित जग्गा मेरो नाउँमा एकलौटी दर्ता नामसारी गरी पाऊँ भनी माग निवेदन गरेको हुँदा उल्लिखित कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन् छैनन् ? उक्त जग्गामा यी निवेदक बाहेक अरु कसैको हकदाबी छ, छैन ? निज ज.ध. लंगल श्रेष्ठको मिति २०२९ सालमा अविवाहित अवस्थामा मृत्यु भएको हो होइन ? ज.ध.को सक्कल पुर्जा हराएको हुँदा ज.ध. पुर्जा पेस नभएको तर ज.ध. पुर्जाको प्रतिलिपि निवेदन साथ पेस भएको हुँदा निवेदकको माग बमोजिम दर्ता नामसारी गरी दिँदा अन्य कसैको हक भोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारी लगायतका फैसला दा.खा. का लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजका नाउँमा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम भई निवेदकका नाउँमा दर्ता नामसारी भई जानेछ र यस विषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **तपसिलः–**

| क्षेत्र | वडा | कि.नं. | क्षे.फ. | मोही | कैफियत |
|---|---|---|---|---|---|
| इमाडोल | ८।क | ११५ | ०–११–२–० | – चंखे मगर ल.पु. ८ नं. डटी टोल बस्ने | – यो जग्गा सुन्धारा बस्ने लंगर श्रेष्ठको हो मैले कमाई कुत तिरी खाई आएको छु। |

नोटः– मिसिल नं. ३०९, आ.व. ०५६/०५७ भिडेको भनी मोठ भिडी आएका :–उक्त मिसिल हाल खोज तलास गर्दा फेला नपरेको ।

**इति संवत् २०८१ वैशाख २७ रोज ५ शुभम् .....।**

# अग्निपीडितका लागि चापाकल



तस्बिर : धीरेन्द्रप्रसाद साह
**अग्निपीडितलाई चापाकल र खाद्यान्न सामग्री प्रदान गरिँदै ।**

**राजविराज समाचारदाता**
*राजविराज, वैशाख २८ गते*

सप्तरी चिम्टीका अग्निपीडितलाई स्वच्छ खानेपानी सहज रूपमा उपलब्ध गराउने उद्देश्यले नेपाली कांग्रेस सप्तरीले आधा दर्जन ट्युबेल (चापाकल) प्रदान गरेको छ।

खानेपानीका लागि जडान गरिएको चापाकल आगलागीमा जलेर नष्ट भएका कारण खानेपानी सहज रूपमा उपलब्ध गराउन नेपाली कांग्रेसले चापाकल प्रदान गरेको हो। नेपाली कांग्रेस सप्तरीका सभापति रामदेव साहले बिहीबार अग्निपीडितलाई छ थान ट्युबेल, पाइप र त्यसको जडानमा लाग्ने खर्चसहित वडाध्यक्ष जयश्वर किशोर दासलाई हस्तान्तरण गर्नुभएको छ।

आगलागीमा चापाकल जलेर नष्ट हुँदा खानेपानीको समस्या बढेपछि ट्युबेल वितरण गरिएको सभापति साहले बताउनुभयो। उहाँले अग्निपीडितलाई खाद्यान्नसहितका सामग्री विभिन्न सरकारी तथा गैरसकारी निकायबाट उपलब्ध हुँदै आएको अवस्थामा कांग्रेसले खानेपानीको आवश्यकतालाई पूरा गर्न जडान खर्चसहित ट्युबेल सेट उपलब्ध गराएको जानकारी दिनुभयो।

### नेविसङ्घबाट खाद्यान्न

यसै गरी नेपाल विद्यार्थी सङ्घ सप्तरीले अग्निपीडित ६६ परिवारजनलाई राहतस्वरूप खाद्यान्न उपलब्ध गराएको छ। चामल, दाल, खानेतेल, चिउरा, नुनलगायतका खाद्यान्न सामग्री उपलब्ध गराइएको नेविसङ्घ सप्तरीका सभापति राकेश ठाकुरले जानकारी दिनुभयो।

वैशाख १८ मा महदेवा गाउँपालिका–१, चिम्टीमा भीषण आगलागी हुँदा ६६ परिवारका एक सयभन्दा बढी घर जलेर खरानी भएका थिए। अहिले अग्निपीडितलाई बसोबासको समस्या रहेको वडाध्यक्ष दासले बताउनुभयो। "खाद्यान्नलगायतका सामग्रीको अभाव छैन तर यहाँका पीडितलाई बसोबासको मुख्य समस्या छ," उहाँले भन्नुभयो।

प्रतिपरिवारलाई कम्तीमा पनि पाँच जनासम्म बस्न सकिने पक्की घर उपलब्ध गराउनुपर्ने छ। सहयोग गर्न चाहनेहरूमा यसमा ध्यान दिन पनि वडाध्यक्ष दासले आग्रह गर्नुभयो।

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

ल.पु.जि., साबिक विष्टछाप–५ बस्ने अर्जुन बहादुर सिल्वाल समेतले मेरा पिता रेख बहादुर सिल्वालको नाउँमा सर्भे नापीको समयमा नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिलमा उल्लिखित कित्ता जग्गाको ज.ध. रेख बहादुर सिल्वालको मिति २०५१।१।१५ मा मृत्यु भएको र निजकी पत्नी गगन कुमारी सिल्वालको मिति २०७८।३।२७ सालमा परलोक भएको निजहरूको शेष पछिको हक खाने छोरा अर्जुन बहादुर सिल्वाल र नवराज सिल्वाल समेत जना २ मात्र भएको अन्य हकवाला कोही पनि नभएकोले उल्लिखित जग्गा हाम्रा नाऊँमा दर्ता नामसारी गरी पाऊँ भनी माग गरेको हुँदा उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी छ, छैन, अन्य हकदार छन् छैनन्, निवेदकको माग बमोजिम दर्ता नामसारी गरी दिँदा अन्य कसैको हक भोग स्वामित्वमा असर पर्न जाने हो वा होइन? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजका नाऊँमा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम भई निवेदकका नाउँमा दर्ता नामसारी भइजाने छ र यस विषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ । **तपसिल**

| क्षेत्र | वडा | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|
| बिष्टछाप | ५ | १३४ | ०–८–०–० | –रेख बहादुर सिल्वाल | –यो जग्गा मेरै नम्बरी हो | |
| ऐ. | ऐ. | १६६ | ०–३–०–० | ऐ. | –ऐ. | |
| ऐ. | ऐ. | १७० | ०–२–१–० | ऐ. | ऐ. | |
| ऐ. | ऐ. | ३९ | ०–४–०–० | ऐ. | –यो जग्गा मेरै हकभोगको हो | |

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता सहितको नामसारी हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

यसमा गोदावरी नगरपालिका वडा नं. ११, ललितपुर बस्ने सारनाथ महर्जनले मेरो बाबु मान बहादुर महर्जनका नाममा तपसिल बमोजिमको जग्गा रहेकोमा मान बहादुर महर्जनको मिति २०७८/०६/११ मा आफ्नै कालगतिले मृत्यु भएको। निजको शेष पछिको हक खाने हकदारमा एक मात्र पत्नी देबमाया महर्जन २ छोराहरू रघुनाथ महर्जन र सारनाथ महर्जन भएकोमा देबमाया महर्जन र रघुनाथ महर्जनले हक छाड मन्जुरी गरेको हुँदा उल्लिखित जग्गा मेरो नाममा दर्ता नामसारी गरी पाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा सारनाथ महर्जनले द.नं. १८१६२ मिति २०८१/०१/१६ मा निवेदन माग दाबी रहेकोमा निवेदकहरू बाहेक उल्लिखित जग्गामा अन्य कसैको हक दाबी भए वा दर्ता माग गरेको जग्गा निवेदकहरूका नाममा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा जग्गाधनीको नाम जग्गाधनी स्रेस्ता तथा फिल्डबुकमा मान बहादुर ज्यापूर र अन्य कागज पत्रमा नाम मान बहादुर महर्जन रहेको व्यक्ति फरक–फरक व्यक्ति भए वा कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहे/भएको भए वा उल्लिखित जग्गाको हक भोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला/सूचना गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकहरूको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| चापागाउँ | ५(घ) | १४ | १–२–०–० | मान बहादुर ज्यापु ल.पु.ई. चापागाउँ पं. ९ नं. वार्ड बुलु चिर ननी टोल | यो जग्गा मेरै जोत र नंबरी हो। |
| | | ३९ | ०–६–०–० | ऐ. | यो जग्गा मेरो नाउँको हो। |

**इति संवत् २०८१ साल वैशाख महिना २७ गते रोज ५ शुभम् ।**

# अर्थबजार

**सेयर बजार**

| | |
|---|---|
| नेप्से इन्डेक्स | : १९६६.२३ (+५.६३) ▲ |
| कारोबार रकम | : ३,९२१,२८६,२६२ ▲ |
| कारोबार भएका सेयर | : ७,०५८,३९९ |
| कारोबार सङ्ख्या | : ४९,३३२ |
| कारोबार भएका कम्पनी | : ३१३ |

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | |
|---|---|
| छापावाल सुन | : १३७९०० ▲ |
| तेजावी सुन | : १३७२५० ▲ |
| चाँदी | : १७३५ |

# इपिएस अन्तर्गत सिप परीक्षाको नतिजा

गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २८ गते*



रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत पहिलो चरणमा लिइएको भाषा परीक्षा र सिप परीक्षाबाट पाँच हजार ७५३ जना परीक्षार्थी उत्तीर्ण भएका छन्। सन् २०२४ मा इपिएसमार्फत उत्पादनतर्फको काम गर्न जानका लागि भाषा परीक्षा उत्तीर्ण गरेका छ हजार ३२१ जनामध्ये सिप परीक्षामा उत्तीर्ण भएका हुन् । जसमा बाँकी ७७ जना सिप परीक्षामा अनुपस्थिति रहेको वैदेशिक रोजगार विभाग अन्तर्गतको इपिएस शाखाले जनाएको छ।

सो शाखाका अनुसार उत्पादनतर्फ पहिलो चरणको परीक्षामा सहभागी ४० हजार ५८० जना सहभागी भएका थिए । यो सङ्ख्या तीन चरणको भाषा परीक्षासहित छनोट गरिने १६ हजार चार सय हो । सो शाखाका अनुसार गएको फागुन पहिलो सातादेखि चैत २४ सम्म ४७ हजार ५१५ जनाका लागि लिइएको पहिलो चरणको भाषा परीक्षामा ४० हजार ५८० जना सहभागी भएका थिए। सो शाखाका अनुसार भाषा र सिप परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीलाई वैशाख ३१ गतेदेखि जेठ ३ गतेसम्म स्वास्थ्य परीक्षण गर्ने गरी नाम नम्बर सार्वजनिक गरेको छ । स्वास्थ्य परीक्षणका लागि पाटन अस्पताल लगनखेल, शुक्रराज ट्रपिकल अस्पताल टेकु, नेपाल कोरियामैत्री अस्पताल भक्तपुर र निजामती अस्पताल मीनभवन तोकिएको इपिएस शाखाले जनाएको छ।

पहिलो चरणको सिप परीक्षामा सहभागी परीक्षार्थीको नतिजा दक्षिण कोरिया सरकारको मानव संशोधन विभाग (एचआरडी) ले बिहीबार राति सार्वजनिक गरेको जनाइएको छ । गएको फागुन २७ गते भाषा परीक्षाको नतिजा सार्वजनिक गरेको एचआरडीले वैशाख ९ गतेदेखि १५ सम्म सिप परीक्षा सञ्चालन गरिएको थियो। इपिएस शाखाले कोरियन भाषा र सिप परीक्षा उत्तीर्ण हुँदैमा कोरियामा रोजगारीको ग्यारेन्टी नहुने र रोजगारीको छनोट प्रक्रियामा सामेल हुनु रोस्टरमा सूचीकृत हुनु मात्रै भएको जनाएको छ।

कोरियामा नेपाली युवाको माग बढ्न थालेपछि इपिएस अन्तर्गत १६ देशमध्ये नेपालबाट धेरै श्रमिक लैजाने योजना अनुसार सिप परीक्षाको नतिजा प्रकाशित गरिएको हो । परीक्षाका लागि आवेदन दिने नेपालीको सङ्ख्या धेरै भएपछि तीन चरणमा परीक्षा भइरहेको छ। तीन चरणकै परीक्षा सम्पन्न गर्न १० महिना अर्थात् २०८१ साल पुससम्म लाग्ने सो शाखाका निर्देशक मैयाँ कँडेलले जानकारी दिनुभयो । उहाँले भाषा परीक्षाका लागि एक लाख ६३ हजार ६३५ जनाले आवेदन दिएकोमा १६ हजार चार छनोट गरेर पठाउने योजना रहेको बताउनुभयो। हाल उत्तीर्ण भएका युवालाई जुन महिनामा हुने रोजगारदाता छनोटका लागि तयार हुन भनिएको छ।

दक्षिण कोरियाले इपिएस अन्तर्गत सन् २०२४ का लागि नेपाललाई तोकेको कोटा थप गरेका कारण यो वर्ष हालसम्मकै धेरै नेपालीले कोरियाको रोजगारी पाउने सम्भावना छ । २०२३ सालमा इपिएस अन्तर्गत १९ हजार ६९८ नेपाली कोरिया प्रवेश गरेकामा २०२४ सालको हालसम्म दुई हजार ७९२ जना गइसकेका छन्। यसबाहेक दक्षिण कोरियाले सन् २०२३ सम्म कृषि तथा पशुपालन, उत्पादनमूलक र सिप बिल्डिङ क्षेत्रबाट मात्र श्रमिक लगिरहेकोमा यो वर्षदेखि वन, सेवा र रुट इन्डस्ट्री क्षेत्रसमेत थप गरी यी क्षेत्रमा पनि नेपालबाट श्रमिक लैजाने भएको छ। विगतको वर्षभन्दा सन् २०२४ मा अझ बढी सङ्ख्यामा नेपाली श्रमिक कोरिया लैजाने बेहोराको पत्र कोरिया सरकारबाट आएको छ। कोरियाले यो वर्ष नेपालबाट २२ हजारभन्दा बढी युवा लैजाने आश्वासन दिएको छ।

### आवेदन दिएका ६९१ जनाको सेवा परिवर्तन

यसैबिच रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत कोरिया जान भाषा परीक्षा उत्तीर्ण गरेर रोस्टरमा रहेका ६९१ जनाको सेवा परिवर्तन भएको छ। इपिएस कोरिया शाखाले कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रतर्फ रोस्टरमा रहेकाका लागि आह्वान गरेको सूचनामा तीन हजार पाँच सय जनाले सेवा क्षेत्र परिवर्तनका लागि आवेदन दिएकोमा त्यो सङ्ख्याको मात्रै सेवा क्षेत्र परिवर्तन भएको हो।

सो शाखाका अनुसार सेवा क्षेत्रका लागि तत्काल परीक्षा नगर्ने र हाल कृषि, पशुपालन र उत्पादनमूलक क्षेत्रमा अन्तिम चरणमा छानिएर रोस्टरमा रहेका नेपालीलाई क्षेत्र परिवर्तन गरी कोरिया जाने अवसर दिएको थियो।

## छानबिन उपसमिति गठन

गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २८ गते*

नेपाल वायुसेवा निगमको नाइन एन एकेएक्स एयरबस ३२० लुम्बिनी जहाजको इन्जिन मर्मतमा ढिलाइ भएको सम्बन्धमा छानबिन उपसमिति गठन गरिएको छ । निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकले सञ्चालक समिति सदस्य सुधीरशमशेर राईको संयोजकत्वमा पाँच सदस्यीय छानबिन उपसमिति गठन गरेको हो।

निगमका प्रवक्ता रमेश पौडेलले भन्नुभयो, "जहाजको दायाँ इन्जिनमा समस्या आएपछि पुस २६ गते इजरायल एरोस्पेस इन्डस्ट्री (आइएआई) मा मर्मतसम्भार गर्न पठाइएको थियो। आइएआइले सम्झौता अनुसार जहाजको इन्जिनमा आएको समस्या समयमै समाधान नगरेको र त्यसको विकल्पका अर्को इन्जिनको व्यवस्था नगरेको विषयमा छानबिन समिति गठन गरिएको हो।"

गठन भएको छानबिन समितिलाई १५ दिनभित्र उपयुक्त राय सिफारिससहित प्रतिवेदन पेस गर्न कार्यादेश दिइएको जानकारी दिनुभयो।

## आयआर्जन बढाउन पाडी सहयोग

चित्र मिजार
*सिन्धुपाल्चोक, वैशाख २८ गते*

आयआर्जन बढाउन बलेफी गाउँपालिका–८ ले एकल महिलालाई भैँसीको पाडी सहयोग गरेको छ । आठ जना एकललाई अहिले एक लाख बराबरको उन्नत जातका पाडी सहयोग गरिएको छ।

अरू एकललाई अर्को पटक पाडी वा चौपाया सहयोग गर्ने वडाध्यक्ष रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो । वडाका अति विपन्न एकल महिला जसको कुनै आम्दानीको स्रोत नभएकाले आर्थिक रूपमा उन्नति गर्न वडाले सहयोगको आधार तयार गरी सहयोग गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो। सहयोगस्वरूप प्राप्त भएको पाडीलाई पालेर आम्दानी लिई घरव्यवहार चलाउने एकल महिला बालकुमारी पराजुलीले बताउनुभयो । पाडी सहयोगका कारण कृषिमा पनि मद्दत पुग्ने विश्वास लिइएको छ।

# भरतपुर भ्रमण वर्ष २०२४ लक्षित छुट



भरतपुर महानगरपालिकाको मेघौलीस्थित सामुदायिक वनमा हात्ती चढेर गैँडा हेर्दै पर्यटक।

वसन्त पराजुली
*नारायणगढ, वैशाख २८ गते*

भरतपुर भ्रमण वर्ष २०२४ लाई मध्यनजर गर्दै चितवनका होटल तथा रेस्टुरेन्टले खानामा १५ प्रतिशत र कोठामा २५ प्रतिशतसम्म छुट दिने भएका छन्।

होटल व्यवसायीको छाता संस्था चितवन होटल व्यवसायी सङ्घले चितवन घुम्न आउने पर्यटकलाई मध्यनजर गर्दै मेनु रेटमा खानामा १५ प्रतिशत र कोठामा २५ प्रतिशतसम्म छुट दिने निर्णय गरेसँगै व्यवसायीले पनि सो छुट दिने भएका हुन्।

सङ्घका अध्यक्ष लोकनाथ भट्ट भरतपुर भ्रमण वर्ष घुम्न आउने पर्यटकलाई सहज होस् भन्ने उद्देश्यले छुट प्याकेज घोषणा गरिएको बताउनुभयो।

"भरतपुर घुम्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरूले महसुस हुने गरी छुट सुविधा पाउन भन्नेमा हामी होटल व्यवसायीहरू छौँ," उहाँले भन्नुभयो। पर्यटकीय सुविधा सम्पन्न भएका ६५ वटा होटलसहित भरतपुरका पाँच सय होटल र सात सय रेस्टुरेन्टमा छुट सुविधा लागु गरेका छन् । भरतपुर महानगरका पर्यटनविज्ञ डा. विश्वराज सुवेदी होटलहरूले घोषणा गरेको छुट दिएका नदिएका सम्बन्धमा पनि अनुगमन जारी रहेको बताउनुभयो।

"हामीले नगर प्रहरी नै लगाएर हरेक होटलमा छुट प्याकेजका पोस्टरहरू टास्न सुरु गरेका छौँ। अब हामी होटलहरूले त्यो लागु गरे नगरेका पनि अनुगमन गर्छौं," उहाँले भन्नुभयो।

भरतपुरभित्रको आर्थिक कारोबारमा चलायमान गराउने उद्देश्यले भरतपुर महानगरले भरतपुर भ्रमण वर्ष २०२४ घोषणा गरेर विभिन्न कार्यक्रम गरिरहेको छ । नेपालकै तेस्रो पर्यटकीय गन्तव्य चितवनको मुख्य नगरी नै भरतपुर हो। चितवन राष्ट्रिय निकुञ्ज, धार्मिक क्षेत्र देवघाट, नारायणी, राप्ती जस्ता ठुला नदीहरूले नै भरतपुरको पर्यटन विकासमा टेवा दिइरहेका छन्।

# विद्युतीय सवारीमा ग्राहकको आकर्षण बढ्दै

लक्ष्मी सापकोटा
*काठमाडौँ, वैशाख २८ गते*



चालु आर्थिक वर्षको नौ महिनामा २१ अर्ब रुपियाँ बराबरको विद्युतीय सवारीसाधनको आयात भएको छ।

भन्सार विभागको तथ्याङ्क अनुसार चालु आवको साउनदेखि चैत महिनासम्म २१ अर्ब ५५ करोड २१ लाख ३७ हजार रुपियाँको विद्युतीय सवारीसाधनको आयात भएको छ । पछिल्लो समय बजारमा विद्युतीय गाडीको आकर्षण बढ्दै गएको छ । विद्युतीय गाडीको प्रवर्धन गर्ने सरकारको नीतिसँगै डिजेल, पेट्रोलबाट चल्ने गाडीको तुलनामा सस्तो पर्ने हुँदा उपभोक्ताको रोजाइमा विद्युतीय सवारी पर्न थालेको हो।

बजारमा विद्युतीय गाडीको माग बढ्दा आयातमा समेत वृद्धि भएको छ। विद्युतीय गाडी छिमेकी मुलुक भारतबाट धेरै आयात हुने गरेका छन् । भारतसँगै व्यवसायीले चीन इन्डोनेसिया, कोरिया, संयुक्त राज्य अमेरिकालगायतका मुलुकबाट विद्युतीय गाडी आयात गर्ने गरेका छन्। वीरगन्ज, भैरहवा, तातोपानी, रसुवा नाकाबाट विद्युतीय गाडीको आयात भइरहेको छ।

नेपालमा अन्य नाकाको तुलनामा सबैभन्दा धेरै चीनबाट उत्तरी रसुवा नाकाबाट विद्युतीय सवारीको आयात धेरै भएको छ । सो नाकाबाट अन्य सामानको तुलनामा विद्युतीय सवारीसाधनको आयात बढ्दै गएको छ। बजारमा विद्युतीय गाडिको माग बढेसँगै आयातमा समेत उल्लेख्य वृद्धि भएको हो।

रसुवा भन्सार कार्यालयका अनुसार चालु आवको नौ महिनामा रसुवा नाकाबाट चार अर्ब १९ करोड ८८ लाख ४६ लाख रुपियाँ बराबरको तीन हजार ९८१ वटा विद्युतीय सवारीसाधन आयात भएको छ। कार्यालयका प्रमुख रामप्रसाद पाठकले विद्युतीय गाडीको प्रयोग प्रवर्धन गर्ने सरकारको नीतिका कारण आयातमा वृद्धि भएको जानकारी दिनुभयो। विद्युतीय सवारी वातावरणमैत्री हुनाका साथै उपभोक्ताको चाहना बढ्दै गएकाले पनि आयातमा वृद्धि भएको उहाँको भनाइ छ । सो नाकाबाट यातायातको पहुँचलाई सहज बनाउन नेपाली व्यवसायीले चीनबाट सबैभन्दा धेरै 'बिवाइडी' विद्युतीय गाडीको आयात गरेका छन्।

अन्य सवारीसाधनको तुलनामा विद्युतीय सवारीको लागत खर्चसमेत कम पर्ने हुँदा यसको प्रयोग बढ्दै गएको उपभोक्ताको धारणा छ । पछिल्लो समयमा बजारमा विद्युतीय कार, भ्यान, स्कुटरको प्रयोग धेरै हुने गरेको छ।

पेट्रोल, डिजल सवारीसाधनको तुलनामा विद्युतीय सवारीसाधनको मर्मत खर्च एकदमै कम हुनुका साथै टायर, ब्याट्री, सर्भिसिङ र सरसफाइ खर्च मात्रै लाग्ने भएकाले विद्युतीय सवारीसाधनको 'मेन्टेनेन्स खर्च' अन्य सवारीसाधनको तुलनामा कम लाग्ने गरेको व्यवसायी बताउँछन्। विद्युतीय गाडी प्रयोग सस्तो पर्ने हुँदा पेट्रोल खरिद गर्ने रकम बचत हुने गरेको उपभोक्ताको भनाइ छ। विद्युतीय सवारीसाधनले पेट्रोल, डिजेल सवारीसाधनले जस्तो वातावरण र मानव स्वास्थ्यलाई असर पुऱ्याउने कार्बन मोनोक्साइड ग्यास पनि उत्सर्जन नगर्ने हुनाले विद्युतीय सवारीसाधन वातावरणमैत्री रहेको छ।

पेट्रोल, डिजेल सवारीसाधनको तुलनामा विद्युतीय सवारीसाधनको सञ्चालन खर्च तीन गुणा कम हुने गरेको व्यवसायीको भनाइ छ । पर्याप्त चार्जिङ स्टेसन नहुँदा यसको प्रयोगमा चुनौती देखिएको छ।

# सुनको मूल्य बढ्यो



गोरखापत्र समाचारदाता
*काठमाडौँ, वैशाख २८ गते*

स्थानीय बजारमा सुनको मूल्य फेरि बढ्न थालेको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेसँगै त्यसको प्रभाव स्थानीय बजारमा पर्न थालेको हो । साताको अन्तिम दिन शुक्रबार तोलामा दुई हजार तीन सय रुपियाँले बढेर एक लाख ३७ हजार नौ सय रुपियाँमा कारोबार भएको नेपाल सुनचाँदी व्यवसायी महासङ्घले जनाएको छ । बिहीबार तोलामा एक लाख ३५ हजार छ सय रुपियाँमा कारोबार भएको सुनको मूल्य शुक्रबार आएर वृद्धि भएको हो।

वैशाखको पहिलो साता सुनको मूल्य बढेर तोलामा एक लाख ३९ हजार तीन सय रुपियाँ पुगेर तीन साता लगातार घट्दै गएर एक लाख ३५ हजार रुपियाँमा झरेको थियो। अहिले आएर सुनको मूल्य बढ्न थालेको छ। यो साता अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्दा स्थानीय बजारमा बढ्ने र घट्दा घट्ने गर्छ। अन्तर्राष्ट्रिय बजारमा बैङ्कहरूले ब्याजदरमा कटौती गर्ने सङ्केत गरेसँगै त्यसको प्रभाव सुन बजारमा पर्न गई मूल्य बढ्न थालेको बताइएको छ। यसैबिच चाँदीको मूल्य तोलामा ५० रुपियाँले बढेको छ । बिहीबार तोलामा एक हजार ६८५ रुपियाँमा कारोबार भएको चाँदीको मूल्य शुक्रबार बढेर एक हजार ७३५ रुपियाँमा कारोबार भएको महासङ्घले जनाएको छ।

**काठमाडौँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
स्वास्थ्य विभाग
कमलादी, काठमाडौँ, बागमती प्रदेश, नेपाल

**काठमाडौँ महानगरपालिका क्षेत्रभित्र सञ्चालित शिक्षण संस्थाहरू र अस्पताल तथा सोमा आबद्ध शिक्षक, प्रशिक्षक तथा कर्मचारीहरूमा स्वास्थ्य सेवा नियमित गर्न र कानुन बमोजिम सञ्चालन गर्न**

**काठमाडौँ महानगरपालिकाको सार्वजनिक अपिल**

सर्वसाधारणलाई स्वास्थ्य सेवा समेत प्रवाह गर्ने सर्तमा काठमाडौँ महानगरपालिका क्षेत्रभित्र सञ्चालित शिक्षण संस्थाहरूमा आबद्ध अस्पतालहरूमा स्वास्थ्य सेवा प्राप्त गर्न जाँदा चिकित्सक तथा स्वास्थ्यकर्मीहरू एवं कर्मचारीहरू उपलब्ध नहुने गरेको, सो समयमा अन्यत्र काम गर्ने गरेको, शल्यक्रिया, सिटी स्क्यान, एमआरआई स्क्यान जस्ता सेवाहरूका लागि महिनौंसम्म कुर्नुपर्ने भनी सर्वसाधारणहरूको गुनासाहरू दिन प्रतिदिन यस कार्यालयमा बढ्ने गरेको छ। राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४१ र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३७ (क) मा चिकित्सा शिक्षा प्रदान गर्ने संस्थाका शिक्षक, प्रशिक्षक तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचार संहितामा उल्लिखित छ। उक्त कानुनी व्यवस्था अनुसार "आफूलाई खटाएको शिक्षण संस्थामा मात्र काम गर्ने" भन्ने बाध्यात्मक व्यवस्था छ। सो कानुनी व्यवस्थाको यथार्थ परिपालना गर्न र गराउन सम्बद्ध व्यक्ति, पदाधिकारी तथा संस्थालाई काठमाडौँ महानगरपालिका सार्वजनिक रूपमा अपिल गर्न चाहन्छ। उक्त कानुनी व्यवस्था बमोजिम सर्वसाधारणहरूले अस्पतालहरूबाट सहज रूपमा स्वास्थ्य सेवा प्राप्त गर्न नसकेमा वा विद्यमान कानुनी व्यवस्थाको उल्लङ्घन भएको देखिएमा अनुगमन तथा नियमनको माध्यमबाट प्रचलित कानुनी व्यवस्था बमोजिम गर्ने/गराउने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गरिन्छ।

**काठमाडौँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कमलादी, काठमाडौँ, बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशन मिति : २०८१।०१।२९ (ने.सं. ११४४ बछलाथ्व चौथि)

गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमका सारभूत रूपमा प्रभावग्राह्य न्यूनतम मूल्याङ्कित बोलपत्रहरू स्वीकृतिका लागि मूल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्र दाताहरूलाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

| क्र.सं. | सूचना नं./प्याकेज नं. | सूचना प्रकाशित मिति | कामको विवरण | बोलपत्र दाताको नाम | कबोल गरेको रकम रु. (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|---|
| १. | 05-06-080-81-NCBW-HTD-KMC | २०८०।११।०४ | Nikhileshwor Mandir, Sahayoginagar Samudayik Samaj, Laxminarayan Mandir tatha Parisar Sudhar, KMC-32, Koteshwor | Srijanshil Engineering Construction | ५५,३३,६३१।२० |
| २. | 07-08-080-81-NCBW-HTD-KMC | २०८०।११।११ | Sasukhwat Kuldevata Sthal Samrakshyan Karya, KMC-15, Dallu | Srijanshil Engineering Construction | ५१,३७,९०६।७० |
| ३. | 03-05-080-081-NCBW-WARD16-KMC | २०८०।१२।०८ | RCC Road construction Works at Kailashnath Galli, Banasthali, Samriddhi Marga, Bohoratar and Boarder of Nagarjun Rastriya Nikunja, KMC-16 | Sita Construction | ३५,०६,३९३।९९ (P.S. र VAT बाहेक) |
| ४. | 03-06-080-081-NCBW-WARD16-KMC | २०८०।१२।०८ | Black Topping works at Gunastar Naaptaul Bibhag to Nagarjun Party Palace Basantnagar Road KMC-16 | Golden Construction | 92,92,511.50 (P.S. र VAT बाहेक) |
| ५. | 02-02-080-081-NCBW-WARD12-KMC | २०८०।१२।०५ | Re-Construction works of Pachali Bhairav Pati KMC-12 | Sujan Nirman Sewa | 60,77,942.35 (P.S. र VAT बाहेक) |


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
**कोशीटप्पु वन्यजन्तु आरक्षको जग्गा सट्टाभर्ना सम्बन्धी अधिकार सम्पन्न उच्च स्तरीय समिति-२०८०, काठमाडौं।**

**कोशीटप्पु वन्यजन्तु आरक्ष विस्तार गर्दा सट्टा भर्ना उपलब्ध गराइएका पथरीशनिश्चरे नगरपालिका क्षेत्र जग्गा स्वामित्व भएका जग्गाधनीहरूका लागि १५ दिने सार्वजनिक सूचना।**

दोस्रो पटक प्रकाशित मिति : २०८१।०१।२९

कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्र विस्तार गर्दा अधिग्रहण गरी मोरङ जिल्लाको पथरीशनिश्चरे नगरपालिका क्षेत्रभित्र सट्टा भर्ना स्वरूप उपलब्ध गराइएको जग्गामा स्वामित्व कायम भई हालसम्म भोगचलन गर्न नपाएका जग्गाधनीहरूबाट तोकिएको ढाँचामा निवेदन माग गर्न अधिकार सम्पन्न उच्च स्तरीय समितिको मिति २०८१/०१/२८ को निर्णय अनुसार १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निवेदनको ढाँचा श्री जिल्ला प्रशासन कार्यालय मोरङबाट कार्यालय समयमा प्राप्त गरी तोकिएको अवधिभित्र कार्यालय समयमा निवेदन दर्ता गराउन सकिने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सम्पर्क कार्यालयः**– जिल्ला प्रशासन कार्यालय मोरङ, प्रशासन शाखा
**सम्पर्क मोबाइल नम्बरः**– ९८५२०२८३६२, ९८६२२१३०४२

Government of Nepal
**Ministry of Health & Population**
**Department of Health Services**
**Management Division**
**Pachali, Teku, Kathmandu, Nepal**

**Notice for Price bid open**

**Date of Notice : 11 May 2024**

Pursuant to clause 31(4) and (5) of Public Procurement Regulation 2064, this is to notify all the bidders that the following substantially responsive technical bidder has been selected for further evaluation as per the Invitation for Bids published on Gorkhapatra and DOHS decides to open the price bid on 19 May 2024 on 12:00 Hr.

| S.N. | RFB No. | Successful Bidders Name and Address |
|---|---|---|
| 1. | DOHS/G/NCB-37/IDA/2080-81/Procurement of HPV DNA PCR Kits and Lab Reagent | **For Package-2** **M/S Maxim Incorporation Traders Pvt Ltd;,** Baluwatar-4, Kathmandu **For Pcakge-1**: All technical bids are non-responsive |

## बक्सिङ टिम फिर्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, वैशाख २८ गते*

काजकिस्तानको राजधानी आस्तानामा सम्पन्न एएसबिसी एसियन यु–२२ र युथ बक्सिङ प्रतियोगितामा भागलिई नेपाली बक्सिङ टोली फर्किएको छ। अप्रिल २७ देखि मे ७ सम्म प्रतियोगिता सञ्चालन भएको थियो।

सो प्रतियोगितामा नेपालको प्रदर्शन सम्झनलायक रहेन। ४८ केजी तौल समूहमा नेपाली बक्सर लालप्रसाद उप्रेती मङ्गोलियाका ओट्गोन्बायर तुम्सिन्जायसँग ५:० ले हार्नुभयो। सन् २०२२ मा थाइल्यान्डको राजधानी बैङ्कक सहरमा सम्पन्न एएसबिसी एसियन यु–२२ बक्सिङ प्रतियोगितामा ४८ केजी तौल समूहमा ऐतिहासिक रजत पदक जित्ने सुष्मा तामाङ ४८ केजी तौल समूहमा मङ्गोलियाकी बक्सरसँग स्प्लिट अङ्कको आधारमा पराजित हुनुभयो। पहिलो पटक अन्तर्राष्ट्रिय बक्सिङ खेल्दै गरेकी रमिसा श्रेष्ठ भारतकी तमन्नासँग ५० केजी तौल समूहमा पराजित हुनुभयो।

## पोल ब्रेक गेम हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, वैशाख २८ गते*

गोरखा पोल ब्रेकर्स सङ्घ नेपालको आयोजनामा गोरखा पोल ब्रेक गेमको आयोजना हुने भएको छ। सो प्रतियोगिता वैशाख ३० गते दशरथ रङ्गशालाको कभर्ड हलमा हुने छ। नेपाल र भारतका चार टिमका खेलाडीबिच नकआउटको आधारमा प्रतियोगिता हुने बताइएको छ। गोरखा पोल ब्रेकर्स सङ्घका अध्यक्ष उद्धवनारायण श्रेष्ठले यो नेपालबाटै प्रारम्भ भएको मौलिक खेल भएको जानकारी दिनुहुँदै यस खेलका सम्पूर्ण नियम, बल तथा पोलको संरचना, ढाँचा, तौल तथा डिजाइन सबै आफ्नै टिमले तयार गरेको जानकारी दिनुभयो।

## बागमतीको सहज जित

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, वैशाख २८ गते*

सहिद स्मारक 'सी' डिभिजन लिगमा बागमती युवा क्लबले रानीवन स्पोर्ट्स क्लबविरुद्ध ३–१ को सहज जित निकालेको छ। सातदोबाटोस्थित एन्फा मैदानमा शुक्रबार भएको खेलमा बागमतीका दीपेश राईले दुई र सिर्जनराज गौतमले एक गोल गर्नुभएको थियो। रानीवनका लागि विष्णु चौधरीले एक गोल फर्काउन सफल हुनुभयो। खेलको ४८ औं मिनेटमा दीपेशको गोलमार्फत बागमतीले अग्रता लिएको थियो। उहाँले विमल घिसिङको पासलाई सुदुपयोग गर्दै गोल गर्नुभएको थियो।

# रङ्गशालामा विश्वकप छनोट खेल हुनेमा शङ्का



**गोरखापत्र समाचारदाता**
*काठमाडौं, वैशाख २८ गते*

एएफसीले दशरथ रङ्गशालालाई अन्तर्राष्ट्रिय मान्यता नदिएपछि अर्को महिना यसै मैदानमा विश्वकप छनोट अन्तर्गत नेपालले युएईविरुद्ध खेल्ने खेल हुनेमा शङ्का उत्पन्न भएको छ। एएफसीका पदाधिकारीले रङ्गशालाको निरीक्षणपछि विभिन्न पक्षमा प्रश्न उठाएका थिए।

यसबिच दशरथ रङ्गशालालाई अन्तर्राष्ट्रिय मान्यता दिन एएफसीले माग गरेको विवरण राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले शुक्रबार अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई आवश्यक कागजात उपलब्ध गराएको छ। फिफा विश्व कप छनोट र एसियाली छनोटको खेल दशरथ रङ्गशालामा सञ्चालन गर्ने सम्बन्धमा दशरथ रङ्गशालाको अवस्थाबारे एएफसीले प्रारम्भिक अनुगमनपश्चात् माग गरेको विवरण राखेपले एन्फालाई दिएको हो। उक्त विवरण शुक्रबारै एन्फाले एएफसीमा पठाउने तयारी गरेको छ। एएफसीले एन्फालाई दुवै छनोट प्रतियोगिताका खेल खेलाउन दशरथ रङ्गशाला उपयुक्त हुने आधारसहित चार बुँदे विवरण माग गरेको थियो।

एएफसीले एन्फालाई स्टेडियम सेफ्टी सर्टिफिकेट, इभाक्वुएसन प्लान, कोलर कोडेड फ्लोर प्लान डायग्राम र रिस्क एनालाइसिस स्पेसिफिक टु दी स्टेडियमका विषयमा जानकारी माग गरेको थियो। सो विषयमा एन्फाले राखेपलाई एएफसीमा पठाउन विवरण माग गरेकोमा राखेपले प्राविधिक परामर्शदाताको सहयोगमा अध्ययनपश्चात् तयार पारेको सम्पूर्ण विवरण एन्फालाई दिएको हो।

बिहीबार मात्रै संसदीय व्यवस्था समितिमा दशरथ रङ्गशालाको अवस्थाबारे प्रश्न उठ्दा राखेपका सदस्य–सचिव टङ्कलाल घिसिङले यही हप्ताभित्र विवरण उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। सदस्य–सचिव टङ्कलाल घिसिङको उपस्थितिमा राखेप अन्तर्गत पूर्वाधार निर्माण तथा मर्मत शाखाका प्रमुख राजु श्रेष्ठले एन्फाका प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरलाई विवरण हस्तान्तरण गर्नुभयो।

## युरोपा लिग फाइनलमा लिभरकुसेन र एटलान्टा

**म्युनिख**, वैशाख २८ गते। जर्मनीको बायर लिभरकुसेनका लागि यो सत्र निकै फलिफाप सिद्ध भएको छ। जर्मनीको फुटबल लिगमा बायर्न म्युनिखका ११ वर्षको प्रमुत्व तोड्दै गत महिना पहिलो पटक बुन्डेसलिगा च्याम्पियन बनेको बायर लिभरकुसेन शुक्रबार युरोपा लिगको पनि फाइनलमा पुगेको छ।

इटालीको रोमाविरुद्ध सेमिफाइनलको दोस्रो लिगमा बायर लिभरकुसेनले २–२ ले बराबरीमा खेल्यो। पहिलो लिगमा लिभरकुसेन २–० ले विजयी भएको थियो। लिभरकुसेन समग्रमा ४–२ गोलअन्तरका साथ युरोपा लिगको फाइनलमा पुग्यो। स्थानापन्न खेलाडी जोसिप स्टानिसिचले अन्तिम समयमा गोल गरेपछि लिभरकुसेनले दोस्रो लिगमा हार टारेको हो। यस नतिजासँगै बायर लिभरकुसेनको कीर्तिमान अपराजित यात्रा ४९ खेल पुगेको छ।

लियान्ड्रो पाराडेजले खेलको ४३ र ६६ औं मिनेटमा पेनाल्टीमा गोल गरेपछि रोमा २–० ले अघि बढेको थियो। सो समय बायर लिभरकुसेनको युरोपा लिगको फाइनल र अपराजित यात्रा दुवै जोखिममा थिए तर निर्धारित समय सकिन आठ मिनेट बाँकी छँदा रोमाका डिफेन्डर गियान्लुका म्यान्सिनीले आत्मघाती गोल गर्नुभयो र जर्मनीको टिम खेलमा फर्कियो। त्यसपछि इन्जुरी समयको सातौं मिनेटमा स्टानिसिचले गोल गरी रोमालाई हिस्स पार्नुभएको हो।

बायर लिभरकुसेनले फाइनलमा इटालीको अर्को क्लब एटलान्टाको सामना गर्ने छ। एटलान्टाले फ्रान्सको मार्सेलाई दोस्रो लिगमा ३–० ले हराएर आफूलाई फाइनलमा उभ्याएको हो। यी दुई टिमबिचको पहिलो लिग १–१ ले बराबरीमा सकिएको थियो।

## कुमाल र थापामगर वर्ष खेलाडी

**लेखनाथ समाचारदाता**
*लेखनाथ, वैशाख २८ गते*



पोखरा स्पोर्ट्स अवार्डमा तेक्वान्दो खेलाडी अर्जुन कुमाल वर्ष खेलाडी हुनुभएको छ। महिलातर्फ एइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर वर्ष खेलाडी हुनुभएको छ।

वर्ष खेलाडी पुरुषमा कुमालसँगै टेनिसका प्रदीप खड्का र भलिबलका हिमाल सुनारी मनोनयनमा पर्नुभएको थियो। वर्ष खेलाडी महिला विधामा थापामगरसँगै आर्चरीकी अनुस्का शेरचन, भलिबलकी अरुणा शाही उत्कृष्ट तीनको मनोनयनमा पर्नुभएको थियो। १७ वर्षमुनिका खेलाडीबिच प्रतिस्पर्धा हुने उदीयमान खेलाडी विधामा ब्याडमिन्टन खेलाडी दिलासा रानाले अवार्ड जित्नुभएको छ। यो विधामा रानासँगै क्रिकेटकी ज्योत्सनिका मरासिनी र एथलेटिक्सका बादल कार्की मनोनयनमा हुनुहुन्थ्यो। उत्कृष्ट खेल सङ्घको अवार्ड साहारा क्लब पोखराले पाएको छ। विपन्न बालकलाई राखेर साहारा एकेडेमी सञ्चालन गर्दै आएको क्लबले बर्सेनि आहा रारा पोखरा गोल्डसमेत आयोजना गर्ने गरेको छ। खेल क्षेत्रमा उल्लेखनीय योगदान गरेबापत एथलेटिक्स प्रशिक्षक इन्द्रा मल्ललाई 'लाइफटाइम अचिभमेन्ट अवार्ड' प्रदान गरिएको छ। उत्कृष्ट प्रशिक्षक (भलिबल) को अवार्ड रमेश केसीलाई प्रदान गरिएको छ।

## पारा ओलम्पिक छनोटमा भीमबहादुरले खेल्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, वैशाख २८ गते*



फ्रान्समा हुने पेरिस पारा ओलम्पिक २०२४ का लागि छनोट प्रतियोगितामा नेपालबाट पारा पौडी खेलाडी भीमबहादुर कुमालले प्रतिस्पर्धा गर्दै हुनुहुन्छ। सिङ्गापुरमा मे १७ देखि १९ तारिखसम्म हुने प्रतियोगितामा भीमले पुरुष ५० मिटर र १०० मिटर फ्रिस्टायलमा नेपालको चुनौती प्रस्तुत गर्नुहुने छ। दुवै स्पर्धामा भीमकै नाममा राष्ट्रिय कीर्तिमान पनि छ। ५० मिटरमा ३३.३४ सेकेन्ड तथा १०० मिटरमा १ मिनेट २१ सेकेन्डको भीमको व्यक्तिगत उत्कृष्ट समय नै राष्ट्रिय कीर्तिमान हो।

नेपाल पारा पौडी सङ्घका अध्यक्ष सरोज श्रेष्ठका अनुसार सिङ्गापुरमा हुने प्रतियोगिताका लागि भीमले दुई महिनादेखि कालोपुलस्थित वेस्ट भेन्युमा नियमित प्रशिक्षण गरिरहनुभएको थियो।

गोर्खा जिल्लाको नारेश्वर बेनीखोलाका भीमले खेल जीवनमा अहिलेसम्म तीन अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसक्नुभएको छ। उहाँले पछिल्लो पटक चीनको हाङझाउमा सम्पन्न चौथो एसियाली पारा खेलकुदमा पनि सहभागिता जनाउनुभएको थियो। उहाँले सन् २०१८ मा इन्डोनेसियामा सम्पन्न तेस्रो एसियाली पारा खेलकुद तथा सन् २०१९ मा लन्डनमा भएको विश्व पारा पौडी प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्नुभएको थियो। ४१ वर्षीय कुमाल एम्पुटी फुटबलका पनि खेलाडी हुनुहुन्छ। पेरिस पारा ओलम्पिकमा छनोट हुने लक्ष्य राखेका भीमले भन्नुभयो, "एउटा खेलाडीको मुख्य उद्देश्य ओलम्पिक खेल्नु रहेको हुन्छ। यो एउटा सुनौलो अवसर हो। मुलुकलाई पदक दिलाउन सक्दो प्रयास गर्ने छु।"

राष्ट्रिय खेलकुद परिषद् सदस्य–सचिव टङ्कलाल घिसिङले शुक्रबार सो टोलीलाई बिदाइ गर्नुभयो। तेक्वान्दो खेलाडी पलेशा गोवर्धन पेरिस पारा ओलम्पिकमा छनोट भई इतिहास रचिसक्नुभएको छ। छनोट चरण पार गरी पारा ओलम्पिकमा खेल्ने पहिलो नेपाली खेलाडीका रूपमा पलेशा हुनुहुन्छ।

# कला/साहित्य

## सम्मान प्रदान

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, वैशाख २८ गते*


संस्कृत विद्या संवर्द्धिनी समिति धरानका संस्थापक संरक्षक व्यक्तित्व ९६ वर्षीय प्रा. पुरुषोत्तम भट्टराईलाई कर्ण कौशल्या–सीता स्मृति विशिष्ट सम्मान प्रदान गरिएको छ। नेपाली शिक्षा परिषद्‌की अध्यक्ष रमा शर्माले २५ हजार रुपियाँ राशिको सो सम्मान प्रदान गर्नुभएको हो। कर्ण कौशल्या–सीता स्मृति प्रतिष्ठान र भोग्य सगुन सेवा समाजद्वारा शुक्रबार राजधानीमा आयोजित कार्यक्रममा सो सम्मान प्रदान गरिएको हो।

प्रतिष्ठानका अध्यक्ष डा. केदार न्यौपानेका अनुसार साहित्यकार रमेश खकुरेललाई २० हजार रुपियाँ राशिको सीता राणा प्रतिभा पुरस्कार प्रदान गरिएको छ। सञ्चारकर्मी विद्या राईलाई २० हजार रुपियाँ राशिको राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गरिएको छ। सो पुरस्कार भोग्य सगुन सेवा समाजद्वारा स्थापना गरिएको हो।

पुरस्कृत व्यक्तित्वद्वय प्रा. पुरुषोत्तम भट्टराई र रमेश खकुरेलका बारेमा कवि प्रह्लाद पोखरेलले चर्चा गर्नुभएको थियो। सञ्चारकर्मी विद्या राईको व्यक्तित्वमाथि कलाधर काफ्लेले चर्चा गर्नुभएको थियो। साहित्यकार रमा शर्माले साहित्य एवं मानव सेवाका लागि गरिने कार्य अत्युत्तम कार्य भएको बताउनुभयो।

## हास्यकलाकार हाडाको निधन

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, वैशाख २८ गते*



हास्यकलाकार ध्रुवरत्न हाडाको ७९ वर्षको उमेरमा बुधबार राति निधन भएको छ। लिभरमा क्यान्सरका कारण थलिएका हाडाको बिहीबार बिहान पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ।

भक्तपुरमा २००२ साल पुस १ गते जन्मिनुभएका हाडाले १२ वर्षको उमेरदेखि नै हास्य कलाकारितामा प्रवेश गर्नुभएको हो। गाईजात्राका समयमा राजपाल थापा र ध्रुवरत्न हाडा अर्थात् 'पाल–हाडा' हास्यजोडी खुबै जम्ने गर्दथ्यो। ज्युँदो मुर्दा, टुरिस्ट गाइड, कार्यालय निरीक्षण, म भएँ, पटके चोर, दुई कविको मुठभेड, दुई स्वास्नीको पोइ कुना पसी रोई, रिसको बैङ्क, हकर्सको टक्कर, बम्पर उपहार, हस्पिटलको बेड, दुलहा बिक्री केन्द्रलगायत करिब डेढ सय प्रहसनमा पाल–हाडाले अभिनय गर्नुभएको छ। राजपाल थापा–ध्रुव हाडाको हास्यजोडीले प्रहसनमा अभिनयसँगै हास्य लेख्ने, निर्देशनसमेत गर्नुभएको छ।

२०२४ सालमा प्रहरी सहायक निरीक्षकका रूपमा प्रहरी सेवामा प्रवेश गर्नुभएका हाडा प्रहरी उपरीक्षकसम्म भई २०५६ सालमा अवकाश हुनुभएको थियो। स्वर्गीय हाडाका तीन छोरी र श्रीमती हुनुहुन्छ।

## 'हिरामान्डी' मा विद्रोहको स्वाद

**सुकृत नेपाल**
*काठमाडौं, वैशाख २८ गते*

निर्देशक तथा निर्माता सञ्जय लीला भन्सालीको चलचित्र 'गङ्गुबाई काठियावाडी' को कथा मुम्बईको वेश्यावृत्ति बजारमा आधारित थियो। यस पटक त्यही कथा लाहोरसम्म आइपुगेको छ। यो कथा हो 'हिरामान्डी' अर्थात् 'द डायमन्ड मार्केट'।

जहाँ गीतसङ्गीत नाच मात्र हुँदैन शाही नवाबलाई शिष्टाचारिता पनि सिकाइन्छ। नवाब ठुला परिवारका गन्नेमान्नेहरू आफ्नो छोरालाई हिरामान्डीमा जान सुझाउँछन् तर त्यहाँ दरबारबिच राजनीति चलिरहेको छ।

स्वतन्त्रतापूर्ण युगमा आधारित कथा प्रेम, बदला र विद्रोहको स्वाद बोकेको स्वतन्त्रता सङ्ग्राममा गणिकाहरूको भुलिएका योगदानका बारेमा केन्द्रित छ। हिरामान्डीकी महिला मल्लिकाजान (मनीषा कोइराला) सिङ्गो हिरामान्डीमा लोकप्रिय छिन्। आफ्नो जिद्दी र घमण्डका अगाडि न त उनी नवाबलाई सम्मान गर्छिन् न ब्रिटिस अङ्ग्रेजलाई। मल्लिकाकी जेठी छोरी बिब्बोजान (अदिती राव हैदरी) हिरामान्डीको गौरव हुन्। बिब्बोको वास्तविक उद्देश्य आमाको विरासतलाई अगाडि बढाउनुको साटो देशलाई दासत्वबाट मुक्त गराउनु हुन्छ। कवितामा रुचि राख्ने उनी आफ्नी आमाको पेसामा आउन चाहँदिनन्। उनी नवाब ताजदार बलोच (ताहा शाह) को प्रेममा पर्छिन, जसका लागि उनी हिरामान्डीबाट भाग्छिन्। यसैबिच मल्लिकाकी दिवङ्गत बहिनी रेहानाकी छोरी फरिदान (सोनाक्षी सिन्हा) उनको समस्यामा थपिन्छिन्। फरिदानको एउटै लक्ष्य छ, मल्लिकाको घमण्ड तोड्ने। यिनीहरूबाहेक मल्लिकाकी कान्छी बहिनी वहिदा (सन्जिदा शेख) पनि छिन्, जो मल्लिकाको हातबाट हरेक पाइलामा अपमानित भइरहन्छिन्। लज्जो (ऋचा चड्डा) जो एक नवाबको प्रेममा फसेकी छिन्। नवाब, अङ्ग्रेज र स्वतन्त्रता



सेनानीहरूबिच चलिरहेको दुबिधामाको हिरामान्डीमा के कस्ता घटना घट्छन्।

'हम दिल दे चुके सनम', 'ब्ल्याक', 'देवदास', 'गुजारिश', 'गोलियों कि रासलीला रामलीला', 'बाजीराव मस्तानी' र 'पद्मावत' जस्ता चलचित्र भन्सालीकै भागमा छ। बलिउड चलचित्रमा भन्सालीको परिचय नै बनेको छ, भव्य सेट, आकर्षक पहिरन र सशक्त महिला पात्र। भन्सालीको निर्देशनमा बनेका चलचित्रमा सधैँ चार कुरा समान हुन्छन्। त्यसमा पनि गहनाले सजिएको पिरियड ड्रामा। जसले जुनसुकै दर्शकलाई लोभ्याउन सक्ने मनमोहक शृङ्खलाका रूपमा रहन्छ। यसभन्दाअघि पनि बलिउडमा यस्ता खालका चलचित्र नबनेका होइनन्। 'मुगल–ए–आजम' र 'उमराव जान' उदाहरण हुन। स्वतन्त्रतापूर्व लाहोरको पृष्ठभूमिमा आधारित शृङ्खलाको कथा हिरामान्डी क्षेत्रमा बस्ने वेश्याहरूका बारेमा हो, जसको सुन्दरता, कला र सिपका अगाडि ठुला राजाले पनि घुँडा टेक्ने गर्थे र पूर्ण रूपमा आफू लुटिएको उनीहरूलाई थाहा हुँदैन्थ्यो।

चलचित्रमा हरेक कलाकारलाई हिराजस्तै छनोट गरिएको छ, जसका लागि निर्देशक भन्सालीको प्रशंसा जति गरे पनि कम हुन्छ। लामो अन्तरालपछि चलचित्रमा देखिएकी मनिषा कोइरालाको अभिनयको जति तारिफ गरे पनि कम हुन्छ। उनले मल्लिकाजानको भूमिका निकै सुहाएको छ। निर्देशक भन्सालीले उक्त भूमिका धेरै सोचविचार गरेर उनकै लागि मात्र लेखेका हुन् जस्तो लाग्छ। फरिदानको भूमिकामा देखिएकी सोनाक्षी सिन्हा यस शृङ्खलाकी दोस्रो ठुलो अभिनेतृ हुन्, जो सुन्दर पनि छिन् र आफ्नो चरित्रलाई पूरा न्याय गरेकी छिन्। बिब्बोजानको भूमिकामा अदिती राव हैदरी, लज्जोको भूमिकामा ऋचा चड्डा, वहिदाको भूमिकामा सञ्जिता शेखले पनि उत्कृष्ट अभिनय गरेका छन्। फरदिन खान र शेखर सुमन पनि लामो समयपछि हिरामान्डीमा देखिएका छन्। उनीहरूले आफ्नो अभिनय कौशलताले दर्शकको मन जित्ने काम गरेका छन्। अध्ययन सुमन, फरिदा जलाल जस्ता कलाकारको अभिनयलाई पनि सम्झनलायक छ।

निर्देशकले अहिलेका दर्शकलाई ध्यानमा राखेर पनि गीतह बनाएका छन् जहाँ आधुनिकताको फ्युजन पनि समावेश छ। एएम तुराज, आमिर खुस्रोको शब्दमा नरेन चन्दावरकर र बेनेडिक्ट टेलरले गीतमा सङ्गीत भरेका छन्। श्रेया घोषाल र राजा हसनले स्वर दिएका गीत निकै सुमधुर छन्।

सिरिजको पटकथामा केही कमजोरी नभएका होइनन् तर पनि यसले कलात्मकताको नयाँ उदाहरण प्रस्तुत गरेको छ। जसको हरेक दृश्य भव्य छ र प्रत्येक शृङ्खला हेरेपछि त्यही चिज लामो समयसम्म आँखाअगाडि घुमिरहन्छ। निर्देशक भन्सालीले आफ्नो पहिलो वेब सिरिजमार्फत समाजको मूलधारबाट अलग बस्ने गणिकालाई सम्मान, माया र सहानुभूति दिने प्रयास गरेका छन्। जहाँ उनी धेरै मात्रामा सफल देखिएका छन्।

## तीन सर्जकलाई वानीरा पुरस्कार



**गोरखापत्र समाचारदाता**
*काठमाडौं, वैशाख २८ गते*

वानीरा फाउन्डेसनले कला, साहित्य र समाज विकासका क्षेत्रमा योगदान पुर्‍याउने तीन व्यक्तित्वलाई पुरस्कृत गरेको छ। मीनभवनस्थित फाउन्डेसनमा शुक्रबार आयोजित वानीरा गिरीको ८१ औं जयन्तीका अवसरमा पुरस्कार प्रदान गरिएको हो।

सो अवसरमा प्रा. पुष्कर लोहनीलाई 'वानीरा प्रज्ञा पुरस्कार' प्रदान गरिएको छ। सात दशकदेखि सिर्जनामा समर्पित प्रा. लोहनीलाई एक लाख रुपियाँ राशिको सो पुरस्कार प्रदान गरिएको हो। नेपाली रङ्गमञ्च तथा चलचित्रकलामा छ दशकदेखि समर्पित मदनदास श्रेष्ठलाई 'वानीरा शङ्कर पुरस्कार' प्रदान गरिएको छ। सो पुरस्कारको राशि एक लाख रुपियाँको रहेको छ।

कथा र कविताको सिर्जनामा योगदान पुर्‍याएबापत अनिता तुलाधरलाई पचास हजार रुपियाँ राशिको 'वानीरा पुरस्कार' प्रदान गरिएको छ।


**नेपाल राष्ट्र बैङ्क**

**केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग**

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

**२०८१ साल वैशाख २९ गते (मे ११, २०२४) शनिबारको विनिमय दर**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३३।३९ | १३३।९९ |
| युरो | १ को रु. | १४३।६५ | १४४।३० |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १६७।०० | १६७।७५ |
| स्विस फ्रैङ्क | १ को रु. | १४६।९७ | १४७।६३ |
| अस्ट्रेलियन डलर | १ को रु. | ८८।०८ | ८८।४७ |
| क्यानेडियन डलर | १ को रु. | ९७।४३ | ९७।८७ |
| सिङ्गापुर डलर | १ को रु. | ९८।४८ | ९८।९३ |
| जापानी येन | १० को रु. | ८।५६ | ८।६० |
| चिनियाँ युआन | १ को रु. | १८।४५ | १८।५३ |
| साउदी अरब रियाल | १ को रु. | ३५।५४ | ३५।७० |
| कतारी रियाल | १ को रु. | ३६।५६ | ३६।७३ |
| थाई भाट | १ को रु. | ३।६३ | ३।६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३६।३० | ३६।४६ |
| मलेसियन रिङ्गिट | १ को रु. | २८।१३ | २८।२६ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।७६ | ९।८० |
| स्विडिस क्रोनर | १ को रु. | १२।३० | १२।३६ |
| डेनिस क्रोनर | १ को रु. | १९।२६ | १९।३४ |
| हङकङ डलर | १ को रु. | १७।०६ | १७।१४ |
| कुवेती दिनार | १ को रु. | ४३३।४७ | ४३५।४२ |
| बहराइन दिनार | १ को रु. | ३५३।५७ | ३५५।१६ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।


## विद्यार्थीका कलाकृति प्रदर्शनी

**गोरखापत्र समाचारदाता**
*काठमाडौं, वैशाख २८ गते*

शिक्षामा सिप कार्यक्रम अन्तर्गत विद्यालयमा सञ्चालित 'स्केचिङ एन्ड स्कप्चर' का क्रममा तयार पारिएका कलाकृतिको शुक्रबारदेखि प्रदर्शनी थालिएको छ। नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले सो प्रदर्शनीको शुभारम्भ गर्नुभयो।

कुलपति हार्तम्छालीले शैक्षिक क्षेत्रमा सिर्जनशील कुरा जोडेर लैजाने प्रयास अनुरूप विद्यालयमा 'स्केचिङ एन्ड स्कप्चर' सिर्जना कार्य थालिएको बताउनुभयो।

प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले



'थुम्केली' ले महानगरले विद्यार्थीको सिर्जनशील पक्षलाई सिपसँग जोडेर कलाको विषयलाई सुरु गरेको र त्यसले सकारात्मक परिणाम दिएको चर्चा गर्नुभयो।

काठमाडौं महानगरपालिका नौ विद्यालयका १९ समूहमा 'स्केचिङ एन्ड स्कप्चर' सञ्चालन गरिएको थियो। प्रदर्शनीमा विद्यार्थीले तयार पारेका एक हजार दुई सयभन्दा बढी कलाकृति राखिएका छन्।

काठमाडौं महानगरपालिका शिक्षा विभागका उपनिर्देशक सरस्वती पोखरेलले 'स्केचिङ एन्ड स्कप्चर' को नतिजा देख्दा खुसी लागेको बताउनुभयो।

प्रदर्शनी नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानको हलमा वैशाख ३० गतेसम्म सञ्चालन हुने जनाइएको छ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१–५३२२९२१, रिपोर्टिङ : ०१–५३४४४२९, डेस्क : ०१–५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१–५३२७४९३, ०१–५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१–५३२०६३८, टोल फ्री नं. १६६०–०१–९४४४४

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।




विराटनगर संस्करण | आलोकन | भाषिक लबजमा विभेद | इपिएस अन्तर्गत सिप परीक्षाको नतिजा ११

वर्ष १२४ | अङ्क ६ | २०८१ साल वैशाख २९ गते शनिबार | वैशाख शुक्ल चतुर्थी | नेपाल संवत् ११४४ बछलाथ्व ४ | 2024 May 11 Saturday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

## जिइएफबाट सवा अर्ब प्राप्त हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २८ गते*

सरकारले विश्व वातावरण सुविधा (जिइएफ) बाट विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) मार्फत प्राप्त हुने एक अर्ब २० करोड रुपियाँ (९० लाख २४ हजार ३१२ अमेरिकी डलर) बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ। मन्त्रीपरिषद्को निर्णय शुक्रबार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले विश्व वातावरण सुविधाबापतको सो रकम नेपालले कोषमार्फत प्राप्त गर्न लागेको बताउनुभएको हो।

मन्त्री शर्माले इजरायल घटनामा परी निधन भएका छ जना नेपालीको शव त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सम्बन्धित ठेगानासम्म पुऱ्याउँदा लागेको २८ लाख ३६ हजार ८३४ रुपियाँ खर्च सरकारले बेहोर्ने निर्णय भएको जानकारी दिनुभयो। उहाँका अनुसार चीन सरकारले परराष्ट्र मन्त्रालयलाई अनुदानस्वरूप उपलब्ध गराउन प्रस्ताव गरेको सात वटा सवारीसाधन स्वीकार गर्ने निर्णय भएको छ।

यस्तै मन्त्रीपरिषद् बैठकले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई इन्डोनेसियाको बालीमा आगामी जेठ ७ देखि ८ सम्म आयोजना हुने कार्यक्रममा जान, राष्ट्रिय योजना आयोगका सदस्य प्राडा शिवलाल अधिकारी बङ्गलादेशमा यही वैशाख २९ गतेदेखि जेठ ४ सम्म 'लर्निङ एक्सचेन्ज एन्ड एक्स्पेरियन्स सेयरसङ भिजिट' कार्यक्रममा जान र अख्तियार दुरुपयोग अनुसन्धान आयोगकी सदस्य डा. सुमित्रा अमात्यलाई मलेसियामा आगामी जेठ १४ देखि १८ सम्म आयोजना हुने कार्यक्रममा जान स्वीकृति दिएको छ।

मन्त्रीपरिषद् बैठकले कोहलपुर–सुर्खेत–दैलेख १३२ केभी प्रसारण लाइन आयोजनाको टावर निर्माण गर्न सुर्खेत र दैलेख जिल्लामा करिब ५० रोपनी जग्गा र चितवन जिल्लामा निर्माणाधीन पुलको पहुँचमार्ग निर्माणका लागि करिब दुई हजार २६ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ। यस्तै सैनिक गट्ठाघर, भक्तपुरका लागि मध्यपुर ठिमी नगरपालिकामा करिब ७६९ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने, सेती राजमार्ग अन्तर्गत डोटी जिल्लास्थित ठुलीगाड–सेती–बुढीगङ्गा दोभान सडकखण्ड निर्माणका लागि राष्ट्रिय वनको ८० हेक्टर जग्गा प्रयोग गर्न दिनुका साथै त्यस क्षेत्रमा भएका रुखसमेत हटाउन दिने स्वीकृति दिएको छ।

यस्तै अमरगढी नगरपालिकाको बसपार्क निर्माण गर्न राष्ट्रिय वनको ०.९६ हेक्टर जग्गा प्रयोग गर्न दिनुका साथै रुख हटाउने स्वीकृत दिएको छ। मन्त्रीपरिषद् बैठकले लालझाडी गाउँपालिका कञ्चनपुर, सिद्धिचरण नगरपालिका ओखलढुङ्गा, गुजरा नगरपालिका रौतहट, मालिका गाउँपालिका म्याग्दी, कलैया उपमहानगरपालिका बारा, जन्तेढुङ्गा गाउँपालिका खोटाङ, दिपायल सिलगढी नगरपालिका डोटी र तुम्बेवा गाउँपालिका पाँचथरलाई विभिन्न प्रयोजनका लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने निर्णय गरेको छ।

» बाँकी पृष्ठ २ मा



तस्बिर : रासस

प्रतिनिधि सभाको शुक्रबार बसेको दोस्रो बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको विरोधका बाबजुद पनि आफ्नो भनाइ राख्न रोस्ट्रममा जान खोज्दै उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने।

### बजेट अधिवेशन सुरु

# पहिलो बैठकमै प्रतिपक्षीको अवरोध

हिउँदे अधिवेशनबाटै कांग्रेसले सदनमा विषय प्रवेश गराए पनि अवरोधका बिच अधिवेशन अन्त्य भएको थियो। बजेट अधिवेशनसम्म पनि समिति गठनबारे दलीय सहमति नहुँदा अधिवेशनको पहिलो बैठक नै कार्यसूचीमा प्रवेश गर्न नसकेको हो।

**नारायण काफ्ले**
*काठमाडौँ, वैशाख २८ गते*

सहकारीको रकम हिनामिनामा बहालवाला उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको भन्दै संसदीय छानबिन समिति माग गरिरहेको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसद्को बर्खे अधिवेशन प्रारम्भको बैठक अवरुद्ध गरेको छ। हिउँदे अधिवेशनबाटै कांग्रेसले सदनमा विषय प्रवेश गराए पनि अवरोधकाबिच अधिवेशन अन्त्य भएको थियो। बजेट अधिवेशनसम्म पनि समिति गठनबारे दलीय सहमति नहुँदा अधिवेशनको पहिलो बैठक नै कार्यसूचीमा प्रवेश गर्न नसकेको हो।

शुक्रबारका दुई बैठक प्रतिपक्षीको अवरोधका कारण कार्यसूचीमा प्रवेश गर्न नसकेको हो। दोस्रो बैठकमा सभामुख देवराज घिमिरेले गृहमन्त्री लामिछानेलाई बोल्नका लागि समय दिए पनि अवरोधका कारण रोस्ट्रम जान सक्नुभएन। दुवै बैठक अवरुद्ध भएपछि अधिवेशनको पहिलो बैठकमै पेस हुनुपर्ने अध्यादेशसमेत पेस भएन। बैठक पनि चार दिनका लागि स्थगित भएको छ। अब सरकारको वार्षिक नीति तथा कार्यक्रम पेसका दिन मात्र बैठक बस्ने छ।

शुक्रबार पहिलो बैठकमा सभामुख घिमिरेले अधिवेशन आह्वानको जानकारीपत्र पढेर सुनाउनुभएको थियो। साथै अधिवेशन प्रारम्भका अवसरमा घिमिरेले वक्तव्य दिनुभयो। सोपछि राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेको जानकारी गराइएको थियो। लगत्तै अन्य कार्यसूचीमा प्रवेशका क्रममा भने कांग्रेसले उठेर विरोध जनाएको थियो। विरोध जनाएसँगै कांग्रेसका तर्फबाट महामन्त्री गगन थापाले धारणा राख्नुभएको थियो। थापाले सहकारीको रकम हिनामिनामा बहालवाला मन्त्री जोडिएकाले उन्मुक्तिका लागि राज्य संयन्त्रको निरन्तर दुरुपयोग भएको भन्दै संसदीय छानबिन आवश्यक भएको बताउनुभएको थियो। महामन्त्री थापाले पछिल्लो पटक महान्यायाधिवक्ताको कार्यालयले दिएको पत्रको पनि आलोचना गर्नुभएको थियो।

उहाँले कास्की प्रहरीमा परेको जाहेरी, रुपन्देही जिल्ला अदालतमा पेस अभियोगपत्रलगायतलाई अनदेखा गरी पत्र दिइएकोमा आपत्ति जनाउनुभएको थियो। उक्त पत्र महान्यायाधिवक्ता कार्यालयले दिन नमिल्ने पनि थापाले दाबी गर्नुभएको थियो। महामन्त्री थापाले धारणा राखेपछि सभामुखले कार्यसूची अगाडि बढाउन खोज्नुभयो तर कांग्रेस सांसदहरू यथास्थानमा उभिएर विरोध जारी राखेका थिए। हल्लाबिचमा सभामुखले कार्यसूची अगाडि बढाउन चाहेपछि कांग्रेसले रोस्ट्रम घेराउ गरेको थियो। कांग्रेसले गृहमन्त्रीका अगाडि नै 'सहकारी ठग' भनेर नाराबाजीसमेत गरेको थियो।

संसदीय समिति गठनलाई कांग्रेसले बटमलाइन बनाएपछि संसद्को कारबाही नियमित कार्यसूचीमा प्रवेश गर्न नसकेको हो। दुई चरणको बैठकमा पनि पहिलो बैठकमै पेस हुनुपर्ने अध्यादेश रोकिएको छ। साथै अध्यक्ष मण्डलको घोषणा तथा अधिवेशन प्रारम्भका अवसरमा दलीय आधारमा शीर्ष नेताहरूबाट हुने भनिएको सम्बोधन रोकिएको छ।

## राष्ट्रिय सभाको बैठक स्थगित

**इश्वरचन्द्र झा**
*काठमाडौँ, वैशाख २८ गते*

नेपाली कांग्रेसको अवरोधपछि राष्ट्रिय सभाको बैठक कार्यसूचीबमोजिम अगाडि नबढी स्थगित भएको छ। सभाको अर्को बैठक जेठ १ गते मङ्गलबार बस्ने छ।

सहकारीमा जम्मा भएको बचत ठगी प्रकरणमा छानबिन समिति गठनको माग गर्दै कांग्रेसले अवरोध गरेपछि सभाको बैठक कार्यसूचीबमोजिम अगाडि नबढी स्थगित भएको हो।

त्यसअघि शुक्रबार अपराह्न २ बजे बसेको १६ औँ अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सभाका सदस्यले मन्तव्य राखेपछि केही समयका लागि बैठक स्थगित भयो तर दोस्रो बैठकमा समेत कांग्रेसबाट निर्वाचित सदस्यले अवरोध गरेपछि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१" पेस गर्ने विषय सभाका अध्यक्ष दाहालले कार्यसूचीबाट हटाएको जानकारी गराउँदै बैठक स्थगित गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

## साना योजना प्रदेश र स्थानीयमा



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'

**प्रतीक शर्मा**
*सल्यान, वैशाख २८ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्घीयतालाई सबल बनाउन साना योजना प्रदेश र स्थानीय तहकै सरकारलाई हस्तान्तरण गरिने बताउनुभएको छ। सल्यानको दार्मा गाउँपालिकाको प्रशासनिक भवन उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले सङ्घीयता प्रभावकारी बनाउन यस्तो निर्णय गरिएको जानकारी दिनुभयो।

योजनामा देखिएको दोहोरोपन अन्त्य गर्ने र तीन करोड रुपियाँभन्दा साना योजना सिधै प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्ने निर्णय गरिएको जानकारी दिँदै उहाँले भन्नुभयो, "यी प्रयासले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई थप सुदृढ गर्ने छन्।" उहाँले प्रदेश र स्थानीय तहको साझा अधिकारको अभ्यास सही ढङ्गले हुँदा स्थानीय तहमा ग्रामीण अर्थतन्त्रको सबलीकरणसहित राष्ट्रिय अर्थतन्त्र निर्माणमा गुणात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

### कर्णालीलाई विशेष प्याकेज

प्रधानमन्त्री प्रचण्डले कर्णालीको समग्र विकासका लागि विशेष प्याकेज ल्याउने बताउनुभयो। उहाँले भन्नुभयो, "नयाँ बजेट आउँदै छ। यसपालि कर्णाली प्रदेशका सन्दर्भमा विशेष प्याकेज ल्याउने गरी तयारी भइरहेको छ।" उहाँले तेस्रो पटक सरकारको नेतृत्वमा आएपछि सबैभन्दा बढी ध्यान सङ्घीयता कार्यान्वयनमा लगाइरहेको र यस अवधिमा सम्पन्न राष्ट्रिय समन्वय परिषद्का दुई वटा बैठकबाट महत्त्वपूर्ण निर्णय भएको जानकारी दिनुभयो।

### सडकमार्ग प्राथमिकतामा

प्रधानमन्त्री प्रचण्डले दार्मा गाउँपालिकाको केन्द्र फारुला छोएर रोल्पाबाट सल्यान, रुकुमपश्चिमको चौरजहारी, जाजरकोट हुँदै जुम्लाबाट रारा जोड्ने सडकको कालोपत्रेका लागि सरकारका तर्फबाट आवश्यक पहल गरिने बताउनुभयो।

उहाँले दुग्ध सहकारीमार्फत दार्मालाई दुध 'पकेट क्षेत्र' घोषणा गरी विशेष कार्यक्रम अगाडि बढाउन सरकारले सहयोग गर्ने बताउनुभयो। उहाँले जाजरकोट भूकम्पका लाभग्राहीको आवास निर्माण, विद्युतीकरण, कृषि र पशुपालनको आधुनिकीकरण र व्यवसायीकरण, आधारभूत

» बाँकी पृष्ठ २ मा

# मार्सी धान रोपाइँको उल्लास

समुद्री सतहदेखि झन्डै दुई हजार ८५० मिटर उचाइमा पातारासी गाउँपालिका-३, छुमचौर ज्युलोमा स्थानीय तह, स्थानीय प्रशासन, किसान, कृषिविज्ञ, स्थानीय र सरोकारवाला निकायको उपस्थितिमा मार्सी महोत्सव मनाइएको छ।

**नेत्र शाही**
*जुम्ला, वैशाख २८ गते*

पोषणयुक्त मार्सी धानको संरक्षण र प्रवर्धन गर्न जुम्लाका किसान र स्थानीय सरकार जुटेका छन्। विश्वकै अग्लो स्थानमा धान फल्ने छुमचौर ज्युलोमा पनि मार्सी धान रोपाइँ गर्न महोत्सव नै आयोजना गरिएको छ।

मार्सी धानको संरक्षण तथा प्रवर्धन गर्न जुम्लाको पातारासी गाउँपालिकाले शुक्रबार धान दिवस तथा रोपाइँ महोत्सवको आयोजना गरेको हो। कृषि विकास कार्यालयले स्थानीय सरकारसँगको समन्वयमा विश्वको सबैभन्दा उच्च स्थानमा मार्सी धान फल्ने उपमा पाएको छुमचौर ज्युलोमा यस वर्ष पनि मार्सी महोत्सव मनाएको हो। समुद्री सतहदेखि झन्डै दुई हजार ८५० मिटर उचाइमा पातारासी गाउँपालिका–३, छुमचौर ज्युलोमा स्थानीय तह, स्थानीय प्रशासन, किसान, कृषिविज्ञ, स्थानीय र सरोकारवाला निकायको उपस्थितिमा मार्सी महोत्सव मनाइएको छ। मार्सी धान प्रवर्धनका लागि केही वर्षदेखि छुमचौरमा सरकारीस्तरबाटै रोपाइँ थालिएको छ।



छुमचौर ज्युलोमा रोपाइँ महोत्सव। यो धानखेती हुने विश्वकै सबभन्दा अग्लो स्थान हो। यहाँ मार्सी धान खेती हुने गरेको छ।

कृषि विकास कार्यालय जुम्लाका प्रमुख बालक देवकोटाले महोत्सवका माध्यमबाट कालीमार्सी धानको महत्त्व प्रचारप्रसार गर्न र किसानलाई मार्सी फलाउन उत्प्रेरित गरिएको बताउनुभयो। बजारमा मार्सी चामलको महत्त्व बढेको चर्चा गर्दै उहाँले मार्सी धान उत्पादन गर्ने किसानको जोस जाँगर निकै कम रहेको र किसानलाई ऊर्जा दिन र बजारमा आएको माग पूरा गर्न किसानलाई प्रोत्साहित गरिएको बताउनुभयो।

त्यस्तै पातारासी गाउँपालिकाका किसानले संयुक्त रूपमा धान रोपेर धान दिवस तथा महोत्सव मनाएका छन्। पातारासी–३ का वडाध्यक्ष गोविन्दबहादुर रावतले छुमचौर ज्युलोमा रोपाइँ गर्नुको लक्ष्य मार्सी धान उत्पादन वृद्धि गर्नु र खेती विस्तार गर्नु रहेको बताउनुभयो। जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले मौलिक सम्पदाको खानी जुम्लामा भाषा, साहित्य र सभ्यतासँगै अर्गानिक रैथाने बाली उत्पादनमा पनि सक्षम रहेको बताउनुभयो। उहाँले मार्सी जुम्लाको पहिचान भएकाले उत्पादनमा वृद्धि गर्नुपर्ने बताउनुभयो।

### मार्सीको माग बढ्दो

मार्सीको चामलको उत्पादनसँगै माग पनि बढ्दो क्रममा छ। मार्सी धानको उत्पादन जति भए पनि बिक्रीमा समस्या छैन। कृषकका अनुसार मार्सी धान किन्न व्यापारी गाउँघरमै पुग्ने गरेका छन्। मार्सी धानको व्यापारको पछिल्लो समय व्यापारको ब्रान्डिङ गरेर जिल्लाबाहिर बिक्री भइरहेको छ। मार्सी धानको कोसेलीघर स्थापना गरी बिक्री तथा वितरण गरिएको छ।

जुम्लाको चन्दननाथ सहकारी संस्थाले मार्सी चामल बिक्री गरिरहेको छ। सहकारीका प्रमुख व्यवस्थापक ऋषिराम पाण्डेका अनुसार मार्सी चामल र धान जति प्राप्त भयो, त्यति बिक्री भइरहेको छ। मार्सी चामलको मूल्य जुम्लामा प्रतिकेजी १७० रुपियाँ रहेको छ। जुम्लाबाहिरका बजारमा मार्सी चामल प्रतिकेजी २५० देखि तीन सय रुपियाँसम्ममा पनि बिक्री हुने गरेको छ।

### तामाङ र नेपालभाषा सरकारी कामकाजको भाषा

# भाषा संरक्षणमा सहयोग

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको छ प्रतिशत (करिब १६ लाख) तामाङ र चार प्रतिशत (करिब १३ लाख) नेवार समुदायको जनसङ्ख्या छ।

**केशवराज पौडेल**
*काठमाडौँ, वैशाख २८ गते*

आफ्नो मातृभाषालाई प्रदेश सरकारले सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न थालेपछि बागमती प्रदेशका तामाङ र नेवार समुदायमा खुसियाली छाएको छ।

प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने मातृभाषाको संरक्षण र जातीय उत्थान गर्ने उद्देश्यले बागमती प्रदेश सरकारले सोमबारदेखि तामाङ भाषा रनेपालभाषालाई सरकारी कामकाजका रूपमा कार्यान्वयनमा ल्याएको हो। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको छ प्रतिशत (करिब १६ लाख) तामाङ र चार प्रतिशत (करिब १३ लाख) नेवार समुदायको जनसङ्ख्या छ।

भाषा आयोगको सिफारिस अनुसार भाषासम्बन्धी कानुन निर्माण गरी कार्यान्वयनमा आएसँगै प्रदेश सरकारमातहतका सरकारी कार्यालयमा नेपाली भाषा जस्तै मातृभाषाबाट निवेदन, प्रमाण, कागजातलगायत दस्ताबेजको अभिलेखीकरण र कामकाज गर्न पाइने छ।

भाषा आयोगले २०६८ सालको जनगणना अनुसार वक्ताको सङ्ख्यालगायतका आधारमा विभिन्न प्रदेशमा ११ भाषालाई प्रदेशगत सरकारी कामकाजको भाषा सिफारिस गरेको थियो। जसमा तामाङ, नेवारी, मैथिली, मगर, गुरुङ, भोजपुरी, बज्जिका, थारू, गुरुङ, डोट्याली र अवधी रहेका छन्। यसरी नेपालीबाहेक अन्य मातृभाषालाई सरकारी कामकाजको भाषा बनाएर कार्यान्वयनमा ल्याएपछि त्यसको प्रशंसा भएको छ। प्रदेश तहमा कामकाजको भाषाका रूपमा पहिलो पटक तामाङ र नेवारी भाषा प्रयोगमा ल्याएसँगै त्यसले स्थानीय तहसम्म खुसीको सञ्चार गरेको छ।

बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान वज्राचार्यले बागमती प्रदेशभर सरकारी कामकाजमा नेवारी र तामाङ भाषा पनि प्रयोगमा आएपछि जनस्तरबाट प्रशंसा गरिएको उल्लेख गर्नुभयो।

उहाँले सरकारी कामकाजको भाषा बनेपछि त्यसको प्रयोगमा वृद्धि हुने अपेक्षा गर्दै नेवार समुदायका ५० प्रतिशतलेनेपालभाषा नै बोल्न छाडेको तथ्याङ्क बाहिर आएको र तामाङ समुदायमा त झन् धेरैले आफ्नो मातृभाषा बुझ्नसमेत छाडेकाले यसले भाषाको संरक्षणमा थप सहयोग पुऱ्याउने आशा गर्नुभयो।

तामाङ अभियन्ता कान्छाकाजी लामाले सरकारी कामकाजीको भाषामा तामाङ भाषा प्रयोगमा ल्याएपछि संरक्षण र संवर्धनमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो। उहाँले हरेक समुदायको भाषासँग इतिहास जोडिने पनि बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद दुःखभाग्जनः।




कोहलपुर संस्करण | आलोकन | भाषिक लबजमा विभेद | इपिएस अन्तर्गत सिप परीक्षाको नतिजा ११

वर्ष १२४ | अङ्क ६ | २०८१ साल वैशाख २९ गते शनिबार | वैशाख शुक्ल चतुर्थी | नेपाल संवत् ११४४ बछलाथ्व ४ | 2024 May 11 Saturday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

## जिइएफबाट सवा अर्ब प्राप्त हुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, वैशाख २८ गते*

सरकारले विश्व वातावरण सुविधा (जिइएफ) बाट विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) मार्फत प्राप्त हुने एक अर्ब २० करोड रुपियाँ (९० लाख २४ हजार ३१२ अमेरिकी डलर) बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ। मन्त्रीपरिषद्को निर्णय शुक्रबार सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले विश्व वातावरण सुविधाबापतको सो रकम नेपालले कोषमार्फत प्राप्त गर्न लागेको बताउनुभएको हो।

मन्त्री शर्माले इजरायल घटनामा परी निधन भएका छ जना नेपालीको शव त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सम्बन्धित ठेगानासम्म पुर्‍याउँदा लागेको २८ लाख ३६ हजार ८३४ रुपियाँ खर्च सरकारले बेहोर्ने निर्णय भएको जानकारी दिनुभयो। उहाँका अनुसार चीन सरकारले परराष्ट्र मन्त्रालयलाई अनुदानस्वरूप उपलब्ध गराउन प्रस्ताव गरेको सात वटा सवारीसाधन स्वीकार गर्ने निर्णय भएको छ।

यस्तै मन्त्रीपरिषद् बैठकले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई इन्डोनेसियाको बालीमा आगामी जेठ ७ देखि ८ सम्म आयोजना हुने कार्यक्रममा जान, राष्ट्रिय योजना आयोगका सदस्य प्राडा शिवलाल अधिकारी बङ्गलादेशमा यही वैशाख २९ गतेदेखि जेठ ४ सम्म 'लर्निङ एक्सचेन्ज एन्ड एक्स्पेरियन्स सेयरसङ भिजिट' कार्यक्रममा जान र अख्तियार दुरुपयोग अनुसन्धान आयोगकी सदस्य डा. सुमित्रा अमात्यलाई मलेसियामा आगामी जेठ १४ देखि १८ सम्म आयोजना हुने कार्यक्रममा जान स्वीकृति दिएको छ।

मन्त्रीपरिषद् बैठकले कोहलपुर–सुर्खेत–दैलेख १३२ केभी प्रसारण लाइन आयोजनाको टावर निर्माण गर्न सुर्खेत र दैलेख जिल्लामा करिब ५० रोपनी जग्गा र चितवन जिल्लामा निर्माणाधीन पुलको पहुँचमार्ग निर्माणका लागि करिब दुई हजार २६ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको छ। यस्तै सैनिक गट्ठाघर, भक्तपुरका लागि मध्यपुर ठिमी नगरपालिकामा करिब ७६९ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने, सेती राजमार्ग अन्तर्गत डोटी जिल्लास्थित ठुलीगाड–सेती–बुढीगङ्गा दोभान सडकखण्ड निर्माणका लागि राष्ट्रिय वनको ८० हेक्टर जग्गा प्रयोग गर्न दिनुका साथै त्यस क्षेत्रमा भएका रुखसमेत हटाउन दिने स्वीकृति दिएको छ।

यस्तै अमरगढी नगरपालिकाको बसपार्क निर्माण गर्न राष्ट्रिय वनको ०.९६ हेक्टर जग्गा प्रयोग गर्न दिनुका साथै रुख हटाउने स्वीकृत दिएको छ। मन्त्रीपरिषद् बैठकले लालझाडी गाउँपालिका कञ्चनपुर, सिद्धिचरण नगरपालिका ओखलढुङ्गा, गुजरा नगरपालिका रौतहट, मालिका गाउँपालिका म्याग्दी, कलैया उपमहानगरपालिका बारा, जन्तेढुङ्गा गाउँपालिका खोटाङ, दिपायल सिलगढी नगरपालिका डोटी र तुम्बेवा गाउँपालिका पाँचथरलाई विभिन्न प्रयोजनका लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने निर्णय गरेको छ।

» बाँकी पृष्ठ २ मा



प्रतिनिधि सभाको शुक्रबार बसेको दोस्रो बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको विरोधका बावजुद पनि आफ्नो भनाइ राख्न रोस्ट्रममा जान खोज्दै उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने।

तस्बिर : रासस

### बजेट अधिवेशन सुरु

# पहिलो बैठकमै प्रतिपक्षीको अवरोध

हिउँदे अधिवेशनबाटै कांग्रेसले सदनमा विषय प्रवेश गराए पनि अवरोधका बिच अधिवेशन अन्त्य भएको थियो। बजेट अधिवेशनसम्म पनि समिति गठनबारे दलीय सहमति नहुँदा अधिवेशनको पहिलो बैठक नै कार्यसूचीमा प्रवेश गर्न नसकेको हो।

**नारायण काफ्ले**
*काठमाडौँ, वैशाख २८ गते*

सहकारीको रकम हिनामिनामा बहालवाला उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको भन्दै संसदीय छानबिन समिति माग गरिरहेको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संसद्को बर्खे अधिवेशन प्रारम्भको बैठक अवरुद्ध गरेको छ। हिउँदे अधिवेशनबाटै कांग्रेसले सदनमा विषय प्रवेश गराए पनि अवरोधकाबिच अधिवेशन अन्त्य भएको थियो। बजेट अधिवेशनसम्म पनि समिति गठनबारे दलीय सहमति नहुँदा अधिवेशनको पहिलो बैठक नै कार्यसूचीमा प्रवेश गर्न नसकेको हो।

शुक्रबारका दुई बैठक प्रतिपक्षीको अवरोधका कारण कार्यसूचीमा प्रवेश गर्न नसकेको हो। दोस्रो बैठकमा सभामुख देवराज घिमिरेले गृहमन्त्री लामिछानेलाई बोल्नका लागि समय दिए पनि अवरोधका कारण रोस्ट्रम जान सक्नुभएन। दुवै बैठक अवरुद्ध भएपछि अधिवेशनको पहिलो बैठकमै पेस हुनुपर्ने अध्यादेशसमेत पेस भएन। बैठक पनि चार दिनका लागि स्थगित भएको छ। अब सरकारको वार्षिक नीति तथा कार्यक्रम पेसका दिन मात्र बैठक बस्ने छ।

शुक्रबार पहिलो बैठकमा सभामुख घिमिरेले अधिवेशन आह्वानको जानकारीपत्र पढेर सुनाउनुभएको थियो। साथै अधिवेशन प्रारम्भका अवसरमा घिमिरेले वक्तव्य दिनुभयो। सोपछि राष्ट्रपतिले विधेयक प्रमाणीकरण गरेको जानकारी गराइएको थियो। लगत्तै अन्य कार्यसूचीमा प्रवेशका क्रममा भने कांग्रेसले उठेर विरोध जनाएको थियो। विरोध जनाएसँगै कांग्रेसका तर्फबाट महामन्त्री गगन थापाले धारणा राख्नुभएको थियो। थापाले सहकारीको रकम हिनामिनामा बहालवाला मन्त्री जोडिएकाले उन्मुक्तिका लागि राज्य संयन्त्रको निरन्तर दुरुपयोग भएको भन्दै संसदीय छानबिन आवश्यक भएको बताउनुभएको थियो। महामन्त्री थापाले पछिल्लो पटक महान्यायाधिवक्ताको कार्यालयले दिएको पत्रको पनि आलोचना गर्नुभएको थियो।

उहाँले कास्की प्रहरीमा परेको जाहेरी, रुपन्देही जिल्ला अदालतमा पेस अभियोगपत्रलगायतलाई अनदेखा गरी पत्र दिइएकोमा आपत्ति जनाउनुभएको थियो। उक्त पत्र महान्यायाधिवक्ता कार्यालयले दिन नमिल्ने पनि थापाले दाबी गर्नुभएको थियो। महामन्त्री थापाले धारणा राखेपछि सभामुखले कार्यसूची अगाडि बढाउन खोज्नुभयो तर कांग्रेस सांसदहरू यथास्थानमा उभिएर विरोध जारी राखेका थिए। हल्लाबिचमा सभामुखले कार्यसूची अगाडि बढाउन चाहेपछि कांग्रेसले रोस्ट्रम घेराउ गरेको थियो। कांग्रेसले गृहमन्त्रीका अगाडि नै 'सहकारी ठग' भनेर नाराबाजीसमेत गरेको थियो।

संसदीय समिति गठनलाई कांग्रेसले बटमलाइन बनाएपछि संसद्को कारबाही नियमित कार्यसूचीमा प्रवेश गर्न नसकेको हो। दुई चरणको बैठकमा पनि पहिलो बैठकमै पेस हुनुपर्ने अध्यादेश रोकिएको छ। साथै अध्यक्ष मण्डलको घोषणा तथा अधिवेशन प्रारम्भका अवसरमा दलीय आधारमा शीर्ष नेताहरूबाट हुने भनिएको सम्बोधन रोकिएको छ।

## राष्ट्रिय सभाको बैठक स्थगित

**इश्वरचन्द्र झा**
*काठमाडौँ, वैशाख २८ गते*

नेपाली कांग्रेसको अवरोधपछि राष्ट्रिय सभाको बैठक कार्यसूचीबमोजिम अगाडि नबढी स्थगित भएको छ। सभाको अर्को बैठक जेठ १ गते मङ्गलबार बस्ने छ।

सहकारीमा जम्मा भएको बचत ठगी प्रकरणमा छानबिन समिति गठनको माग गर्दै कांग्रेसले अवरोध गरेपछि सभाको बैठक कार्यसूचीबमोजिम अगाडि नबढी स्थगित भएको हो।

त्यसअघि शुक्रबार अपराह्न २ बजे बसेको १६ औँ अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सभाका सदस्यले मन्तव्य राखेपछि केही समयका लागि बैठक स्थगित भयो तर दोस्रो बैठकमा समेत कांग्रेसबाट निर्वाचित सदस्यले अवरोध गरेपछि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१" पेस गर्ने विषय सभाका अध्यक्ष दाहालले कार्यसूचीबाट हटाएको जानकारी गराउँदै बैठक स्थगित गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

## साना योजना प्रदेश र स्थानीयमा



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'

**प्रतीक शर्मा**
*सल्यान, वैशाख २८ गते*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्घीयतालाई सबल बनाउन साना योजना प्रदेश र स्थानीय तहकै सरकारलाई हस्तान्तरण गरिने बताउनुभएको छ। सल्यानको दार्मा गाउँपालिकाको प्रशासनिक भवन उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले सङ्घीयता प्रभावकारी बनाउन यस्तो निर्णय गरिएको जानकारी दिनुभयो।

योजनामा देखिएको दोहोरोपन अन्त्य गर्ने र तीन करोड रुपियाँभन्दा साना योजना सिधै प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्ने निर्णय गरिएको जानकारी दिँदै उहाँले भन्नुभयो, "यी प्रयासले सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई थप सुदृढ गर्ने छन्।" उहाँले प्रदेश र स्थानीय तहको साझा अधिकारको अभ्यास सही ढङ्गले हुँदा स्थानीय तहमा ग्रामीण अर्थतन्त्रको सबलीकरणसहित राष्ट्रिय अर्थतन्त्र निर्माणमा गुणात्मक योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

### कर्णालीलाई विशेष प्याकेज

प्रधानमन्त्री प्रचण्डले कर्णालीको समग्र विकासका लागि विशेष प्याकेज ल्याउने बताउनुभयो। उहाँले भन्नुभयो, "नयाँ बजेट आउँदै छ। यसपालि कर्णाली प्रदेशका सन्दर्भमा विशेष प्याकेज ल्याउने गरी तयारी भइरहेको छ।" उहाँले तेस्रो पटक सरकारको नेतृत्वमा आएपछि सबैभन्दा बढी ध्यान सङ्घीयता कार्यान्वयनमा लगाइरहेको र यस अवधिमा सम्पन्न राष्ट्रिय समन्वय परिषद्का दुई वटा बैठकबाट महत्त्वपूर्ण निर्णय भएको जानकारी दिनुभयो।

### सडकमार्ग प्राथमिकतामा

प्रधानमन्त्री प्रचण्डले दार्मा गाउँपालिकाको केन्द्र फारुला छोएर रोल्पाबाट सल्यान, रुकुमपश्चिमको चौरजहारी, जाजरकोट हुँदै जुम्लाबाट रारा जोड्ने सडकको कालोपत्रेका लागि सरकारका तर्फबाट आवश्यक पहल गरिने बताउनुभयो।

उहाँले दुग्ध सहकारीमार्फत दार्मालाई दुध 'पकेट क्षेत्र' घोषणा गरी विशेष कार्यक्रम अगाडि बढाउन सरकारले सहयोग गर्ने बताउनुभयो। उहाँले जाजरकोट भूकम्पका लाभग्राहीको आवास निर्माण, विद्युतीकरण, कृषि र पशुपालनको आधुनिकीकरण र व्यवसायीकरण, आधारभूत

» बाँकी पृष्ठ २ मा

# मार्सी धान रोपाइँको उल्लास

समुद्री सतहदेखि झन्डै दुई हजार ८५० मिटर उचाइमा पातारासी गाउँपालिका-३, छुमचौर ज्युलोमा स्थानीय तह, स्थानीय प्रशासन, किसान, कृषिविज्ञ, स्थानीय र सरोकारवाला निकायको उपस्थितिमा मार्सी महोत्सव मनाइएको छ।

**नेत्र शाही**
*जुम्ला, वैशाख २८ गते*

पोषणयुक्त मार्सी धानको संरक्षण र प्रवर्धन गर्न जुम्लाका किसान र स्थानीय सरकार जुटेका छन्। विश्वकै अग्लो स्थानमा धान फल्ने छुमचौर ज्युलोमा पनि मार्सी धान रोपाइँ गर्न महोत्सव नै आयोजना गरिएको छ।

मार्सी धानको संरक्षण तथा प्रवर्धन गर्न जुम्लाको पातारासी गाउँपालिकाले शुक्रबार धान दिवस तथा रोपाइँ महोत्सवको आयोजना गरेको हो। कृषि विकास कार्यालयले स्थानीय सरकारसँगको समन्वयमा विश्वको सबैभन्दा उच्च स्थानमा मार्सी धान फल्ने उपमा पाएको छुमचौर ज्युलोमा यस वर्ष पनि मार्सी महोत्सव मनाएको हो। समुद्री सतहदेखि झन्डै दुई हजार ८५० मिटर उचाइमा पातारासी गाउँपालिका–३, छुमचौर ज्युलोमा स्थानीय तह, स्थानीय प्रशासन, किसान, कृषिविज्ञ, स्थानीय र सरोकारवाला निकायको उपस्थितिमा मार्सी महोत्सव मनाइएको छ। मार्सी धान प्रवर्धनका लागि केही वर्षदेखि छुमचौरमा सरकारीस्तरबाटै रोपाइँ थालिएको छ।



छुमचौर ज्युलोमा रोपाइँ महोत्सव। यो धानखेती हुने विश्वकै सबभन्दा अग्लो स्थान हो। यहाँ मार्सी धान खेती हुने गरेको छ।

कृषि विकास कार्यालय जुम्लाका प्रमुख बालक देवकोटाले महोत्सवका माध्यमबाट कालीमार्सी धानको महत्त्व प्रचारप्रसार गर्न र किसानलाई मार्सी फलाउन उत्प्रेरित गरिएको बताउनुभयो। बजारमा मार्सी चामलको महत्त्व बढेको चर्चा गर्दै उहाँले मार्सी धान उत्पादन गर्ने किसानको जोस जाँगर निकै कम रहेको र किसानलाई ऊर्जा दिन र बजारमा आएको माग पूरा गर्न किसानलाई प्रोत्साहित गरिएको बताउनुभयो।

त्यस्तै पातारासी गाउँपालिकाका किसानले संयुक्त रूपमा धान रोपेर धान दिवस तथा महोत्सव मनाएका छन्। पातारासी–३ का वडाध्यक्ष गोविन्दबहादुर रावतले छुमचौर ज्युलोमा रोपाइँ गर्नुको लक्ष्य मार्सी धान उत्पादन वृद्धि गर्नु र खेती विस्तार गर्नु रहेको बताउनुभयो। जुम्लाका प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले मौलिक सम्पदाको खानी जुम्लामा भाषा, साहित्य र सभ्यतासँगै अर्गानिक रैथाने बाली उत्पादनमा पनि सक्षम रहेको बताउनुभयो। उहाँले मार्सी जुम्लाको पहिचान भएकाले उत्पादनमा वृद्धि गर्नुपर्ने बताउनुभयो।

### मार्सीको माग बढ्दो

मार्सीको चामलको उत्पादनसँगै माग पनि बढ्दो क्रममा छ। मार्सी धानको उत्पादन जति भए पनि बिक्रीमा समस्या छैन। कृषकका अनुसार मार्सी धान किन्न व्यापारी गाउँघरमै पुग्ने गरेका छन्। मार्सी धानको व्यापारको पछिल्लो समय व्यापारको ब्रान्डिङ गरेर जिल्लाबाहिर बिक्री भइरहेको छ। मार्सी धानको कोसेलीघर स्थापना गरी बिक्री तथा वितरण गरिएको छ।

जुम्लाको चन्दननाथ सहकारी संस्थाले मार्सी चामल बिक्री गरिरहेको छ। सहकारीका प्रमुख व्यवस्थापक ऋषिराम पाण्डेका अनुसार मार्सी चामल र धान जति प्राप्त भयो, त्यति बिक्री भइरहेको छ। मार्सी चामलको मूल्य जुम्लामा प्रतिकेजी १७० रुपियाँ रहेको छ। जुम्लाबाहिरका बजारमा मार्सी चामल प्रतिकेजी २५० देखि तीन सय रुपियाँसम्ममा पनि बिक्री हुने गरेको छ।

### तामाङ र नेपालभाषा सरकारी कामकाजको भाषा

# भाषा संरक्षणमा सहयोग

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको छ प्रतिशत (करिब १६ लाख) तामाङ र चार प्रतिशत (करिब १३ लाख) नेवार समुदायको जनसङ्ख्या छ।

**केशवराज पौडेल**
*काठमाडौँ, वैशाख २८ गते*

आफ्नो मातृभाषालाई प्रदेश सरकारले सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न थालेपछि बागमती प्रदेशका तामाङ र नेवार समुदायमा खुसियाली छाएको छ।

प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने मातृभाषाको संरक्षण र जातीय उत्थान गर्ने उद्देश्यले बागमती प्रदेश सरकारले सोमबारदेखि तामाङ भाषा रनेपालभाषालाई सरकारी कामकाजका रूपमा कार्यान्वयनमा ल्याएको हो। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको छ प्रतिशत (करिब १६ लाख) तामाङ र चार प्रतिशत (करिब १३ लाख) नेवार समुदायको जनसङ्ख्या छ।

भाषा आयोगको सिफारिस अनुसार भाषासम्बन्धी कानुन निर्माण गरी कार्यान्वयनमा आएसँगै प्रदेश सरकारमातहतका सरकारी कार्यालयमा नेपाली भाषा जस्तै मातृभाषाबाट निवेदन, प्रमाण, कागजातलगायत दस्ताबेजको अभिलेखीकरण र कामकाज गर्न पाइने छ।

भाषा आयोगले २०६८ सालको जनगणना अनुसार वक्ताको सङ्ख्यालगायतका आधारमा विभिन्न प्रदेशमा ११ भाषालाई प्रदेशगत सरकारी कामकाजको भाषा सिफारिस गरेको थियो। जसमा तामाङ, नेवारी, मैथिली, मगर, गुरुङ, भोजपुरी, बज्जिका, थारू, गुरुङ, डोट्याली र अवधी रहेका छन्। यसरी नेपालीबाहेक अन्य मातृभाषालाई सरकारी कामकाजको भाषा बनाएर कार्यान्वयनमा ल्याएपछि त्यसको प्रशंसा भएको छ। प्रदेश तहमा कामकाजको भाषाका रूपमा पहिलो पटक तामाङ र नेवारी भाषा प्रयोगमा ल्याएसँगै त्यसले स्थानीय तहसम्म खुसीको सञ्चार गरेको छ।

बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान वज्राचार्यले बागमती प्रदेशभर सरकारी कामकाजमा नेवारी र तामाङ भाषा पनि प्रयोगमा आएपछि जनस्तरबाट प्रशंसा गरिएको उल्लेख गर्नुभयो।

उहाँले सरकारी कामकाजको भाषा बनेपछि त्यसको प्रयोगमा वृद्धि हुने अपेक्षा गर्दै नेवार समुदायका ५० प्रतिशतलेनेपालभाषा नै बोल्न छाडेको तथ्याङ्क बाहिर आएको र तामाङ समुदायमा त झन् धेरैले आफ्नो मातृभाषा बुझ्नसमेत छाडेकाले यसले भाषाको संरक्षणमा थप सहयोग पुर्‍याउने आशा गर्नुभयो।

तामाङ अभियन्ता कान्छाकाजी लामाले सरकारी कामकाजीको भाषामा तामाङ भाषा प्रयोगमा ल्याएपछि संरक्षण र संवर्धनमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो। उहाँले हरेक समुदायको भाषासँग इतिहास जोडिने पनि बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

गोरखापत्र
शनिबार

२०८१ साल वैशाख २९ गते शनिबार
2024 May 11 Saturday

gorkhapatraonline.com



# संसारकै अप्ठेरो बाटो



मीनराज भण्डारी

वसन्त ऋतु हिमाल आरोहण लागि उपयुक्त सिजन हो। अहिले विभिन्न देशबाट नेपाल आएका पर्वतारोहीले हिमालका आधार शिविरहरू भरिभराउ भएका छन्। हिमाल आरोहणका लागि नेपाल आएका ७९ देशका पर्वतारोही अहिले सगरमाथासहित विभिन्न ३० वटा हिमालका आधार शिविरमा पुगेर हिमाल चढ्ने उपयुक्त मौसमको पर्खाइमा बसिरहेका छन् । यी हिमालमध्ये केहीमा आरोहण सुरुसमेत भइसकेको छ। यस पटक सगरमाथा आरोहणका लागि नेपालसहित ४१ देशका ४१४ जना पर्वतारोहीले अनुमति लिएका छन्। अनुमति लिनेमा ३३९ पुरुष र ७५ जना महिला रहेका छन्। गत वर्षको यही सिजनमा हालसम्मकै सबैभन्दा बढी ४७८ जनाले सगरमाथा आरोहणको अनुमति लिएका थिए।

सगरमाथा आरोहणका लागि अनुमति लिएकामध्ये केही पर्वतारोही पूर्वअभ्यासका रूपमा आधार शिविरदेखि दोस्रो शिविरसम्म राउन्ड ट्रिप (उकालो चढ्ने र आधार शिविर झर्ने) मा व्यक्त छन्। उहाँहरू सगरमाथा आरोहणका लागि बन्दोबस्तीका सामान बोकेर एक महिनाअघिदेखि नै आधार शिविरमा जमघट भएका हुन्। कतिपय पर्वतारोही आरोहणका लागि आउने र अनुमति लिने क्रम अझै जारी छ।

आर्थिक सर्वेक्षण अनुसार नेपाल आउने पर्यटकमध्ये १७ प्रतिशत पर्यटक पदयात्रा र पर्वतारोहणमा जाने गरेका छन्। नेपालमा झन्डै तीन हजार हिमाल छन्। विश्वका आठ हजार मिटरमाथिका १४ हिमालमध्ये आठ वटा हिमाल नेपालमा छन्। त्यस्तै छ हजार मिटरमाथिका एक हजार ३१० हिमाल नेपालमा छन् । यी हिमाल खर्चालु पर्यटक नेपाल भित्र्याउने बलिया आधार मात्रै होइनन्, नेपाल र नेपालीलाई विश्वमाझ चिनाउने आधार र देशका अर्थतन्त्र उकास्ने माध्यम पनि हुन्।

> नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका सर एडमन्ड हिलारीले आरोहण सुरु गरेयता हालसम्म सात हजार ६२६ आरोहीले सगरमाथाको सफल आरोहण गरिसकेका छन् । सगरमाथाको आरोहण गर्नेमा ५१९ जना महिला रहेका छन् ।

यी हिमाल आरोहणका लागि विदेशी पर्यटक नेपाल आउँदा सरकारलाई राजस्व मात्रै प्राप्त हुँदैन, हवाई कम्पनीदेखि होटल, आरोहण एजेन्सी, भरिया, पथप्रदर्शकसम्मले रोजगारी पाउँछन्। पर्वतारोहण र हिमाली क्षेत्रमा पदयात्रा गर्न आउनेहरू खर्चालु पर्यटकको सूचीमा पर्छन् । लामो समय हिमाल आसपास रहनुपर्ने भएकाले बसाइ अनुसार खर्च धेरै हुने गरेको छ । यसरी आरोहणका लागि जाँदा एक जना पर्यटकले ५० हजार डलरसम्म खर्च गर्ने तथ्याङ्कले देखाएको छ।

नेपालमा पर्वतारोहण सन् १९५० बाट सुरु भएको थियो । सन् १९५० को जुन ३ मा फ्रान्सेली नागरिक मौरिस हर्जोगले नेपालको पश्चिमी भागमा अवस्थित हिमाल अन्नपूर्ण पहिलोको सफल आरोहण नै नेपालमा आठ हजार मिटर अग्ला हिमालको पहिलो आरोहणको रूपमा चिनिन्छ। आठ हजार ८१ मिटर उचाइको सो हिमाल विश्वको दसौं अग्लो हिम शिखर हो। त्यसको तीन वर्षपछि सन् १९५३ को मे २९ तारिखमा न्यूजिल्यान्डका नागरिक सर एडमन्ड हिलारी र नेपाली नागरिक तेन्जिङ नोर्गे शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथाको चुचुरोमा पाइला टेकेका थिए।

जानकारहरूका अनुसार सगरमाथाको पहिलो आरोहणले नेपाललाई हिमालहरूको देश भनेर संसार भर चिनाएन मात्रै नेपालमा पर्वतारोहण र पर्यटनको युग नै सुरु गरिदियो । पर्यटन विभागको तथ्याङ्क अनुसार हालसम्म सात हजारभन्दा बढी मानव पाइलाले सगरमाथाको चुचुरो टेकिसकेका छन्।

## यसरी हुन्छ बाटो निर्माण

हरेक वर्ष आरोहण सुरु हुनुपूर्व सगरमाथा आरोहणका लागि दोस्रो शिविरसम्मको डोरी टाँग्ने (बाटो बनाउने काम) सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी)ले गर्दै आएको छ। एसपिसिसीले विसं २०५४ देखि पर्यटन विभागको पर्वतारोहण महाशाखासँग सहकार्य गरेर दोस्रो आधार शिविरसम्मको बाटो बनाउने र मानव मल, मुत्रको व्यवस्थापनको जिम्मा लिँदै आएको हो । एसपिसिसीका अनुसार बाटो बनाउने तयारी सुरु भएपछि आधार शिविरमा बौद्ध परम्परा अनुसार आरोहण सफलताको कामना गर्दै पूजापाठ (क्षमापूजा) गर्ने, शक्ति माग्ने र लामा पूजा गरेपछि अनुभवी 'आइसफल डाक्टर' (हिमालमा बाटो बनाउने मान्छे) शेर्पाहरूले हिउँ कुल्चने गर्छन्।

आधार शिविरबाट खुम्बु आइसफल हुँदै समुद्री सतहबाट छ हजार एक सय मिटर उचाइमा रहेको पहिलो शिविरसम्म पुग्न खर्पस, खोचलगायतका कारण बाटो बनाउन निकै अप्ठ्यारो र समय लाग्ने गर्छ। आधार शिविरबाट करिब चार किलोमिटरको बाङ्गोटिङ्गो, उबडखाबड, नागबेली आकारको बाटो पहिल्याउँदै डोरी र आल्मुनियमका भर्‍याङको सहारामा खुम्बु आइसफल पार गरेपछि दोस्रो शिविर पुगिन्छ। पाइलैपिच्छे खतरनाक खरपस भेटिने खुम्बु आइसफलको यो बाटोलाई संसारकै अप्ठ्यारो बाटो मानिन्छ । सगरमाथा, ल्होत्से र नुप्से हिमाल आरोहणको मार्ग पनि त्यही भएकाले यो बाटो समय समयमा बिग्रिरहन्छ। सगरमाथा आरोहण गर्नुअघि आरोहीहरू आधार शिविरबाट दोस्रो शिविरसम्म पटक पटक आवातजावतमा प्रयोग हुने यो बाटो बिग्रिरहने भएकाले आरोहण सिजन सकिने दिन (मे २९) सम्मै बाटो बनाउने टोली सगरमाथा आधार शिविरमा तयारी अवस्थामा रहन्छन्।

आइसफल डाक्टरले बाटोमा सङ्केत राख्ने, भर्‍याङ राख्ने, डोरी टाँग्नेलगायत काम गरेर आरोहीका लागि बाटो तयार पार्ने गर्छन् । यसरी आधार शिविरदेखि दोस्रो शिविरसम्मको बाटो तयार पार्दा विभिन्न स्थानमा साना, ठुला गरी १५ देखि २० वटासम्म भर्‍याङको प्रयोग हुने गरेको छ। उक्त मार्गमा सन् २०१८ मा ३२ वटा भर्‍याङ प्रयोग भएकामा सन् २०१९ मा २० वटा प्रयोग भएको थियो। हिमनदी र हिउँ खाल्डा तथा खर्पसहरू धेरै रहेको दोस्रो शिविरसम्म हरेक वर्ष संरचना परिवर्तन भइरहने भएकाले भर्‍याङ कति राख्ने भन्ने सुरुमा यकिन नै हुँदैन।

त्यस्तै गरी छ हजार चार सय मिटर उचाइमा रहेको दोस्रो शिविरसम्मको बाटो केही सजिलो भए पनि यहाँ पनि पाइला–पाइलामा मृत्यु छल्नुपर्ने हुन्छ। दोस्रो आधार शिविरसम्म बाटो बनाएपछि एसपिसिसीबाट खटिएको आइसफल डाक्टरको टोली आधारशिविर फर्किने गर्छ । दोस्रो आधार शिविरदेखि चुचुरोसम्मको बाटो पर्वतारोहण सञ्चालक सङ्घको तर्फबाट बर्सेनि फरक फरक आरोहण कम्पनीहरूले गर्दै आएको छ । दोस्रो शिविरदेखि तेस्रो शिविरसम्मको दुरी करिब तीन किलोमिटर रहेको छ। सात हजार तीन सय मिटरको उचाइमा रहेको तेस्रो शिविरसम्मको बाटो ज्यादै कठिन भएकाले यहाँ पनि पाइलै सार्न निकै गाह्रो हुन्छ। तेस्रो शिविरमाथि अल्टिच्युड सिकनेसको सम्भावना हुने भएकाले यहाँको बाटो बनाउन पनि समस्या र समय लाग्ने गरेको छ।

यस्तै गरी चौथो शिविरसम्मको बाटो बनाउँदा जति माथि गयो, त्यति सास फेर्न कठिन हुने अक्सिजनको अभाव सुरु हुन थाल्छ। सगरमाथा आरोहण गर्दा आराम गर्ने ठाउँको रूपमा परिचित चौथो शिविरलाई साउथ कोलको नामले पनि चिनिन्छ। समुद्री सतहभन्दा सात हजार ९०६ मिटरको उचाइमा रहेको साउथ कोल क्षेत्र सगरमाथा र ल्होत्से हिमाल चढ्ने संयुक्त शिविर हो। यहाँबाट चुचुरोको बाटो तय हुने गर्छ। यो स्थानमा बाटो बनाउन गएको टोली र आरोहीहरू अपराह्नतिर पुग्ने गर्छन्। चौथो शिविरदेखि चुचुरोसम्मको यात्रा तय गर्न बेलुकी ९ बजेदेखि सुरु हुन्छ। चौथो शिविरभन्दा माथि बाल्कोनी र हिलारी स्टेप भन्ने ठाउँ रहेको छ। चौथो शिविरदेखि अनिवार्य समिट सुट र अक्सिजन लगाएर बेलुका हिँडेका टोली करिब १४ देखि १८ घण्टासम्म यही बाटो चढेर बिहान उज्यालो हुँदातिर चुचुरो पुग्न थाल्छन्।

आरोहण सकिएपछि टाँगिएका डोरी, भर्‍याङलगायतका सामानहरू निकाल्न बाटो बनाएर आधार शिविर फर्किएका अनुभवी शेर्पाहरू करिब तीन महिना आधार शिविरमै बस्ने गरेका छन्। आरोहणमा प्रयोग हुने डोरीको मोटाइ नौ मिलिमिटर र भर्‍याङ बाँध्न प्रयोग हुने डोरी सात मिलिमिटरसम्मको हुन्छ। जुन डोरी युरोपबाट आयात हुने गरेको छ।

## आरोहणपूर्वको तयारी र खर्च

सगरमाथा आरोहणका लागि वैशाख र जेठ महिनालाई उपयुक्त समय मानिन्छ। यो समयमा अनुकूल मौसम हुने भएका कारण सगरमाथा आरोहणको तयारी गर्न आरोहीहरू चैत महिनामै सगरमाथातर्फ लागिसकेका हुन्छन्। सगरमाथाको आरोहण गर्न महिनौं, कहिलेकाहीं वर्षौंको तालिम र तयारीको आवश्यकता पर्न सक्छ । त्यति हुँदा पनि सगरमाथा चढ्न सकिन्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन । प्रतिघण्टा एक सय माइलको दरले चल्ने हिउँ बोकेको चिसो बतासको गति र माइनस ३० डिग्री फरेनहाइटको चिसो तापक्रममा ज्यानै लिने खालका हिमआँधी र हिम पहिरोको सामना गर्न विश्वका कुना कप्चाबाट पर्वतारोही नेपाल आउने गर्छन्। सगरमाथा आरोहणका लागि पहिलै छ हजार मिटर हाराहारीको हिमाल आरोहण गरिसकेको हुनु पर्छ । त्योबाहेक आरोही रक क्वालमिङ, वाल क्वालमिङलगायतको तालिम प्राप्त हुनु पर्छ। सगरमाथा आरोहणका लागि तोकिएको हिमाली दस्तुर (राजस्व) तिरेपछि पर्यटन विभागले ७५ दिने आरोहण अनुमति दिन्छ । सगरमाथा आरोहण समूहमा मात्रै जानुपर्ने नियमका कारण एक्लै जान पाइँदैन । आरोहीलाई आरोहणमा सहयोग गर्ने शेर्पा (गाइड) लाई आरोहण अनुमतिको शुल्क लाग्दैन।

पर्यटन विभागले विदेशी आरोहीका लागि सगरमाथा आरोहण गर्न वसन्त ऋतुमा प्रतिव्यक्ति एक हजार एक सय, शरद्मा पाँच हजार पाँच सय र अन्य सिजनमा दुई हजार ७५० अमेरिकी डलर शुल्क तोकेको छ। नेपालीका लागि भने वसन्त ऋतुमा प्रतिव्यक्ति ७५ हजार, शरद्मा ३७ हजार पाँच सय र अन्य सिजनमा १८ हजार २५० रुपियाँ शुल्क तोकिएको छ।

सगरमाथाबाहेक आठ हजार मिटरसम्मका अन्य हिमालमा विदेशी नागरिकलाई वसन्त ऋतुमा एक हजार आठ सय, शरद्मा नौ सय र अन्य सिजनमा ४५० अमेरिकी डलर शुल्क लिने गरिएको छ। नेपालीलाई भने यी हिमालमा क्रमशः १० हजार, पाँच हजार र २५ सय रुपियाँ रोयल्टी तोकिएको छ। आठ हजार मिटरमुनिका हिमालका लागि अझ कम रोयल्टी तिरेर हिमाल आरोहण गर्न सकिन्छ। यस वर्ष सगरमाथामा आरोहण अनुमति दिएबापत सरकारलाई करिब ६० करोड रुपियाँ राजस्व प्राप्त भएको विभागले जनाएको छ।

## आरोहणमा कडाइ

बर्सेनि सगरमाथा आरोहणको व्यवस्थापनलाई लिएर अन्तर्राष्ट्रिय जगतमै आलोचना हुने गरेको छ । पर्यटन विभागले सगरमाथा आरोहणलाई व्यवस्थित बनाउन र आरोहीका क्रियाकलाप निगरानी गर्न सगरमाथा आधार शिविरमा सम्पर्क कार्यालय स्थापना गरेको छ । विभागले आरोहण दलसँगै आधार शिविर पुगेर आरोहण अवधिभरको निरीक्षण तथा सम्पूर्ण गतिविधि अनुगमन गर्न आधार शिविरमै सम्पर्क कार्यालय खोलेको हो।

विभागका महानिर्देशक (हाल आन्तरिक राजस्व विभागमा सरुवा) चक्रबहादुर बुढाका अनुसार यसअघि खटाइएका सम्पर्क अधिकृतहरू आधार शिविर नै नपुगी घरमै बसेर भत्ता खाने, आरोहीले नक्कली फोटो तथा कागजपत्र तयार पारेर आरोहण पूरा गरेको दाबी गर्ने गरेको गुनासोको आधारमा सम्पर्क कार्यालय नै स्थापना गरेर अनुगमन थालिएको हो । उहाँले भन्नुभयो, "अघिल्ला वर्षमा आधार शिविरमा हुने गरेका गैरकानुनी क्रियाकलाप, आरोही समूहबिच हुने झगडा, आरोहणका क्रममा हुने ट्राफिक जाम, उद्धारमा हुने समस्या र सम्पर्क अधिकृतहरू आधार शिविर नै नपुग्नेलगायतका गुनासा आउने गरेका थिए। तिनलाई निगरानी र नियन्त्रण गर्न सम्पर्क कार्यालय स्थापना गरिएको हो।"

उहाँका अनुसार यस सिजनको हिमाल आरोहणको व्यवस्थापनका लागि ७७ जनालाई विभिन्न हिमालका लागि सम्पर्क अधिकृतको रूपमा खटाइएको छ। त्यसमध्ये कतिपय तोकिएको क्षेत्रमा पुगिसकेका छन् भने कतिपय अझै पुग्न बाँकी छन् । यसरी खटाइएका सम्पर्क अधिकृतहरू आफ्नो आरोहण समूहका साथ हिमालको आधार शिविरसम्म पुगेर आरोहण सम्पन्न नहुन्जेल सोही शिविरमा बसेर सरकारी प्रतिनिधिका रूपमा आरोहण व्यवस्थापनमा खटिने छन् । छ हजार पाँच सय मिटरभन्दा माथिका हिमाल आरोहणमा जाने पर्वतारोहीले एक जना सम्पर्क अधिकारी लैजानुपर्ने कानुनी व्यवस्था छ।

## आरोहण गर्न नयाँ बाटो

सगरमाथा आरोहणका लागि यो वर्ष नयाँ बाटो सञ्चालमा ल्याइएको छ । विभागका साहसिक पर्यटन तथा पर्वतारोहण शाखाका निर्देशक राकेश गुरुङका अनुसार पहिलो आधार शिविर नजिक रहेको ल्हो ला पिक आसपास सन् २०१४ अगाडि प्रयोग भएको रुट नजिकै भएर नयाँ बाटो प्रयोगमा ल्याइएको हो। उहाँले भन्नुभयो, "यस पटक विगतका वर्षहरूमा प्रयोग भएको रुटमा हिउँ अस्थिर देखिएकाले पुरानो रुट नजिकै भएर दोस्रो शिविरसम्मको बाटो तयार पारिएको छ ।" सन् २०१३ देखि सन् २०१४ सम्म प्रयोग भएको बाटोमा हिउँको अवस्था अस्थिर देखिएकाले नयाँ बाटो निर्माण गरिएको उहाँले बताउनुभयो।



## आरोहीलाई विद्युतीय चिप्स

यस पटकको आरोहण कार्यलाई व्यवस्थित तथा सुरक्षित बनाउन पर्वतारोहीको पोसाकमा विद्युतीय चिप्स जडान सुरु गरिएको छ। विभागका निर्देशक गुरुङका अनुसार सगरमाथा आरोहण गर्न जाने आरोही समस्यामा पर्दा आपत्कालीन उद्धार र खोजी कार्यमा सहयोग पुऱ्याउन आरोहीले लगाउने विशेष पोसाक (ज्याकेट)मा विद्युतीय चिप्स जडान कार्य सुरु गरिएको हो । उहाँले भन्नुभयो, "आरोही दुर्घटनामा पर्ने, हराउने, लेक लागेर बिरामी हुने जस्ता समस्यालाई दृष्टिगत गर्दै यस पटक सबै आरोहीको पोसाकमा चिप्स जडान गरिने छ । यसले हराएका आरोहीको ठेगानालगायतका अवस्था पत्ता लगाउन सहयोग पुग्ने छ।"

मानव जीवनको रक्षाका लागि उपयोगी मानिएको विद्युतीय चिप्स वाहक आरोही हिमपहिरोमा पुरिएको अवस्थामा पनि डिटेक्टरको मद्दतले उद्धार तथा खोजी कार्यमा सहयोग पुग्ने उहाँले बताउनुभयो। विश्वका अन्य मुलुकमा पनि यस्ता अभ्यास प्रयोगमा रहेको बताउँदै उहाँले चिप्स जडानले आरोही र आरोहण क्षेत्रलाई सुरक्षित बनाउने जानकारी दिनुभयो । एजेन्सीले प्रदान गरेको चिप्स आरोहीले प्रयोग गरे नगरेकाबारे सगरमाथा आधार शिविरमा एसपिसिसीले निगरानी राख्ने छ। उहाँका अनुसार अन्तर्राष्ट्रिय बजारमा परीक्षण गरी गुणस्तर युक्त यस्ता चिप्सको मूल्य १५ देखि २० अमेरिकी डलर पर्ने र त्यसको लागत आरोहणमा संलग्न एजेन्सीले बेहोर्ने छ।

## मलमूत्र छाड्न नपाइने

यो वर्षदेखि सगरमाथा र ल्होत्से हिमाल आरोहण गर्ने आरोहीले आफ्नो दिसा सगरमाथामा छाड्न नपाउने भएका छन्। पर्यटन विभागसँगको समन्वय र सहजीकरणमा खुम्बु पासाङल्हामु गाउँपालिकाले सगरमाथा र ल्होत्से आरोहणबाट आरोहीले आफ्नो दिशा आधार शिविर हुँदै फिर्ता ल्याउनुपर्ने निर्णय जारी गरेको छ। सगरमाथालाई स्वच्छ र सफा राख्न यस्तो नियम लागु गरिएको हो। सगरमाथाको माथिल्लो क्षेत्रमा मानव मलमूत्र, डोरी, टिन, अक्सिजनका खाली सिलिन्डिर, क्यानलगायतका फोहोर रहेकाले त्यसको सरसफाइ र सर्वोच्च शिखरलाई दुर्गन्धित हुनबाट रोक्न यस्तो नियम लागु गरिएको हो।

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष मिङ्मा छिरी शेर्पाका अनुसार साउथ कोल क्षेत्रमा खासै हिउँ नभएकाले आरोहीले खुला रूपमा मलमूत्र विसर्जन गर्दै आएका छन्। आरोहीलाई आधार शिविरमा दिसा विसर्जनका लागि एउटा विशेष प्रकारको झोला दिने र फर्कने बेला उक्त झोला फिर्ता ल्याउनुपर्ने छ। एउटा झोला पाँच किलो तौल बोक्ने क्षमताको हुने र आरोहीले माथिल्लो क्षेत्रमा बिताउने समयका आधारमा वितरण गरिने ती झोलामा हुने रसायन र धुलोले दिसालाई ठोस बनाई गन्धरहित बनाउने उहाँले बताउनुभयो।

## साढे सात हजारले टेके चुचुरो


पर्यटन विभागले प्रकाशन गरेको 'माउन्टेनरिङ इन नेपाल, फ्याक्ट एन्ड फिगर–२०२३' का अनुसार नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका सर एडमन्ड हिलारीले आरोहण सुरु गरेयता हालसम्म सात हजार ६२६ आरोहीले सगरमाथाको सफल आरोहण गरिसकेका छन्। सगरमाथाको आरोहण गर्नेमा ५१९ जना महिला रहेका छन्। सन् १९७५ मे १६ तारिखका दिन जापानी आरोही जुनको तावेईले सगरमाथा आरोहण गरेर पहिलो महिला सगरमाथा आरोहीको उपमा पाएकी थिइन्। पासाङ ल्हामु शेर्पा सगरमाथा चढ्ने प्रथम नेपाली महिला हुन्। उहाँले विसं. २०५० वैशाख १० गते सगरमाथाको सफल आरोहण गर्नुभएको थियो । तर उहाँ जीवितै फर्किन भने सक्नुभएन । हालसम्म सगरमाथा आरोहणका क्रममा तीन सयभन्दा बढीले ज्यान गुमाइसकेका छन्। सर एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले सगरमाथाको आरोहण गर्नुअघि सन् १९२२ मा सात जना शेर्पाले आरोहणकै क्रममा ज्यान गुमाएका थिए । त्यसलाई नै पर्वतारोहणको इतिहासमा सगरमाथा आरोहणको क्रममा मृत्यु भएको पहिलो घटनाको रूपमा हेर्ने गरिएको छ । पछिल्लो पाँच वर्षको तथ्याङ्क अनुसार दुई हजार ३२१ जनाले सगरमाथाको चुचुरो टेकेका छन्। जस अनुसार सन् २०१८ मा ५६०, सन् २०१९ मा ६४४, सन् २०२१ मा ४५९ र सन् २०२२ मा ६५८ जनाले चुचुरो टेकेका हुन् । सन् २०२० मा कोभिडका कारण सगरमाथामा कुनै मानव पाइला पुगेनन्।

# सागर फडेराको अवसान

कथा



योगेन्द्र तिमिल्सिना



दिल्लीको उत्तरपट्टिको ग्रामीण भेग वजिरपुरमा सागर फडेराले एउटा कोठा भाडामा लिएको थियो। ऊ आफ्नो कोठामा खाजाका सामग्री तयार गर्थ्यो, दिन ढल्केपछि खाजा बोकी टायरको चार चक्के ठेला ठेलेर ठाउँ, ठाउँ पुग्थ्यो र सहरका चोक चोकमा चट्पटे, पोलेका हरिया मकै, साँधेको आलु जस्ता सामग्री बेची साँझमा थाकेर आफ्नो कोठा वजिरपुर फर्कन्थ्यो।

हुम्ला जिल्लाको सर्केगार्ड गाउँमा सागर, उसका बाबु, आमा र एउटी बहिनी बस्थे। उसका बाबुको उमेर ७८ वर्ष पुगेको थियो भने आमाचाहिँ ७२ वर्षकी थिइन्। फडेरा दम्पतीले जङ्गल नजिकैको खोला छेउमा खरको छानो हाली बारबेर गरेर एउटा छाप्रो तयार गरेका थिए। त्यही छाप्रोमा गुँडुल्किएर उनीहरू रात काट्थे। एक रात अचानक घरभित्र बाढी पस्यो र घरसहित सागरकी बहिनीलाई पनि बगाएर लग्यो। त्यसको केही महिनापछि सागरले घर छोडेको थियो। सागर घर नफर्केको आउँदो पुस महिनामा १० वर्ष पुग्थ्यो। बाबु आमाले जति प्रतीक्षा गरे पनि सागर फर्केन, सागर कहाँ छ भन्ने पनि उनीहरूलाई थाहा थिएन।

> एक रात अचानक घरभित्र बाढी पस्यो र घरसहित सागरकी बहिनीलाई पनि बगाएर लग्यो। त्यसको केही महिनापछि सागरले घर छोडेको थियो। सागर घर नफर्केको आउँदो पुस महिनामा १० वर्ष पुग्थ्यो। बाबु आमाले जति प्रतीक्षा गरे पनि सागर फर्केनन्, सागर कहाँ छ भन्ने पनि उनीहरूलाई थाहा थिएन।

सागरको कोठाको ठ्याक्कै अगाडि अर्को एउटा कोठामा एउटी वेदिका मीना नाउँ गरेकी मद्रासी शिक्षक बस्थिन्। सागरको कोठा र वेदिकाको कोठाको बिचबाट पछाडिका अरू कोठातर्फ जान र बाहिर निस्कन एउटा सानो गल्ली थियो। साँझ परेपछि पछाडिपट्टि बस्ने श्रमिकहरू दिनभरको परिश्रमले थकित भई त्यही गल्ली हुँदै आआफ्ना कोठाभित्र छिर्थे। त्यहाँ भाडामा बस्ने श्रमिकमध्ये कोही फ्याक्ट्रीमा काम गर्ने ज्यामी थिए, कोही सिकर्मी र कोही सामान्य होटलका बेरा थिए। एकले अर्काको कुनै चियो चर्चो गर्दैनथ्यो। अर्थात् यसो भनौँ दिनभर खर्चेको श्रमको थकाइले आफ्नोबाहेक अरूको चासो राख्ने फुर्सद कसैलाई थिएन। कोठा बाहिर निस्केर बाहिर हेर्ने बरन्डा पनि थिएन, कसैलाई त्यसो गर्ने फुर्सद पनि थिएन।

सागर बिहानको खानपिन गर्थ्यो र खाजाका सामग्रीहरू ठेलामा बोकेर वजिरपुरबाट सहरतिर लम्कन्थ्यो। म पनि साँझमा टहल्न अनायसै त्यतै आइपुग्थेँ। अशोक विहारको जय हिन्द सिनेमा हलको छेउको चौबाटोमा सागरसँग प्रायः मेरो भेट हुन्थ्यो। ग्राहकबाट फुर्सद हुनेबित्तिकै ऊ मतिर फर्कन्थ्यो र भलाकुसारी गर्न मन पराउँथ्यो। दैनन्दिनको भेटमा ऊ मेरो आत्मीय मित्र भइसकेको थियो र मसँग कतिपय अन्तरङ्ग कुरा गर्न ऊ रुचाउँथ्यो। हामी दुवैका निम्ति यो विदेश थियो। यहाँ मन मिल्ने अरू स्वदेशी साथी हामी दुवैका थिएनन्। मेरो पनि मनको कुरा पोख्ने ठाउँ अन्त कतै थिएन। उसको पनि शायद त्यस्तै हुँदो हो।

एकदिन उसले मलाई भन्यो, "आज मेरो टाउको भारी भइरहेको छ।" मैले किन त्यस्तो भयो भनी सोधेको प्रत्युत्तरमा उसले भन्यो, "आज रातभर राम्रोसँग सुत्न पाएको छैन।" मैले "के भएर सुत्न नपाएको ?" भनी सोधेको जवाफमा उसले 'त्यत्तिकै' भनी टाउको हल्लायो। नयाँ ग्राहक आयो र उसको ध्यान त्यता मोडियो। त्यसपछि म आफ्नो गन्तव्यतर्फ लागे।

अर्को दिन फेरि सागरसँग मेरो भेट भयो। त्यो दिन उसले आफ्नो अन्तरङ्ग कथा सुनायो। "वेदिकाले आज त झन् मलाई रातभर सुत्न दिइन। राति रक्सी खान बोलाउँछे, मातेपछि उसलाई मन लागेको गर्छे, म ऊबाट उम्कन सक्तिन।"

"उ एक्लै छे र ?" मैले थप कुरा बुझ्न खोजेँ।

उसले भन्यो, "उसको एउटा सात वर्षको छोरो पनि छ। बच्चा निदाएपछि उसले मलाई बोलाउँछे। पहिले पहिले त म नाइँ भन्थेँ तर उसले बोलाउँदा बिस्तारै म पनि 'नाइँ' भन्न नसक्ने अवस्थामा पुगेँ। म गएपछि उसले ब्रान्डेड रक्सी र स्न्याक ठिक पार्थी। त्यसपछि रक्सीको चुस्की लिँदै हामी गफ गर्न थाल्थ्यौँ र बिस्तारै आपसमा आलङ्गिन गर्न थाल्थ्यौँ।" "पहिले त ऊ एक्लै थिई। एक महिनाअघि छोरो लिएर उसको लोग्ने चाहिँ मद्रासबाट दिल्ली आएको थियो। वेदिका स्कुलमा शिक्षिका थिइन्। उसलाई छोरो जिम्मा लगाएर लोग्ने चाहिँ छिटै मद्रास फर्क्यो। शायद ऊ पनि मद्रासमा जागिर खान्थ्यो। बिहानको खाना खाएर छोरो लिएर वेदिका स्कुल जान्थी। उसको छोरो पनि त्यही स्कुलमा पढ्थ्यो। स्कुल छुटेपछि ऊ पनि आमासँगै फर्कन्थ्यो।"

"दिन बित्दै गए, वेदिका यौन उत्तेजनाले उग्र हुँदै मसँग आशक्त हुन थालेकी थिइन्। म पनि उसलाई छोड्न सक्तिनथेँ। मलाई पनि कतिबेला उसको कोठामा पसुँ जस्तो हुन्थ्यो।" वेदिकासँग भएका सारा क्रियाकलाप सागर फडेराले मलाई भनिसकेको थियो।

अचानक म राजस्थान जानुपर्ने भयो। केही दिन त्यतै बस्नु परेकाले सागरसँग मेरो भेट हुन सकेन। फर्केपछि एकदिन फेरि मैले व्यस्त सडक छेउमा सागर फडेरालाई भेटेँ। उसले आज मलाई अर्कै कथा सुनायो। उसले भन्यो, "आज मैले अचानक सर्केगार्ड पुगेको सपना देखेँ। नयाँ फरिया लगाएर आमा कतै जाँदै थिइन्। उनलाई मैले बाटोमै भेटेँ, अचानक मलाई बाटोमा भेटेपछि आमा खुसी भइन् र मलाई अँगालो हालिन्। मैले आमालाई ढोग गरेँ। आमा अगाडि लागिन्, म आमाको पछाडि लागेँ। आमासँगै म घरभित्र पसेँ। बा पनि छक्क परेर मुसुमुसु हाँस्न थाले। मलाई अचम्म लाग्यो, बाले कस्तो राम्रो नयाँ घर बनाएछन्। बडो रमाइलो भयो। बा पनि झन् भर्खरका पो देखिए। बा आमासँग रमाइलो गफ गरेर बसिरहेको थिएँ, अचानक म बिउँझिएँ। मलाई त एक पटक घर जाउँ, जाउँ पो लागेको छ।"

मेरो आफ्नो व्यस्तताका कारण केही दिनदेखि मैले सागरलाई भेट्न सकेको थिइनँ। आजको भेटमा उसले वेदिकासँगको गतिविधिको कुरा केही गरेन। सागरको कथा मोडियो। उसले भन्यो, "हिजो साँझ वेदिकाको लोग्ने आइपुगेको छ। हिजोदेखि नै उसँगको सम्पर्क अलग्गिएको छ। आजदेखि म पनि एक्लिएको महसुस गरिरहेको छु।"

जुलाई महिनाको अन्त्यतिरको कुरा हो, अर्थात् नेपालमा मध्य श्रावणको समय थियो, रातिदेखि नै पानी परिरहेको हुँदा दिल्ली अँध्यारो थियो। घर बाहिर मानिस र सवारीसाधनको आवतजावत पातलो थियो। बर्साती ओढेर आएको नवभारत टाइम्सको वितरक घरको आँगनमा पत्रिका फ्याँकेर साइकलमा हुइँकिइसकेको थियो। पत्रिका केही भिजेको थियो। आँगनबाट पत्रिका टिपेँ र सरसर्ती हेर्न थालेँ।"

"सेक्स स्क्यान्डल मे नेपाल के बहादुर कि हत्या" शीर्षकको मुख्य समाचारमा मेरो आँखा पऱ्यो। समाचारमा 'नेपाल' शब्द जोडिएको हुँदा तुरुन्तै पढिहाल्ने कौतूहलता मभित्र जाग्यो। समाचार पढेँ, त्यो समाचार सागर फडेराको परस्त्रीसँगको यौन सम्बन्ध र उसको वीभत्स हत्यामा आधारित थियो। प्रहरी अनुसन्धानले उसको हत्याको कारण परस्त्रीसँग यौन सम्बन्धको निरन्तरता भन्ने देखाएको थियो। रगत लतपतिएको उसको वीभत्स शव हेर्दा गर्धन आधाभन्दा बढी काटिएको र लिङ्ग छिनालिएको अवस्थामा थियो। घटनापछि वेदिका र सागरको यौन सम्बन्धबारे विभिन्न समाचार माध्यम र सर्वसाधारणबिच विभिन्न तर्क भएको मैले सुनेँ। ती तर्कमध्ये केही युवाले यस सम्बन्धलाई महिला र पुरुष दुवैको जैविक आवश्यकता भने, पाका मानिसहरूले परस्त्री र परपुरुषबिचको यो सम्बन्ध अनैतिक र घोर आपत्तिजनक भने र अरू केही सन्त महन्तले परस्त्री गमन महापाप कर्म हो भने। जसले जे भने पनि दुःखद घटना आखिर भइसकेको थियो, सागर फडेराको अवसान भइसकेको थियो।

कविता

## सुनका कुराहरू !



किशोर विश्वकर्मा

रिसरा भाँपानी
तपाईंलाई धेरै पटक सम्झनुहोस्
हराभरा भापापानी
तिमीलाई धेरै पटक भेटेको छु !
अब त चोट सहने बानी पऱ्यो
अलिकति सास फेर्न देऊ मलाई
अब त आस खोज्ने बानी पऱ्यो
अलिकति साथ बिताउन देऊ मलाई !
जनसँग
धेरै खुसीका कुरा थिए
जनसँग
केही दुःखका यादहरू पनि थिए
रिसरा भाँपानी
खुसीका कुराहरू धेरै पटक पटक पटक सम्झनुहोस्
हराभर भापापानी
दुःखका यादहरू धेरै पटक भेटेको छु !

## एउटा जीवन



ज्ञानप्रसाद भट्टराई

सत्य र असत्यको द्विविधाभित्र
तर्क र वितर्कको लामो बहसमा
बाँचिरहेछ जीवन ॥
मानव हुनुको अर्थ
कर्म र नियतिबिच
नियमित आकस्मिकता र
विश्वास र अन्धविश्वासभित्र
बाँचिरहेछ जीवन ॥
पूर्व जन्म र पर जन्मको
सम्बन्ध सेतुभित्र
उही कर्मको फल भनेर
आशा र निराशामा
बाँचिरहेछ जीवन ॥
सम्पन्नता र विपन्नता
जन्मनु, हुनु र बनाउनु
कर्म र नियतिभित्र
सधैँ बाँचिरहेछ जीवन ॥
पिञ्जराभित्रको जन्म
जन्मनुमा के दोष ?
मालिक र दासको समाजमा
जन्मँदै दास हुने
देशको नियतिभित्र
बाँचिरहेछ एउटा जीवन ॥

# लोकसाहित्यको सङ्ग्रहणीय कृति



जानु अधिकारी

'राईझुमा झुमा क्या मस्किक्याकी छ ओ राईझुमा' प्रत्येक नेपालीका अझ कर्णाली र सुदूरपश्चिमेलीहरूका ओठओठमा झुन्डिएको यस डेउडा गीतका शब्द र स्वर प्रसिद्ध गायक, कलाकार, कवि एवं अनुसन्धाता यज्ञराज उपाध्यायका हुनुहुन्छ। उहाँलाई कविका रूपमा र अनुसन्धाताका रूपमा केही विशिष्ट व्यक्तिले मात्र चिन्छन् तर राईझुमाका शब्द र स्वरमा उपस्थित व्यक्तित्वलाई भने सबैले चिन्छन्। उपाध्यायको पछिल्लो व्यक्तित्व लोकसाहित्य र संस्कृतिका अनुसन्धाताका रूपमा परिचय बनेको छ।

बुक हिल पब्लिकेसनबाट प्रकाशित उहाँको 'काली–कर्णालीको लोकसाहित्य तथा संस्कृति' (२०८०) महाकाली–कर्णाली प्रस्रवण क्षेत्रको लोकसाहित्य र संस्कृतिका बारेमा गहन अनुसन्धान गरेर तयार पारिएको भीमकाय कृति हो। लेखकीयमा व्यक्त भएका उहाँको अभिव्यक्तिका अनुसार २५ वर्षसम्मको निरन्तर खोज तथा अनुसन्धानबाट ९४३ पृष्ठ (अग्रभागसहित ९७९ पृष्ठ) को यो बृहत् ग्रन्थ तयार भएको छ। यो ग्रन्थ महाकालीदेखि कर्णालीसम्मको अर्थात् महाकाली–कर्णाली प्रस्रवण क्षेत्रको लोकसाहित्य र संस्कृतिको ऐतिहासिक दस्तावेज हो।

> काली-कर्णाली परिवेशको सिङ्गो लोकसंस्कृति र लोकसाहित्यको प्रतिविम्ब ग्रन्थभित्र पाइन्छ। तत्तत् क्षेत्रको लोकसंस्कृतिको र साहित्यको अद्यावधिक अभिलेखन पनि हो भन्ने कुरा यस ग्रन्थमा सङ्कलित, वर्णित र विवेचित विषयवस्तुबाट नै स्पष्ट हुन्छ।

प्रस्तुत ग्रन्थको आकारप्रकार, सङ्कलित सामग्रीहरूको व्यवस्थापन, वर्गीकरण, विवेचना, परिचय आदिका दृष्टिले यस कृतिलाई महाकाली–कर्णाली प्रस्रवण क्षेत्रका लोकसाहित्य र संस्कृतिको मानक ग्रन्थका रूपमा मान्न सकिने आधारहरू यसमा सङ्कलित सामग्रीहरूले नै स्पष्ट पार्छ। संरचनात्मक दृष्टिले हेर्दा यसमा औपचारिक शोधग्रन्थ जस्तो परिच्छेद विभाजनको कुशल व्यवस्थापन र तोकिएको वा निर्दिष्ट परिच्छेद विभाजन नदेखिए पनि शीर्षक–उपशीर्षक र सहायक शीर्षकहरूको सङ्ख्याङ्कनका दृष्टिले ६० भन्दा बढी परिच्छेदको संरचनागत खाका यसमा देख्न सकिन्छ। यी परिच्छेद्भित्रका ७५० भन्दा बढी शीर्षक, उपशीर्षक, सहायक शीर्षक र पाठ शीर्षकहरूमा व्यवस्थापन गरिएको यस ग्रन्थभित्र काली–कर्णाली परिवेशको सिङ्गो लोकसंस्कृति र लोकसाहित्यको प्रतिविम्ब पाइन्छ। यो ग्रन्थ तत्तत् क्षेत्रको लोकसंस्कृतिको र साहित्यको अद्यावधिक अभिलेखन पनि हो भन्ने कुरा यस ग्रन्थमा सङ्कलित, वर्णित र विवेचित विषयवस्तुबाट नै स्पष्ट हुन्छ।

'काली–कर्णाली क्षेत्र' मूल शीर्षक काली–कर्णालीको परिचयमा केन्द्रित छ र त्यहाँको लोकजीवनलाई मूल विषय बनाएर विवेचना गरिएको छ। यस क्रममा त्यहाँका भौगोलिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदा, गाउँबस्ती, जातजाति, रहनसहन, वेशभूषा, खानपान, चालचलन, धर्म र संस्कृति, चाडपर्व, भाषा आदिबारे विवेचना गरिएको छ। 'लोकसाहित्य' मूलशीर्षकभित्र लोकसाहित्यको विधागत परिचय प्रस्तुत गरिएको छ। त्यस्तै 'लोकगीत' मूलशीर्षक अन्तर्गतका २१ वटा उपशीर्षकमा सैद्धान्तिक रूपमा लोकगीतको विवेचना गरिएको छ र यो शीर्षक सैद्धान्तिक निरूपणका दृष्टिले उल्लेखनीय रहेको छ। नेपाली लोकगीत र गायन परम्पराको ऐतिहासिक विकासक्रमको दिग्दर्शन पनि प्रस्तुत गरिएको छ र यो खण्ड ऐतिहासिक विकास प्रक्रियाको विवेचनाका दृष्टिले उल्लेखनीय देखिन्छ। यसै खण्डमा लोकवार्ता र लोकसंस्कृतिको परिचयात्मक रूपरेखाका साथ काली–कर्णालीको लोकसाहित्य र लोकगीतको पृथक् परिचय पनि राम्रोसँग दिइएको छ। खास गरेर काली–कर्णाली क्षेत्रका लोकगीतको गायन परम्पराको विकासक्रम प्रस्तुत गर्दै तिनमा लोक गायकको भूमिकाका बारेमा पनि विवेचना गरिएको छ। यसबाट यो ग्रन्थ लोकसाहित्यको ऐतिहासिक विकास प्रक्रियाको अभिलेखनका दृष्टिले पनि उल्लेखनीय रहेको छ।

पुस्तक




लोकगीतलाई लोकसाङ्गीतिक कोणबाट विवेचना गर्नु पनि यस ग्रन्थको महत्त्वपूर्ण विशेषता हो। यसै आधारमा ताल, चाल र स्वरका दृष्टिले लोकगीतका प्रभेदहरूको निरूपण यस ग्रन्थमा भएको छ। यसै सन्दर्भमा काली–कर्णालीका लोकगीतलाई तालप्रधान, चालप्रधान र स्वरप्रधानका रूपमा वर्गीकरण गरी तिनको सूत्रबद्ध संरचना, सचित्र विवेचना र प्रत्येक लोकगीतका मूल पूर्णपाठलाई पनि प्रस्तुत गरिएको छ। लोकगीतको साङ्गीतिक प्रविधि र सङ्गीत सिद्धान्तका आधारमा समेत लोकगीतको विवेचना गर्नु यस ग्रन्थको अर्को विशिष्ट पक्ष हो। यस ग्रन्थमा सबैभन्दा व्याप्ति लोकगीतले लिएको छ र सुदूरपश्चिम क्षेत्र र कर्णाली क्षेत्र लोकसाहित्य र संस्कृतिका दृष्टिले सम्पन्न रहेको कुरा पनि यहाँ देखाइएको छ। लोकसाहित्यमा मूल पाठलाई महत्त्वका साथ हेरिन्छ र यस्ता पाठको सङ्कलन कठिन र चुनौतीपूर्ण पनि हुन्छ। गायक वा वाचकले गाउन र वाचन गर्न गाह्रो मान्ने, पैसा नदिई गायन, वाचन नगर्ने र अझ त्यसमा पनि बढ्दो सहरीकरणका कारण गायक वाचक पाउनै मुस्किल हुने परिस्थितिमा पनि यति धेरै पाठको सङ्कलन गर्नु लेखकको यस कामप्रतिका लगन र निष्ठा हो। तिनको वर्गीकरण र सङ्क्षिप्त विश्लेषणसमेत गरिएकाले लेखकको परिश्रम प्रशंसनीय देखिन्छ। पाठहरूको व्यवस्थित सङ्कलन र तिनको सत्यापन गरेर विश्वसनीय बनाउने काम पनि ग्रन्थकार उपाध्यायले गर्नुभएको छ।

यस ग्रन्थमा काली–कर्णालीका प्रस्रवण क्षेत्रका सयौँ लोकगीतको परिचय, प्रकार र मूलपाठ एवं तिनको विवेचना पनि प्रस्तुत गरिएको छ। न्याउल्या गीत (डेउडा)को उत्पत्ति, चिनारी, गायनपद्धति, खेलविधि र तिनका प्रकार, रनपुतला गीतको परम्परा, थालनी, नृत्य र गायनपद्धति तथा तिनका अनेक प्रकार, होरीगीतको परिचय, विकासक्रम, छन्द र लय, गायन तथा नृत्यपरम्परा तथा शिवस्तुति, रामलीला, कृष्णलीला आदिसँग सम्बद्ध १३४ वटा भेद र तिनका मूलपाठ आदिको चर्चाका साथै प्रेम–उमङ्ग, राष्ट्रप्रेम र बुद्ध अवतार वर्णनसँग सम्बद्ध गीतका २७ वटा भेद, देउडा र डेउडामा भिन्नता, धमारी गीतको परिचय, परम्परा र तिनका ३३ भेद, गौराको परिचय, उत्पत्ति, अनुष्ठान विधि आदिसँग सम्बद्ध विभिन्न प्रकारका ४० जति भेद, गौरापर्वको धार्मिक सांस्कृतिक महत्त्व आदिका बारेमा पनि यस ग्रन्थमा पर्याप्त सूचना दिइएको छ। यी सूचनाहरू कोरा सूचना मात्र होइनन्, नेपाली लोकसंस्कृति र साहित्यका अमूर्त सम्पदा पनि हुन्। यस्ता सम्पदाहरूको सङ्कलन–संरक्षणका दृष्टिले पनि यस ग्रन्थको बढी उपादेयता देखिन्छ।

प्रस्तुत ग्रन्थमा सुदूरपश्चिमका गीत तथा गाथामध्ये भुओको पृष्ठभूमि, उत्पत्ति, विकास र तिनका १३ वटा भेद, सगुन र फागको परिचय, गायनपद्धति, विषयवस्तु, अन्तर्सम्बन्ध आदिका साथै सगुन र फागका १४ वटा भेद, चाँचरीको परिचय, गायन र नृत्यविधि र तिनका पाँच वटा भेद, छलिया, भारी खेल, ठाडोखेल, भैनी, ढुस्को, जिउनापुरी, सवाइ, भोलाउलो आदिको गायन, नृत्यविधि र तिनका भेदहरू आदि पनि यस ग्रन्थका विषय बनेका छन्। त्यस्तै पडेली, चैत, झोडा, माँगल, बाह्रमासागीत, पर्छो, भैलो, भजन, डाड–झङ्कार, हुड्केली, गोरीधानाको चैतालो आदि लोकगीत तथा लोकगाथाका उत्पत्ति, विकास, गायन र नृत्यविधि एवं तत्सम्बन्धी गीत र गाथाको पूर्ण मूलपाठ एवं परिचयसमेत दिइएकाले ग्रन्थ उपयोगी बनेको छ।

लोपोन्मुख हुन लागेको जिउँती–परम्पराको परिचय, थालनी, स्थान, अवसर, चित्र आदि विषयको प्रस्तुतिले यो ग्रन्थ विशेष बनेको छ भने बालो खेलाउने गीत, रम्कीरम्मा झम्मबिरु गीत, शोभान शाहीको विलाप, श्रीपञ्चमी गीत, सन्ज्यावली, बाली सन्जाको गीत, झुराउनी आदि पनि यस पुस्तकमा विशेष चर्चाका साथ आएका छन्। यी र यस्तै सामग्रीहरूले यो ग्रन्थ सङ्ग्रहणीय बनेको छ। प्रस्तुत ग्रन्थका आठ सयभन्दा बढी पृष्ठ कर्णाली–महाकाली प्रस्रवण क्षेत्रका लोकसंस्कृतिसँग सम्बद्ध लोकसाहित्यिक सामग्रीले ओगटेका हुनाले यी विषयको व्याप्ति बढी देखिन्छ भने त्यसपछिका करिब सय पृष्ठ विशुद्ध लोकसंस्कृतिसँग सम्बद्ध विषयवस्तुको चर्चामा केन्द्रित छन्।

समग्रमा भन्नुपर्दा लोकसाहित्य र संस्कृतिमा रुचि राख्नेदेखि विशिष्ट बौद्धिक पाठकसम्मका लागि यो ग्रन्थ महत्त्वपूर्ण र उपयोगी देखिन्छ। नेपालको काली–कर्णालीको लोकसाहित्य र संस्कृतिमाथिको सामान्य विचरण होइन, गम्भीर अनुशीलन हो भन्ने कुरा यसभित्रका सामग्रीहरूले स्पष्ट पार्छन्। नेपाल चिन्न, अझ काली–कर्णालीभित्रको नेपाल बुझ्न नेपाली लोकसंस्कृति र लोकसाहित्य चिन्नु पर्छ र त्यसको मर्म छाम्नु पर्छ भन्ने सन्देशका कोणबाट यस ग्रन्थलाई हेर्न र पढ्न सकियो भने कृति पठनको अझ गहिरो सार्थकता भेटिन्छ। नेपाली लोकसंस्कृति र लोकसाहित्यमा रुचि राख्ने जोसुकैका लागि पनि यो ग्रन्थ पठनीय, मननीय र सङ्ग्रहणीय देखिन्छ।

# बुझेको मधेश देखेको मधेश



रितेश पन्थी



म र मेरो मित्र ऋतिक यादवले सर्लाही जाने कार्यक्रम बनायौँ। मित्र यादवलाई एक कार्यक्रममा सहजीकरण गर्न प्रस्ताव आएको हुँदा उहाँले मलाई पनि फुर्सद भएसम्म जाउँ हिँड्नु मधेश पनि देख्नुहुन्छ भनेर भन्नुभयो । यसो सोच्दै गर्दा म पनि घुम्न ननिस्केको र काठमाडौँबाहिर जान मन लागिरहेको थियो।

माघमा म आफ्नो घर बुटवल गएको थिएँ। यसपालि मधेशकै साथीसँग मधेश घुम्न मन लागिरहेको थियो। थोरै समयमा नै मधेशको समग्र पाटोलाई हेर्न मन थियो। काठमाडौँको धुलो, धुवाँ र भागदौडबाट समेत आजित भएको थिएँ। काठमाडौँको धुवाँ त खाइयो अब तराई मधेशकै गर्मी खान जाउँ भनेर साथीलाई हुन्छ सँगै जाउँला भनेँ।

साथीले अनलाइनमार्फत नै सर्लाही बरहथवाका लागि टिकट काट्नुभयो। वैशाख १३ गते बिहीबार काठमाडौँबाट सर्लाहीका लागि हामीले रात्रि बस समात्यौँ। रात्रि बस चितवन, हेटौँडा, वीरगन्ज हुँदै सर्लाही जाने रहेछ। चितवनदेखि पूर्व नगएकोसमेत धेरै भएको थियो। पहिला कक्षा ८ मा पढ्दै गर्दा सप्तरीसम्म गएको स्मरण छ।

सर्लाहीको बरहथवा भन्ने ठाउँमा हामी वैशाख १४ गते बिहान ६ बजे पुग्यौँ। त्यहाँ हामी सूचनाको हकसम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रममा काठमाडौँबाट सहजकर्ता भएर केही सिकाउन गएका थियौँ। त्यहाँ हामीलाई बोलाउने आयोजकले बरहथवाकै अन्नपूर्ण होटलमा बस्ने खाने बन्दोबस्ती गरिदिनुभएको थियो। यति भएपछि मधेशको खानाको स्वाद चाख्ने अवसर पनि जुर्‍यो।

कार्यक्रमको पहिलो दिन वैशाख १४ गते नै ११ बजेबाट कार्यक्रम उद्घाटन गर्ने थियो। कार्यक्रममा मित्र यादवले काठमाडौँबाट नै मेहनतसाथ तयार गरेर राखिएको सामग्री प्रस्तुत गर्दै त्यहाँ उपस्थित २० जना इच्छुक सहभागीलाई सूचनाको हक के हो, नेपालमा के कस्ता व्यवस्था गरिएका छन्, ऐन नियममा के कस्ता कुरा लेखिएका छन्, सूचनाको हकमा टेकेर केही कुरा माग्दा के कसरी माग्ने र कुन प्रक्रियामा टेकेर माग्ने जस्ता कुरा व्यक्त गर्नुभयो।



त्यसै गरी अर्को दिन शनिबार उपस्थित सबैलाई सूचनाको हकसम्बन्धी निवेदन लेख्न सिकाउने, बरहथवा नगरपालिकाको सूचना अधिकारीसमक्ष लगेर उहाँमार्फत अझै सहभागी प्रस्ट होऊन् भन्ने लागेर उहाँमार्फत धेरै कुरा जानकारी दिन भनियो। सो अवधिमा विद्यार्थीमार्फत धेरै कुरा सिक्ने कौतुहलता र हुटहुटीसमेत देखियो।

कोर मधेश नभए तापनि त्यहाँ बरहथवा नगरपालिकाको सबै वडाबाट सबै पृष्ठभूमिका युवा सहभागिता थियो। बरहथवा नगरपालिका पहाडिया र मधेशका दुवै मिलेर बसेको ठाउँ रहेछ। आयोजकहरूको पनि सोही किसिमको मेहनत थियो; जसबाट सहभागी सबैले ज्ञानको दायरा विस्तार गर्ने र सूचनाको हकबारे धेरै कुरा बुझ्नसमेत पाए। कार्यक्रमको दोस्रो दिन मैले विद्यार्थीलाई विद्यार्थीको सिकाइ उत्कृष्ट छ, आफ्नो अनुभव र अन्य पाटोबारे विद्यार्थीको ध्यानाकर्षण गराएँ। यो त भयो मुख्य कार्यक्रमको कुरा तर त्यहाँ रमाइलो पक्ष चाहिँ नेपाली भाषा सबैले बुझ्ने गरेको पाइयो। बिहेको सिजन भएर होला, बिहारतिरका गाडी खुलेआम हिँडेको देखिन्थ्यो। भारतमा नेपालको रोटीबेटीको सम्बन्ध छ भनेर बोलिन्थ्यो। त्यहाँ पुगेपछि थप प्रस्ट हुन पाइयो। काठमाडौँमा बसेर मात्र धरातल बुझ्न सकिँदैन भन्ने थप आभास दिलायो।

वैशाख १४ गते कार्यक्रमको पहिलो दिनको सत्र समाप्त भएपछि हामीलाई आयोजक साथीहरूले भरत ताल घुमाउन लग्नुभयो। सर्लाही पुगेपछि भरत ताल त हेर्नै पर्छ है भनेर काठमाडौँबाट हामी दुवै मानसिक रूपले तयार भएर बसेका थियौँ। आयोजकबाट नै बाइकमार्फत घुमाउँदा मधेशको थप वस्तुस्थिति र बाटोघाटो हेर्न पाइएको थियो। मधेशमा पूर्वपश्चिम राजमार्गको वरिपरि पहाडी समुदायकै बसोबास रहेको देख्न सकिन्थ्यो। भरत ताल बागमती नगरपालिकामा पर्ने रहेछ। हामी बसेको ठाउँबाट बाइकमार्फत नै पुग्न पनि ३५ मिनेट लाग्यो। बाइकमा जाँदा त्यहाँ सामुदायिक वनमा वृक्षरोपण गरेर रुखहरू हुर्किरहेका देखियो।

भरत ताल मानवनिर्मित ठुलो ताल भन्ने गरिएको छ। आखिर रहेछ पनि ठुलो, त्यहाँको बागमती नदीकै पानी जम्मा गरेर ताल बनाइएको रहेछ। बाइकमार्फत ताल वरिपरि एक फन्को लगाइयो, फोटो खिचियो र त्यहाँ तालनजिकैको क्याफेमा चिसो दही खाइयो। मधेशको गर्मीमा हामी भने होटल पुग्नासाथ 'एयर कुलर' चलाइहाल्थ्यो। काठमाडौँको तुलनामा गर्मी त हुने नै हुँदा नुहाइधुवाइ गरेर 'आइपियल क्रिकेट' हेर्न र खाना खान होटलको तल्लो तल्लामा बस्थ्यौँ।

बिहीबारको दिन त्यसरी नै गयो। शुक्रबार अर्को दिन हामी बिहानै उठेर त्यहाँको चिया खान बाहिर निस्कियौँ। चिया त मधेशमा पुगेपछि झन् खानै पर्‍यो। शुक्रबार बिहान १० बजेबाट नै कार्यक्रम सुरु हुने भनेको हुँदा त्यहीँ किसिमले हामी तयारी गर्दै थियौँ। चिया र नास्ता खाएर हामी होटलमा आयौँ अनि आफ्नो काम गर्न थाल्यौँ।

शुक्रबार सूचनाको हकसम्बन्धी थप कुरा सिकाउने र बुझाउने गरियो। नगरप्रमुखबाट प्रमाणपत्र वितरण कार्यक्रमसमेत भयो। बरहथवा नगरपालिकाका प्रमुख कल्पनाकुमारी कटुवाल हुनुहुँदो रहेछ। हाम्रो पुरुष पकडको राजनीतिमा नगरप्रमुखमा महिला निर्वाचित हुनु र उहाँबाट प्रमाणपत्र बुझ्न पाउँदा खुसीसमेत लागिरहेको थियो। महिलालाई मधेशबाट नगरप्रमुख निर्वाचित भएको देख्न पाउँदा मधेश अगाडि बढ्दै छ है भन्ने आभास पाएँ। कार्यक्रम सकिएपछि उखुको जुस खान निस्कियौँ। जम्मा ३० रुपियाँमा मज्जाले एक गिलास उखुको जुस खान पाइयो। मन आनन्दित भयो।

साँझपख फेरि आयोजक साथीहरूले बाइकमा लगेर अझै कोर मधेश इलाका देखाउँदै हुनुहुन्थ्यो। कहीँ अलिक गरिब अवस्था जस्तो देखिए तापनि जमिन भएको र पशुपालन गरेको देख्दा जीवन निर्वाह गर्न समस्या नभएको अनुभव गरेँ। समस्या छैन भन्दा हुँदै नभएकोसमेत होइन, प्रतिव्यक्ति आय न्यूनस्तर भएको र मधेश अझै विकासका पूर्वाधारलगायतको कुरामा पछाडि छ।

त्यहाँनजिकै मस्जिदसमेत रहेछ। अहिले तराई मधेशतिर हिन्दु-मुस्लिम द्वन्द्व बढ्दै गरेको स्थितिमा त्यहाँ भने सबै मिलेर बसेको देख्न पाइयो। त्यहाँबाट केही पर भने केही समयअघि मुस्लिम-हिन्दु टकराव भएको भन्ने पनि थाहा पाएँ। धर्म जसको जुनसुकै भए पनि नेपालमा यो किसिमको गतिविधि र मनमुटाव बढिरहेको देखिनु स्वाभाविक भने होइन। भारतको राजनीतिले प्रभाव पारेको हुन पनि सक्ला तर मिलेर बस्नु नै सबैको हित हुन्छ भन्ने बुझ्नु पर्छ। पहाडतिर पनि धर्म प्रचार गर्ने व्यक्तिहरू विभिन्न संयन्त्रमार्फत परिचालित हुनु पनि राम्रो कुरा होइन। मधेश राममय बनेको छ। जय श्री राम लेखेको झन्डा यत्रतत्र देख्न सकिन्छ। गाडीहरूमा पनि राखेको देखिन्छ। त्यहाँ भजन कीर्तन सुन्ने बानी छ, त्यो भने देख्दा मज्जालाग्दो थियो। हामी पहाडतिरको बानी बिग्रेको छ तर तराईमा भने बिहान मज्जाले भजन सुन्ने रमाइलो बानी छ। सिमाना वारिपारि बिहे हुने चलनले भोलिका दिनमा नागरिकता प्राप्ति गर्न हुने झन्झट र व्यवधानको समस्यासमेत बेग्लै छ।

नागरिकता पाउन हुने समस्याले अब भोलिका दिनमा नेपाल-भारतको सम्बन्धमा समेत कमी आउने देखिन्छ भन्ने कुरा साथीले व्यक्त गर्नुभएको थियो। यी सबै कुरा हेर्दा मधेश बुझ्न मधेश नै जानु पर्छ काठमाडौँको मिडिया, मिडियाका विचार पृष्ठ र नेताको बोली सुनेर मात्र धारणा बनाउनु किमार्थ उचित नहुने भन्नेमा विश्वस्त भइयो।

सर्लाहीको बरहथवा भर्खर हुँदै गरेको बस्दै गरेको सहर रहेछ। नाकाबन्दी र कोभिडले समेत खासै प्रभाव नपारेको ठाउँ रहेछ। तरकारी ताजा र मिठो त्यहीँकै ताजा हुने रहेछ। अहिले आँपको सिजन भएको हुँदा आँप फल्दै गरेको देखियो। हल्का ठुलो नभएको हुँदा खान भने नपाएर मन खिन्न भएको थियो। आँपकै जङ्गल हुने हुँदा देख्दा पनि मन आनन्दित भएको थियो। पहिला म सप्तरी जाँदा त्यतिबेला पनि वैशाखमै परेको हुँदा आँप मज्जाले खान पाइएको थियो।

यसरी मधेशको दुईदिने यात्रामा धेरै स्मरण सँगालेर वैशाख १६ गते दिउँसोको गाडी समातेर बर्दिबास र सिन्धुली हुँदै काठमाडौँ फर्किएँ। साथी त्यतैबाट घर वीरगन्जतिर एक/दुई दिन बसेर काठमाडौँ आउने भन्दै लाग्नुभयो। मधेश बुझ्न अझै मधेशको 'कोर एरिया' र अन्य ठाउँ देख्नुपर्ने घुम्नुपर्ने रहेछ भन्ने लाग्यो।

# ओलाङचुङगोला उहिले र अहिले



कविता सुब्बा





ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिका-७ मा अवस्थित ओलाङचुङगोला एक परम्परागत व्यापारिक नाका हो। चीन (तिब्बत) को नेपालसँग जोडिएको परम्परागत चिनियाँ नाका रिउ बजार हो। रिउ शब्दको अन्य नेपाली शाब्दिक उच्चारण रिव, रियु पनि हुन्छ। यस क्षेत्रका लागि यो नाका भएर प्राचीन कालदेखि भोट तिब्बतबाट नुन, सुन, ऊनलगायतका वस्तु आयात हुने गर्थे।

नेपाली व्यापारीहरूले यी वस्तुसँग अन्नपात, कपडा आदि साट्ने गर्थे। यसरी सामानले सामान साट्ने प्रणाली 'बार्टर सिस्टम' को जगबाट अगाडि बढेको यो नाका हाल समयसापेक्ष आधुनिक बन्दै जाने क्रममा छ। यो आधुनिक व्यापारिक नाकाको स्थापना सन् १९५६ मा भएको हो। यो नाका स्थापनाको सैद्धान्तिक अवधारणा शान्तिपूर्ण सहअस्तित्व (पञ्चशील) सिद्धान्तका आधारमा नेपाल-चीन सम्बन्ध सुदृढ हुनु पर्छ भन्ने मूल्य मान्यताबाट विकास भएको हो।

नेपाल-चीन व्यापार सम्झौता १९ मे, १९६४ ले दुईदेशीय सीमावर्ती बासिन्दालाई आधुनिक व्यापारिक सुविधा प्रदान गरेको छ। यसले नेपाल र चीनको सिमानाबाट दुवैतर्फ ३०/३० किलोमिटर भूमिसम्म सामान्य परम्परागत व्यापार, व्यवसाय सञ्चालन गर्न पाउने अधिकारलाई व्यवस्थापन गरेको छ। यसरी चीन (तिब्बत) सँग सीमा जोडिएका नेपालको ताप्लेजुङलगायतका जिल्लावासीका निम्ति ६ नोभेम्बर, २००५ देखि चीन (तिब्बत) को ३० किलोमिटरभित्र सोही जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट 'प्रवेश अनुमतिपत्र' लिएर बन्दव्यापार, आवतजावत गर्न पाउने थप व्यवस्था गरिएको छ।

यो अभ्यासले विश्वमा दुईदेशीय परम्परागत उच्चभेगीय हिमालय सीमापार भएर सञ्चालन भइरहेको बार्टर प्रणालीलाई आधुनिक मुद्रा विनिमय प्रणालीमा रूपान्तरण गर्दै व्यापार विविधीकरण, प्रवर्धन गरेको छ। सोही प्रयोजनका लागि यस जिल्लाका ओलाङचुङगोला, लेलेप, पापुङ, याम्फुदिनलगायतका हिमालवासीले पारि रिउ बजारबाट सहज रूपमा व्यापारिक, व्यावसायिक क्रियाकलापबाट लाभ लिइरहेका छन् तर यहाँका समग्र नागरिकताधारी जिल्लावासीले सीमावर्ती रिउ बजारको ३० किलोमिटरभित्रसम्म गएर निर्वाध रूपमा आआफ्नो व्यापार, व्यवसाय गर्न पाउने अधिकारबाट अझै भरपूर फाइदा लिन सकिरहेका छैनन्।

ताप्लेजुङका नागरिकले पाएको जस्तै अधिकार चीन (तिब्बत) सँग जोडिएका नेपालका अन्य बाँकी १४ जिल्ला क्रमशः सङ्खुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, गोरखा, मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, मुगु, बझाङ र दार्चुलाका नागरिकले पनि प्राप्त गरेका छन्। बृहत् दृष्टिकोणबाट मनन गर्दा तिब्बती पठारसँग जडित पूर्वोत्तर जिल्ला ताप्लेजुङदेखि पश्चिमोत्तर जिल्ला दार्चुलासम्मको नेपाल-चीन हिमालय सीमापार व्यापार एक दीर्घकालीन अवधारणा हो। यसले ताप्लेजुङ-दार्चुला राष्ट्रिय व्यापार प्रवर्धनमा सङ्घीय एकता कायम गर्न सक्छ। यसले दुईदेशीय स्थानीय सीमावर्ती अधिकारलाई अक्षुण्ण राख्न सक्छ। हिमाली अर्थतन्त्रलाई सुदृढ गर्न सक्छ। हिमालवासीको आर्थिक उन्नति, प्रगतिमा समृद्धि ल्याउन सक्छ।

भूपरिवेष्टित नियतिलाई भूजडित व्यवहारमा रूपान्तरण गर्न मद्दत गर्दछ। राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन सहयोग गर्दछ। दुईदेशीय आर्थिक समृद्धिलाई थप टेवा पुर्‍याउने उद्देश्यले नेपाल सरकार र चीन सरकारबिच १२ सेप्टेम्बर, १९८४ मा भएको व्यापार तथा भुक्तानी सम्झौताकै परिणामस्वरूप यस क्षेत्रमा ओलाङचुङगोला-रिउ व्यापारिक नाका भएर आधुनिक व्यापार विस्तार गरिएको हो।

त्यसै गरी ओलाङचुङगोलास्थित उत्तरी सीमा क्षेत्रीय प्रशासन कार्यालयको स्थापना २०२२ पुस १५ गते भएको हो। यो कार्यालयले सीमावर्ती क्षेत्रको स्थानीय व्यापारिक प्रशासन र शान्ति सुरक्षा प्रवर्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। ताप्लेजुङ जिल्लाको समृद्धिको ढोका हिमालय सीमापार व्यापार विविधीकरणमा आधारित छ। हिमालय सीमापार व्यापार विविधीकरणको जीवनरेखा यहाँको सडक सञ्जालमा निर्भर रहेको छ। यहाँ त्यो सडक भनेको तमोर कोरिडोर हो।

तमोर कोरिडोर फुङलिङ नगरपालिकापारि आठराई त्रिवेणी गाउँपालिका, दोभान हुँदै तिप्ताला भञ्ज्याङमा पुगेर टुङ्गिन्छ। फुङलिङ नगरपालिकाबाट नेपाल-चीन सीमावर्ती व्यापारिक नाका तिप्ताला भञ्ज्याङसम्म पुग्ने मोटरेबल बाटोको दुरी करिब १०८ किलोमिटर रहेको छ। फुङलिङ नगरपालिकादेखि सुकेटार विमानस्थलसम्म आठ किलोमिटर, सुकेटार विमानस्थलदेखि तापेथोकसम्म करिब ४२ किलोमिटर, तापेथोकदेखि लेलेपसम्म करिब छ किलोमिटर, लेलेपदेखि ओलाङचुङगोला भन्सार कार्यालयसम्म करिब ३५ किलोमिटर, ओलाङचुङगोला भन्सार कार्यालयदेखि तिप्ताला भञ्ज्याङसम्म करिब १७ किलोमिटर गरी जम्मा १०८ किलोमिटर लम्बाइ रहेको छ।

यो बाटोको निर्माणकार्य सञ्चालन गर्ने उत्तर दक्षिण ओलाङचुङगोला लोकमार्ग आयोजनाले जनाए अनुसार ओलाङचुङगोलादेखि तिप्ताला भञ्ज्याङसम्मको करिब २१ किलोमिटर मोटरेबल बाटो यस क्षेत्रका स्थानीय बासिन्दाको सक्रियतामा खोलिएको हो। यो बाटो निर्माणका लागि चिनियाँ कम्पनीलाई जिम्मा दिइएको थियो। तिप्ताला भञ्ज्याङदेखि सङ्घीय राजधानी काठमाडौँसम्मको मोटरेबल बाटोको दुरी करिब ९६० किलोमिटर छ।

ओलोङचुङगोला-तिप्ताला मोटरेबल बाटो निर्माण भएपछि नेपाली उत्पादित सामग्रीहरू तिब्बतको रिउ बजारमा, चिनियाँ सामानहरू नेपालको ओलोङचुङगोलामा आयात निर्यात गर्न सहज हुने छ। नेपाली हातले बुनेका ऊनी गलैँचा र कम्बलहरू चिनियाँ बजारका व्यापारीहरू र सीमावर्ती गाउँका तिब्बतवासीलाई बिक्री गरिन्छ।

सीमावर्ती नेपाली उद्योगी, व्यवसायी, व्यापारीहरूले स्थानीय रूपमा ओलाङचुङगोला भन्सार कार्यालयबाट तिप्ताला भञ्ज्याङ हुँदै चीनतर्फ औषधीजन्य जडीबुटी, ऊनी कम्बल, चौँरीलगायतका सामान नगन्य मात्रामा निर्यात गर्ने गरेका छन्। ओलाङचुङगोला त्यो व्यापारिक केन्द्र हो; जहाँ गलैँचा बुन्ने, गेस्टहाउस सञ्चालन गर्ने, चीन (तिब्बत) बाट यस जिल्लामा ल्याइएका विद्युतीय सामानलगायत विभिन्न चिनियाँ उत्पादन बिक्री गर्ने गरिन्छ।

ओलाङचुङगोलावासीले याक, चौँरी, भेडापालनबाट प्रशस्त आर्थिक उन्नति, प्रगति गरेका छन्। यहाँ उत्पादित छुर्पीले विश्व बजारमा राम्रै मूल्य पाएको छ। यो भन्सार क्षेत्र पर्यटकीय दृष्टिकोणले पनि उत्तिकै महत्त्वपूर्ण केन्द्रस्थलका रूपमा रहेको छ। चिनियाँ रिउ बजार सुविधासम्पन्न भएकाले ओलाङचुङगोलावासीलाई औषधी उपचार गर्न जान सहज हुने छ। यो नाका आर्थिक कारोबारसँग मात्र सीमित छैन, नेपाल-चीन सम्बन्ध सुदृढ गर्ने कूटनीतिक परम्परागत नाकाका रूपमा पनि स्थापित छ।

गुरु पद्मसम्भवले ओलाङचुङगोलामा ध्यान गर्नुभएको थियो। पद्मसम्भवलाई चीनमा गुरु रिम्पोछे भनिन्छ। यस अर्थमा चिनियाँको मन मस्तिष्कमा गुरु रिम्पोछे (पद्मसम्भव) ले ध्यान गरेको क्षेत्र ओलाङचुङगोला चिनियाँको सर्वाधिक चासो र महत्त्वको रोजाइमा परेको बुझिन्छ। ओलाङचुङगोलामा एउटा पुरातात्त्विक महत्त्वको दिकिछयोलिङ बौद्ध गुम्बा छ। यो क्षेत्र बौद्ध धर्मावलम्बीका लागि ताप्लेजुङको केन्द्रबिन्दु मानिँदै आएको छ। यस क्षेत्रको चर्चित सेनजेम्बा तालले ताप्लेजुङ जिल्लाको मात्र नभई पूरै देशको ध्यान खिचेको छ। यो ताल हेर्नका लागि देश-विदेशबाट पर्यटकको घुइँचो लाग्ने गर्दछ।

ओलाङचुङगोलामा पारि रिउ बजारबाट आउने चिनियाँ व्यापारी तथा पर्यटकलाई ध्यानमा राखी नेपाल सरकारले थप समयसापेक्ष नीति, कूटनीति, रणनीति लिन आवश्यक रहेको ताप्लेजुङवासीको अपेक्षा छ। चीन आधुनिक विश्वको दोस्रो ठुलो अर्थतन्त्र भएको देश हो। सबल अर्थतन्त्रको तथ्याङ्कीय हिसाब हेर्दा अमेरिकालाई पछाडि पारिसकेको चीनले पाँचौँ, छैटौँ शताब्दीमा जस्तै यो आधुनिक शताब्दीमा पनि चीनले नै विश्वलाई आर्थिक नेतृत्व प्रदान गरिरहेको छ।

आजको पृथ्वीमा चिनियाँ विश्व आदेश (वर्ल्ड अर्डर) चलिरहेको छ। यस्तो समयमा उत्तरी सँधियार मित्रराष्ट्र चीनको दक्षिणी अर्को सँधियार मित्रराष्ट्र नेपालले पनि भरपूर फाइदा लिन सक्नु पर्दछ तर त्यसका लागि नेपालतर्फको सीमावर्ती मोटरेबल बाटो सुविधासम्पन्न हुनुपर्ने छ। अत्याधुनिक सुविधासम्पन्न सीमावर्ती भन्सार कार्यालय हुनुपर्ने छ। सुविधायुक्त सीमावर्ती क्वारेन्टाइन कार्यालय, ड्राइपोर्ट, गोदाम घर, स्वास्थ्य चौकी हुनुपर्ने छ।

फराकिलो र सुरक्षित पार्किङ स्थल, लज, होटल, मोटल, बैङ्किङ सुविधा, मुद्रा सटही काउन्टर, शान्ति सुरक्षा र भूकम्पीय मापदण्डमा आधारित भौतिक पूर्वाधारको प्रत्याभूति हुनुपर्ने छ। नेपाली सीमावर्ती भूमिमा यी सबै पूर्वाधार अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक सुविधासम्पन्न हुनुपर्ने ताप्लेजुङवासीको चाहना छ। यसरी मित्रराष्ट्र चीन (तिब्बत) भूमिमा विद्यमान सुविधासम्पन्न सीमावर्ती क्षेत्रको सामुन्ने नेपाली भूमिमा अवस्थित सुविधासम्पन्न सीमावर्ती भौतिक पूर्वाधारहरूको स्तरीयताले नेपाल र नेपालीकै प्रतिष्ठा उँचो उठ्ने छ। अन्ततः भविष्यमा 'ओलाङचुङगोला-रिउ नाका' समृद्धिको ढोका सिद्ध हुने जनविश्वास छ।

# गन्तव्य
# दोलखा



पूर्णहरि अमात्य



गौरीशङ्कर हिमालको काखमा अवस्थित दोलखा प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ भन्दा अत्युक्ति नहोला । जताततै डाँडाहरूमा वर्षापछि उम्रेका विभिन्न प्रजातिका वनस्पति तथा रुखबिरुवाहरू, पाखाभरि लहलहाउँदो कोदाका बालाहरू, तल बेँसीमा पहेँलपुर भएको धानका बालाहरू अनि अविरल तामाकोशीमा बगिरहेको कञ्चन निलो पानी र त्यसमाथि विभिन्न चराचुरुङ्गीको चिरबिर आवाजहरूले चित्त प्रसन्न हुन्छ ।

नेपालका पर्यटकीय गन्तव्यहरू काठमाडौँ उपत्यका, पोखरा र चितवनको स्वदेशी तथा विदेशी पर्यटकमाझ धेरै नै प्रचारप्रसार भइसकेको छ तर दोलखा जिल्लाले पर्यटकलाई लोभ्याउने सामर्थ्य हुँदाहुँदै पनि ओझेलमा परे झैँ छ । पर्यटकलाई आकर्षित गर्ने प्राकृतिक सौन्दर्यता, मौलिक जीवन्त संस्कृति र एड्भेन्चर (साहस) तीन वटै कुराले ओतप्रोत छ । लुक्ला (सोलुखुम्बु) को काठमाडौँसित सोझो हवाई सम्पर्क हुनुअगावै जिरीबाट नै पर्वतारोहीको यात्रा प्रारम्भ हुन्थ्यो ।

सगरमाथा आरोहण गर्ने पर्वतारोही जिरीबाट नै कैयौँ दिनको ट्रेकिङ (पदयात्रा) गर्दै नाम्चेबजार पुग्थे, अरू कुनै विकल्प थिएन । पर्वतारोहीलाई आवश्यक वस्तुको आपूर्तिका लागि जिरीबाट पिठ्युँमा भारी बोकी हिँड्ने भरियाको लर्को लाग्ने गर्थ्यो । पछि एड्मन्ड हिलारीको अग्रसरतामा लुक्लामा एयरपोर्ट बनेपछि बल्ल भरियाबाट सामान ढुवानीको प्रचलन हट्यो । सन् १९९० को दशकमा पर्यटन व्यवसायी आङछिरिङ शेर्पाले रसियन हेलिकोप्टर सेवा जिरीबाट सुरु गरेपछि जस्तापातादेखि सिमेन्टसम्म सोलुखुम्बुमा आपूर्ति हुन थालेपछि त्यहाँ विकासको नयाँ लहरले धपक्कै छोप्यो ।

दोलखाबाट सगरमाथा क्षेत्रमा जाने विदेशी पर्यटकको आवागमनमा कमी आए पनि कालिञ्चोक तथा भीमेश्वर मन्दिरको दर्शन गर्न स्वदेशी पर्यटकले गर्दा स्थानीय अर्थतन्त्र चलायमान बनाउन सहयोग पुऱ्याएको छ । विगतमा दोलखा जानु भनेको भीमेश्वर मन्दिरको दर्शन गर्नुमा सीमित थियो । कालिञ्चोकको दर्शन गर्न चार/पाँच घण्टा हिँड्नुपर्ने बाध्यता थियो, चरीकोट (दोलखा) बाट केबुलकार सञ्चालन आउनुभन्दा अघिसम्म ।

हाल कुरीबाट ७ मिनेटमा केबुलकारमा चढेर कालिञ्चोक मन्दिरको दर्शन तीर्थयात्रीलाई सहज भएको छ । कालिञ्चोक मन्दिरबाट लाङटाङ, गौरीशङ्कर र सगरमाथा क्षेत्रको मनमोहक दृश्यहरू हेर्न सकिन्छ । कालिञ्चोक पुग्नुअगावै कुरीमा एकरात विश्राम गरेर बिहान मन्दिरको दर्शन गरेर आरामले दोलखा फर्केर त्यसै दिन भीमेश्वर मन्दिरमा हुने आरतीमा सम्मिलित हुनु राम्रो हुन्छ । दोलखा बजारनजिक रहेको मञ्जुश्री पार्क तथा त्रिपुरासुन्दरी मन्दिर पनि दर्शनीय छन् ।

सम्पूर्ण दोलखा जिल्लाको भूबनोट साह्रै आकर्षक छ । र, स्विसहरूले त यस ठाउँलाई आफ्नै मुलुकको भूबनोट झैँ लागेर यहाँको सम्पूर्ण विकासमा अर्बौं रुपियाँ खर्च गऱ्यो । अरनिको राजमार्गको खाडीचौरबाट चरीकोट हुँदै जिरीसम्म कालोपत्रे बाटो निर्माण गरिदियो । त्यति मात्र होइन, स्विस सरकारको सहयोगमा जिरीमा चिज कारखाना, व्यावसायिक बहुउद्देश्यीय स्कुल र आधुनिक गाईफार्म पनि हेर्नलायक छ । स्विस भूगर्भविद् (१४ हजार वर्ग किमी पैदल नेपाल भ्रमण) को नाममा जिरी बजारबाट थोरै माथि टेनिहागन इकोलोजिकल पार्कबाट यस सुन्दर नगरको नयनाभिराम दृश्य देख्न सकिन्छ ।

जिरी एउटा यस्तो सुन्दर सहर हो; जुन बिल्कुलै प्रदूषणमुक्त छ र फराकिला सडक पेटीले गर्दा हिँडडुल गर्न साह्रै मज्जा लाग्छ । र, यस सहरको अर्को विशेषता ठाउँ ठाउँमा पेटीमा डस्टबिनहरू राखिएको छ, कतै सडक पेटीमा चुरोटका ठुटा, चकलेट, चाउचाउ, बिस्कुटका खोलहरू यत्रतत्र मिल्काइएको देखिँदैन ।

तराईमा मात्र होइन, हाल यो वैशाख महिनामा तापक्रम बढ्नाले धेरै गर्मीको महसुस हुन्छ, काठमाडौँ उपत्यकामा पनि । यो मौसममा दोलखा जिल्लाको मुडे र जिरी जस्ता शीतल हावापानी भएको प्रदूषणमुक्त सहरमा आधुनिक सुविधायुक्त आरामदायी होटल/रिसोर्ट सञ्चालनमा ल्याउन सकिए यस क्षेत्रमा पर्यटन विकासको अनन्त सम्भावना छ । स्विट्जरल्यान्ड पनि नेपालमै छ, दक्षिणा अफ्रिका पनि नेपालमै छ, मात्र छ त पहलकदमीको आवश्यकता ।

यो ग्रीष्म मौसममा आँखाले नभ्याउने गरी विभिन्न रङका गुराँसले डाँडापाखा ढकमक्क फुलेको मनमोहक दृश्यले को मात्र लोभिँदैन होला ? सहरको कोलाहल, धुलो, धुवाँ र प्रदूषणबाट मुक्त भई सहरको व्यस्त जीवनशैली र तनावबाट मुक्त भई तरोताजा हुन यो उपयुक्त ठाउँ हो । दसैँतिहारको लामो बिदामा नेपाली विदेश भ्रमणमा जाने क्रम बढ्दो छ । त्यस्ता भ्रमणमा जानुको साटो त्योभन्दा निकै थोरै खर्चमा अरनिको राजमार्गको सुनकोशी नदी छेउमा बसेर ऱ्याफ्टिङ र क्याकेइङको मज्जा लिन सकिन्छ । सुकुटेबिचमा रहेको रिसोर्टहरूमा थाइल्यान्डको पटाया अथवा फुकेटभन्दा कम खर्चमा भरपुर मज्जा लिन सकिन्छ ।

> स्विट्जरल्यान्ड पनि नेपालमै छ, दक्षिण अफ्रिका पनि नेपालमै छ । मात्र छ त पहलकदमीको आवश्यकता । विभिन्न रङका गुराँसहरूले डाँडापाखाहरू ढकमक्क फुलेको मनमोहक दृश्यले को मात्र लोभिँदैन होला ? सहरको कोलाहल, धुलो, धुवाँ र प्रदूषणबाट मुक्त भई सहरको व्यस्त जीवनशैली र तनावबाट मुक्त भई तरोताजा हुन यो उपयुक्त ठाउँ हो ।

खाडीचौरबाट दोलखा जाने क्रममा मुडेमा बास बसेर ‘सफ्ट एड्भेन्चर’ गर्ने सोख छ भने सैलुङ डाँडाको शान्त वातावरणमा आफ्ना फुर्सतका क्षणहरूलाई स्मरणीय बनाउन सकिन्छ । नेपालमा अल्पसङ्ख्यक जातिमा रहेका जिरेल तथा थामीहरूको संस्कृति जान्ने बुझ्ने अभिरुचि छ भने दोलखा उपयुक्त थलो हो । यस पङ्क्तिकारका मित्र जनार्दन सुवेदीले वर्षौं दोलखा जिल्लामा अमेरिकाबाट विद्यार्थीलाई अध्ययन भ्रमण गराएको स्मरण हुन्छ । पहिले देश दर्शन गरौँ अनि पछि विदेश भ्रमण गरौँ ।

नेपालका ‘वाकिङइन्साइक्लोपिडिया’ डा. हर्क गुरुङले रूपरेखा साहित्यिक पत्रिकालाई विसं २०२१ (तदनुसार सन् १९६५) साल लन्डनबाट प्रेषित पाँच पेजको पर्वतारोहणसम्बन्धी लेख आज पनि उत्तिकै सान्दर्भिक छन् । उहाँ उक्त लेखमा पर्वतारोहणबारे यस्तो उद्गार व्यक्त गर्नुहुन्छ, “हाम्रो साधारण दृष्टिकोणमा कठ्याङ्ग्रिने हिमाल चढेर जिउ जोखिममा हाल्नु मूर्खता हो ।” तर समृद्धशाली समाजको दाँजोमा यो हाम्रो परिभाषा सीमित सिद्ध हुन जान्छ । हामी बाँच्ने बेसाहाको घेराभित्र पिल्सिएका छौँ तर विकसित देशका मानिस आर्थिक सम्पन्नता नाघेर मनोरञ्जन खोज्दछन् । भौतिक साधनहरूले जति परिपूर्ति भए पनि उनीहरू असन्तुष्ट रहन्छन् । आफैँले रचेको आधुनिकताको साङ्लोबाट उम्कन उनीहरू पर्यटक भई विश्व चहार्छन्, अगुवा भई विराना ठाउँ पुग्छन् अनि पर्वतारोही भई मेसिनले पट्टिएको शरीरलाई प्रकृतिसित दाँज्न खोज्छन् । बेलायतको ख्यातिप्राप्त ‘लन्डन स्कुल अफ ओरियन्टल एन्ड अफ्रिकन’ विश्वविद्यालयबाट भूगोलमा विद्यावारिधि गर्नुभएका डा. गुरुङ हाम्रा हिन्दु धर्ममा आधारित मिथकीय प्रसङ्ग उल्लेख गर्दै भन्नुहुन्छ, “युधिष्ठिर हिमालबाट सोझै स्वर्ग उक्लेको” महाभारतको भनाइ छ । किराँत महादेव आएर खेलेको हाम्रै हिमाल हो । पर्वतको विशालतामा मानिसले आफूलाई एउटा सजीव पाउँछ र सृष्टिकर्ताको महानतामा विश्वास गर्न मानिस बाध्य हुन्छ ।

उहिलेका ऋषिले हिमालमा ज्ञान पाए झैँ रुसो, रस्किन, गोथे, निन्से, वर्डस्वर्थ, किटस आदिले पर्वतको शान्तिमा प्रेरणा पाए । दार्शनिकताको स्रोतका साथै पर्वत सुन्दरको महानता हो । गुराँसे वन, बुगनी लेक र हिमशिलाले सिँगारिएको पर्वतको दुनियाँ चहार्नु एउटा स्वच्छ वातावरणको भोग गर्नु हो । अझ हिमालमाथिको सिन्दुरे बिहान, चहकिलो दिउँसो, सुनौलो साँझको रङ फेराइभन्दा मोहनी लाउने दृश्य अरू के हुन सक्छ र ? (विषय विविध डा. हर्क गुरुङ)

विज्ञ पाठकलाई डा. हर्क गुरुङका माथिका गहकिला विचारबाट प्रभावित भई हालका नयाँ पुस्ताले प्रेरणा लिँदै यति सुन्दर मुलुक नेपालका हिमाल, पहाड, भित्री मधेश र तराईका हरिया फाँटको भ्रमण गरेर स्वदेश चिन्ने आशा र फुर्सतका क्षणहरूलाई अविस्मरणीय बनाउने सार्थक प्रयासका लागि यो पङ्क्तिकारको अनुरोध मात्र हो । आगे हजुरहरूको मर्जी ।

वैशाख, जेठको गर्मी मौसममा भारतीय सिमाना जोडिएको नेपालका सहरहरूमा ४० डिग्रीभन्दा माथि तापक्रम पुगेर लु (तातो हावा) ले दिउँसो घरबाहिर निस्कन ज्यादै कष्टप्रद हुन्छ । भारतमा त यो याममा ४५/४६ डिग्री तापक्रम पुग्न सामान्य झैँ हुन्छ । हाम्रो छिमेकको भारतको बिहार प्रदेशको पटना, दरभङ्गा, मुज्जफरपुर, भागलपुर, मोतीहारी, चम्पारण, सहरसा, सुपौल र पूर्णिया जस्ता बाक्लो जनसङ्ख्या भएका सहरहरूमा दोलखाको मुडे, जिरी, चरीकोट र कुरीको शीतल स्निग्ध हावाको रसास्वादन गर्न पाए कति रमाउँथे होला ? पोखरेली पर्यटन व्यवसायीहरू नेपालका मुख्य सहरका साथै उत्तर प्रदेश (भारत) का बनारस, लखनउ आदि सहरमा पुगेर पर्यटन प्रवर्धन गरे झैँ दोलखाली पर्यटन व्यवसायीहरू पनि जनकपुर, राजविराज, विराटनगर, वीरगन्ज, हेटौँडा, बुटवल, भैरहवा, धनगढी, नेपालगन्ज र महेन्द्रनगर (कञ्चनपुर) का साथै माथि उल्लिखित बिहारका सहरमा पर्यटन प्रवर्धन गरेर स्वदेशी तथा भारतीय पर्यटकलाई आकर्षित गर्नुपर्ने आवश्यकता छ । चैतको २९ गतेदेखि स्थानीय उद्योग वाणिज्य सङ्घको अगुवाइमा जिरी महोत्सव गर्नु सराहनीय कार्य हो । नेपाल पर्यटन बोर्डले भारतीय पर्यटकलाई लक्षित गर्दै ‘गर्मी से बेहाल चलो नेपाल’ भन्ने नारा घन्काएर त्यहाँका पर्यटकलाई आकर्षित गर्ने जुक्ति निकालेको थियो ।

हालसम्म दोलखामा स्वदेशी धार्मिक पर्यटकले थेगेको छ । विदेशी पर्यटक यस क्षेत्रमा सीमित सङ्ख्यामा आउँछन् । जिरीलाई कैयौँले स्विट्जरल्यान्डको जुरिख सहरसँग तुलना पनि गर्छन् तर जिरी चरीकोट सातदोबाटोबाट मात्र ५५ किमी टाढा भए तापनि धेरै नेपाली पर्यटक भीमेश्वर मन्दिर र कालिञ्चोकको दर्शन गरेर फर्किन्छन् । जापान (टोकियो) मा २७ वर्षदेखि बहुमूल्य धातु, पत्थर (प्रिसियस स्टोन) को व्यापार गर्दै आएका चन्द्र श्रेष्ठ तीन/चार वर्षदेखि दोलखा बजारमा दरबार होटल सञ्चालनमा ल्याएर गुणस्तरीय सेवा दिने प्रयत्नमा तल्लीन हुनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, “आफ्नो व्यवसाय जापानमा भए तापनि मन चाहिँ जहिले पनि दोलखामा गुणस्तरीय पर्यटनको विकास कसरी गर्ने भन्ने ध्यान हुन्छ ।” तर स्थानीय स्तरबाट अपेक्षित सहयोग नपाउँदा उहाँ खिन्न हुनुहुन्छ । चैतदेखि जेठको गर्मी मौसममा ढकमक्क डाँडा, पाखामा विभिन्न रङका गुराँसले मात्र पर्यटकलाई प्रफुल्ल पार्दैन । पुस–माघको ठिहिराउँदो चिसोमा मुडे, खरीढुङ्गा, कालिञ्चोक र कुरी आदि क्षेत्रमा मज्जाले हिउँ पर्ने हुनाले स्किइङको मज्जा लिन सकिन्छ तर त्यस क्षेत्रमा हिउँ पर्दा काठमाडौँबाट विशेष गरी युवकयुवती पुगेर एकअर्कालाई हिउँका डल्लाहरू फालेर रमाइलो गर्दछन् ।

दोलखामा पर्यटनका अन्य गतिविधि जस्तै रकक्लाइबिङ्ग, प्याराग्लाइडिङ, स्काइडाइभ र ट्रेकिङ कार्यक्रम सञ्चालन गर्न सकिन्छ । हालका सुसूचित आधुनिक पर्यटक निकै संवेदनशील हुन्छन् र आफू बस्ने रिसोर्ट/होटल भवन ग्रिन कोडको पालना गरी बनाइएको छ कि छैन, रिन्युवल इनर्जी (पुनः प्रयोग हुने इन्धन) र फोहोरको दिगो व्यवस्थापन कसरी गरिएको छ भन्ने कुराको विचार गर्दछन् ।

त्यति मात्र होइन, पाहुनाहरू आफूलाई ब्रेकफास्ट, लन्च तथा डिनरमा उपलब्ध गराउने खाद्यान्न, तरकारी र फलफूलहरू अर्गानिक छ कि छैन भन्ने कुरामा त्यति नै सचेत हुन्छन् । त्यसैले हाइइन्ड (खर्चिलो गुणस्तरीय) पर्यटकबाट लाभ लिने हो, त्यसै स्तरको उत्कृष्ट सेवा प्रदान गर्न दोलखाली पर्यटन व्यवसायीहरू गम्भीर हुनु पर्छ ।

# विश्वसम्पदा
# बौद्धनाथ स्तूप



> काठमाडौँ दरबार स्क्वायरबाट सात किलोमिटरको दुरीमा रहेको बौद्धनाथ स्तूप करिब १५ रोपनीमा फैलिएको छ । सय फिटको व्यास भएको गर्भगृह छ भने बौद्ध स्तूपको कुल उचाइ १४१.८ फिट रहेको तथ्याङ्कले देखाउँछ । स्तूपमा विभिन्न भागमध्ये पाँच वटा मुख्य तहलाई सृष्टिका पञ्चतत्त्वको प्रतीक मानिन्छ ।

इतिहास



त्रिचन्द्र प्रतीक्षा

काठमाडौँको बौद्धस्थित बौद्धनाथ स्तूप विसं २०७२ को विनाशकारी भूकम्पबाट क्षतिग्रस्त भएपछि बौद्धनाथ क्षेत्र विकास समितिको संयोजनमा पुरातत्त्व विभागको प्राविधिक सहयोग र विभिन्न सङ्घ संस्था तथा निकायको आर्थिक सहयोगमा २०७२ मङ्सिरबाट पुनर्निर्माण कार्य थालनी भएर २०७३ कात्तिकमा सम्पन्न गरी सर्वसाधारणका लागि खुला गरियो ।

काठमाडौँ महानगरको पूर्वी भागमा अवस्थित प्रसिद्ध बौद्ध स्तूप तथा तीर्थस्थल हो । नेपालको सबैभन्दा ठुलो गोलाकार भएको स्तूपलाई सन् १९७९ मा राष्ट्रसङ्घको विश्वसम्पदा सूचीमा राखिएको हो । स्तूपलाई संस्कृत भाषामा ‘स्तूपः’ र प्राकृत (पाली) भाषामा ‘थुप’ भनिन्छ । संस्कृतमा स्तूपको अर्थ सञ्चित गर्नु, एकत्रित गर्नु, उठाउनु, स्मृति चिह्न वा चिता हो ।

बौद्धनाथ स्तूपको निर्माण पाँचौँ शताब्दीमै भएको मानिन्छ । लिच्छवि राजा शिवदेवको पालामा बौद्धनाथ पत्ता लागेको इतिहास पाइन्छ भने दक्षिणबाट मुगलको आक्रमणमा बौद्ध स्तूप ध्वस्त भएपश्चात् १४ औँ शताब्दीतिर पुनर्निर्माण गरिएको इतिहासमा उल्लेख छ । सन् १९५९ तिब्बतमाथि चीनको आक्रमणले गर्दा हजारौँ सङ्ख्यामा आएका तिब्बती शरणार्थी नेपाल आएपश्चात् बौद्धनाथ स्तूप तिब्बती बुद्ध धर्मको आस्थाको मुख्य केन्द्र बनेको छ । तिब्बती इतिहासमा बौद्धनाथ स्तूपलाई झ्यारुङ् खस्योर नाम उल्लेख गरिएको छ । तिब्बती भाषामा झ्यारुङ्को अर्थ ‘गर्न हुने’ र खस्योरको अर्थ ‘वचन खुस्केको’ भन्ने हुन्छ ।

बौद्धनाथको पौराणिक इतिहासमा बताए अनुसार स्तूप निर्माताले चैत्यका लागि राजालाई जमिनको स्वीकृति माग्दा राजाको मुखबाट चैत्य बनाउने काम थालनी गर्दा हुन्छ भन्ने वचन खुस्केको हुनाले स्तूपको नाम झ्यारुङ् खस्योर रहेको भनाइ प्रचलित छ । झ्यारुङ् खस्योर नाम रहन गएको सन्दर्भमा एकअर्को बौद्ध मिथक पनि रहेको छ, बुद्धले निर्वाण प्राप्त गरेको केही समयपछि नै झ्याझिमा नामक एक महिलाले राजाको अनुमति लिई महाचैत्य निर्माण गरिएको हो ।

बौद्धनाथ स्तूप निर्माणको इतिहासलाई लिएर विभिन्न मतान्तर भए जस्तै नाममा पनि मतान्तर देखिन्छ । विभिन्न समुदायविशेषले विविध नाम दिई पुकार्दै आइरहेको पाइन्छ । तिब्बतीले झ्यारुङ् खस्योर, स्थानीय तामाङ समुदायले खस्योर छ्योर्तेन नामले पुकार्छन् । यस्तै नेपालभाषामा शीतलाई ‘खसु’ र त्यही शीतबाट झरेको पानीलाई ‘ती’ अर्थात् खसुती भनियो । शीतबाट बनेको पानी प्रयोग गरी यो स्तूप बनाइएको हुँदा खसुती भनिन थालियो । पछि खसुतीकै अपभ्रंश भई खास्ती बोलिन थालेको भन्ने व्यापक धारणा छ ।



नेपाल संवत् ७९८ तिर लेखिएको ठ्यासफुमा बौद्ध स्तूपलाई ‘खासे चितस’ (खासे चैत्य) भनिएको छ भने गोपाल राजवंशावलीमा भने ‘खासौ चेत’ (खासौ चैत्य) सम्बोधन गरिएको छ । १८ औँ शताब्दीका तिब्बती गुरु आठौँ सितुपन्चेन (सन् १७००–१७७४) जसले काठमाडौँमा पटक पटक भ्रमण गरेर लेखेको टिपोटमा हामीले भन्ने गरेको झ्यारुङ् खस्योरलाई नेपालीमा खासा नाम दिइएको रहेछ । खासा भनेको संस्कृत शब्द खाताको अपभ्रंश रूप हो लेखिएको छ ।

बौद्ध स्तूपलाई विभिन्न नाम दिने क्रममा खासा नाम लामो समयसम्म चलेको पाइन्छ । १९ औँ शताब्दीमा नेपाल आएका डाक्टर हेनरी ओल्ड फिल्डले काठमाडौँमा छ वर्ष बसेर तयार पारेको ‘स्केचेज फ्रेम नेपाल’ नामक पुस्तकमा खासा लामाको अवतार राजा मानदेव भएको र यस कारणले गर्दा बौद्धनाथ चैत्यलाई खासा चैत्य भनिन्छ भनी लेखिएको छ ।

डानियल राइटद्वारा सम्पादित १९ औँ शताब्दीको एक वंशावली अनुसार भने यो महाचैत्य राजा मानदेव प्रथमले सन् ४६४–५०५ मा निर्माण गर्न लगाएको कुरा उल्लेख गरेको छ भने नेपाली समाजमा प्राप्त अन्य भाषा वंशावली, सङ्क्षिप्त वंशावली, नेपाली भूपवंशावली, देवमाला नामक आधुनिक कालका थुप्रै वंशावलीले पौराणिक ढङ्गबाट भूपकेशरी मानदेवको बौद्ध मन्दिर (खासा चैत्य) निर्माणको कथालाई प्रस्तुत गरिएबाट नेपाली समाजमा राजा मानदेवलाई नै बौद्ध स्तूपको निर्माताको श्रेय दिइएको छ ।

काठमाडौँ दरबार स्क्वायरबाट सात किलोमिटरको दुरीमा रहेको बौद्धनाथ स्तूप करिब १५ रोपनीमा फैलिएको छ । सय फिटको ब्यास भएको गर्भगृह छ भने बौद्ध स्तूपको कुल उचाइ १४१.८ फिट रहेको तथ्याङ्कले देखाउँछ । स्तूपमा विभिन्न भागमध्ये पाँच वटा मुख्य तहलाई सृष्टिका पञ्चतत्त्वको प्रतीक मानिन्छ । सबैभन्दा तल्लो भागको दक्षिणपथका १४७ वटा खोपामा ६४९ माने छन् । ‘ओम् मणि पद्मे हुँ’ मन्त्र जप्दै महाचैत्यको परिक्रमा गर्ने गर्दछन् बौद्ध धर्मावलम्बीहरू । पेमा काथाङ नामक बौद्ध ग्रन्थ अनुसार शुद्धचित्त र आसयले स्तूपको परिक्रमा गरेमा अकल्पनीय र अवर्णनीय पुण्य लाभ मिल्ने उल्लेख गरिएको छ ।

गर्भदेखि मुन्तिर १०८ वटा खोपामा वोधिसत्त्व, डाकिनी, इष्टदेव, सिद्धहरूको १०८ वटा प्रस्तर मूर्ति रहेका छन् । स्तूपमा दुई वटा आँखा रहेको भागलाई ‘हार्मिका’ भनिन्छ । चारै दिशातर्फ रहेको यस आँखाले चार आर्यसत्य र आर्यअष्टाङ्गिक मार्गको सङ्केत गर्दछ । आँखामुनिको प्रश्नचिह्न जस्तो देखिने भागलाई निर्वाणको प्रतीक चिह्न मानिन्छ; जसलाई पाली भाषामा अङ्क एक मानिन्छ भने आँखाको बिच माथितिर रहेको टीकाले प्रज्ञा पारमिताको सङ्केत गर्दछ । यस्तै आँखाभन्दा माथि १३ वटा तह छन्; जसलाई बौद्ध सिद्धान्त अनुसार प्रत्येक बोधिसत्त्वले पार गर्दै जाने तेह्र भुवनका रूपमा लिइन्छ ।

१८ औँ शताब्दीको अन्त्यमा चीन सरकारले विशेष लामाको नियुक्ति गरी बौद्धनाथ कुण्डको रेखदेख, पूजापाठ र सुरक्षा व्यवस्था गरेका थिए । उनै लामाका सन्तानलाई अझै चिनियाँ लामा भन्ने गरिन्छ । स्तूपको निर्माण चरा वर्षबाट सुरु गरेको र चरा वर्षमा नै सम्पन्न भएको अर्थात् १२ वर्ष लागेको विश्वास गरिन्छ । यही भएर प्रत्येक १२ वर्षमा यो मेला लाग्दछ ।

बौद्ध पात्रो अनुसार हरेक १२ वर्षको चरा वर्षमा बौद्धनाथ कुण्ड दर्शन गर्ने परम्परा भएकाले देश–विदेशबाट हजारौँ सङ्ख्यामा स्तूप परिसरमा अवस्थित कुण्ड दर्शन गर्न तथा जल निकाल्नका लागि बौद्ध धर्मावलम्बीको ठुलो मेला लाग्ने भएको हुनाले हरेक १२ वर्षमा बौद्धनाथ कुण्डमा पानी भरिन्छ । यो कुण्ड दर्शन मेला नेपालको हिमाली भेगमा बसोबास गर्ने शेर्पा समुदायको महान् चाड ल्होसारको बेला पर्दछ ।

यस्तै तामाङ समुदायले प्रत्येक वर्ष चैत्र शुक्लचतुर्दशीका दिन बेलुकी दिवङ्गत आत्माको शान्तिको कामना गर्दै बौद्ध चैत्यमा बत्ती बाली लामागुरुद्वारा ङोवा (पूजापाठ) गर्ने गरिन्छ । जात्रा सुरु भएकोबारे यकिन नभए पनि काभ्रेस्थित तिमालका अन्तिम राजा रिञ्जेन दोर्जे वलले आफ्ना जनतालाई दिवङ्गत आत्माको शान्तिका लागि बौद्धमा गएर बत्ती बाल्नका लागि व्यवस्था मिलाएर राजकीय मान्यता दिएको जनविश्वास रहेको पाइन्छ ।